# विद्यालय शिक्षा क्षेत्र योजना

## २०७९-२०८८

नेपाल सरकार

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौँ

# विद्यालय शिक्षा क्षेत्र योजना २०७९-२०८८

## School Education Sector Plan (SESP), 2022-2031

नेपाल सरकार
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
सिंहदरबार, काठमाडौं

वैशाख, २०७९

© शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सन्दर्भ उद्धरणः
*शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०७९)। विद्यालय शिक्षा क्षेत्र योजना, २०७९-२०८८। काठमाडौंः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।*

# हाम्रो भनाइ

शिक्षा मुलुकको सुशासन, सामाजिक न्याय, विकास र समृद्दिको आधार हो। समकालीन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुसार सक्रिय जीवन बिताउन प्रत्येक नागरिकलाई आवश्यक पर्ने ज्ञान, सिप र क्षमता विकासका लागि सबल र सक्षम शिक्षा प्रणालीको आवश्यक पर्छ । साथै नागरिकलाई राष्ट्रिय जीवनका हरेक गतिविधिमा सक्रिय रही मुलुकको समग्र विकास र समृद्दिका लागि आफ्नो तर्फबाट योगदान पुर्याउन सकारात्मक सोच, नैतिक मूल्य मान्यतासहितको सिर्जनशील र समालोचनात्मक चिन्तनको विकास गर्नुपर्ने हुन्छ। यसै सन्दर्भमा विद्यालय शिक्षा क्षेत्र योजनाको विकास गरिएको छ।

विद्यालय शिक्षा क्षेत्र योजना गुणस्तरीय शिक्षामा सबै बालबालिकाको समतामूलक र समावेशी पहुँच सुनिश्चित गर्ने नेपालको दीर्घकालीन रणनीतिक योजना हो । यो योजना मुलुकमा सङ्घीय शासन प्रणाली प्रारम्भ भएपश्चात् सङ्घीयता अनुकूल हुने गरी विकास गरिएको शिक्षा क्षेत्रको पहिलो योजना पनि हो । यस योजनालाई मूल्य र तथ्य प्रमाणमा आधारित भएको सुनिश्चित गर्न मुलुकको समग्र विद्यालय शिक्षा क्षेत्रको विश्लेषणात्मक अध्ययनका साथै बिभिन्न तह र चरणमा सरोकारवालाहरूको सहभागिता हुने गरी कार्यशाला सञ्चालन गरिएको थियो । उक्त विश्लेषणात्मक अध्ययन र कार्यशालाबाट प्राप्त सुझाब, सल्लाह र परामर्शका आधारमा यस योजनामा समावेश भएका प्राथमिकताका क्षेत्र, रणनीति तथा मुख्य क्रियाकलापहरू पहिचान गरिएको हो ।

विश्वव्यापी रूपमा देखा परेको कोभिड-१९ महामारीको चुनौतीपूर्ण अवस्थाको बिचमा यस योजनाको विकास गर्नुपर्ने अवस्था थियो । कोभिड-१९ का कारण विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७९) का कतिपय मुख्य सूचकहरूको कार्यान्वयनमा प्रत्यक्ष प्रभाव पनि परेको थियो । यसका अतिरिक्त बाह्य क्षेत्रमा देखा परेका चुनौतीको सामना गर्न र नयाँ योजनाको तर्जुमा गर्नुपर्ने सन्दर्भलाई समेत ध्यानमा राखी विद्यालय क्षेत्र विकास योजनाको अवधि एक वर्ष थप गरिएको थियो । यसै सन्दर्भमा विद्यालय शिक्षा क्षेत्रको विकास र विस्तारका लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले दश वर्षे दीर्घकालीन सोचसहित पाँच वर्षको बजेट सुनिश्चित गरी राष्ट्रियस्तरको विद्यालय शिक्षा क्षेत्र योजना तर्जुमा गरेको छ । यस योजना कार्यान्वयनको लागि नेपाल सरकारको लगानीमा बिभिन्न सयुक्त वित्तीय साझेदारहरूको पनि क्षेत्रगत सहायता पद्दतिमार्फत् सहयोग रहेको छ ।

विद्यालय शिक्षा क्षेत्र योजनाले विद्यालय शिक्षालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका विकासका प्रयास, प्रतिबद्धता र आवश्यकतालाई दृष्टिगत गरी मुलुकको विद्यालय शिक्षा क्षेत्रलाई स्पष्ट मार्गचित्र प्रदान गर्छ । यस योजनामा समावेश गरिएका दूरदृष्टि, ध्येय तथा उद्देश्यहरूको प्राप्तिका लागि तय गरिएका रणनीति तथा कार्यक्रमहरूको कार्यान्वयन बिभिन्न तहका सरकार, क्षेत्र र निकायबिच समन्वय र सहकार्यको कार्य ढाँचाभित्र बसेर गर्नुपर्ने हुन्छ । यसका लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सरकारका सबै तहको संस्थागत क्षमतालाई निरन्तर सुदृढ गर्दै संबैधानिक व्यवस्थाअनुसार पारस्परिक सहयोग, समन्वय र सहअस्तित्व कायम गर्दै योजनाको कार्यान्वयन गर्ने छ ।

अन्त्यमा, कोभिड-१९ को प्रभावका कारण सिकाइमा भएको क्षति आपूरण गर्नु विद्यालय शिक्षा क्षेत्र योजनाको प्रमुख नीति हुने छ । यस योजनाले विद्यार्थीको सिकाइ उपलब्धिमा बृद्धि गर्दै विद्यालय शिक्षामा पहुँच र सहभागिता, समानता र समावेशीता तथा गुणस्तर र सान्दर्भिकतालाई जोड दिने छ । यस योजनालाई यो स्वरूपमा ल्याउन बिभिन्न माध्यमबाट सुझाव, सल्लाह र सहयोग प्रदान गर्नु हुने शिक्षाबिद्, योजनाबिद्, नागरिक समाजलगायत विभिन्न निकाय र संस्थाहरूप्रति मन्त्रालय हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छ ।

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
२०७९

# सङ्क्षेपीकरण

आ.व. आर्थिक वर्ष

जिएसएचएसः ग्लोबल स्कुल स्टुडेन्ट हेल्थ सर्भे

एनएलएसएस : नेपाल लिभिङ स्टान्डर्ड सर्भे

एमआइसीएस : मल्टी इन्डिकेटर क्लष्टर सर्भे

एशैसूव्यप्र : एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली

एसइइ : सेकेण्डरी एजुकेशन इक्ज्यामिनेसन

केतवि : केन्द्रीय तथ्याङ्क विभाग

कि.मि. : किलोमिटर

नासा : नेसनल एसेसमेन्ट अफ स्टुडेन्ट एचिभमेन्ट

ने.रु. : नेपाली रुपिया

प्राबाशिवि : प्रारम्भिक बाल शिक्षा तथा विकास

रायोआ : राष्ट्रिय योजना आयोग

विक्षेवियो : विद्यालय क्षेत्र विकास योजना

विशिक्षेयो : विद्यालय शिक्षा क्षेत्र योजना

शिमास्रोविके : शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शिविप्रम : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

प्रअः प्रधानाध्यापक

विब्यसः विद्यालय व्यवस्थापन समिति

शैब्यसूप्रः शैक्षिक व्यवस्थापन सूचना प्रणाली

आइएमएफः इन्टरनेसनल मनिटरी फन्ड

पूप्राशिः पूर्व प्राथमिक शिक्षा

मुउसूः मुख्य उपलब्धि सूचक

जिपिआईः जेण्डर प्यारिटी इन्डेक्स

रापबोः राष्ट्रिय परीक्षा बोर्ड

प्रशिताकेः प्रदेश शिक्षा तालिम केन्द्र

# कार्यकारी सारांश

यस खण्डमा विद्यालय शिक्षा क्षेत्र योजनाको सन्दर्भ, दूरदृष्टि, लक्ष्य, मुख्य क्रियाकलाप तथा अपेक्षित उपलब्धिहरूको सारांश प्रस्तुत गरिएको छ ।

## योजनाको सन्दर्भ

विद्यालय शिक्षा क्षेत्र योजनाले सरकारका निम्नलिखित प्रतिबद्धता पूरा गर्ने लक्ष्य लिएको छ- (क) नेपालको संविधानले प्रत्याभूत गरेअनुसार आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने सुनिश्चितता गर्ने (ख) राष्ट्रिय शिक्षा नीति, २०७६ ले निर्दिष्ट गरेका नीतिको कार्यान्वयन गर्ने (ग) सन् २०३० सम्ममा समावेशी र गुणस्तरीय शिक्षा तथा जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्न अन्तर्राष्ट्रिय समुदायले पहिचान गरेका दिगो विकास लक्ष्य ४ हासिल गर्ने । नेपालको दीर्घकालीन सामाजिक तथा आर्थिक विकासका लक्ष्य हासिल गर्न र परिवर्तित सङ्घीय संरचनाको आवश्यकताअनुरूप स्थानीय तहमा पनि शैक्षिक योजनाको संस्थागत विकास आवश्यक देखिएको छ ।

विद्यालय क्षेत्र विकास योजना (विक्षेविियो, २०७३-७९) क्षेत्रगत सहायता पद्धति (Sector Wide Approach) मार्फत संयुक्त वित्तीय साझेदारसँगको सहकार्यमा सात वर्षका लागि तयार गरिएको भए तापनि पहिलो पाँच वर्षका लागि मात्र स्रोतको व्यवस्थापनसहितको कार्यान्वयन योजना तय भएको थियो । वि. सं. २०७२ मा नेपालको संविधान जारी भएपछि यस क्षेत्रमा भएका उल्लेखनीय परिवर्तनहरूलाई सम्बोधन गर्न विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनसँगै नयाँ विद्यालय शिक्षा क्षेत्र योजना निर्माण अपरिहार्य थियो । त्यसैले विद्यालय क्षेत्र विकास योजनाको थपिएको एक वर्ष विद्यालय शिक्षा क्षेत्रको योजना निर्माणको लागि आधार वर्ष भएकाले यो वर्ष शिक्षा विकासका लागि सङ्क्रमणको अवधि रहेको थियो ।

बदलिँदो परिवेशअनुसार समता, गुणस्तर तथा सक्षमतालाई सुदृढ गर्ने विषयलाई निरन्तरता दिन, कार्यक्रमहरूको सान्दर्भिकता तथा सुधारको सुनिश्चितता गर्न, प्राथमिकता तथा मुद्दाहरूको सम्बोधन गर्न र नयाँ रणनीतिक कार्यक्रमहरूलाई एकीकृत गर्नका लागि विद्यालय शिक्षा क्षेत्र योजनाको विकास गरिएको हो । ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास र परिवर्तनलाई आत्मसात् गर्न तथा उत्थानशीलताको निर्माण गर्न शिक्षा क्षेत्रको सुधार गर्नु आवश्यक छ । मुलुकलाई सुशासनयुक्त, सभ्य, शान्त तथा समृद्ध बनाउन राष्ट्र र राष्ट्रियताप्रति प्रतिबद्ध, नेपालको रूपान्तरणमा अर्थपूर्ण भूमिका निर्वाह गर्न सक्ने सिर्जनशील, सक्रिय, उपयोगी नागरिक उत्पादन गर्ने प्रणालीको जग बसाउनु जरुरी छ ।

कोभिड-१९ महामारीको प्रभावबाट उत्पन्न तथा भविष्यमा हुन सक्ने विपत्, महामारी तथा सङ्कटबाट उत्पन्न हुने अवरोधलाई सामना गर्ने र सिकाइलाई निरन्तरता दिने कुराको सुनिश्चितताका साथै शिक्षा प्रणालीमा विशेष गरी बालबालिका तथा किशोरकिशोरीहरूको सिकाइमा भएको क्षतिको आपूरण गर्ने विषयमा विद्यालय शिक्षा क्षेत्र योजनाले सम्बोधन गर्नु आवश्यक छ । यसका साथै कोभिड-१९ तथा अन्य प्रकोपका कारणले लैङ्गिक, भौगोलिक अवस्थिति, सामाजिक-आर्थिक अवस्थाका आधारमा बालबालिका तथा उनीहरूको परिवार प्रभावित भएको देखिन्छ । उदाहरणका लागि- कोभिड-१९ सम्बन्धी विद्यालय शिक्षा क्षेत्र विश्लेषण अध्ययनमा उल्लेख भएअनुसार महामारीको समयमा छात्राहरूलाई घरायसी काममा पनि व्यस्त रहनुपर्ने भएकाले उनीहरूको सिकाइ निरन्तरतामा प्रभाव परेको पाइयो ।

## विद्यालय शिक्षामा भएका प्रगति र चुनौती

समान विकास र आयस्तर भएका दक्षिण एसियाली र अन्य मुलुकहरूको तुलना गर्दा नेपालको शिक्षा क्षेत्रले हालका दशकहरूमा उल्लेखनीय प्रगति हासिल गरेको छ । मुलुकभित्र छरिएर रहेका दुर्गम क्षेत्रका समुदायहरूमा विद्यालयको पहुँच विस्तार भएको छ । देशभर ३६,५३१ पूर्व प्राथमिक तथा प्रारम्भिक बाल शिक्षा तथा विकास कक्षा/केन्द्रमा १० लाखभन्दा बढी र ३४,३६८ आधारभूत तथा माध्यमिक विद्यालयमा ७० लाखभन्दा बढी बालबालिका अध्ययन गरिरहेका छन् । केही दशक अघिसम्म सहरी क्षेत्रमा मात्र सीमित प्रारम्भिक बाल शिक्षा अहिले राष्ट्रिय शिक्षा प्रणालीको अभिन्न अङ्ग बनेको छ । सन् २०२२ को शैक्षिक तथ्याङ्क (शिमास्रोविके, २०२२) अनुसार कक्षा १ मा भर्ना हुनेमध्ये ७४.८५% बालबालिकाले एक वर्ष वा सोभन्दा लामो अवधिको प्रारम्भिक बाल शिक्षा तथा विकासको अनुभव लिएका छन् । आधारभूत तहअन्तर्गत कक्षा १-५ को खुद भर्नादर ९६.९ प्रतिशतले यस तहको शिक्षा सबैका लागि पहुँचयोग्य तथा सहजै उपलब्ध छ भन्ने देखाउँछ । अनिवार्य तथा निःशुल्क शिक्षाको रूपमा परिभाषित गरेको आधारभूत तह (कक्षा १-८) को खुद भर्नादर ९५.११ प्रतिशत छ । माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्नादर हालका वर्षहरूमा वृद्धि भई ५४.० प्रतिशत पुगेको छ । आधारभूत र माध्यमिक तहमा लैङ्गिक समता सूचकाङ्क क्रमशः ०.९९ र १.०१ हुनुले नेपालले विद्यालय शिक्षा क्षेत्रमा लैङ्गिक समता कायम भएको देखिन्छ । मुलुकलाई पूर्ण साक्षर गर्ने राष्ट्रिय प्रतिबद्धताबमोजिम ५ वर्षभन्दा माथिको उमेर समूहको साक्षरता दर ७८ प्रतिशत पुगेको छ भने १५-२४ वर्ष उमेर समूहको साक्षरता दर ९२ प्रतिशत पुगेको छ (शिमास्रोविके, २०२१) । यी उपलब्धिहरू नेपाल सरकारको प्रतिबद्धता, तीन तहका सरकारहरूको निरन्तर प्रयास, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, निजी तथा गैरसरकारी क्षेत्र, विकास साझेदार तथा अन्य सरोकारवालाहरूको योगदानबाट सम्भव भएका हुन् ।

यति हुँदाहुँदै पनि अन्य विकासोन्मुख देशले जस्तै नेपालको शिक्षा प्रणालीले पनि विभिन्न चुनौतीको सामना गर्नु परेको छ । पहुँच तथा सहभागिताका दृष्टिले अझै पनि ५-१२ वर्ष उमेर समूहका करिब ४.९ प्रतिशत बालबालिका विद्यालयको पहुँच बाहिर छन् । आधारभूत तह पूरा गर्ने दर ७६.६ प्रतिशत भएकाले पनि यसमा चुनौती छ भन्ने देखाउँछ । यसका अतिरिक्त माध्यमिक तहमा कक्षा १० बाट ११ मा स्थानान्तरण हुने दरमा पनि अपेक्षित सुधार हुन सकेको छैन ।

निःशुल्क विद्यालय शिक्षा तथा विद्यार्थी सहुलियतका विभिन्न कार्यक्रम तथा प्रबन्धहरूका कारण लैङ्गिक समता सूचकमा सुधार भएको छ । सरकारले बृहत् समता रणनीतिलगायतका विभिन्न कार्यक्रमको प्रभावकारी कार्यान्वयनका कारण दलित, अपाङ्गता भएका, सीमान्तकृत तथा जनजातिका बालबालिकाको भर्ना दरमा वृद्धि भएको छ । अपाङ्गता भएका जनसङ्ख्याको अनुपातमा बालबालिकाको भर्नादर ज्यादै न्यून रहेको छ । प्रारम्भिक बाल शिक्षा तथा विकासको भर्नादरमा वृद्धि भएको छ तथापि ४ वर्ष उमेर समूहका करिब २३.३ प्रतिशत बालबालिकालाई यो तहको शिक्षा उपलब्ध गराउन सकिएको छैन । विद्यालयबाहिर रहेका तथा बिचैमा कक्षा छाड्ने र कक्षा दोहोर्याउनेहरूको ठुलो अनुपात विपन्न तथा सङ्कटापन्न अवस्थामा रहेका र अपाङ्गता भएका बालबालिका मुलुकका विभिन्न क्षेत्रमा छरिएका छन् ।

शिक्षाको गुणस्तर तथा सान्दर्भिकताका सूचकहरूले शिक्षा प्रणालीको समग्र अवस्थाको चित्रण गर्छन् । नेपालमा हालका वर्षहरूमा गरिएका विभिन्न तहका सिकाइ उपलब्धि परीक्षणबाट समग्रमा विद्यार्थीहरूको उपलब्धि सन्तोषजनक

रूपमा सुधार नभएको देखिएको छ । विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण सिकाइका लागि अनुकूल नभएको विषय विभिन्न अध्ययनहरूले देखाएका छन् । गुणस्तरीय शिक्षामा सुधार गर्ने सम्बन्धमा विद्यालयहरूमा विद्यार्थी सङ्ख्याको अनुपातमा विषयगत र तालिम प्राप्त शिक्षकहरूको कमी अर्को चुनौतीको रूपमा देखिएको हो । सङ्कटको अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि समुदाय तथा अन्य क्षेत्रबाट प्रशंसनीय कार्यहरू भएका छन् । प्रकोप, महामारी तथा विपत्बाट उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्ने संयन्त्र निर्माण गर्न आवश्यक रहेको कुरा विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनको अवधिका विपत् तथा महामारीले देखाएका छन् ।

सुशासन तथा व्यवस्थापनबिना विद्यालय शिक्षामा सुधार हुन सक्दैन भन्ने कुरा विगतका अनुभवहरूले देखाएका छन् । सङ्घ, प्रदेश तथा स्थानीय तहबिच प्रभावकारी समन्वय र सहकार्यको संयन्त्र तथा जबाफदेही प्रणाली, पर्याप्त जनशक्ति तथा स्थानीय तहमा शिक्षा योजना निर्माण र कार्यान्वयन गर्ने क्षमता, विद्यालयमा प्रधानाध्यापकको सबल नेतृत्वलगायतका विषयहरूको कमी समस्याका रूपमा रहेका छन् । सङ्घीय व्यवस्थाको कार्यान्वयनसँगै शैक्षिक संरचनामा फेरबदल भएको छ र यसले विभिन्न निकायको भूमिकामा संशोधन वा परिवर्तन भएको छ । यद्यपी सङ्घीय संरचनाअनुरूप शासकीय तथा व्यवस्थापन पद्धतिलाई प्रभावकारी बनाउन परिवर्तन भएको भूमिकाअनुरूप क्षमता विकास गर्नुपर्ने आवश्यकता देखिएको छ ।

संविधानतः शिक्षालाई मौलिक हकका रूपमा आत्मसात् गर्दै अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्ने मूल जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ । यसका लागि राज्यबाट उपलब्ध गराइने शिक्षासम्बन्धी सेवा प्रदान गर्न स्थानीय तहमा आवश्यक सङ्गठनात्मक संरचना र दक्ष जनशक्तिको उचित व्यवस्थापन गर्नु आवश्यक देखिन्छ ।

यसै पृष्ठभूमिमा नेपालको विद्यालय शिक्षाको विकासका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नेतृत्वमा यस योजनाको विकास गरिएको हो । यस क्रममा नेपाल सरकारका विभिन्न अन्तरसम्बन्धित मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, गैरसरकारी सङ्घसंस्था, स्थानीय शिक्षा विकास साझेदार समूहका सदस्यहरू, स्थानीय शिक्षा समूह तथा विक्षेवियोमा संयुक्त वित्तीय साझेदारका रूपमा सहयोग गर्ने निकायहरू, शिक्षक तथा अभिभावकका प्रतिनिधि तथा सङ्घसंस्थाहरू, शिक्षाविद् तथा अन्य सरोकारवालाहरूको सघन संलग्नता रहेको थियो । सङ्घीय योजनाका साथै प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा गर्दा प्रदेश सरकार तथा स्थानीय तहहरूसँग अन्तरक्रिया तथा छलफल गरिएको थियो । यसले योजनालाई स्थानीय अनुभव, अभ्यास तथा आवश्यकता अनुकूल भएको सुनिश्चित गर्न मद्दत गरेको थियो । यसका अतिरिक्त यस योजनाको विकासमा नेपालको विद्यालय शिक्षा क्षेत्रको विश्लेषण तथा अन्तर विषय क्षेत्रगत अध्ययनहरूले पनि सहयोग पुर्याएका थिए ।

## योजनाको दूरदृष्टि, ध्येय तथा उद्देश्य

**दूरदृष्टिः** सक्षम, सिर्जनशील, संस्कारयुक्त नागरिक तयार गरी देशको सामाजिक-आर्थिक रूपान्तरणमार्फत "**समृद्ध नेपाल, सुखी नेपाली**" को राष्ट्रिय आकांक्षा पुरा गर्नु

**ध्येयः** क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरसँग तुलनायोग्य गुणस्तर सहितको सान्दर्भिक शिक्षा प्राप्त गर्ने नागरिकको हक सुनिश्चित गर्न सक्षम, सुशासित, उत्तरदायी र प्रतिस्पर्धी सार्वजनिक विद्यालय शिक्षा प्रणालीको विकास गर्नु

**उद्देश्य तथा मुख्य रणनीतिः** योजनाका उद्देश्य तथा मुख्य रणनीतिहरू निम्नलिखित छन् :

| उद्देश्य | मुख्य रणनीति |
|---|---|
| १. विद्यालय शिक्षामा सबै बालबालिका, विशेषतः सामाजिक तथा आर्थिक कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु | १. प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र तथा विद्यालयहरूको विस्तार, समायोजन तथा पुनर्वितरण गर्न तोकिएका मापदण्डका आधारमा विद्यालय नक्साङ्कन गर्ने, औपचारिक विद्यालयको पहुँचमा आउन नसकेका बालबालिकाका लागि वैकल्पिक सिकाइ कार्यक्रम प्रदान गर्ने |
| | २. सबैका लागि निःशुल्क शिक्षा प्रदान गर्ने, न्यून सामाजिक आर्थिक अवस्था र/वा अपाङ्गता भएका बालबालिकाको अर्थपूर्ण पहुँच तथा सहभागिता सुनिश्चित गर्न अन्य प्रावधानका साथै छात्रवृत्ति प्रणालीलाई सुदृढ गरी आवश्यकतामा आधारित बनाउने |
| | ३. सामाजिक समूह तथा भौगोलिक क्षेत्रबिच पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिमा हुने असमानतालाई न्यूनीकरण गर्न विद्यालय शिक्षा क्षेत्रका लागि विकास गरिएको एकीकृत समता रणनीतिको कार्यान्वयन गर्ने |
| | ४. कार्यसम्पादन सीमितता रहेका बालबालिकाको सिकाइमा सहयोग सुनिश्चित गर्न तथा त्यस्ता बालबालिकाको आवश्यकता पहिचान गरी समतामूलक समावेशी शिक्षा प्रदान गर्न विद्यालयको सुदृढीकरणसहित मार्गचित्रको कार्यान्वयन गर्ने |
| | ५. स्थानीय स्वास्थ्यसम्बद्ध सरकारी तथा गैरसरकारी संस्थासँगको सहकार्यमा विद्यालय स्वास्थ्य तथा पोषण शिक्षा कार्यक्रम सञ्चालन गर्ने र आधारभूत तहका बालबालिकाको पोषण अवस्था तथा स्वास्थ्यमा सहयोग गर्न विद्यालयमा दिवा खाजाको प्रबन्ध गर्ने |
| | ६. विद्यालयलाई विभेद तथा दुर्व्यवहारमुक्त बालमैत्री वातावरणमा (लैङ्गिक उत्तरदायी तथा अपाङ्गतामैत्री सहित) सिकाइ क्रियाकलाप सञ्चालन गर्न विविधता अनुकूल विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुधार गर्ने |
| | ७. विद्यालय तथा समग्र शिक्षा प्रणालीलाई महामारी, प्रकोप, विपत् तथा सङ्कटकालीन अवस्थाप्रति उत्थानशील बनाउँदै बालबालिकाको शिक्षाको हक सुनिश्चित गर्ने, कोभिड-१९ को प्रभावबाट परेको सिकाइ क्षति आपुरणको लागि ReAL Plan को विकास र कार्यान्वयन गर्न विद्यालय तथा तीनै तहको क्षमता विकास गर्ने |
| | ८. भूकम्पलगायत प्राकृतिक विपत्तिको जोखिम न्यूनीकरण गर्न उत्थानशील भौतिक संरचनाको निर्माण गर्ने |

| उद्देश्य | मुख्य रणनीति |
|---|---|
| २. प्रत्येक बालबालिकामा विद्यालयका लागि तयारी, आधारभूत सिकाइ र गुणस्तरीय सिकाइ उपलब्धि सुनिश्चित गर्दै विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु | १. गुणस्तरीय शिक्षाका लागि प्रत्येक विद्यालयमा स्वच्छ, सुरक्षित, समावेशी र विविधतायुक्त सिकाइ वातावरण सिर्जना गर्न आवश्यक स्रोतसाधनको प्रबन्ध गर्ने |
| | २. अद्यावधिक ज्ञान र सिपका लागि विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूलाई स्तरीकृत, सान्दर्भिक, गुणस्तरीय र समावेशी बनाउने |
| | ३. सबै बालबालिकाको सिकाइको गुणस्तर अभिवृद्धि गर्न शैक्षणिक प्रक्रियाहरूमा आधुनिक तथा प्रभावकारी विधिको प्रयोगमा जोड दिने |
| | ४. सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ सामग्रीहरूको उपयुक्त व्यवस्थापन गरी प्रत्येक विद्यालयका शिक्षक तथा विद्यार्थीहरूमा प्रविधिको उपयोग गर्ने सिपको विकास गर्ने |
| | ५. विद्यार्थीको सिकाइ मूल्याङ्कनलाई उद्देश्यमूलक, नियमित, विश्वसनीय तथा स्तरीकृत गर्न यसको विद्यमान अभ्यासमा सुधार ल्याउने |
| | ६. शिक्षक सक्षमता प्रारूपलाई अद्यावधिक गरी शिक्षक तयारी र विकासको लागि विश्वविद्यालयहरूसँग समन्वय गर्ने |
| | ७. शिक्षक पेसागत सहयोग र उत्प्रेरणाका लागि सघन शिक्षक पेसागत विकास प्रणालीको कार्यान्वयन गर्ने |
| ३. अनौपचारिक तबरबाट सिकेका ज्ञान तथा सिपको प्रमाणीकरण गरी औपचारिक शिक्षासँग सम्बन्ध स्थापित गर्न बैकल्पिक शिक्षा प्रणालीको सुदृढीकरण गर्ने र सबै किशोरकिशोरीहरूमा जीवनोपयोगी र जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्ने | १. सबै युवा तथा प्रौढलाई विभिन्न माध्यममार्फत आधारभूत तथा कार्यमूलक साक्षरता सिप हासिल गर्ने अवसर प्रदान गर्ने |
| | २. स्थानीय समुदायको आय आर्जन, सामाजिक रूपान्तरण तथा दिगो विकासको प्रवर्धन गर्न सामुदायिक सिकाइ केन्द्रको समतामूलक वितरण र क्षमता विकास मार्फत अनौपचारिक तथा जीवनपर्यन्त सिकाइमा पहुँच विस्तार गर्ने |
| | ३. नेपाल सरकारले तय गरेको राष्ट्रिय योग्यता प्रारूपअनुसार सिकाइका विभिन्न माध्यम (अरीतिक, अनौपचारिक तथा औपचारिक) बाट प्राप्त ज्ञान तथा सिपको परीक्षा, प्रमाणीकरण र समकक्षता प्रणालीको कार्यान्वयन गर्न संस्थागत तथा कानुनी कार्यढाँचाहरूको स्थापना गर्ने |

| उद्देश्य | मुख्य रणनीति |
|---|---|
| ४. विद्यालय शिक्षाका सबै प्रणालीमा सुशासन प्रवर्द्धन, अन्तरसरकार समन्वय तथा सहकार्य सुदृढीकरण र सबै निकाय तथा विद्यालय शिक्षा सेवा प्रवाहमा संलग्न व्यक्तिहरूको क्षमता विकास गरी प्रभावकारी शैक्षिक सेवा प्रवाहको सुनिश्चितता गर्नु | १. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय कार्यढाँचा तथा उत्तरदायी प्रणालीको प्रभावकारिताको प्रवर्धन तथा सुदृढीकरण गर्ने |
| | २. विद्यालय शिक्षामा सुशासन प्रवर्धन गर्ने, सूचना प्रविधिमा आधारित नेतृत्व प्रणाली तथा व्यवस्थापनमा सुधार गर्ने, उपलव्धिमा आधारित उत्तरदायित्वको विकास गर्ने तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गर्ने |
| | ३. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गर्ने तथा परीक्षणको नतिजाका आधारमा विद्यालय शिक्षामा गुणात्मक सुधार गर्ने पद्धति विकास गर्ने |
| | ४. सङ्घ, प्रदेश तथा स्थानीय तहका शैक्षिक निकायहरूमा शिक्षा योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणालीको लागि क्षमता विकास गर्ने |
| | ५. शैक्षिक सूचना तथा तथ्याङ्क प्रणालीमा सुधार गरी तथ्यमा आधारित शैक्षिक व्यवस्थापन, योजना निर्माण र मूल्याङ्कन परिपाटीको विकास गर्ने |

## योजनाका मुख्य क्रियाकलाप

योजनाको दूरदृष्टि तथा लक्ष्य हासिल गर्न पहिचान गरिएका मुख्य क्रियाकलाप निम्नानुसार छन् ।

### पहुँच र सहभागिता

विद्यालय नक्साङ्कनका आधारमा विद्यालयहरूको समायोजन, पुनर्वितरण तथा आवश्यकताअनुसार वैकल्पिक प्रबन्ध गरी संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्था र दिगो विकासका लक्ष्यले निर्दिष्ट गरेबमोजिम प्रारम्भिक बाल शिक्षा तथा विकासदेखि माध्यमिक तहसम्मको शिक्षामा सबैको पहुँच सुनिश्चित गरिने छ । त्यसै गरी सबै विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक वितरणका साथै आवश्यकतामा आधारित छात्रवृत्तिको वितरण प्रणालीको सुदृढीकरण गरिने छ ।

पोषिलो र स्वास्थ्यवर्धक दिवाखाजाको सुनिश्चित गर्दै आधारभूत तहको भर्नादर कम भएका क्षेत्रमा प्रारम्भिक बाल शिक्षा तथा विकासदेखि कक्षा ८ सम्मका दिवाखाजाको प्रावधान राखिने छ । स्वास्थ्य हेरचाह सेवा (आवधिक स्वास्थ्य जाँच, प्राथमिक उपचार बाकसको उपलब्धता तथा जुकाको औषधीलगायत) तथा पर्याप्त पानीको पहुँच (शुद्ध खानेपानीसहित) र सरसफाइ तथा स्वच्छताका सुविधाहरूको प्रावधानमा जोड दिइने छ । कोभिड-१९ महामारीले पारेको प्रभावको विश्लेषण गरी यसबाट उत्पन्न शैक्षिक क्षतिको आपूरण गर्न योजना निर्माण गरी कार्यान्वयन गरिने छ । कोभिड-१९ का कारण विद्यालय छाडेका वा विद्यालय नफर्केका विद्यार्थीहरूलाई उमेर सुहाउँदो सिकाइ तहमा फर्काई आवश्यकतामा आधारित सहयोग प्रदान गर्न योजनामा थप स्रोत तथा कार्यक्रम समावेश गरिने छ ।

## समता तथा समावेशिता

सन् २०२० को मूल्याङ्कनको सिफारिसका आधारमा नेपालको विद्यालय शिक्षा क्षेत्रका लागि विकास गरिएको एकीकृत समता रणनीतिलाई अद्यावधिक गरिने छ । यसले शैक्षिक उपलब्धिमा भएको विद्यमान असमानतालाई न्यूनीकरण गर्न समग्र मार्गदर्शक कार्यढाँचाका रूपमा काम गर्ने छ । यसका साथै बालमैत्री विद्यालय कार्यढाँचाले पनि सुरक्षित सिकाइ वातावरणमा समावेशी पहुँच सुनिश्चित गर्न मार्गदर्शन गर्ने छ । समता सूचकाङ्कका आधारमा पहिचान गरिएका असमानतालाई न्यूनीकरण गर्न लक्षित कार्यक्रमसहित स्रोतको सुनिश्चितता गर्दै पहुँच, सहभागिता तथा सिकाइ उपलब्धि हासिल गर्ने सम्बन्धमा बालबालिकाले सामना गर्नुपरेका बाधाहरूको विश्लेषण गरिने छ र आवश्यकतामा आधारित शिक्षा क्षेत्र योजना तथा बजेट तर्जुमा गर्न स्थानीय तहहरूलाई सहयोग गरिने छ ।

न्यूनतम आधारभूत आवश्यकताको प्राप्तिमा हुने असमानता घटेको सुनिश्चित गर्न लक्षित कार्यक्रम तथा सहयोगको विस्तार गरिने छ । यसअन्तर्गत कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राका लागि स्यानिटरी प्याड, चेन्जिङ्ग रूम, फोहोर फाल्ने ठाउँसहित महिनावारी स्वच्छता सुविधाका साथै छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिने छ ।

अपाङ्गता भएका बालबालिकाका लागि आवश्यकतामा आधारित सहयोग गर्नुपर्ने भएकाले सोको सुनिश्चित गर्न समावेशी शिक्षा आधार पत्र तथा मार्गचित्रका आधारमा सुधारको रणनीति विकास गरिने छ । सोका आधारमा सिफारिस सेवा (Referral service) सहित स्रोत केन्द्र सेवासम्बन्धी विद्यमान प्रावधानहरूको सुदृढीकरण गरिने छ । साथै अपाङ्गता/बहुअपाङ्गता भएका बालबालिकाको लागि सम्भव भएसम्म सबै सेवा उपलब्ध भएका विद्यालयको सुनिश्चितता गरी मूलप्रवाहीकरण गरिने छ । समावेशी शिक्षा विषयमा शिक्षकहरूलाई तालिम दिन, व्यवस्थापनलाई अभिमुखीकरण गर्न तथा अभिभावकहरूलाई संलग्न गराउन, अपाङ्गता भएका बालबालिकाको लागि व्यक्तिगत सिकाइ योजनाको विकास गर्न आवश्यकताअनुसार पाठ्यक्रमको अनुकूलन गर्न विद्यालयहरूलाई सहयोग गरिने छ ।

बालबालिकाको सिकाइलाई सम्बोधन गर्न मातृभाषामा शिक्षा दिने विधि तथा सम्बन्धित माध्यम भाषामा शिक्षा दिने कार्यलाई विकास र विस्तार गरिने छ । दुर्गम तथा छरिएका समुदायमा बहुकक्षा बहुस्तर शिक्षण लगायतका रणनीति विकास गरी साना विद्यालय सञ्चालनका नमुना विकास गरिने छ ।

## गुणस्तर तथा सान्दर्भिकता

शिक्षाको गुणस्तर सुधारका लागि निर्धारित मापदण्डअनुसार पूर्वाधार विकास, सिकाइ वातावरणमा सुधार, सिकाइ सामग्री बसाइ व्यवस्थापन, उपयुक्त कक्षाकोठा र व्यवस्थापन, तोकिएका सक्षमताअनुसारको योग्यता र क्षमता भएका शिक्षकको व्यवस्था गरिने छ । योग्य, सक्षम तथा उत्प्रेरित शिक्षकको उपलब्धता सुनिश्चित गर्न शिक्षकको तयारी संयन्त्रमा परिमार्जन गरिने छ । शिक्षकको क्षमता विकासका अवसरमा विस्तार र निरन्तरता तथा स्थानीय तहमा शिक्षक सहयोग प्रणाली स्थापना गरिने छ । शिक्षकको योग्यता तथा दरबन्दी निर्धारणका मापदण्डमा पुनरावलोकन गरी परिमार्जन, कार्यान्वयन तथा विद्यालयमा शिक्षक विद्यार्थी अनुपातअनुसार शिक्षकको व्यवस्था गरिने छ ।

सिकाइको मूल्याङ्कन गर्न नभई सिकाइका लागि मूल्याङ्कन गर्न यसका साधनमा परिमार्जन गरी विद्यार्थीको शैक्षिक उपलब्धिका लागि शिक्षकहरूलाई जिम्मेवार बनाइने छ । मूल्याङ्कन पद्धति र व्यवस्थापनलाई सुदृढीकरण गर्न शिक्षकलाई प्रोत्साहन गरिने छ ।

विद्यालय शिक्षाको सान्दर्भिकता तथा गुणस्तर अभिवृद्धि गर्न पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण सिकाइ क्रियाकलापमा सुधार गरिने छ । पाठ्यक्रम र सिकाइ सामग्री तथा शिक्षक तालिममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, नागरिक सिप, वातावरण परिवर्तन, दिगो विकास, शान्ति शिक्षा, लैङ्गिकता र बृहत् यौनिकता शिक्षाजस्ता विषयलाई जोड दिइने छ । यसै गरी पाठ्यक्रममा नागरिक शिक्षा, सूचना तथा सञ्चार प्रविधि तथा विभिन्न व्यवहारकुशल सिप जस्ता समसामयिक विषयवस्तुलाई एकीकृत गरिने छ । माध्यमिक शिक्षाको प्राविधिक धारको स्वरूप, संरचना, मापदण्ड तथा पाठ्यक्रमको पुनरावलोकन तथा परिमार्जन गरिने छ ।

सिकाइमा सहजीकरण गर्नका लागि विद्यालय प्रशासन तथा अनुगमनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको विस्तार गर्न डाटा सेन्टर तथा विद्युतीय पुस्तकालयको स्थापना गरिने छ । योजना अवधिभरमा सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधार र इन्टरनेट जडानलाई विस्तार गरिने छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका सम्बन्धमा शिक्षा तालिम केन्द्रहरूबाट शिक्षक तथा कर्मचारीका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ । अपाङ्गता भएका बालबालिकासम्म सूचना तथा सञ्चार प्रविधिको पहुँच सुनिश्चितता गर्न अनुकूल विद्युतीय सामग्रीको विकास गरिने छ । सबैले प्रयोग गर्न सक्ने गरी विद्यमान पाठ्यक्रम तथा पाठ्यपुस्तक विद्युतीय प्रति सहज उपलब्ध हुने व्यवस्था मिलाइने छ । सूचना तथा सञ्चार प्रविधिलाई विषयको रूपमा समेत ग्रहण गरी पाठ्यक्रम विकास गरिने छ । बालबालिकाको सिकाइलाई सहयोग पुर्याउन विकास गरिएको सिकाइ चौतारी (Learning portal) लाई सुदृढीकरण गरी मोबाइल एप्लिकेसनमार्फत पहुँचयोग्य र प्रयोगकर्तामैत्री बनाइने छ । विद्यालय शिक्षा क्षेत्र योजना सञ्चार रणनीतिको उपयोग गरी सरोकारवाला तथा लाभग्राहीहरूमा अनलाइन, अफलाइन तथा सञ्चार माध्यमहरूको प्रयोगद्वारा योजनासँग सम्बन्धित सूचना तथा सेवाको प्रबोधीकरण गरिने छ ।

### अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ

नेपाल सरकारको सबै नागरिकलाई साक्षर बनाउने प्रतिबद्धता पूरा गर्न अनौपचारिक शिक्षा क्षेत्रमा सरकारी तथा गैर सरकारी क्षेत्रको संलग्नता र सक्रियता रहेको छ । आयआर्जन तथा जीवनस्तरमा सुधार ल्याउन र सिपयुक्त युवा तथा प्रौढहरूको पहुँच सुनिश्चित गर्न शिक्षामा वैकल्पिक धारहरू स्थापित तथा सुदृढीकरण गरी औपचारिक विद्यालय क्षेत्रसँग आबद्ध गरिने छ । सामुदायिक सिकाइ केन्द्रहरूमा सूचना तथा सञ्चार प्रविधिका उपकरणको व्यवस्था गरी सबै उमेरका सिकारूहरूको सिकाइलाई सुनिश्चित गरिने छ । सिकारूको आवश्यकता तथा मागमा आधारित विभिन्न मोड्युल र सिकाइ सामग्री विकास गरी सामुदायिक सिकाइ केन्द्रमार्फत उपलब्ध गराइने छ । साथै सामुदायिक पुस्तकालयहरूलाई समेत यसमा आबद्ध गराइने छ । अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको प्रभावकारी व्यवस्थापनका लागि सङ्घ, प्रदेश तथा स्थानीय तहमा समन्वयको संयन्त्र निर्माण गरिने छ । हाल सञ्चालनमा रहेका अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, परम्परागत प्रकृतिका विद्यालय आदिलाई संस्थागत विकास तथा सञ्चालनका लागि अनुदान प्रदान गरिने छ । राष्ट्रिय योग्यता प्रारूपअनुसार योग्यताको प्रमाणीकरण तथा समकक्षतासँग सम्बन्धित प्रक्रिया निर्धारण गरी कार्यान्वयन गरिने छ ।

## आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा दिइने शिक्षा

विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीजस्ता परिस्थितिप्रति उत्थानशील बनाउन आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षालाई अन्तरसम्बन्धित विषय क्षेत्रको रूपमा कार्यान्वयन गरिने छ । बृहत् विद्यालय सुरक्षा रणनीति तथा मापदण्डको पुनरावलोकन गरी परिमार्जन तथा कार्यान्वयन गरिने छ । सङ्कटासन्नताको लेखाजोखाका आधारमा योजना निर्माण र आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थाका लागि विभिन्न मापदण्ड, निर्देशिका तथा कार्यविधिहरू एकीकृत गरिने छ । उत्थानशीलताको अभिवृद्धिका लागि विद्यालयमा सचेतना बढाउने कार्यक्रम सञ्चालन गरिने छ । विद्यालय सुरक्षासँग सम्बन्धित विषयमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई तालिम दिइने छ । सुरक्षित भवन निर्माण संहिताको पालना गरी विद्यालय भवन निर्माण तथा प्रबलीकरण गरिने छ । साथै हरित विद्यालय निर्माणको लागि विकास गरिएको निर्देशिकाको प्रभावकारी कार्यान्वयन गरिने छ । विद्यालयमा स्वास्थ्य स्वंयसेवक शिक्षकको व्यवस्था गरी स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइने छ । माहामारी, प्रकोप तथा आपत्कालीन अवस्थामा सिकाइको निरन्तरताका लागि शिक्षक विद्यार्थीसहितको विपत् जोखिम न्यूनीकरण समितिहरू गठन गरिने छ ।

## सुशासन, व्यवस्थापन तथा समन्वय

शिक्षा क्षेत्रको सुशासन तथा व्यवस्थापनलाई सुदृढीकरण गर्न र सङ्घीय शासन प्रणालीअनुकूल बनाउन आवश्यक कानुन तथा मापदण्डको विकास गरिने छ । स्थानीय तहमा शिक्षाको शासकीय स्वरूप विकासका लागि विभिन्न प्रकारका ढाँचाहरूको विकास गरी कार्यान्वयनको लागि प्रोत्साहन गरिने छ । स्थानीय र प्रदेश सरकारका लागि समेत मार्गदर्शक बन्ने गरी शैक्षिक नीति निर्माणलाई सहभागिमूलक, उत्तरदायी, नतिजामुखी बनाउन राष्ट्रिय शिक्षा परिषद्को संरचनाअन्तर्गत नीति तर्जुमा तथा कार्यान्वयन समिति गठन गरिने छ । त्यसै गरी स्थानीय तह र विद्यालयलाई प्राविधिक सहयोग गर्ने निकायका रूपमा शिक्षा विकास तथा समन्वय एकाइको पुनर्संरचना गरिने छ ।

शिक्षा तालिम केन्द्रको विस्तार र सुदृढीकरण गरिने छ । प्रदेश तथा स्थानीय तहमा संगठन र शैक्षिक जनशक्तिलाई प्रभावकारी बनाउन आवश्यकतामा आधारित सञ्चालन तथा व्यवस्थापन गर्ने प्रणालीको विकास गरिने छ । स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना र सञ्चालन, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका लागि आवश्यकताअनुसार संयन्त्र विकास गरिने छ ।

विद्यालय शिक्षाको विभिन्न तहको शैक्षिक तथ्याङ्क र प्रतिवेदन प्रणालीमा सुधार तथा सुदृढीकरण गरिने छ । प्रधानाध्यापकलाई नतिजाप्रति जिम्मेवार बनाउन नेतृत्व क्षमता विकास र नियुक्ति प्रणालीमा सुधार गरी कार्यसम्पादन करार गरिने छ । शिक्षक तथा विद्यालयलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी हुने पद्धति विकास गरी कार्यान्वयन गरिने छ । स्थानीय, प्रदेश तथा सङ्घबिचको आपसी सहयोग र समन्वयलाई प्रभावकारी बनाउन सञ्चार प्रणालीलाई सुदृढ बनाइने छ । तीनै तहका सरकारले समयानुकूल आवश्यक सूचना आदानप्रदान गर्न सक्ने गरी शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई एकीकृत तथा व्यवस्थित गरी आवश्यक सुधार गरिने छ । स्थानीय तहमा नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरूको विकास, प्रयोग तथा अद्यावधिक गरिने छ । कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तह तथा निकायले कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने छन् र सोको चौमासिक, अर्धवार्षिक तथा वार्षिक समीक्षा तथा स्थिति प्रतिवेदन तयार गर्ने छन् । साथै विद्यार्थीको उपलब्धि परीक्षण र विद्यालयका

कार्यसम्पादन मूल्याङ्कनसम्बन्धी कार्यलाई नियमित गरी प्राप्त नतिजालाई विद्यार्थीको सिकाइ उपलब्धि र विद्यालय व्यवस्थापनमा सुधारका लागि प्रयोगमा ल्याइने छ । विद्यालयहरूमा गरिने सामाजिक परीक्षण र लेखा परीक्षणलाई प्रभावकारी तथा नियमित बनाइने छ । श्रमबजारसँग सम्बन्धित विभिन्न विषय तथा मुद्दामा अध्ययन तथा अनुसन्धान गरिने छ । विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनको मध्यावधि तथा अन्तिम मूल्याङ्कन गरिने छ ।

**अपेक्षित उपलब्धि**

१. चार वर्ष उमेरका सबै बालबालिका गुणस्तरीय प्रारम्भिक बाल शिक्षा तथा विकास पूरा गरी कक्षा १ का लागि तयार भएका हुने

२. शिक्षा, स्वास्थ्य, पोषण, पानी, सरसफाइ तथा बाल सुरक्षासम्बन्धी एकीकृत सेवाको पहुँच वृद्धि भई प्रारम्भिक बाल्यावस्थाका बालबालिकाको समग्र सूचकमा सुधार भएको हुने

३. आधारभूत तहको ५-१२ वर्ष उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भई उक्त तहको शिक्षाको पूर्ण चक्र पूरा गरेका हुने

४. माध्यमिक तहको भर्नादरमा वृद्धि हुने र भर्ना भएकामध्ये उक्त तहको शिक्षाको चक्र पूरा गर्ने अनुपातमा उल्लेख्य सुधार भएको हुने

५. सबै विद्यार्थीहरूले सम्बन्धित तहका लागि अपेक्षित न्यूनतम शैक्षिक उपलब्धि हासिल गरेका हुने र विद्यार्थीको समग्र शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भएको हुने

६. विद्यार्थी भर्ना, कक्षा सहभागिता, सिकाइ उपलब्धिलगायत मुख्य शैक्षिक सूचकहरूमा लैङ्गिक, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातजाति, भाषिक पृष्ठभूमि तथा प्रादेशिक र क्षेत्रीय आधारमा रहेको असमानता घटेको हुने

७. माध्यमिक तहमा प्राविधिक शिक्षाको आवश्यकता, औचित्य र सम्भाव्यताको अध्ययन गरी गुणस्तरीय, सान्दर्भिक, श्रमबजारअनुकूल र आवश्यकतामा आधारित प्राविधिक शिक्षाको सुदृढीकरण भएको हुने

८. सबै युवा तथा प्रौढहरूले कार्यमूलक साक्षरता हासिल गरेका हुने र अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरमा वृद्धि भएको हुने

९. हरेक विद्यार्थीका लागि आवश्यक व्यवहारकुशल सिप, सामाजिक तथा नागरिक सक्षमता, सूचना प्रविधि सिपसहितको सान्दर्भिक सिकाइ प्रदान गर्न सबै विद्यालय सक्षम भएको हुने

१०. सबै विद्यालयमा आवश्यक सङ्ख्यामा योग्य, तालिम प्राप्त, सक्षम, अभिप्रेरित तथा पेसाप्रति प्रतिबद्ध र कार्यसम्पादनप्रति जवाफदेही शिक्षकको व्यवस्था भएको हुने

११. विद्यालयका सबै बालबालिका सुरक्षित, रमाइलो तथा उत्प्रेरणात्मक वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी भई उनीहरूको स्वास्थ्य, पोषण, सिकाइ र सामाजिक तथा संवेगात्मक सिपमा उल्लेख्य रूपमा सुधार भएको हुने

१२. विद्यालयहरू सुधारिएको सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ गर्न सक्षम भएका हुने र शिक्षक विद्यार्थी दुवैले प्रविधिको प्रयोग गर्ने दरमा वृद्धि भएको हुने

१३. सुधारिएको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा पहुँचमार्फत शैक्षिक योजना, सुशासन तथा

व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कनका हिसाबले विद्यालय शिक्षा क्षेत्रको क्षमता अभिवृद्धि भएको हुने

१४. महामारीलगायत आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि विद्यालयहरू सिकाइलाई निरन्तरता दिने सुनिश्चितता भएको तथा सबै विद्यार्थीहरूको शिक्षा प्राप्त हुने हकको प्रत्याभूति भएको हुने

१५. स्थानीय तहले कोभिड-१९ महामारीबाट भएको सिकाइ क्षतिको पहिचान गरी द्रुत सिकाइ योजनाअनुसार यसको आपूरण भएको हुने

१६. विद्यालयमा बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा विपत् उत्थानशील वातावरणसहितको पर्याप्त भौतिक पूर्वाधार भएको हुने

१७. छात्राहरूका लागि महिनावारी स्वच्छता व्यवस्थापन सुविधासहित सबै विद्यालयमा गुणस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधा भएको हुने

१८. प्रत्येक विद्यार्थीलाई आधारभूत सिकाइ अवस्था भएको विद्यालयमा अध्ययन गर्ने हक हुने

१९. विद्यालयहरूको कार्यसम्पादनमा उल्लेख्य सुधार भएको हुने

२०. सबै तहमा शैक्षिक सेवा प्रवाह गर्न उपयुक्त सङ्गठनात्मक संरचना तथा सक्षम जनशक्तिको सुनिश्चितताका साथ विद्यार्थीको सिकाइका लागि जबाफदेही प्रणाली स्थापित भएको हुने

२१. सबै तहको सरकारले वित्तीय व्यवस्थापनमा सुधार ल्याइ तुलनायोग्य हुने गरी शिक्षाको लगानीमा वृद्धि गर्न सक्षम भएको हुने

योजनाले प्रस्ताव गरेका लक्ष्यहरूको प्राप्ति यसको कार्यान्वयनको समग्र प्रभावकारितामा भर पर्ने छ । यस योजनाले निर्दिष्ट गरेका अधिकांश क्रियाकलापहरू स्थानीय तह र विद्यालयमा सञ्चालन हुने भएकाले स्थानीय तहको कार्यान्वयन क्षमता विकासको आवश्यकतालाई प्राथमिकतामा राखिने छ । विगतमा सञ्चालित आयोजना तथा कार्यक्रमहरूका अनुभव र सिकिएका पाठहरू एवम् त्यस क्रममा तयार गरिएका कतिपय साधनहरू आवश्यकताअनुसार परिमार्जनसहित उपयोगमा ल्याइने छ । विगत केही वर्षहरूमा कतिपय स्थानीय तहहरूले आफ्नै नेतृत्वमा प्रभावकारी र प्रवर्तनात्मक तरिकाले कार्यसम्पादन गरेका छन् । स्थानीय तह र विद्यालयहरूले एकअर्काबाट सिक्ने र अनुभव आदानप्रदान गर्ने कामलाई प्रोत्साहन गरिने छ । सङ्घीय र प्रदेश सरकारले स्थानीय तहमा आफैं कार्यक्रम सञ्चालन गर्नेभन्दा पनि स्थानीय तहलाई विद्यालय तहको शिक्षा व्यवस्थापन र सुधारमा नेतृत्व लिन सक्ने र कानुनले निर्धारण गरेका सबै शैक्षिक कार्यहरू प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सक्ने तुल्याउन सहजीकरण गरिने छ ।

यी समग्र प्रयासहरूबाट नेपालमा सक्षम, सुशासित, सङ्गठित र उत्तरदायी सार्वजनिक विद्यालय शिक्षा पद्धतिको विकास भई नेपाली बालबालिका र नागरिकलाई अन्तर्राष्ट्रिय स्तरसँग तुलनायोग्य गुणस्तरीय शिक्षाको सुनिश्चित हुने छ । यसबाट सक्षम, सिर्जनशील र संस्कारयुक्त नागरिक तयार भई सामाजिक-आर्थिक रूपान्तरणका माध्यमबाट "समृद्ध नेपाल-सुखी नेपाली" को आकाङ्क्षा पूरा गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# विषयसूची


हाम्रो भनाइ

सङ्क्षेपीकरण

कार्यकारी सारांश

१. परिचय १

१.१ पृष्ठभूमि १

१.२ योजना निर्माण प्रक्रिया २

१.२.१ योजना निर्माणको नेतृत्व र समन्वय २

१.२.२ योजना निर्माणमा सहभागिता र सहकार्य २

१.२.३ योजना विकासका लागि संरचनात्मक व्यवस्था तथा कार्यक्षेत्र ३

१.२.४ अध्ययन तथा समीक्षाहरू ४

१.२.४.१ शिक्षा क्षेत्रको विश्लेषण ४

१.२.४.२ विषय क्षेत्रगत अध्ययन प्रतिवेदनहरू ५

१.२.४.३ योजनाको मस्यौदा तयारी र परिमार्जन ६

१.२.४.४ योजनाको दस्तावेजको स्वरूप ६

२. शिक्षा क्षेत्र योजना निर्माणको परिवेश ८

२.१ नेपालको समग्र विकासको परिवेश ८

२.२ दीर्घकालीन विकासको सन्दर्भ १४

२.३ शैक्षिक विकासको सन्दर्भ १५

२.४ दीगो विकास लक्ष्य २४

२.५ विद्यालय शिक्षाका प्रमुख चुनौती २५

२.६ विद्यालय शिक्षा क्षेत्रका अवसर २६

३. दूरदृष्टि, ध्येय तथा उद्देश्य २८

३.१ दूरदृष्टि २८

३.२ ध्येय २८

३.३ उद्देश्य २८

३.४ मुख्य मान्यता तथा निर्देशक सिद्धान्त २९

३.५ परिवर्तनको सिद्धान्त ३०

३.६ अनुमान, जोखिम तथा जोखिम न्यूनीकरण ३४
४. विद्यालय शिक्षाका उपक्षेत्र ३६
४.१ प्रारम्भिक बाल शिक्षा तथा विकास ३६
४.१.१ वर्तमान अवस्था तथा चुनौती ३६
४.१.२ उद्देश्य ३७
४.१.३ रणनीति ३८
४.१.४ उपलब्धि ३९
४.१.५ प्रतिफल, प्रमुख क्रियाकलाप तथा लक्ष्य ३९
४.२ आधारभूत शिक्षा ४३
४.२.१ वर्तमान अवस्था तथा चुनौती ४३
४.२.२ उद्देश्य ४५
४.२.३ रणनीति ४५
४.२.४ उपलब्धि ४६
४.२.५ प्रतिफल, प्रमुख क्रियाकलाप तथा लक्ष्य ४६
४.३ माध्यमिक शिक्षा ५०
४.३.१ वर्तमान अवस्था तथा चुनौती ५०
४.३.२ उद्देश्य ५१
४.३.३ रणनीति ५१
४.३.४ उपलब्धि ५३
४.३.५ प्रतिफल, प्रमुख क्रियाकलाप तथा लक्ष्य ५३
४.४ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ ६०
४.४.१ वर्तमान अवस्था तथा चुनौती ६०
४.४.२ उद्देश्य ६१
४.४.३ रणनीति ६१
४.४.४ उपलब्धि ६२
४.४.५ प्रतिफल, प्रमुख क्रियाकलाप तथा लक्ष्य ६२
५. अन्तरसम्बन्धित विषय क्षेत्र ६६
५.१ पाठ्यक्रम र मूल्याङ्कन ६६
५.१.१ वर्तमान अवस्था तथा चुनौती ६६
५.१.२ उद्देश्य ६८

५.१.३ रणनीति ६८
५.१.४ उपलब्धि ६९
५.१.५ प्रतिफल, प्रमुख क्रियाकलाप तथा लक्ष्य ६९
५.२ शिक्षक व्यवस्थापन र विकास ७४
५.२.१ वर्तमान अवस्था तथा चुनौती ७४
५.२.२ उद्देश्य ७८
५.२.३ रणनीति ७९
५.२.४ उपलब्धि ७९
५.२.५ प्रतिफल, प्रमुख क्रियाकलाप तथा लक्ष्य ७९
५.३ समता र समावेशिता ८४
५.३.१ वर्तमान अवस्था तथा चुनौती ८४
५.३.२ उद्देश्य ९१
५.३.३ रणनीति ९१
५.३.४ उपलब्धि ९२
५.३.५ प्रतिफल, प्रमुख क्रियाकलाप तथा लक्ष्य ९२
५.४ शिक्षामा अन्तरक्षेत्रगत प्राथमिकता ९६
५.४.१ वर्तमान अवस्था तथा चुनौती ९७
५.४.२ उद्देश्य १०१
५.४.३ रणनीति १०१
५.४.४ उपलब्धि १०२
५.४.५ प्रतिफल, प्रमुख क्रियाकलाप तथा लक्ष्य १०३
५.५ शिक्षामा सूचना तथा सञ्चार प्रविधि १०९
५.५.१ वर्तमान अवस्था तथा चुनौती १०९
५.५.२ उद्देश्य ११२
५.५.३ रणनीति ११२
५.५.४ उपलब्धि ११३
५.५.५ प्रतिफल, प्रमुख क्रियाकलाप तथा लक्ष्य ११३
५.६ आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा दिइने शिक्षा ११६
५.६.१ वर्तमान अवस्था तथा चुनौती ११६
५.६.२ उद्देश्य १२०

५.६.३ रणनीति १२०

५.६.४ उपलब्धि १२१

५.६.५ प्रतिफल, प्रमुख क्रियाकलाप तथा लक्ष्य १२१

५.७ विद्यालय भौतिक पूर्वाधार विकास १२४

५.७.१ वर्तमान अवस्था तथा चुनौती १२४

५.७.२ उद्देश्य १२५

५.७.३ रणनीति १२५

५.७.४ उपलब्धि १२६

५.७.५ प्रतिफल, प्रमुख क्रियाकलाप तथा लक्ष्य १२६

५.८ विद्यालय सुरक्षा १२८

५.८.१ वर्तमान अवस्था तथा चुनौती १२८

५.८.२ उद्देश्य १२८

५.८.३ रणनीति १२९

५.८.४ उपलब्धि १२९

५.८.५ प्रतिफल, प्रमुख क्रियाकलाप तथा लक्ष्य १२९

६. विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन १३१

६.१ संस्थागत संरचना र क्षमता विकास १३१

६.१.१ वर्तमान अवस्था तथा चुनौती १३२

६.१.२ उद्देश्य १३३

६.१.३ रणनीति १३३

६.१.४ उपलब्धि १३४

६.१.५ प्रतिफल, प्रमुख क्रियाकलाप तथा लक्ष्य १३४

६.२ कार्यान्वयनको व्यवस्था १३७

६.२.१ वर्तमान अवस्था १३७

६.२.२ योजना कार्यान्वयनको प्रबन्ध १३८

६.२.३ गैरसरकारी तथा नागरिक समाजसँगको सहकार्य १४२

६.२.४ योजना कार्यान्वयनका लागि सञ्चार रणनीति १४३

६.३ अनुगमन तथा मूल्याङ्कन १४५

६.३.१ वर्तमान अवस्था १४५

६.३.२ उद्देश्य १४७

६.३.३ रणनीति १४७

६.३.४ उपलब्धि १४८

६.३.५ प्रतिफल, प्रमुख क्रियाकलाप तथा लक्ष्य १४८

७. लगानी र स्रोत व्यवस्थापन १५१

७.१ परिचय १५२

७.२ अवस्था १५३

७.२.१ शिक्षा क्षेत्रमा राज्यको लगानीको अवस्था १५३

७.२.२ शिक्षा क्षेत्रमा घरपरिवार र निजी लगानी १५५

७.२.३ सामुदायिक तथा संस्थागत विद्यालयमा विद्यार्थी भर्नाको स्थिति १५६

७.२.४ विद्यालय शिक्षाको विभिन्न उपक्षेत्रमा भएको लगानीको अवस्था १५७

७.३ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान १५९

७.३.१ विद्यालय शिक्षाका लागि प्रक्षेपित सङ्घीय बजेट १६२

७.३.२ विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यक्रमका क्रियाकलापमा बित्तीय व्यवस्था १६५

७.३.३ प्रस्तावित बजेट र स्रोतबिचको तुलना १६६

७.४ स्थानीय तहमा शैक्षिक लगानीको व्यवस्थापन १६७

७.४.१ बित्तीय हस्तान्तरण पद्धति १६७

७.४.२ विद्यालय शिक्षामा लगानीको स्वरूप १६८

७.४.३ कोष स्थानान्तरण प्रक्रिया १७०

८. योजनाको नतिजा खाका १७१

अनुसूचीहरू १८८

अनुसूची १ सल्लाहकार समूह १८८

अनुसूची २ सङ्घ, प्रदेश र स्थानीय तहको शिक्षासम्बन्धी प्रस्तावित कार्य विवरण १८९

अनुसूची ३ भर्नाको प्रक्षेपण १९०

अनुसूची ४ विद्यालय शिक्षा क्षेत्र योजनाका लागि स्रोतको अनुमान १९२

अनुसूची ५ योजनाका मुख्य कार्यक्रम तथा अनुमानित वार्षिक लक्ष्य १९३

# १. परिचय

## १.१ पृष्ठभूमि

नेपालको विद्यमान संविधानअनुरूप सङ्घ, प्रदेश र स्थानीय तह रहेको सङ्घीय गणतन्त्रात्मक प्रणाली स्थापित भई तीन तहमा सरकारहरू क्रियाशील रहेका छन्। नेपालको संविधानले समतामूलक, समावेशी र समाजवादउन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ। संविधानका ध्येय अनुकूलका शिक्षासम्बन्धी हक तथा प्राथमिकताहरू पनि स्थापित गरेको छ। उल्लिखित संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ तथा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ कार्यान्वयनमा आएका छन्। त्यसै गरी बालबालिकासम्बन्धी ऐन २०७५ ले पनि बालबालिकाको शिक्षासम्बन्धी हकलाई प्रत्याभूत गरेको छ। नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति, २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ।

नेपालले वि. स. २०८३ सम्ममा अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नती हुने र वि. स. २१०० सम्ममा समुन्नत राष्ट्रमा पुगि **"समृद्ध नेपाल सुखी नेपाली"** को आकाङ्क्षा पूरा गर्ने दीर्घकालीन सोच राखेको छ। यही दीर्घकालीन दृष्टिकोणमा आधारित भएर नेपालले विकासशील देशमा पुग्ने तयारीका लागि पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) तयार गरी २०७६ साउनदेखि कार्यान्वयनमा ल्याएको छ।

सन् २०१५ को मे महिनामा दक्षिण कोरियाको इन्चोनमा आयोजित विश्व शिक्षा मञ्चको बैठकमा जारी भएको घोषणापत्रमा उल्लिखित दिगो विकासको शिक्षासम्बन्धी उद्देश्य **"समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चितता गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने"** कार्यढाँचामा नेपालले पनि प्रतिबद्धता जनाएको छ। दिगो विकास लक्ष्यको शिक्षासम्बन्धी उक्त उद्देश्यलाई संयुक्त राष्ट्र सङ्घले सन् २०३० सम्ममा हासिल गर्ने गरी अनुमोदन गरेको छ। यस उद्देश्यसँग सम्बन्धित सातओटा लक्ष्यहरू निर्धारण गरी लक्ष्य प्राप्तिका लागि थप तीनओटा माध्यम वा विधि पनि उल्लेख गरिएको छ। नेपालले दिगो विकासको लक्ष्य ४ को कार्यान्वयनका लागि राष्ट्रिय कार्यढाँचा पनि तयार गरेको छ। उल्लिखित सन्दर्भलाई समेत दृष्टिगत गरेर नेपाल सरकारले तयार गरेको पन्ध्रौं योजना (२०७६-२०८१) मा शिक्षा विकासका लागि उद्देश्य, रणनीति र कार्यनीति निर्धारण गरिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय तथा सिपमूलक शिक्षामार्फत जनशक्ति विकासका लागि कार्यढाँचा प्रदान गरेको छ।

सङ्घीय संरचना तथा माथि उल्लिखित नीतिगत प्राथमिकताअन्तर्गत संवैधानिक प्रावधानअनुरूप शिक्षाको विकासमा मार्गदर्शन गर्न विद्यालय शिक्षा क्षेत्र योजनाको विकास गरिएको हो। नेपालमा हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास योजना, २०७३-७९ सात वर्षका लागि तयार गरिएको र पहिलो पाँच वर्षका लागि मात्र स्रोतको व्यवस्थापनसहितको योजना कार्यान्वयन गरियो। यसको बाँकी अवधि कार्यान्वयन गर्नुको सट्टा सरकारका सबै तहमा नयाँ शिक्षा क्षेत्र योजनाको विकास तथा कार्यान्वयन गर्ने निर्णय गरियो। तथापि मार्च २०२० मा कोभिड-१९ महामारीले नराम्रोसँग प्रभावित गरेको हुनाले विद्यालय शिक्षा क्षेत्रको योजना सुरुवात गर्ने अवधि सन् २०२२-२०२३ हुन पुग्यो ।

ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई सान्दर्भिक बनाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन पनि शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ। सुधारमा शीघ्रता ल्याउन विद्यार्थीको सिकाइ उपलब्धिमा रहेको स्थिरताको आकलन गरी प्रणालीगत मुद्दाहरूलाई सम्बोधन गर्न सुदृढ रणनीति अख्तियार गर्नु आवश्यक छ। विभिन्न समयमा देखा पर्ने प्रकोप, महामारी तथा विपत्बाट उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील शिक्षा पद्धति विकासको आवश्यकतालाई कोभिड-१९ जस्तो महामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोधले पनि थप पुष्टि गरेको छ।

उल्लिखित सन्दर्भहरूले नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि नयाँ योजनाको आवश्यकता महसुस गरी नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय शिक्षा क्षेत्रको (२०७९-२०८८) योजना तयार गरेको छ। यस योजनामा शिक्षा विकासको दश वर्षे दृष्टिकोणसहित पहिलो पाँच वर्ष (२०७९-२०८३) का लागि आवश्यक स्रोतको आकलन गरी कार्यान्वयनको खाका तयार गरिएको छ।

## १.२ योजना निर्माण प्रक्रिया

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नेतृत्वमा विभिन्न चरणमा सरोकारवालाहरूको सहभागितामा विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गरिएको हो।

### १.२.१ योजना निर्माणको नेतृत्व र समन्वय

यस योजना निर्माणको समग्र नेतृत्व शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट लिइएको हो। योजना निर्माण प्रक्रियालाई मार्गदर्शन गर्न गठित निर्देशक समितिको अध्यक्षता मन्त्रालयका सचिवबाट भएको थियो। योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन मन्त्रालयको योजना तथा अनुगमन महाशाखाबाट भएको थियो भने यसमा आवश्यक समन्वयसहित समग्र व्यवस्थापनका लागि सचिवालयको काम मन्त्रालयको योजना तथा अनुगमन महाशाखाअन्तर्गत रहेको विकास सहायता समन्वय शाखाले गरेको थियो। मन्त्रालयले योजना निर्माणका क्रममा विभिन्न समिति, कार्य टोली तथा कार्य समूहहरू निर्माण तथा परिचालन गरेको थियो। योजनाका सन्दर्भमा मन्त्रालयबाट विभिन्न्न विषयगत मन्त्रालय तथा विभिन्न निकायहरूबिच समन्वय, विज्ञ तथा सरोकारवालाहरूसँग अन्तरक्रिया, प्रदेश तथा स्थानीय तहहरूसँग सञ्चार तथा समन्वय र विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य भएको थियो।

### १.२.२ योजना निर्माणमा सहभागिता र सहकार्य

यस योजनाको तयारीका क्रममा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलगायत अन्य मन्त्रालयहरूसँग सम्बन्धित विषयमा समन्वय तथा अन्तरक्रिया गरी पृष्ठपोषण प्राप्त गरिएको थियो। यसका साथै आर्थिक विषयमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग पनि छलफल गरी पृष्ठपोषण लिइएको थियो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको संयोजकत्वमा प्रदेश सामाजिक विकास मन्त्रालयका मन्त्रीहरूसँग भएका बैठक तथा अन्तरक्रियाबाट योजना निर्माणका लागि महत्त्वपूर्ण पृष्ठपोषण प्राप्त भएको थियो। यस क्रममा विद्यालय शिक्षा क्षेत्र योजना सङ्घीय संरचनाको धरातलीय यथार्थसँग तादात्म्य होस् भन्ने सुनिश्चितता गर्न

मुद्दा तथा प्राथमिकतामाथि निरन्तर अन्तरक्रिया गर्ने मञ्च प्रदान गर्दै विद्यालय शिक्षा क्षेत्र योजना निर्माणका साथै सातओटै प्रदेश र छनोट गरिएका २१ स्थानीय तहलाई १० वर्षे शिक्षा योजना निर्माण कार्यमा सहयोग गरिएको थियो। स्थानीय शिक्षा योजना निर्माणका विभिन्न चरणमा सम्बन्धित कर्मचारी तथा सरोकारवालाहरूको सहभागिता थियो भने त्यसबाट प्राप्त सिकाइलाई यो योजना विकासका प्रक्रियामा समावेश गरिएको थियो।

योजना निर्माणका विभिन्न चरणमा शिक्षाविद्, योजनाविद्, शिक्षा योजना निर्माणमा अनुभव भएका व्यक्ति तथा अभ्यासकर्ताहरू, विभिन्न कार्यटोली तथा समूहका साथै सन् २०२० को शिक्षा क्षेत्रको समष्टीगत विश्लेषणका विषयगत क्षेत्रको अध्ययनले पनि सूचना प्रदान गरेको थियो। योजना निर्माणका लागि गठन गरिएका विभिन्न समितिले पनि यस कार्यमा सहयोग पुर्याएका थिए।

योजना निर्माणका क्रममा नागरिक समाज, शिक्षक तथा अभिभावक प्रतिनिधिहरू, विकास साझेदारलगायत अन्य सरोकारवालाहरूसँग अन्तरक्रिया गरी राय सुझाव लिइएको थियो। यस क्रममा नेपाल नगरपालिका सङ्घ, गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल, नेपाल शिक्षक महासङ्घ, नेपाल अभिभावक महासङ्घलगायतका प्रतिनिधिहरूसँग छलफल तथा अन्तरक्रिया गरी योजनाका विविध पक्षमा पृष्ठपोषण प्राप्त गरिएको थियो। अन्त्यमा, विद्यालय शिक्षा क्षेत्र योजना निर्माणका समग्र प्रक्रिया तथा विभिन्न चरणमा स्थानीय शिक्षा विकास साझेदार समूहको सक्रिय सहभागिता रहेको थियो।

### १.२.३ योजना विकासका लागि संरचनात्मक व्यवस्था तथा कार्यक्षेत्र

योजना विकासका लागि निर्देशक समिति, प्राविधिक सल्लाहकार समूह, प्राविधिक समिति, परामर्शदाता समूह तथा विषयगत अध्ययन समूह गठन गरी कार्यक्षेत्र निर्धारण गरिएको थियो।

**शिक्षा क्षेत्र योजना निर्देशक समिति** : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवको अध्यक्षतामा रहेको योजना निर्देशक समितिमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, महालेखा परीक्षकको कार्यालय, प्रदेश सरकार तथा स्थानीय तहलगायतको प्रतिनिधित्व रहेको थियो। योजना निर्माणका समग्र प्रक्रियालाई मार्गदर्शन तथा समन्वय गर्ने र योजना निर्माणका सन्दर्भमा राष्ट्रिय योजना आयोग, विभिन्न मन्त्रालय तथा निकायहरू, प्रदेश सरकार तथा स्थानीय तहहरूसँगको समन्वयका लागि सहजीकरण गर्नु यस समितिको जिम्मेवारी थियो।

**शिक्षा क्षेत्र योजना प्राविधिक सल्लाहकार समूह** : शिक्षा क्षेत्र योजना प्राविधिक सल्लाहकार समूहमा वरिष्ठ शिक्षा नीति तथा योजनाविद्को संयोजकत्वमा विभिन्न विज्ञ तथा शिक्षाविद्हरूको सहभागिता रहेको थियो। यसले विद्यालय शिक्षा क्षेत्र योजना निर्माणका विभिन्न चरणमा विषय क्षेत्रगत कार्यपत्रमाथि आवश्यक प्राविधिक सरसल्लाह र सुझाव प्रदान गरेको थियो।

**शिक्षा क्षेत्र योजना प्राविधिक समिति** : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको योजना तथा अनुगमन महाशाखाका प्रमुखको अध्यक्षतामा रहेको यस समितिमा मन्त्रालयका सहसचिव तथा विभिन्न विभागीय निकायहरू र मन्त्रालयअन्तर्गका विभिन्न शाखाका प्रमुखहरू रहेका थिए। यस समितिले योजना निर्माणको प्राविधिक तथा व्यवस्थापकीय पक्षको संयोजन तथा समन्वय र अन्तरनिकाय सहकार्यलाई सहजीकरण गरेको थियो।

**परामर्शदाता समूहहरू :** योजना निर्माणको क्रममा आवश्यकतानुसार विभिन्न विषयमा प्राविधिक सहयोगका लागि विज्ञ तथा परामर्शदाताका समूहका टोलीहरू बनाइएको थियो।

**विषय क्षेत्रगत अध्ययन समूहहरू :** मन्त्रालयले सम्बन्धित विषय क्षेत्रका विज्ञको संयोजकत्वमा सम्बन्धित विषयका विज्ञ, योजना निर्माणमा अनुभव भएका व्यक्तिहरू, मन्त्रालय तथा विभागीय निकायका सम्बन्धित क्षेत्रको अनुभव भएका विज्ञहरू, सम्बन्धित क्षेत्रमा अनुभव भएका विकास साझेदार संस्थामा कार्यरत विज्ञहरू तथा स्थानीय तहको शिक्षा योजना तथा कार्यान्वयनमा अनुभव प्राप्त व्यक्तिहरू संलग्न भएका १२ ओटा विषयगत अध्ययन समूहहरू गठन गरिएको थियो। समूहहरूले विद्यालय शिक्षा क्षेत्र योजनाको लागि अनुसन्धान र अध्ययनको विश्लेषण तथा समीक्षा गरी प्राथमिकता निर्धारण गरेका थिए।

### १.२.४ अध्ययन तथा समीक्षा

विद्यालय शिक्षा क्षेत्र योजनाको तयारीमा पर्याप्त सूचना प्रदान गर्न शिक्षा क्षेत्रको बृहत् विश्लेषण गरिनुका साथै आवश्यकता, चुनौती, अवसर तथा विगतमा अनुभूत गरिएका नतिजाको सुनिश्चिततालाई पनि ध्यान दिइएको थियो।

#### १.२.४.१ शिक्षा क्षेत्रको विश्लेषण

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वय तथा स्थानीय शिक्षा समूहको सहकार्यमा विज्ञहरूको संलग्नतामा शिक्षा क्षेत्रको विश्लेषण सन् २०२० तयार गरिएको थियो। यसले शिक्षा क्षेत्र योजनाको निर्माणका लागि एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा काम गरेको छ। यसमा नेपालको समग्र सामाजिक तथा सांस्कृतिक परिवेश, बृहत् आर्थिक अवस्था र समग्र शैक्षिक अवस्थाको समीक्षाका साथै विभिन्न सात विषयक्षेत्रमा केन्द्रीत भएर विश्लेषण गरिएको छ। विश्लेषण गरिएका विषय क्षेत्रहरू निम्नानुसार थिए ।

क. समता र समावेशिता

ख. गुणस्तर, सान्दर्भिकता र सिकाइ उपलब्धि

ग. सक्षमता तथा संस्थागत क्षमता

घ. शिक्षाको आर्थिक तथा सामाजिक प्रभाव

ङ. सुशासन र व्यवस्थापन

च. शिक्षामा वित्तीय प्रबन्ध तथा खर्च

छ. सङ्कटासन्नता तथा जोखिम

शिक्षा क्षेत्रको विश्लेषणमा सूचना प्रदान गर्नका लागि सन् २०२० मा उपलब्ध प्रतिवेदन तथा अध्ययनका अतिरिक्त विभिन्न नौ विषय क्षेत्रमा आधारित विश्लेषण गरिएको थियो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा विभिन्न विकास साझेदारहरूको सहयोगमा देहायअनुसारका वियगत क्षेत्रको विश्लेषण गरिएको थियो।

क. संस्थागत विश्लेषण

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशिता विश्लेषण

ग. बाह्य सक्षमता विश्लेषण

घ. सामाजिक प्रभाव विश्लेषण

ङ. सकारात्मक विभेदको विश्लेषण

च. समावेशिता शिक्षा विश्लेषण

छ. जोखिम पक्षको विश्लेषण

ज. आर्थिक तथा सार्वजनिक वित्त विश्लेषण

झ. शिक्षाको राम्रो नतिजाका लागि प्रणालीगत पद्धति विश्लेषण

### १.२.४.२ विषयक्षेत्रगत अध्ययन प्रतिवेदन

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०७७ भदौ महिनामा प्रत्येक विषयगत समूहमा ७ देखि १० जनासम्म सदस्य रहेको बाह्र ओटा विषयगत समूह गठन गरेको थियो। प्रत्येक समूहले तोकिएका विषयमा अलग अलग प्रतिवेदन तयार गरेका थिए। विषयगत समूहहरूले विषयगत प्रतिवेदनका मस्यौदाहरू तयार गर्दा शिक्षा क्षेत्रको विश्लेषणको मस्यौदा, योजना, नीतिगत दस्तावेज, अध्ययन प्रतिवेदनहरू, शैक्षिक सूचनाको अध्ययन विश्लेषण गरेका थिए । यस क्रममा विषयगत समूहहरूले सम्बन्धित विषय क्षेत्रका विज्ञहरू, नीति निर्माता तथा अभ्यासकर्ताहरूसँग छलफल तथा अन्तरक्रिया समेत गरेका थिए ।

बाह्रओटा विषयगत क्षेत्रहरू देहायअनुसार थिए :

क. बालविकास र शिक्षा

ख. आधारभूत शिक्षा

ग. माध्यमिक शिक्षा

घ. पाठ्यक्रम तथा मूल्याङ्कन

ङ. शिक्षक व्यवस्थापन तथा विकास

च. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ

छ. समानता र समावेशिता

ज. विद्यालयमा आधारित स्वास्थ्य, पोषण, छात्रवृत्तिलगायतका सहायता प्रणाली

झ. आपत्कालीन तथा सङ्कटासन्न अवस्थामा दिइने शिक्षा

ञ. शिक्षामा सूचना र प्रविधि

ट. सुशासन तथा व्यवस्थापन

ठ. शिक्षामा वित्तीय व्यवस्थापन

### १.२.४.३ योजनाको मस्यौदा तयारी र परिमार्जन

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका विज्ञ टोलीले योजनाका विभिन्न क्षेत्रमा प्रारम्भिक रूपरेखा तयार गरी पहिलो मस्यौदा तयार पारेका थिए। यस क्रममा टोलीले शिक्षा क्षेत्रको विश्लेषण प्रतिवेदन, विषयगत अध्ययन प्रतिवेदनहरू, सम्बन्धित अध्ययन तथा अनुसन्धानहरू, योजना तथा नीतिगत दस्ताबेजहरू, शैक्षिक सूचनालगायतलाई सन्दर्भका रूपमा प्रयोग गरेको थियो। त्यसै गरी सम्बन्धित विषय क्षेत्रका विज्ञहरू, नीति निर्माता तथा अभ्यासकर्ताहरूसँग समेत छलफल तथा अन्तरक्रिया गरी पृष्ठपोषण लिइएको थियो। योजना निर्माणका सिलसिलामा विभिन्न चरणमा भएका छलफल तथा अन्तरक्रियाका अभिलेखहरूको अध्ययन र प्रदेश तथा स्थानीय तहबाट भएका शिक्षा योजना विकासका अभ्यासहरूबाट प्राप्त सुझाव तथा अनुभवहरूको अध्ययन गरी तिनलाई पनि आवश्यक सन्दर्भका रूपमा प्रयोग गरिएको थियो। विषय क्षेत्रसँग सम्बन्धित विभिन्न निकायसँग पनि आवश्यकताअनुसार निरन्तर छलफल गरिएको थियो। यस क्रममा निर्देशक समिति, प्राविधिक सल्लाहकार समूह तथा प्राविधिक समितिबाट आवश्यक पृष्ठपोषण प्राप्त भएको थियो। योजनाको मस्यौदा संस्करण नेपाली भाषामा तयार गरियो र प्रणालीको स्वामित्व सुनिश्चित गर्न र छलफललाई सहजीकरण गर्न मद्दत होस् भनी यसलाई अङ्ग्रेजी भाषामा पनि अनुवाद गरियो।

पहिलो मस्यौदामा सम्बन्धित सरोकारवालाहरूको सुझाव तथा पृष्ठपोषणका लागि मन्त्रालयको वेबसाइटमा राखिनुका साथै विज्ञ, शिक्षाविद, मन्त्रालयअन्तर्गतका विभिन्न निकायहरू, स्थानीय तहहरू, विकास साझेदारहरूलाई पृष्ठपोषणका लागि अनुरोध गरिएको थियो।उक्त पृष्ठपोषणका आधारमा यस योजनाको मस्यौदालाई परिमार्जन गरिएको थियो।

परिमार्जित मस्यौदालाई अन्तर्राष्ट्रिय मापदण्ड तथा स्तरको भए नभएको समीक्षा गर्न तथा यसका प्रक्रिया र सरोकारवालाहरूको संलग्नता प्रतिविम्बित भए नभएको हेर्न यस योजनाको स्वतन्त्र मूल्याङ्कन गरिएको थियो । उक्त मूल्याङ्कन प्रतिवेदनका सम्बन्धमा विकास साझेदारहरूसँग छलफल गरिएको थियो। यसका आधारमा योजनाका क्रियाकलापका क्षेत्रलाई थप अद्यावधिक समेत गरिएको थियो। अद्यावधिक गरिएका विषयवस्तुको औचित्यतता र सिफारिसहरूसँगको तादात्यता निश्चित गर्न मस्यौदामा स्वतन्त्र रूपबाट दोस्रो पटक पनि समीक्षा गरियो।

योजना निर्माणका क्रममा कोभिड-१९ का कारण भौतिक उपस्थितिमा सामूहिक छलफल तथा अन्तरक्रियाबाट योजना निर्माणमा हुने सहजतालाई भने यसले सीमित गरेको थियो। यद्यपि चरणवद्ध रुपमा भएका बन्दाबन्दीको बिचमा पनि ससाना समूहमा केही छलफल तथा अन्तरक्रिया भौतिक उपस्थतिमै भएका थिए। पहिलो मस्यौदामा योजनाअनुरूप प्रदेशस्तरमा कार्यशाला आयोजना गरी सुझाव लिने र पृष्ठपोषण प्राप्त गर्ने कार्य भौतिक रूपबाट हुन सकेन। तर सरोकारवालाहरूको सुझावहरूलाई भर्चुअल माध्यमबाट ग्रहण गरी समावेश गरिएको थियो।

### १.२.४.४ योजनाको दस्तावेजको स्वरूप

नेपालको विद्यालय शिक्षा क्षेत्रको लागि विकास गरिएको यस दश वर्षे योजनालाई विभिन्न आठ परिच्छेदमा सङ्गठित गरिएको छ ।

- पहिलो परिच्छेदमा योजना निर्माणको पृष्ठभूमि तथा योजना निर्माण प्रक्रिया उल्लेख गरिएको छ।
- दोस्रो परिच्छेदमा नेपालको भौगोलिक तथा जनसाङ्ख्यिक स्वरूप, सामाजिक तथा सांस्कृतिक सन्दर्भ, समग्र शैक्षिक सन्दर्भलगायत शिक्षा योजनाको तर्जुमाको समग्र सन्दर्भको सङ्क्षिप्त समीक्षा प्रस्तुत गरिएको छ। यसमा विद्यालय शिक्षा क्षेत्रका प्रमुख चुनौतीसमेत पहिचान गरिएको छ।
- तेस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा योजनाले अपेक्षा गरेका उपलब्धिहरू प्रस्तुत गरिएको छ ।
- चौथो परिच्छेदमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाको खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बाल शिक्षा तथा विकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ रहेका छन् ।
- पाँचौं परिच्छेदमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङ्कन; शिक्षक विकास तथा व्यवस्थापन; समानता तथा समावेशिता; स्वास्थ्य, सरसफाइ तथा पोषण; आपत्कालीन अवस्थामा दिइने शिक्षा; शिक्षामा सूचना तथा सञ्चार प्रविधि र विद्यालय भौतिक पूर्वाधार विकास रहेका छन् ।
- छैठौं परिच्छेदमा सुशासन तथा व्यवस्थापनअन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली समावेश गरिएको छ ।
- सातौं परिच्छेदमा योजनाका लागि लगानीको प्रक्षेपण र आवश्यक स्रोत व्यवस्थापनको सिंहावलोकन प्रस्तुत गरिएको छ ।
- आठौं परिच्छेदमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू उल्लेख गरिएको छ ।

# २. शिक्षा क्षेत्र योजना निर्माणको परिवेश

कुनै पनि देशको शिक्षा क्षेत्रको विकासमा देशको भौगोलिक तथा जनसाङ्ख्यिक स्वरूप, सामाजिक तथा सांस्कृतिक पक्ष तथा आर्थिक र राजनीतिक पक्ष समेतको प्रभाव रहन्छ । यस परिच्छेदमा नेपालमा शिक्षा क्षेत्रको योजना तर्जुमा गर्दा नेपालको समग्र परिवेशको बोध गर्नका लागि यी परिवेशगत पक्षहरूको विश्लेषण प्रस्तुत गरिएको छ । यसले विद्यालय शिक्षा क्षेत्र योजनामा यी पक्षको प्रभाव के कति पर्छ भन्ने बारे पनि परीक्षण गर्ने छ । विद्यालय शिक्षा क्षेत्र योजना निर्माण प्रक्रियामा नेपालको विकासको दीर्घकालीन सोचलाई मार्गदर्शनका रूपमा लिइनु यसको मुख्य आधार हो । साथै यस परिच्छेदमा नेपालमा विद्यालय शिक्षा क्षेत्रका प्रमुख चुनौती तथा अवसरहरू पहिचान गर्दै शिक्षा विकासको समग्र अवस्थाको समीक्षा पनि प्रस्तुत गरिएको छ ।

## २.१ नेपालको समग्र विकासको परिवेश

आगामी परिच्छेदहरूमा विस्तार गरिएअनुसार नेपालको भौगोलिक, जनसाङ्ख्यिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक परिवेशमा उच्च विविधता तथा जटिलता छ । यी जटिलताका प्रभावलाई शिक्षा क्षेत्रको योजना तर्जुमाका क्रममा पहिचान गरिएको छ ।

### क. भौगोलिक तथा जनसाङ्ख्यिक स्वरूप

२ करोड ९० लाखभन्दा बढी जनसङ्ख्या (केतवि, २०७८), जसमा महिला/पुरूषको अनुपात ५१.२/४८.१ प्रतिशत भएको तथा कुल क्षेत्रफल १,४७,५१६ वर्ग किलोमिटर रहेको नेपाल एक भूपरिवेष्ठित देश हो । नेपालको भूगोल र हावापानीमा विविधता छ । पूर्व-पश्चिम ८८५ कि.मि. तथा उत्तर-दक्षिण १४५-२५१ कि.मि.मा फैलिएको नेपालमा तीन भौगोलिक क्षेत्र हिमाल, पहाड र तराई रहेका छन् । यी तीन भौगोलिक क्षेत्रमध्ये हिमाल, पहाड र तराईमा क्रमशः १५, ६८ र १७ प्रतिशत जति भूभाग रहेको छ भने जनसङ्ख्या क्रमशः ६.७३, ४३ र ५०.२७ प्रतिशत रहेको छ । भौगोलिक स्वरूप र हावापानीमा भिन्न रहेका यी तीन क्षेत्रमध्ये हिमाली क्षेत्रमा ज्यादै चिसो हुनाका साथै हिमपातसमेत हुन्छ । तराईको समथर भूभागमा भने गर्मी समयमा ४४° सेल्सियससम्म तापक्रम पुगी अत्याधिक गर्मी हुन्छ ।

नेपालमा सात प्रदेश छन् ।


- कोसी प्रदेश - तराई, पहाड, हिमाल - कुल जनसङ्ख्याको १७.० प्रतिशत
- मधेस प्रदेश - तराई - कुल जनसङ्ख्याको २१.० प्रतिशत
- बाग्मती प्रदेश - तराई, पहाड, हिमाल - कुल जनसङ्ख्याको २०.८ प्रतिशत
- गण्डकी प्रदेश - तराई, पहाड, हिमाल - कुल जनसङ्ख्याको ८.५ प्रतिशत
- लुम्बिनी प्रदेश - तराई, पहाड - कुल जनसङ्ख्याको १७.६ प्रतिशत

- कर्णाली प्रदेश - पहाड, हिमाल - कुल जनसङ्ख्याको ५.८ प्रतिशत
- सुदूरपश्चिम प्रदेश - तराई, पहाड, हिमाल - कुल जनसङ्ख्याको ९.३ प्रतिशत

*(केतवि, २०२१, प्रारम्भिक)*

यस्ता भौगोलिक तथा हावापानीले गर्दा विद्यालयको भौतिक पूर्वाधार, शिक्षण सिकाइ प्रक्रिया, शिक्षकको आपूर्ति र टिकाउ दर तथा विद्यालयको सिकाइ प्रबन्ध र शैक्षिक कार्य तालिकामा प्रत्यक्ष प्रभाव परेको छ । त्यसकारण शैक्षिक रणनीतिहरूलाई यस्ता भौगोलिक तथा जनसाङ्ख्यिक बनोटअनुसार सबै प्रदेशमा सान्दर्भिक बनाइनुपर्छ । बसाइँसराइको प्रवृत्तिमा हालका दशकमा वृद्धि भएको छ । जनसाङ्ख्यिक प्रवृत्तिले हिमाली र ग्रामीण पहाडी क्षेत्रमा जनसङ्ख्या घट्दो क्रममा छ भने तराई तथा सहरी क्षेत्रमा जनघनत्व बढेको देखाएको छ । परिवर्तित जनसाङ्ख्यिक प्रवृत्तिलाई सम्बोधन गर्न विद्यालय तथा अन्य शैक्षिक सेवाहरूमाथि पुनर्विचार, पुनर्वितरण, सुदृढीकरण तथा समायोजनको आवश्यकता भएको छ ।

चित्र २.१ः नेपालको प्रशासनिक तथा राजनीतिक नक्सा




*स्रोतः www.dos.gov.np*

वि. सं. २०६८ को जनगणनाको आँकडाअनुसार ४ देखि १६ वर्षको विद्यालय उमेर समूहको जनसङ्ख्या ३२.५ प्रतिशत रहेको छ भने ४ वर्षमुनिको उमेर समूहको जनसङ्ख्या ७.५ प्रतिशत र ६५ वर्षभन्दा बढी उमेर समूहको

जनसङ्ख्या ४.३ प्रतिशत छ । बाँकी करिब ५५.७ प्रतिशत जनसङ्ख्या रोजगारयोग्य हुन सक्ने १७ देखि ६० वर्षको उमेर समूहमा रहेको छ । यसले नेपाल जनसाङ्ख्यिक लाभको अवसर लिने अवस्थामा पुगेको मान्न सकिन्छ ।

नेपालको जनसाङ्ख्यिक स्वरूप परिवर्तनको क्रममा छ । जन्म दर क्रमशः कम हुँदै गएको छ, काम गर्ने उमेर समूहको जनसङ्ख्या केही वर्षसम्म कायम रहने छ भने आश्रित समूहका जनसङ्ख्या बढ्ने स्थिति देखिन्छ । जनसाङ्ख्यिक स्वरूपमा परिवर्तन भएका कारणले आर्थिक वृद्धि हुने सम्भावना रहन्छ, जसलाई जनसाङ्ख्यिक लाभ भनिन्छ । जनसाङ्ख्यिक लाभबाट अधिकतम फाइदा लिनका लागि समावेशी गुणस्तरीय शिक्षा र सिप विकासमा जोड दिने गरी शैक्षिक कार्यक्रम र लगानीलाई व्यवस्थित गरिनु आवश्यक देखिन्छ ।

## ख. सामाजिक तथा सांस्कृतिक परिवेश

नेपाल भौगोलिक, सामाजिक, सांस्कृतिक तथा भाषिक दृष्टिकोणले विविधतायुक्त देश हो । यहाँ विभिन्न जातजाति, भाषा, धर्म, सांस्कृतिक समुदायका फरक फरक परम्परा, रीतिरिवाज तथा मूल्यमान्यताहरू रहेका छन् । नेपालमा १२३ भाषा/भाषिका पहिचान गरिएको छ (केतवि, २०६८) । मुलुकमा विद्यमान सामाजिक, सांस्कृतिक तथा भाषिक विविधताले नेपालको पहिचान स्थापित गर्नुको साथै प्रत्येक समुदायले आआफ्नो संस्कृति तथा भाषाप्रति र समग्रतामा यस्तो विविधताप्रति गौरव गर्छन् । भाषागत, जातजातिगत तथा क्षेत्रगत आधारमा परम्परादेखि सिर्जित विविधताले विभेद तथा वञ्चितीकरणको अवस्था सिर्जना भई विकासका अवसरबाट सुविधाविहीन हुन पुगेका समुदाय पनि रहेका छन् ।

जातजातीय, भाषिक तथा लैङ्गिक आधारमा हुने भिन्नता तथा वञ्चितीकरणलाई न्यूनीकरण गर्न विभिन्न प्रयासहरू भई गरिबी निवारण र सङ्कटासन्न अवस्थामा रहेका बालबालिकाको शिक्षाको पहुँचलगायत अन्य केही सकारात्मक उपलब्धिहरू पनि प्राप्त भएका छन् । यसका साथै विभेदहरू हटाउन विभिन्न कानुन बनाइनुका साथै केही लक्षित विकास कार्यक्रमहरू पनि सञ्चालन गरिएका छन् । त्यस्तै राजनीतिक तथा प्रशासनिक क्षेत्रलगायत सार्वजनिक क्षेत्रका रोजगारीमा आरक्षण तथा विशेष प्रबन्ध पनि गरिएको छ । यसो हुँदाहुँदै पनि कतिपय सामाजिक व्यवहार परिवर्तन हुन नसक्दा केही स्थान तथा समुदायमा यस्ता विभेद पूर्ण रूपमा हट्न सकेका छैनन् (शिविप्रम, २०७८) ।

यस्तो अवस्थामा विविधतालाई सम्मान गर्ने दृष्टिकोणसहित शैक्षिक नीति तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्नु आवश्यक हुन्छ । सबैलाई समावेश गर्ने, समता अभिवृद्धि गर्ने, विभेदरहित वातावरण सिर्जना गर्ने र आवश्यकताअनुसार थप तथा विशेष प्रबन्ध गरी समता र समावेशिता अभिवृद्धि गर्नुपर्ने हुन्छ । त्यसै गरी नीति तथा रणनीतिहरूमा सीमान्तकृत तथा सङ्कटासन्न अवस्थाका व्यक्तिहरूसँगको अर्थपूर्ण सरसल्लाह तथा संलग्नता पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । समता र समावेशिताको प्रवर्धनका अतिरिक्त सामाजिक सहिष्णुता, धैर्यता, सहयोग तथा सहकार्य महत्त्वपूर्ण कुरा हो । यसै सन्दर्भमा सामाजिक तथा सांस्कृतिक परम्परा तथा रीतिरिवाजका नाममा हुने विभिन्न विभेद, अन्याय, वञ्चितीकरण र अन्धविश्वास तथा हानिकारक अभ्यासप्रतिको सचेतनाका लागि पनि शिक्षाको भूमिका पहिचान गर्नु आवश्यक देखिन्छ ।

### ग. बृहत् आर्थिक सन्दर्भ

नेपालको सन् २०१९/२० को प्रतिव्यक्ति कुल राष्ट्रिय आय १,०८० अमेरिकी डलरका आधारमा विश्व बैङ्कको वर्गीकरणअनुसार नेपालले न्यून आय भएको मुलुकबाट न्यून-मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने आधार पूरा गरेको छ । नेपालको सन् २०२१/२२ मा कुल गार्हस्थ उत्पादन करिब ३२.५ विलियन अमेरिकी डलर (ने. रु. ४,१०५ अरब) थियो । यो २००९/१० मा भन्दा तीन गुणाले बढी हो । नेपालको सन् २०२१/२२ को प्रतिव्यक्ति कुल राष्ट्रिय आय १,३८१ अमेरिकी डलर (नेरु १,६४,८००) छ (अर्थ मन्त्रालय, २०२२) । सन् २०२० मा मानव विकास सूचकाङ्क ०.६०२ रही कुल १८९ राष्ट्रमध्ये नेपाल १४२ औं स्थानमा रही न्यूनबाट मध्यम सूचकाङ्क भएको मुलुकमा प्रवेश गरेको छ । निरपेक्ष गरिबीमा रहेको जनसङ्ख्याको प्रतिशत क्रमशः कम हुँदै गई सन् २०२० मा १८.७ प्रतिशत रहेको छ (रायोमा, २०२०) तापनि ३१.२ प्रतिशत जनसङ्ख्या गरिबीको रेखाको नजिक (प्रतिदिन १.९० र ३.२० अमेरिकी डलर बिचमा आम्दानी) रहेको छ (विश्वबैङ्क, २०२०)) ।

नेपालको विगत १० वर्षको कुल गार्हस्थ उत्पादनको वृद्धिका आधारमा २०१०-२०२० को अवधिमा औसत आर्थिक वृद्धिदर ४.६ प्रतिशत रहेको छ । सन् २०१५ को भूकम्पपछिको वर्ष २०१५/१६ मा वृद्धिदर ०.८ प्रतिशत मात्र थियो भने २०१७/१८ र २०१८/१९ मा वृद्धिदर ७ प्रतिशतको हाराहारीमा थियो । यस्तै २०२१/२२ मा ५.८ रहेको थियो । कोभिड-१९ का कारणले सन् २०१९/२० को कुल गार्हस्थ उत्पादन वृद्धिदर न्यून (-२.१ प्रतिशत) रहन जाँदा औसत वृद्धिदरमा सङ्कुचन भएको छ । विगत १० वर्षको औसत मुद्रास्फिति ६ प्रतिशतको हाराहारीमा रहेको छ । नेपालको आर्थिक वर्ष २०६६/६७ (सन् २००९/२०१०) देखि २०७६/७७ (सन् २०१९/२०) सम्मका प्रमुख बृहत् आर्थिक सूचकहरू तालिका २.१ मा प्रस्तुत गरिएको छ ।

तालिका २.१: बृहत् आर्थिक सूचकहरू

| | २०६६/६७ | २०६७/६८ | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २००९/१० | २०१०/११ | २०११/१२ | २०१२/१३ | २०१३/१४ | २०१४/१५ | २०१५/१६ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० |
| कुल गार्हस्थ उत्पादन (वर्तमान मूल्य रु.अरबमा) | १,१९३ | १,३६७ | १,५२७ | १,६९५ | १,९६४ | २,१३० | २,२५३ | २,६७४ | ३,०४५ | ३,४५९ | ३,४५४ |
| अर्थिक वृद्धि (%) | | ३.४ | ४.८ | ४.१ | ६.० | ३.३ | ०.६ | ८.२ | ६.७ | ७.० | -२.१ |
| वार्षिक मूल्य वृद्धि (%) | | १०.८ | ६.६ | ६.६ | ९.४ | ४.९ | ५.२ | ९,७ | ६.७ | ६.२ | ६.५ |
| कुल गार्हस्थ उत्पादनको बनोट | | | | | | | | | | | |
| प्राथमिक क्षेत्र (%) | ३५.९ | ३७.६ | ३५.८ | ३४.४ | ३३.२ | ३२.३ | ३२.२ | ३०.२ | २९.२ | २८.१ | २६.८ |
| द्वितीय क्षेत्र (%) | १४.६ | १४.४ | १४.४ | १४.६ | १४.३ | १४.२ | १३.६ | १३.९ | १४.३ | १४.५ | १२.८ |
| सेवा क्षेत्र (%) | ४९.५ | ४८.० | ४९.८ | ५१.० | ५२.५ | ५३.४ | ५४.२ | ५५.९ | ५६.६ | ५७.४ | ६०.४ |
| व्यापार घाटा (कुल गार्हस्थ उत्पादनको %) | (२६.८) | -२४.० | -२३.५ | -२६.८ | -२९.२ | -२९.९ | -२९.८ | -३३.४ | -३७.३ | -३७.६ | -३२.० |
| विप्रेषण (कुल गार्हस्थ उत्पादनको % ) | ०.० | १८.५ | २३.५ | २५.६ | २७.७ | २९.० | २९.५ | २६.० | २४.८ | २५.४ | १९.० |
| प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (रु.) | ४५,४०० | ५१,६०० | ५६,९०० | ६२,३०० | ७१,२०० | ७६,२०० | ७९,५०० | ९३,१०० | १०४,६०० | ११७,३०० | १२५,००० |
| प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन वृद्धि (%) | | २.५ | ३.४ | २.७ | ४.६ | १.९ | -०.८ | ६.८ | ५.३ | ५.६ | ०.१ |

*स्रोत : केतवि, २०७८*

राष्ट्रिय योजना आयोगले तयार गरेको मध्यमकालीन खर्च संरचनामा प्रक्षेपण गरिएअनुसार आगामी तीन वर्ष (२०२०/२१ देखि २०२२/२३ को वृद्धिदर तथा कुल गार्हस्थ उत्पादनको प्रक्षेपण निम्नअनुसार रहेको छः

तालिका २.२: मध्यमकालीन खर्च संरचना प्रक्षेपण (सन् २०२०-२०२३)

| | २०१५/१६ | २०१६/१७ | २०१७/१८ | २०१८/१९ | २०१९/२० | २०२०/२१ | २०२१/२२ | २०२२/२३ |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ उत्पादन ( हालको मूल्य रु. अरबमा) | २,२५३.२ | २,६७४.५ | ३,०४४.९ | ३,३४२+५ | ३,४२८.५ | ३,६६२.५ | ४,१०५.५ | ५,८३७.०* |
| आर्थिक वृद्धि (%) | ०.६ | ८.२ | ६.७ | ६.६६ | -२.३७ | ४.२५ | ५.८४ | ९.६* |
| मुद्रास्फिति (%) | ५.२ | ९.७ | ४.१ | ४.६ | ६.१ | ३.६ | ५.८ | ६.०* |
| प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (रु.) | ७९,५०० | ९३,१०० | १०४,६०० | १३४,७६६ | १३४,५०१ | १४६,५२१ | १६४,५९८ | १८७,६००* |
| प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादनमा वृद्धि (%) (स्थिर मूल्यमा) | -०.८ | ६.८ | ५.३ | ५.६ | -३.३ | ३.२ | ४.८ | ८.३* |

*स्रोतः रायोआ २०७८ (क) तथा आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, २०७८/७९, रायोआ-मध्यमकालीन खर्च संरचना (२०७९/८२)*

सरकारको आम्दानी र खर्चको अन्तर आर्थिक वर्ष २०२०/२०२१ मा १७.२ प्रतिशत छ भने आगामी दुई वर्षका लागि १२ देखि १३ प्रतिशतको अन्तर प्रक्षेपण गरिएको छ । आर्थिक वर्ष २०२०/२०२१ मा कर तथा गैरकर राजस्व कुल गार्हस्थ उत्पादनको २६.६ प्रतिशत रहेकामा २०२१/२०२२ र २०२२/२०२३ का लागि क्रमशः २६.७ र २४.० प्रतिशत प्रक्षेपण गरिएको छ । त्यसै गरी २०२०/२०२१ मा कुल खर्च कुल गार्हस्थ उत्पादनको २९.४ प्रतिशत छ भने २०२१/२०२२ र २०२२/२०२३ का लागि क्रमशः ३१.० र २६.८ प्रतिशत आकलन गरिएको छ । (केतवि, २०२२) ।

उल्लिखित समग्र आर्थिक सूचकहरूको अवस्थाका साथसाथै तिनको वितरण हेर्ने हो भने विभिन्न असमानता पाइन्छ । यसमा प्रदेशगत असमानता उल्लेख्य रहेको छ । तालिका २.३ ले जनसङ्ख्या र कुल गार्हस्थ उत्पादन प्रतिशतका आधारमा प्रदेशगत असमानता देखाउँछ ।

तालिका २.३ः प्रदेशगत जनसङ्ख्या र कुल गार्हस्थ उत्पादन प्रतिशत

| प्रदेश | कुल गार्हस्थ उत्पादन प्रतिशत (२०७६/७७) | जनसङ्ख्या प्रतिशत (२०६८) |
|---|---|---|
| कोसी प्रदेश | १५.८ | १७.० |
| मधेस प्रदेश | १३.८ | २१.० |
| बाग्मती प्रदेश | ३५.८ | २०.८ |
| गण्डकी प्रदेश | ८.९ | ८.५ |
| लुम्बिनी प्रदेश | १४.२ | १७.६ |
| कर्णाली प्रदेश | ४.३ | ५.८ |
| सुदूरपश्चिम प्रदेश | ७.२ | ९.३ |
| जम्मा | १००.० | १००.० |

*स्रोतः शिविप्रमं, (२०२१) शिक्षा क्षेत्र विश्लेषणबाट समायोजन*

उदाहरणका लागि २०.८ प्रतिशत जनसङ्ख्या रहेको बाग्मती प्रदेशमा कुल गार्हस्थ उत्पादनको ३५.८ प्रतिशत हिस्सा छ भने मधेस प्रदेशमा कुल गार्हस्थ उत्पादन १३.८ प्रतिशत छ जबकि यो प्रदेशमा जनसङ्ख्या २१ प्रतिशत रहेको छ । बाग्मती र गण्डकीबाहेक अरू प्रदेशहरूमा जनसङ्ख्याको अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत कम छ । त्यसमा पनि कोसी प्रदेशमा अझ कम रहेको छ ।

## २.२ दीर्घकालीन विकासको सन्दर्भ

नेपालले वि. सं. २१०० सम्ममा **समृद्ध नेपाल-सुखी नेपाली** बनाउने विकासको दीर्घकालीन सोच तय गरेको छ । यसका लागि नेपालले २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने लक्ष्य राखेको छ । वि. सं. २०८३ सम्ममा मुलुकलाई अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गरिने लक्ष्य छ । सामाजिक न्याय, समावेशिता तथा मानव अधिकारमा आधारित समतामूलक समाज निर्माण गर्नेतर्फ दीर्घकालीन सोच लक्षित रहेको छ

(रायोआ, २०७७) । उच्च गुणस्तरीय शिक्षा तथा सिपयुक्त जनशक्तिको विकास गरी मुलुकले तय गरेको समृद्धि र सुखको लक्ष्य हासिल गर्न शिक्षाको भूमिका महत्त्वपूर्ण हुन्छ । परिष्कृत गुणस्तरीय तथा मर्यादित जीवनसहितको सभ्य तथा न्यायपूर्ण समाज, सुशासन, सबल लोकतन्त्र, राष्ट्रिय एकता तथा सम्मानजस्ता सुखका लक्ष्य प्राप्तिमा शिक्षाले योगदान गर्छ । शिक्षाको बहु आयामिक सामाजिक तथा आर्थिक उपलब्धिलाई मान्दै सबैका लागि उच्च गुणस्तरीय शिक्षामा पहुँचको सुनिश्चिततालाई एउटा महत्त्वपूर्ण दीर्घकालीन रणनीतिका रूपमा अङ्गीकार गरिएको छ ।

राष्ट्रिय योजना आयोगले दीर्घकालीन परिमाणात्मक लक्ष्यका रूपमा १५ वर्षमाथिको साक्षरता ९९ प्रतिशत र माध्यमिक शिक्षामा खुद भर्नादर ९५ प्रतिशत पुर्याउने लक्ष्य निर्धारण गरेको छ । त्यसै गरी मानव विकास सूचकाङ्क ०.७६० पुर्याउने लक्ष्य निर्धारण गरिएकाले यसमा शिक्षा क्षेत्रको विकासको योगदान आवश्यक हुन्छ । शिक्षाको माध्यमबाट व्यक्तिको सर्वाङ्गीण विकास तथा सामाजिक रूपान्तरणका लागि गुणस्तरीय शिक्षा प्रणाली विकास गर्ने सोच राखिएको छ । त्यस्तै कुनै पनि कारणले बालबालिकाले बिचैमा पढाइ छोड्नुपर्ने अवस्थाको अन्त्य गरिने, स्थानीय तहमा रहेका रैथाने ज्ञान तथा सिपको खोजी गरी आधुनिक सिपसँग एकीकृत गर्ने लगायतका रणनीति उल्लेख गरिएको छ ।

शिक्षामा रूपान्तरणकारी शक्ति हुन्छ जसले मुलुकको विकासको दीर्घकालीन सोच प्राप्तिमा सहयोग गर्न सक्छ । मुलुकको विकासको दीर्घकालीन सोचलाई विद्यालय शिक्षा क्षेत्र योजनाले एउटा महत्त्वपूर्ण आधार तथा सन्दर्भका रूपमा लिइएको छ ।

## २.३ शैक्षिक विकासको सन्दर्भ

नेपालमा विद्यालय शिक्षाअन्तर्गत पूर्व प्राथमिक शिक्षा पनि भनिने एक वर्षको प्रारम्भिक बाल शिक्षा तथा विकासमा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५-१२ वर्ष उमेर समूहका लागि कक्षा १ देखि ८ सम्मको आधारभूत शिक्षाको प्रबन्ध छ । यस्तै १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको माध्यमिक शिक्षाको प्रबन्ध छ । आधारभूत तह पूरा गरिसकेपछि १३-१६ वर्ष उमेर समूहका विद्यार्थीहरू कक्षा ९-१२ को माध्यमिक शिक्षामा प्रवेश गर्छन् । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क गरेको छ । यस खण्डमा नेपालको शिक्षा क्षेत्रको नीतिगत प्रबन्ध, विद्यालय क्षेत्र विकास योजनाका उपलब्धिहरू र अन्तर तथा चालु कार्यक्रम तथा क्रियाकलापको सार सङ्क्षेप प्रस्तुत गरिएको छ ।

### क. नीतिगत प्रबन्ध

नेपालको संविधानले अपाङ्ग भएका र आर्थिक रूपमा विपन्न बालबालिका/नागरिकलाई निःशुल्क शिक्षाको व्यवस्था गरेको छ । मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था संविधानले गरेको छ । गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त सिकाइको समान अवसरले राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने सोच पूरा गर्न योगदान पुर्याउँछ । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरी आधारभूत शिक्षा निःशुल्क र अनिवार्य हुने र माध्यमिक शिक्षा निःशुल्क हुने उल्लेख गरेको छ । नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता,

सकारात्मक चिन्तन र सदाचारजस्ता गुणसहितको प्रतिस्पर्धी, सिपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । यसै गरी नेपाल सरकारको २५ वर्षे दीर्घकालीन सोच **'समृद्ध नेपाल, सुखी नेपाली'** सहितको समुन्नत राष्ट्र निर्माणलाई आधार मानेर (२०७६/७७-२०८०/८१) पन्ध्रौं आवधिक योजनाका लक्ष्यहरू तय गरिएको छ । यी नीतिगत र कानुनी प्रबन्ध भए तापनि समग्र शिक्षा पद्धतिलाई सङ्घीय संरचनाअनुसार व्यवस्थित गर्न आवश्यक पर्ने सङ्घीय शिक्षा ऐन जारी गर्नु आवश्यक देखिएको छ ।

### ख. सिकाइ उपलब्धि

नेपालमा विगत केही दशकमा भएको शिक्षाको पहुँचको विस्तार र विकास उल्लेख्य रहेको छ । विद्यालय तथा विद्यार्थी सङ्ख्यामा भएको वृद्धि, कुल र खुद भर्नादरमा भएको वृद्धि र साक्षरता दरमा भएको उल्लेख्य सुधारले शिक्षामा भएको विस्तारलाई पुष्टि गर्छन् ।

**पहुँच र सहभागिता** - मुलुकभर ३६,४९८ प्रारम्भिक बालविकास केन्द्र छन् । यी मध्ये ३०,४५० सरकारी अनुदान प्राप्त समुदायमा आधारित वा सामुदायिक विद्यालयमा, ६,०४८ संस्थागत (निजी लगानीका) विद्यालयमा र ४२८ परम्परागत विद्यालयमा सञ्चालित छन् (शिमास्रोविके, २०२२) । चार वर्ष उमेरका बालबालिकाको कुल सङ्ख्या ६,५४,५६६ मध्ये ४,६६,१८७ प्रारम्भिक बाल शिक्षा तथा विकासमा भर्ना भई सो भर्ना दर ६८.२ प्रतिशत पुगेको छ (शिमास्रोविके, २०२२) । संस्थागत विद्यालय र केही सामुदायिक विद्यालयमा दुई वा तीन वर्षका प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम सञ्चालित छन् । प्रारम्भिक बालविकास कार्यक्रममा सहभागी भएका कुल १०,१०,१९५ बालबालिकामध्ये निजी क्षेत्रबाट सञ्चालित बालविकास केन्द्रमा ३,८३,०५३ (कुल भर्नाको ३६.५%) रहेका छन् । कोभिड-१९ महामारीका अवधिमा निजी क्षेत्रबाट सञ्चालित केन्द्रबाट समुदायद्वारा सञ्चालित केन्द्रमा बालबालिकाको उल्लेखनीय स्थानान्तरण थियो । उमेर समूह ३-४ वर्षका बालबालिकाको कुल सङ्ख्याका आधारमा प्रारम्भिक बाल शिक्षा तथा विकासको कुल भर्नादर ८९.६% हुन आउँछ भने खुद भर्नादर ६९.० हुन आउँछ । कक्षा १ मा प्रारम्भिक बाल शिक्षा तथा विकास अनुभवसहितको भर्नादर ७४.९% रहेको छ ।

विभिन्न तह र किसिमका गरी नेपालमा २०७९ मा कुल ३४,८१६ विद्यालय रहेका र सोमध्ये सामुदायिक २७,८९० र संस्थागत ६,९२६ (धार्मिक तथा परम्परागत विद्यालयहरू १,१५३ पनि) रहेका छन् । यसका साथै कुल १२१ खुला विद्यालयहरूमध्ये ८४ ओटाले माध्यमिक शिक्षाको पठनपाठन गर्दै आएका छन् भने १७३ ओटा अनौपचारिक प्रौढ विद्यालय सञ्चालनमा रहेका छन् । विभिन्न प्रकार र तहका विद्यालयहरू तलको तालिकामा दिइएको छ ।

तालिका २.४: विभिन्न प्रकार र तहका विद्यालय (२०२२)

| विद्यालय तह | जम्मा | सामुदायिक | संस्थागत | परम्परागत/ धार्मिक |
|---|---|---|---|---|
| प्रारम्भिक बाल शिक्षा तथा विकास/ पूर्व प्राथमिक शिक्षा | ३६,४९८ | ३०,४५० | ६,०४८ | ४२८ |
| कुल एकाइ | ३४,८१६ | २७,८९० | ६,९२६ | १,१५३ |
| आधारभूत कक्षा ५ सम्म | १७,०५२ | १५,६८६ | १,३६६ | ९६४ |

| विद्यालय तह | जम्मा | सामुदायिक | संस्थागत | परम्परागत/ धार्मिक |
|---|---|---|---|---|
| आधारभूत कक्षा ८ सम्म | ६,४७९ | ५,०२६ | १,४५३ | १३३ |
| आधारभूत कक्षा ५ - ८ सम्म | २३,५३१ | २०,७१२ | २,८१९ | १,०९७ |
| माध्यमिक कक्षा १० सम्म | ६,८७५ | ३,६७५ | ३,२०० | ३६ |
| माध्यमिक कक्षा १२ सम्म | ४,४१० | ३,५०३ | ९०७ | २० |
| माध्यमिक कक्षा १० - १२ सम्म | ११,२८५ | ७,१७८ | ४,१०७ | ५६ |

*स्रोतः फ्ल्यास तथ्याङ्क, २०२१*

सन् २०२१ को तथ्याङ्कअनुसार आधारभूत शिक्षा (कक्षा १-५) मा कुल भर्नादर र खुद भर्नादर क्रमशः १२२.० र ९६.९ प्रतिशत रहेको छ । त्यसै गरी आधारभूत शिक्षा (कक्षा १-८) मा कुल भर्नादर र खुद भर्ना दर क्रमशः ११८.० र ९५.१ प्रतिशत रहेको छ । कक्षा १-३ मा औसत कक्षा दोहोर्याउने दर ११ प्रतिशतको हाराहारीमा र कक्षा छाड्ने दर ३ प्रतिशतको हाराहारीमा रहेको छ भने कक्षा १-८ सम्मको टिकाउ दर ८३.५ प्रतिशत रहेको छ । ५-९ वर्ष उमेरका (कक्षा १-५ का) ३.१ प्रतिशत बालबालिका विद्यालय बाहिर छन् ।

विभिन्न प्रकार र तहका विद्यालयहरूमा रहेका विद्यार्थी सङ्ख्या तालिका २.५ मा प्रस्तुत गरिएको छ ।

तालिका २.५ः विभिन्न प्रकार र तहका विद्यालयमा रहेका विद्यार्थी सङ्ख्या

| विद्यालय तह | जम्मा | | सामुदायिक | | संस्थागत | |
|---|---|---|---|---|---|---|
| | जम्मा | छात्रा | जम्मा | छात्रा | जम्मा | छात्रा |
| प्रारम्भिक बाल शिक्षा तथा विकास | १,०१०,१९५ | ४६६,३१४ | ६२७,१४२ | ३०५,२२० | ३८३,०५३ | १६१,०९५ |
| आधारभूत (१-५) | ३,५४८,६३६ | १,७१६,९७१ | २,५६३,२०५ | १,३०६,६२७ | ९८५,४३१ | ४१०,३४४ |
| आधारभूत (६-८) | १,७७७,३४४ | ८६७६९१ | १,३१६,२३२ | ६७६,९५९ | ४६१,११२ | १९०,७३२ |
| आधारभूत (१-८) | ५,३२५,९८० | २,५८४,६६२ | ३,८७९,४३७ | १,९८३,५८६ | १,४४६,५४३ | ६०१,०७६ |
| माध्यमिक (९-१०) | १,०७९,३५२ | ५३३,०५५ | ८३३,४७२ | ४२९,७०० | २४५,८८० | १०३,३५५ |
| माध्यमिक (११-१२) | ६९०,८०२ | ३५७,२९८ | ५४५,३६६ | २९३,२८३ | १४५,४३६ | ६४,०१५ |
| माध्यमिक (९-१२) | १,७७०,१५४ | ८९०,३५३ | १,३७८,८३८ | ७२२,९८३ | ३९१,३१६ | १६७,३७० |
| **जम्मा (१-१२)** | ७,०९६,१३४ | ३,४७५,०१५ | ५,२५८,२७५ | २,७०६,५६९ | १,८३७,८५९ | ७६८,४४६ |

स्रोतः फ्ल्यास प्रतिवेदन (शिमास्रोविके, २०२२)

माध्यमिक तहको शिक्षामा विद्यार्थीको पहुँचमा क्रमिक प्रगति भएको छ । माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्नादर ७६.१% र खुद भर्नादर ५४.०% पुगेको छ । तर कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये माध्यमिक

तहको कक्षा १० र कक्षा १२ मा पुग्ने दर क्रमशः ६६.१% र ३३.१% मात्र रहेको देखिन्छ । यसले कक्षा ८ र कक्षा १० (माध्यमिक शिक्षा परीक्षा - एसइई) पछि ठुलो सङ्ख्यामा विद्यार्थीहरू विद्यालय छाड्ने गरेको देखाउँछ । आधारभूत तह (कक्षा १ देखि ५) को तुलनामा आधारभूत तह (कक्षा ६ देखि ८) र माध्यमिक तहहरूमा यो समस्या अझ गम्भीर छ । यसको समाधानका लागि यस योजनामा आवश्यक रणनीति तथा कार्यक्रम पहिचान गरिएको छ ।

नेपाल सरकारले देशका सबै ७५३ स्थानीय तहमा प्राविधिक शिक्षाको संस्थागत पहुँच पुर्याउने नीति लिएको छ । फलस्वरूप, वि. सं. २०७७ सम्ममा प्राविधिक धारतर्फको माध्यमिक शिक्षा र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सञ्चालित कार्यक्रमसहित गरी ६३५ स्थानीय तहमा कुनै न कुनै प्रकारको प्राविधिक शिक्षाको संस्थागत पहुँच पुगेको छ । यस कार्यक्रमलाई मूर्त रूप दिन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा स्वीकृत तथा सम्बन्धन प्राप्त गरेका शिक्षालय र संस्थाहरू १०४२ र सामुदायिक विद्यालयमा प्राविधिक धार सञ्चालन भएका विद्यालयहरू ४८४ गरी देशभरका कुल १५४६ संस्थाहरूमा २३६३ ओटा कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।

मुलुकका लागि आवश्यक पर्ने सिपयुक्त श्रमशक्ति तयार गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसँग र व्यावसायिक शिक्षाको महत्त्वलाई अङ्गीकार गर्दै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र शिक्षा तथा मानव स्रोत विकास केन्द्रले क्रमशः १८ महिने र ४ वर्षे प्रि-डिप्लोमा तथा डिप्लोमा कोर्सका साथै मुलुकभरका कुल १,१०६ विद्यालय तथा संस्थाहरूले कक्षा ९-१२ मा प्राविधिक धार पनि सञ्चालन गरिरहेका छन् ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले मुलुकभर कक्षा ९-१२ मा प्राविधिक धारका विद्यालय सञ्चालन गरिरहेका ४८५ मध्ये लुम्बिनी प्रदेशमा सबैभन्दा बढी (२०.२%) र कर्णाली प्रदेशमा सबैभन्दा कम (६.२%) छन् । यी विद्यालयमा बाली विज्ञान, पशुपालन, कम्प्युटर इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ तथा सङ्गीत विषयको पढाइ हुन्छ ।

संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या उल्लेख्य छ । वि.सं. २०७७ (सन् २०२१) को तथ्याङ्कअनुसार प्रारम्भिक बालशिक्षा तथा विकासमा कुल विद्यालय/केन्द्र सङ्ख्याको १६.६% निजी क्षेत्रबाट सञ्चालित छन्, जसमा कुल भर्नाको ३७.९% बालबालिका रहेका छन् । यद्यपि सामुदायिक प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या ८३.४% रहे पनि ती केन्द्रमा ६२.१% बालबालिका मात्र भर्ना भएका देखिन्छन् । सन् २०२२ को फ्ल्यास तथ्याङ्कअनुसार कुल विद्यार्थी सङ्ख्याको २७.२ प्रतिशत आधारभूत तहका (१-८) र २२.१ प्रतिशत माध्यमिक तह (९-१२) का विद्यार्थीहरू संस्थागत विद्यालयमा अध्ययन गरिरहेका छन् ।

**समता-** समावेशिता तथा सहभागिता सँगसँगै समतालाई कुनै पनि मुलुकको शिक्षा प्रणालीको विकास मापन गर्ने आधारका रूपमा विश्लेषण गरिन्छ । प्रारम्भिक बाल शिक्षा तथा विकासमा लैङ्गिक समता सूचक ०.९२ रहेको छ । आधारभूत तहको विद्यार्थी भर्नामा लैङ्गिक समता सूचक ०.९९ पुगेको छ भने माध्यमिक तहमा १.०१ पुगेको छ । यसका साथै नेपालले विद्यालय शिक्षा क्षेत्रका लागि एकीकृत समता रणनीतिअन्तर्गत समता सूचकाङ्कको विकास गरेको छ, जसले आधारभूत शिक्षामा पहुँच, सहभागिता तथा सिकाइमा हुने विभेदको मापन गर्छ । सन् २०१९ को राष्ट्रिय समता सूचकाङ्क ०.७२ थियो ।

अपाङ्ग भएका व्यक्तिको प्रक्षेपित जनसङ्ख्या (१.९४ प्रतिशत) सँग विभिन्न तह प्रारम्भिक बाल शिक्षा तथा विकास (३-४ वर्षका बालबालिकाको ०.६ प्रतिशत), आधारभूत तह (५-९ वर्षका बालबालिकाको ०.५ प्रतिशत) र माध्यमिक तह (१०-१६ वर्षका बालबालिकाको ०.३ प्रतिशत) मा भर्ना भएका बालबालिकाको सङ्ख्यासँग तुलना गर्दा बाँकी अपाङ्गता भएका बालबालिका विद्यालयबाहिर रहेको देखिन्छ ।

विद्यालय शिक्षामा सुविधाविहीन सामाजिक समूह तथा जनजाति अल्पसङ्ख्यक विद्यार्थीहरूको प्रतिनिधित्वका हिसाबले हेर्दा प्रारम्भिक बाल शिक्षा तथा विकासमा १९.० प्रतिशत, आधारभूत तहमा १८.४ प्रतिशत र माध्यमिक तहमा ११.३ प्रतिशत दलित रहेका छन् । यसलाई मुलुकको १३ प्रतिशत दलितको सङ्ख्यासँग तुलना गर्न सकिन्छ । यसै गरी कुल जनसङ्ख्याको ३७% सँग तुलना गर्दा आधारभूत तहमा ३२.२ प्रतिशत र माध्यमिक तहमा ३५.६ प्रतिशत जनजाति[१] समूहको प्रतिनिधित्व रहेको छ ।

एकातिर विद्यालय भर्ना र सहभागितामा आर्थिक अवस्थाको प्रभाव पनि रहेको छ भने अर्कातिर भौगोलिक तथा प्रदेशगत असमानता पनि रहेका छन् । उल्लिखित सामाजिक, आर्थिक, भौगोलिक, प्रदेशगत लगायतका कारणले बालबालिकाको विद्यालय भर्ना र सहभागितामा मात्र नभई उपलब्धिमा पनि भिन्नता रहेको तथ्य शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा गरिएका विद्यार्थी सिकाइ उपलब्धि परीक्षणहरूले देखाएका छन् । यस योजना अवधिमा समताका अन्य सूचकहरू आवश्यकताअनुसार क्रमशः विकास गर्दै विद्यमान तथ्याङ्क प्रणालीमा समावेश गर्नुपर्ने हुन सक्छ ।

**गुणस्तर-** विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा गुणस्तरलाई हेर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा कक्षा ३, ५ र ८ मा गरिएका परीक्षणले समग्रमा कमजोर उपलब्धि देखाएका छन् । उदाहरणका लागि सन् २०१७ मा कक्षा ८ का विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा विद्यार्थीलाई सिकाइ स्तरका आधारमा छ तहमा बाँडेर हेर्दा पहिलो तीन तहमा रहेका विद्यार्थीको प्रतिशत गणित, नेपाली र विज्ञान विषयमा क्रमशः ४६, ३१ र ५६ रहेकाले ठुलो सङ्ख्याका विद्यार्थीको उपलब्धि कमजोर देखिन्छ (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०१८) । शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा सन् २०२० मा गरिएको कक्षा ३ को पढाइ तथा गणितीय सिप परीक्षणमा विद्यार्थीको औसत सिकाइ उपलब्धि क्रमशः ४३.५ र ३७.२ प्रतिशत देखिएको छ (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०२०) । सन् २०१८ मा कक्षा ५ को सिकाइ उपलब्धि परीक्षणमा पाठ्यक्रमअनुसार आवश्यक सिकाइ उपलब्धि हासिल गर्ने विद्यार्थीको प्रतिशत करिब २८ मात्र रहेको थियो (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०१९) । सन् २०१७ मा कक्षा ८ मा गरिएको विज्ञान विषयको सिकाइ उपलब्धि परीक्षणमा करिब ५५ प्रतिशत विद्यार्थीहरूले कक्षाको औसतस्तरभन्दा कम उपलब्धि हासिल गरेको देखिएको छ (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०१८) । यी परीक्षणहरूले आधारभूत तहका विद्यार्थीको सिकाइस्तरमा खासै सुधार नदेखिएको सङ्केत गरेका छन् । सोही केन्द्रद्वारा गरिएको माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षणहरूले अधिकांश विद्यालयको व्यवस्थापकीय क्षमता, विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, शिक्षक तयारी, कक्षाकोठाको शिक्षण सिकाइ तथा विद्यार्थीको समग्र सिकाइ उपलब्धिमा सुधार गर्नुपर्ने देखाएका छन् (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०१८क, २०१९) ।

**सुशासन र व्यवस्थापन-** विद्यालयको दैनिक प्रशासनिक कार्य सञ्चालन र सहजीकरण गर्ने कार्य प्रधानाध्यापकबाट हुने गर्छ । विद्यालयको व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको व्यवस्था रहेको छ । सङ्घीय संरचनाको कार्यान्वयनसँगै ७५३ ओटै स्थानीय तहमा शिक्षा महाशाखा/शाखा रहने व्यवस्था

१ जनगणानाअनुसार नेपालका १२५ जात वा जाति समूहमध्ये ६३ लाई जनजाति वर्गमा सूचीकृत गरिएको छ ।

गरिएको छ भने ७७ जिल्लामा शिक्षा विकास तथा समन्वय एकाइहरू रहेका छन् । प्रदेश सरकारअन्तर्गत प्रत्येक प्रदेशमा शिक्षासम्बद्ध मन्त्रालय र शिक्षा विकास निर्देशनालयहरू रहेका छन् भने प्रत्येक प्रदेशमा एक एक शिक्षा तालिम केन्द्र रहेको छ ।

**अन्तर-** सरकारका तीनै तहबिच समन्वय, सहकार्य तथा सहयोगको सिद्धान्तमा आधारित प्रभावकारी तथा उच्च गुणस्तरीय सेवा प्रवाहका लागि सुशासन तथा व्यवस्थापनमा पद्धतिगत सुधार हुनुपर्छ । दुर्गम तथा पातलो बस्ती भएका क्षेत्रमा सुशासन तथा व्यवस्थापन पद्धतिको संयन्त्रलाई प्रभावकारी बनाउने र संस्थागत गर्नु चुनौतीपूर्ण छ । विद्यार्थीको सिकाइ र दक्षताप्रति उत्तरदायी गराउन समग्र शिक्षा प्रणालीलाई प्रभावकारी ढङ्गले व्यवस्थापन गर्नु आवश्यक छ । सरकारका तीनै तहमा कार्यसम्पादन र प्रगतिको पारदर्शी अनुगमन गर्न र विद्यालय तहमा शिक्षक अभिभावक सङ्घ तथा विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धिको सुनिश्चितता गर्न पनि चुनौतीपूर्ण देखिन्छ ।

विद्यालयको संख्या तथा विद्यार्थी भर्नामा वृद्धि तथा समताका सूचकहरूमा सुधार आए पनि सबै बालबालिकालाई विद्यालयमा ल्याई गुणस्तरीय सिकाइसहित विद्यालय तह पूरा गराउन सकिएको छैन । प्रारम्भिक बाल शिक्षा तथा विकासमा चार वर्ष उमेरका ३१ प्रतिशत बालबालिका बालविकास केन्द्रमा सहभागी हुन सकेका छैनन् । आधारभूत तहमा ४.९ प्रतिशत ५-१२ वर्ष उमेर समूहका बालबालिका विद्यालयमा भर्ना हुन सकेका छैनन् । विभिन्न कक्षामा विद्यार्थीको कक्षा छाड्ने र कक्षा दोहोर्याउने कारणले हरेक वर्ष कक्षा १ मा भर्ना भएकामध्ये करिब १६.५ प्रतिशत विद्यार्थीले आधारभूत तह पूरा गर्नुपूर्व नै विद्यालय छाडेका देखिन्छन् । यस्तै २४ प्रतिशत बालबालिका आधारभूत तहबाट माध्यमिक तहमा पुग्न सकेका छैनन् । विद्यार्थीको भर्ना र सहभागितामा आर्थिक, सामाजिक, लैङ्गिक, प्रादेशिक/क्षेत्रगत लगायतका कारणले पनि भिन्नता रहेको छ । विद्यार्थीको कमजोर सिकाइ उपलब्धिले गुणस्तरीय शिक्षणमा तत्काल सुधारका उपाय अपनाउनुपर्ने आवश्यकता देखाएको छ ।

समग्र विद्यालय पद्धतिलाई समावेशी, बालमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधारसहितको सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको उपयुक्त ढङ्गले विकास गर्नु आवश्यक छ । यसैगरी विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सुरक्षित पानीको प्रबन्धसहित सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आबद्ध गरी लैङ्गिक तथा अपाङ्गमैत्री हुने गरी व्यवस्थित गर्ने कार्यलाई थप प्रभावकारी बनाउनु जरुरी छ । विभिन्न किसिमका अपाङ्ग भएका सबै बालबालिकाका लागि समावेशी वातावरण सिर्जना गर्दै आवश्यकताअनुसारको प्रबन्धसहितको सहभागिता र सिकाइका लागि समग्र विद्यालय पद्धतिको क्षमता विकास गर्नु आवश्यक छ । आर्थिक, सामाजिक तथा भौगोलिकलगायत विभिन्न कारणले विद्यालय आउन र सहभागी हुन नसकेका बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्न लक्षित रणनीति तथा कार्यक्रम कार्यान्वयन गरिने छ । प्रधानाध्यापकको नेतृत्व क्षमतामा सुधारसहित समग्र शैक्षिक प्रशासन तथा व्यवस्थापनमा सुधार गरी विद्यार्थीको सिकाइ र सक्षमताप्रति उत्तरदायी पद्धतिको विकास गर्नुपर्ने हुन्छ ।

## ग. विद्यालय क्षेत्र विकास योजना

नेपालको संविधान र सङ्घीय संरचनाअनुरूप शिक्षाका योजना तथा कार्यक्रमहरू विकास गर्ने क्रममा तयार गरिएको सात वर्षे विद्यालय क्षेत्र विकास योजनाको पहिलो पाँच वर्षको कार्यक्रम (वि.सं. २०७३-२०७८) तर्जुमा गरिएको थियो । उक्त योजनाले राष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी,

प्रवर्तनात्मक र मूल्यउन्मुख नागरिकको विकासमा योगदान पुर्याउने दूरदृष्टि राखेको थियो । मुलुकको भावी सङ्घीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवनयापन गर्न चाहिने कार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयाससमार्फत मुलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान गरी विद्यमान असमानता घटाउने उद्देश्यका साथ कार्यक्रमहरू कार्यान्वयन भएका थिए । विद्यालय क्षेत्र विकास योजनामा लक्षित नतिजामार्फत विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलताका आधारमा योजनाका समग्र कार्यक्रमहरू निर्देशित थिए । विद्यालय क्षेत्र विकास योजनाको पहिलो चरणको कार्यान्वयनको अवधि (२०७३-२०७६) मा नेपालको शासकीय स्वरूपमा परिवर्तन भई आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन स्थानीय तहबाट हुने व्यवस्थासहितको तीन तहको सरकार (सङ्घ, प्रदेश र स्थानीय) को प्रबन्ध भयो ।

कार्यक्रमको पहिलो चरणको कार्यान्वयन सम्ममा आधारभूत तहमा विद्यार्थीहरूको पहुँच र भर्ना दरमा उल्लेख्य वृद्धि भएको थियो । यस अवधिमा कक्षा ८ मा विद्यार्थी टिक्ने र उत्तीर्ण हुने दर पनि बढ्यो भने औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारबाट विद्यालयबाहिर रहेका बालबालिकाको शिक्षामा उल्लेख्य सङ्ख्यामा सहभागिता बढेको थियो । कक्षा १० र कक्षा १२ मा विद्यार्थी टिकाउ दरमा निरन्तर प्रगति देखिए तापनि अपेक्षित लक्ष्य भने प्राप्त हुन सकेन ।

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनका सन्दर्भमा गुणस्तर सुधारका लागि बृहत् विद्यालय सुरक्षा गुरु योजना, बृहत् समता रणनीति तथा सिकाइका लागि न्यूनतम सक्षमताको अवस्था सिर्जनालगायतका मापदण्ड, मार्गदर्शनहरू तथा नीति सुधारका कार्य भए । यसका साथै पाठ्यक्रम प्रारूप परिमार्जन, शिक्षक पेसागत विकास सामग्री र तालिम सामग्री विकासजस्ता कार्यहरू सम्पन्न भए तर पनि विद्यार्थीहरूको सिकाइ उपलब्धिमा अपेक्षित सुधार हुन सकेन ।

विद्यालय शिक्षामा पहुँचमा उल्लेख्य सुधार भई विद्यालय तथा विद्यार्थी सङ्ख्यामा वृद्धि भए पनि माध्यमिक तहको भर्ना दर कम हुनु; आधारभूत तहमा पनि कतिपय सीमान्तकृत समुदाय, विभिन्न कठिन परिस्थितिमा रहेका बालबालिका, अपाङ्ग भएका बालबालिका, अति विपन्न समुदायका बालबालिकाको भर्ना दर कम हुनु; विद्यालयमा भर्ना भएकाहरूमध्ये पनि बिचैमा पढाइ छोड्ने र कक्षा दोहोर्याउने जस्ता कारणले तह पूरा नगर्नेको ठुलो सङ्ख्या रहनुले पहुँच र सहभागितामा सुधार हुनुपर्ने आवश्यकता देखिन्छ ।

यस अवधिमा गुणस्तर सुधारका लागि केही प्रयास भए पनि विद्यार्थीले हासिल गरेको सिकाइ उपलब्धिले गुणस्तरमा लक्षित सुधार भएको देखाउँदैनन् । त्यसै गरी विद्यार्थी भर्ना, सहभागिता र उपलब्धिमा आर्थिक, सामाजिक, भाषिक पृष्ठभूमिलगायत प्रदेशगत, सहरी तथा ग्रामीण अवस्थितिका आधारमा भिन्नता रहेको देखिन्छ । यस अवस्थामा सान्दर्भिकता वृद्धि तथा गुणस्तर सुधार गर्ने, असमानता घटाउने तथा समता अभिवृद्धि गर्ने, माध्यमिक तहमा भर्ना वृद्धि गर्ने, आन्तरिक सक्षमतामा सुधार गर्नेलगायतका कार्यमा ध्यान दिनु आवश्यक देखिन्छ । विद्यालय क्षेत्र विकास कार्यक्रमको मुख्य कार्यसम्पादन सूचकहरूमा पाँच वर्षको लक्ष्य र पहिलो चार वर्षको उपलब्धि तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका २.६: विद्यालय क्षेत्र विकास कार्यक्रमको मुख्य कार्य सम्पादन सूचक (Key Performance Indicator) तथा परिमाणात्मक लक्ष्य तथा प्रगति

| क.सं. | नतिजा सूचक | एकाइ | आधार वर्ष २०७२ | २०७८ सम्म (पाँच वर्ष) को लक्ष्य | २०७८ सम्मको उपलब्धि |
|---|---|---|---|---|---|
| १.१ | प्रारम्भिक बाल शिक्षा तथा विकासको कुल भर्नादर | प्रतिशत | ८१ | ८९.५ | ८९.६२ |
| १.२ | प्रारम्भिक बाल शिक्षा तथा विकासमा आधारभूत योग्यता प्राप्त शिक्षक | प्रतिशत | ९३.७ | ९७ | ८२.५ |
| १.३ | प्रारम्भिक बाल शिक्षा तथा विकासमा आधारभूत तालिम प्राप्त शिक्षक | प्रतिशत | ० | ६५ | १९ |
| १.४ | कक्षा १ मा बालविकासको अनुभवसहित भर्ना हुने बालबालिका | प्रतिशत | ६२.४ | ७३ | ७४.९० |
| १.५ | कक्षा १ मा खुद भर्नादर | प्रतिशत | ९३.९ | ९६ | ९७.३ |
| १.६ | कक्षा १-५ मा कुल भर्ना दर | प्रतिशत | १३५.५ | १२५.५ | १२१.९७ |
| १.७ | कक्षा १-५ मा खुद भर्ना दर | प्रतिशत | ९६.६ | ९८.५ | ९६.८५ |
| १.८ | कक्षा १-८ मा कुल भर्ना दर | प्रतिशत | १२०.१ | ११० | ११६.३१ |
| १.९ | कक्षा १-८ मा खुद भर्ना दर | प्रतिशत | ८९.४ | ९७ | ९५.१ |
| १.१० | आधारभूत तहको खुद भर्नामा लैङ्गिक समता सूचक (कक्षा १-८) | अनुपात | १ | १ | ०.९९ |
| १.११ | कक्षा ८ सम्मको टिकाउ दर | प्रतिशत | ७४.६ | ९२ | ८७.६ |
| १.१२ | आधारभूत तह पूरा गर्ने दर | प्रतिशत | ६९.६ | ८५ | ७६.२३ |
| १.१३ | कक्षा ३ को पठन सक्षमता | विद्यार्थी प्रतिशत | १२ | १५.६ | ३५ |
| १.१४ | सिकाइ उपलब्धि कक्षा ५[२]<br>नेपाली<br>गणित<br>अङ्ग्रेजी | औसत प्राप्ताङ्क प्रतिशत | <br>४६<br>४८<br>४७ | <br>५९<br>५५<br>५७ | <br>३५<br>२८<br>- |

२ प्रगति प्रतिशतमा औसत अङ्क होइन, न्यूनतम सिकाइ उपलब्धि हो ।

| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार वर्ष २०७२ | २०७८ सम्म (पाँच वर्ष) को लक्ष्य | २०७८ सम्मको उपलब्धि |
|---|---|---|---|---|---|
| १.१५ | सिकाइ उपलब्धि कक्षा ८<br>नेपाली<br>गणित<br>अङ्ग्रेजी | औसत प्राप्ताङ्क प्रतिशत | ४८<br>३५<br>४१ | ५७<br>५५<br>५५ | ६९<br>५४<br>- |
| २.१ | कुल भर्ना दर ९-१२ | प्रतिशत | ५६.७ | ८५ | ७६.०६ |
| २.२ | खुद भर्ना दर ९-१२ | प्रतिशत | ३७.७ | ५३ | ५३.९७ |
| २.३ | कक्षा १० सम्म टिकाउ दर | प्रतिशत | ३७.९ | ६५ | ६४.६ |
| २.४ | कक्षा १२ सम्म टिकाउ दर | प्रतिशत | ११.५ | २५ | २९.२ |
| २.५ | माध्यमिक तहको खुद भर्नामा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | अनुपात | ९९ | १ | १.०१ |
| २.६ | नमुना विद्यालय | सङ्ख्या | ० | ५४० | ४२२ |
| २.७ | प्राविधिक विषय कक्षा ९-१२ मा विद्यार्थी | सङ्ख्या | ९,७५० | १०२,६०० | ७८,२४० |
| ३.१ | आधारभूत तहमा महिला शिक्षक अनुपात | प्रतिशत | ३८.८ | ४५ | ४७.२० |
| ३.२ | माध्यमिक तह महिला शिक्षक अनुपात | प्रतिशत | १५.१ | २० | २० |
| ४.१ | ६ वर्षमाथिको साक्षरता दर | प्रतिशत | ७८ | ८५ | ७८ |
| ४.२ | १५ वर्षमाथिको साक्षरता दर | प्रतिशत | ५७ | ७५ | ५७ |
| ४.३ | १५-२४ वर्षको साक्षरता दर | प्रतिशत | ८८.६ | ६५ | ९० |
| ५.१ | शिक्षा क्षेत्रको लगानीमा राष्ट्रिय बजेटको प्रतिशत | प्रतिशत | १२.०४ | १७ | १०.९२ |

## २.४ दिगो विकास लक्ष्य

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनसँगै १५ वर्षे सहस्राब्दी विकास लक्ष्यहरू (२०००-२०१५) को कार्यान्वयनपश्चात् प्राप्त उपलब्धिका आधारमा सन् २०३० सम्म दिगो विकासका लक्ष्य प्राप्त गर्ने विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ । नेपाल सरकारले सन् २०१५ को मे महिनामा कोरियाको इन्चोनमा भएको विश्व शिक्षा मञ्च र सोही वर्षको सेप्टेम्बरमा संयुक्त राष्ट्रसङ्घको साधारण सभाबाट पारित दिगो विकास लक्ष्यहरू मध्येको

लक्ष्य ४ **'समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चितता गर्ने र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने"** प्रतिबद्धता पूरा गर्न 'दिगो विकास लक्ष्य ४: शिक्षा २०३०, राष्ट्रिय कार्यढाँचा, २०१९" स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस योजनाले उक्त राष्ट्रिय कार्यढाँचामा उल्लेख गरिएका लक्ष्यहरूलाई आत्मसात् गर्दै ती लक्ष्यहरू हासिल गर्न महत्त्वपूर्ण योगदान गर्ने छ ।

**राष्ट्रिय कार्यढाँचामा उल्लेख गरिएका दिगो विकासका सातओटा लक्ष्यः**

१. सान्दर्भिक सिकाइ उपलब्धि प्राप्ति सहित निःशुल्क, समतामूलक र गुणस्तरीय प्राथमिक तथा माध्यमिक शिक्षा पूरा गरेको सुनिश्चित गर्ने

२. सबै बालबालिकाका लागि गुणस्तरीय प्रारम्भिक बाल हेरचाह, विकास र पूर्वप्राथमिक शिक्षा सुनिश्चित गर्ने

३. सबै महिला तथा पुरुषहरूलाई सुलभ र गुणस्तरीय प्राविधिक, व्यावसायिक तथा उच्च शिक्षाको अवसर सुनिश्चित गर्ने

४. प्राविधिक, व्यावसायिक सिप सहित रोजगारी, उचित काम तथा उद्यमशीलताको सिप प्राप्त गर्ने युवा तथा प्रौढहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि गर्ने

५. शिक्षामा लैङ्गिक असमानताको अन्त गरी व्यावसायिक तालिमलगायत सबै तहको शिक्षामा कठिन परिस्थितिमा रहेका, अपाङ्गता भएका र जनजाति समुदायका बालबालिकाका लागि समान पहुँच सुनिश्चित गर्ने

६. सबै युवा तथा प्रौढलाई साक्षरता र गणितीय सिप हासिल गराउने

७. सबै सिकारुहरूलाई दिगो जीवन पद्धति, मानव अधिकार, लैङ्गिक समता, शान्ति, अहिंसा, विश्व नागरिक भावना तथा सांस्कृतिक विविधताको सम्मान तथा दिगो विकासमा योगदान गर्ने संस्कृतिको ज्ञान तथा सिप प्राप्तिको सुनिश्चितता गर्ने

यस कार्यढाँचाले राष्ट्रिय योजना आयोगले तयार गरेको दिगो विकास लक्ष्य, स्थिति र मार्गदर्शनका आधारमा नेपाल सरकारको नीति, योजना तथा कार्यक्रमहरूमा लैङ्गिक, सामाजिक र भाषिक विविधता, अपाङ्ग, गरिबी आदि समेतलाई दृष्टिगत गरी समावेशिता र समताका सिद्धान्त तथा मूल्य मान्यताको एकीकरण गर्ने गरी सन् २०१५ लाई आधार वर्ष मानी सन् २०१९, २०२२, २०२५ र २०३० मा प्राप्त हुने उपलब्धिहरूको परिमाणात्मक लक्ष्यहरू तथा गन्तव्यहरू किटान गरेको छ। दिगो विकास लक्ष्य ४ का लागि नेपालको राष्ट्रिय कार्यढाँचाले सबै स्थानीय तह र प्रदेश सरकारहरूले निर्धारित सूचकका आधारमा आ-आफ्ना कार्यक्रमको प्रगतिको समीक्षा गरी पृष्ठपोषणसहित पठाइएको विवरणलाई सङ्घीय सरकारले राष्ट्रिय प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गरेको छ। राष्ट्रिय योजना आयोगले निर्धारण गरेका अनुगमनका सूचकहरूसँग आबद्ध हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने र सो प्रतिवेदनको मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति र राष्ट्रिय विकास समस्या समाधान समिति जस्ता अनुगमनका उच्चस्तरीय संयन्त्रको बैठकमा समीक्षा हुने व्यवस्था गरेको छ।

दिगो विकास लक्ष्य ४ मा नेपालले गरेको प्रतिबद्धताअनुसार दिगो विकास लक्ष्य ४ को राष्ट्रिय कार्यढाँचामा उल्लेख

गरिएका लक्ष्य तथा समयावधिअनुसार शिक्षा योजनाको प्रगतिको आवधिक समीक्षा गरिने छ। यस सन्दर्भमा राष्ट्रिय योजना आयोगले दिगो विकास लक्ष्य कार्यान्वयन अवधिभित्र कम्तीमा तीन पटक राष्ट्रिय समीक्षा गर्ने योजना बनाएअनुसार सन् २०२० को जुन महिनामा पहिलो समीक्षा प्रकाशित गरेको थियो। उक्त समीक्षाले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रदेश र स्थानीय तहसँग समन्वय हुने गरी थप सुदृढीकरण गरी उमेरगत, लैङ्गिक, भौगोलिक तथा अपाङ्गलगायतका खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू प्रविष्टि गर्नुपर्ने, विपन्न, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समुदायका बालबालिकाको विद्यालय शिक्षामा पहुँच र सहभागिताका थप प्रयास गर्नुपर्ने, आधारभूत शिक्षाको खुद भर्ना दर तथा तह पूरा गर्ने दर र समग्र विद्यालय शिक्षामा लैङ्गिक समता सूचकमा सुधार आई सकारात्मक प्रगति देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षाकृत रूपमा सुधार हुन नसकेको र माध्यमिक शिक्षा पूरा गर्ने दर बढाउनुपर्ने आवश्यकता देखाएको छ (रायोआ, २०२० ख) ।

## २.५ विद्यालय शिक्षाका प्रमुख चुनौती

माथि उल्लिखित पृष्ठभूमिका आधारमा विद्यालय शिक्षा क्षेत्रले सामना गरेका विद्यमान प्रमुख चुनौतीहरू यहाँ उल्लेख गरिएको छ ।

- **सबैका लागि विद्यालय शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चित गर्नेः** प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालयहरूको स्थापना, समायोजन तथा पुनर्वितरणमा निश्चित मापदण्ड तथा नक्साङ्कनको प्रयोग नभई विद्यालयको वितरणमा असमानता हुनु पनि एउटा कारणका रूपमा रहेको छ । कतिपय विद्यालयमा सिकाइ वातावरणको अभाव तथा सहज पहुँचको सुनिश्चितता चुनौतीका रूपमा रहेको छ । विशेषतः सुविधाविहीन तथा सीमान्तकृत, अपाङ्ग भएका बालबालिका, छात्रा तथा विभिन्न कठिन परिस्थितिमा रहेका बालबालिकालाई योजनाबद्ध ढङ्गले सम्बोधन गर्नुपर्ने छ । कम उमेरका बालबालिकाका लागि दिवा स्याहार केन्द्रहरूको अभावले गर्दा बाल विकास केन्द्रमा भर्नाको चाप बढ्न गई बालविकास शिक्षक तथा सहयोगी कर्मचारीहरूको माग बृद्धि भएकाले परिकल्पनाअनुरूप सञ्चालन गर्न कठिनाई भएको ।
- **विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकताको अभिवृद्धि गर्नेः** सिकाइ आवश्यकताहरूको सम्बोधन गर्ने गरी सुधारिएको शिक्षक तयारी र विकाससहित विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्न आवश्यक छ । आवश्यक शिक्षक सङ्ख्या र प्रभावकारी शिक्षक पेसागत सहायता प्रणालीको अभाव हुनु एउटा प्रमुख बाधक तत्त्व हो । सिकाइ र मूल्याङ्कन प्रक्रियाबिचको सम्बन्ध सुदृढ गर्नु आवश्यक छ । विद्यालय तहको शिक्षामा प्रारम्भिक कक्षादेखि माध्यमिक तहसम्म नै व्यवहारकुशल तथा संज्ञानात्मक बाहेकका सिपहरू उपयुक्त ढङ्गले एकीकृत गरी सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम विकास, सुधार र कार्यान्वयनका लागि विभिन्न तहमा पर्याप्त क्षमता विकास महत्त्वपूर्ण छ । माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षालाई प्रभावकारी बनाउन वर्तमान संरचना र कार्यक्रमलाई सुदृढ गर्नुपर्छ । शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउन सुचना तथा सञ्चार प्रविधिका उपकरणहरूमा शिक्षक तथा विद्यार्थीको पहुँचमा सुधार ल्याउनुपर्छ ।
- **विद्यालय शिक्षामा विभिन्न प्रकारका असमानताः** विद्यालय शिक्षामा लिङ्ग, क्षेत्र, सामाजिक-सांस्कृतिक परिवेश, आर्थिक अवस्थालगायतका कारणले सहभागिता र सिकाइ उपलब्धिमा असमानताहरू छन् । विद्यालयले

हिंसा, डर, दण्ड तथा विभेदमुक्त बनाई विद्यालय वातावरणलाई सिर्जनात्मक, समावेशी र समतामूलक बनाउन सक्नुपर्छ । विपन्न, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्ग भएका बालबालिकालाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइ उपलब्धिमा सुधार ल्याउन छात्रवृत्ति तथा अन्य सहायता प्रणालीको उचित ढङ्गले व्यवस्थापन गरिनुपर्छ । विद्यालय शिक्षामा देखिएका यी चुनौतीहरूको सम्बोधन नगरी शिक्षामा समता तथा समावेशिताको लक्ष्य प्राप्त गर्न सम्भव छैन ।

- **सुरक्षित, बाल/लैङ्गिक/वातावरणमैत्री तथा उत्थानशील विद्यालयको अभावः** बालमैत्री तथा उत्थानशील विद्यालय विकास गर्न विविध चुनौतीहरू छन् । पर्याप्त भौतिक तथा शैक्षिक वातावरण नभएका विद्यालय ठूलो सङ्ख्यामा रहेका छन् । अधिकांश विद्यालयहरूमा पर्याप्त भौतिक तथा शैक्षिक वातावरण अभाव देखिन्छ । विपत्का दृष्टिकोणले धेरै विद्यालय असुरक्षित छन् । विद्यालयहरूमा खानेपानी तथा स्वच्छता र सरसफाइको अपर्याप्तता छ । विद्यालयका भौतिक पूर्वाधारहरू अपाङ्ग तथा लैङ्गिकमैत्री बनाउन आवश्यक छ । कतिपय बालविकास केन्द्रहरू मापदण्डअनुसार सञ्चालन हुन सकेका छैनन् । धेरैजसो विद्यालयमा पोषण, स्वास्थ्यसम्बन्धी कार्यक्रम प्रभावकारी भएका छैनन् । यी कारणहरूले विद्यालयलाई बालमैत्री र उत्थानशील बनाउनका लागि चुनौती सिर्जना भएका छन् । कोभिड महामारीका कारण लामो अवधिसम्म विद्यालयमा पठनपाठन हुन नसक्नु र भर्चुअल सिकाइलगायतका वैकल्पिक उपायहरूले समेत सबै विद्यार्थीलाई समेट्न नसक्नुका कारण भएको शैक्षिक क्षति र उपलब्धिमा देखिएको असमानतालाई तुरुन्त सम्बोधन गर्नु आवश्यक छ ।

- **विद्यालय शिक्षामा प्रभावकारी तथा उत्तरदायी शासन तथा व्यवस्थापन प्रणालीको आवश्यकताः** सङ्घ, प्रदेश र स्थानीय सरकारबिच समन्वय, सहकार्य तथा उत्तरदायित्वको कार्यढाँचालाई सुदृढ तथा संस्थागत बनाउनुपर्छ । सङ्घीयताअनुरूप शिक्षाको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा स्थानीय तहलाई जिम्मेवार बनाउने गरी शिक्षा योजना निर्माण तथा कार्यान्वयन गर्न पर्याप्त जनशक्ति र क्षमता विकास हुन सकेको छैन । विद्यालयको शैक्षिक नेतृत्वलाई विद्यार्थीको सिकाइ उपलब्धिप्रति जबाफदेही हुने पद्दतिसँग आबद्ध गर्ने विषयलाई प्राथमिकता दिनुपर्छ ।

## २.६ विद्यालय शिक्षा क्षेत्रका अवसर

विद्यालय शिक्षामा विभिन्न प्रकारका चुनौतीहरूका बाबजुद पनि सहयोगी वातावरण बन्न गई केही अवसरहरूको सिर्जना भएको छ । उक्त अवसरलाई विद्यालय शिक्षा क्षेत्रको विकासका लागि सदुपयोग गर्नुपर्छ ।

१. विगतका वर्षहरूमा विद्यालय शिक्षामा सबैलाई भर्ना गर्न सरकारले स्थापना गरेका संरचना तथा क्षमता विकास कार्यले प्रमुख भूमिका खेलेका छन् । शिक्षा क्षेत्रका नयाँ माग र चुनौतीलाई सम्बोधन गर्न सङ्घीयता कार्यान्वयनसँगै नयाँ संरचना र क्षमताको माग गर्छ । विगत केहि दशकदेखि शिक्षा क्षेत्रमा भएका सुधारका कारण निर्माण भएको आधारले दीर्घकालीन मार्ग तय गर्दै विद्यालय शिक्षामा पहुँच, समता तथा गुणस्तरमा सुधार ल्याउन सक्ने अवस्था सिर्जना भएको छ ।

२. आधारभूत तहमा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी

तथा नीतिगत आधार तयार भएको छ । बहुप्रतिक्षित सङ्घीय शिक्षा ऐन शासकीय सुधारका लागि कोसेढुङ्गा साबित हुन सक्छ ।

३. शिक्षा क्षेत्रमा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको छ ।

४. विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको संयन्त्र र लगानीमा साझेदारी हुन सक्ने अवस्था सिर्जना भएको छ ।

५. संवैधानिक व्यवस्थाअनुरूप विद्यालय तहको शिक्षाको जिम्मेवारी लिन स्थानीय सरकारहरूले तत्परता तथा प्रतिबद्धता देखाएका छन् । यसबाट कतिपय स्थानीय तहमा शिक्षा विकास र नवप्रवर्तनका निमित्त उत्साह पैदा भएको छ । परिणामस्वरूप विद्यमान चुनौतीलाई समाधान गर्दै नवीन कार्यहरूको थालनी भएको छ ।

६. साक्षर जनसङ्ख्याको अनुपात बढेको, शिक्षक, विद्यार्थी तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा पहुँच विस्तार भएको र शिक्षामा सञ्चार जगत तथा नागरिक समाजको चासो बढेको छ । विद्यालय शिक्षा सहयोग कार्यढाँचाको विकास भई कार्यान्वयनमा रहेको र सरकार तथा विकास साझेदारबिच सहयोगको परिचालन भएको छ ।

संयुक्त लगानीको ढाँचा र विगतदेखि नै कार्यान्वयनमा आएको लगानीको क्षेत्रगत अवधारणामार्फत बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदारहरूबाट नेपाललाई सहयोग प्राप्त भएको छ । दिगो विकास लक्ष्य सन् २०३० को ४ नं को लक्ष्य पूरा गर्न शिक्षा साझेदारहरूको बृहत् समूहको सहयोग तथा सहकार्य गर्ने प्रतिबद्धता रहेको छ ।

# ३. दूरदृष्टि, ध्येय तथा उद्देश्य

यस परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, उद्देश्यहरू, मुख्य रणनीति तथा नतिजाहरू र योजनाले अवलम्बन गरेको परिवर्तनको सिद्धान्त प्रस्तुत गरिएको छ । दूरदृष्टि, ध्येय तथा उद्देश्यहरू मूलतः नेपालको संविधानले गरेको मार्गदर्शन, नेपाल सरकारले निर्धारण गरेको विकासको दीर्घकालीन सोचको अनुकूलता र दिगो विकास लक्ष्य तथा पन्ध्रौं योजनाका प्राथमिकतासँगको सामञ्जस्यमा आधारित छन् । परिच्छेद २ मा उल्लेख गरिएको राष्ट्रिय शैक्षिक परिवेशको समीक्षा तथा उठान गरिएका मुख्य चुनौती तथा अवसरहरूले नेपालको विद्यालय शिक्षाको आगामी १० वर्षको मार्गचित्र पहिचानका लागि आधार तयार गरेका छन् । यसमा मूल रूपमा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइजस्ता पक्षहरू यसमा समेटिएको छ ।

## ३.१ दूरदृष्टि

सक्षम, सिर्जनशील र संस्कारयुक्त नागरिक तयार गरी नेपालको सामाजिक-आर्थिक रूपान्तरणका माध्यमबाट **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने

## ३.२ ध्येय

क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरसँग तुलनायोग्य गुणस्तरसहितको सान्दर्भिक शिक्षा प्राप्त गर्ने नागरिकको हक सुनिश्चित गर्न सुव्यवस्थित, सक्षम, उत्तरदायी र प्रतिस्पर्धी सार्वजनिक विद्यालय शिक्षा पद्धतिको विकास गर्ने

## ३.३ उद्देश्य

यस योजनाको निम्नलिखित चार उद्देश्य रहेका छन् ।

१. विद्यालय शिक्षामा सबै बालबालिका विशेषतः सामाजिक तथा आर्थिक कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु

२. प्रत्येक बालबालिकाको विद्यालय जाने तत्परता, प्रारम्भिक सिकाइ र गुणस्तरीय सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु

३. सबै किशोरकिशोरीले जीवनोपयोगी सिपसहितको औपचारिक शिक्षा पूरा गर्ने, माथिल्लो तहमा अध्ययन गर्ने र जीवनपर्यन्त सिकाइको अवसर हासिल गर्ने कुराको सुनिश्चितता गर्न शिक्षामा वैकल्पिक धार र यसको औपचारिक शिक्षा वा सिपको प्रमाणीकरणसँगको सम्बन्ध सुदृढ गर्नु

४. समग्र प्रणालीमा सुशासन प्रवर्द्धन, अन्तरसरकारी समन्वय तथा सहकार्यको सुदृढीकरण र विद्यालय शिक्षा सेवा प्रवाहमा संलग्न व्यक्ति तथा संस्थाहरूको क्षमता विकास गरी प्रभावकारी शैक्षिक सेवा प्रवाहको सुनिश्चितता गर्नु

## ३.४ मुख्य मान्यता तथा निर्देशक सिद्धान्त

यस योजनाले अबलम्बन गरेका मूलभूत उद्देश्य, रणनीति तथा कार्यक्रमहरू निम्नलिखित मान्यता तथा सिद्धान्तहरूमा आधारित छन्:

- **विविधता:** बैयक्तिक भिन्नता र पृष्ठभूमिका आधारमा व्यक्तिका संज्ञानात्मक क्षमता तथा सर्वाङ्गीण विकासका आवश्यकतामा हुन सक्ने भिन्नताप्रति सजग रहनु अपरिहार्य हुन्छ । समाजमा विद्यमान सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक, लैङ्गिक, जातजातीय लगायतका पहिचानमा आधारित विविधताहरूको सम्मान गर्नुपर्छ । विविधतायुक्त समाजमा सहअस्तित्व, ऐक्यबद्धता, सम्मान, विश्वास, सुसङ्ती जस्ता मूल्यहरूले सामाजिक र वैयक्तिक विकासको आधार प्रदान गर्छन् ।

- **समावेशिता:** समावेशिताले विविधताको सम्मान तथा समताको प्रत्याभूतिका साथै विशेष आवश्यकता भएका विभिन्न समूहको पहुँच, सहभागितामा र उपलब्धिमा पर्न सक्ने बाधाहरूलाई हटाउनु भन्ने जनाउँछ । शिक्षामा समावेशिताले उपलब्धता, पहुँच योग्यता, स्वीकार्यता र ग्रहणयोग्यताको सुनिश्चितता खोज्छ ।

- **समता:** समताको अर्थ जात/जाति, स्थान, सामाजिक/आर्थिक अवस्था, मातृभाषा, अपाङ्गता, लिङ्ग आदिका आधारमा विभेद गर्ने कारक तत्त्वको बोध गर्नु हो । यसमा यी समूहलाई प्राथमिकतामा राखी सकारात्मक विभेदको नीति अवलम्बन गरिन्छ र समान उपलब्धि हासिल गराउन असमान रूपमा सहायता गरिन्छ । नेपालको सन्दर्भमा बृहत् समता रणनीतिले विशेष अवधारणात्मक तथा सञ्चालनको कार्यढाँचा प्रदान गरेको छ ।

- **सदाचार:** सदाचार भनेको इमानदारी, नैतिकता तथा आचरणमा स्थिरता हो । यसले विश्वासयोग्यता, निष्पक्षता, उत्तरदायित्वजस्ता मूल्यहरूलाई आत्मसात् गर्छ ।

- **विद्यार्थी केन्द्रीत:** विद्यार्थी केन्द्रीतको अर्थ समग्र शिक्षा पद्धतिलाई बालकेन्द्रीत बनाउने, प्रत्येक बालबालिकाको सिकाइ सफलता सुनिश्चित गर्ने, बालबालिकाको आवश्यकता र रुचि अनुकूलको वैयक्तिक सिकाइ र सक्षमतामा ध्यान दिने सिद्धान्तमा आधारित गरिनु हो । शिक्षा प्रणालीले प्रत्येक बालबालिकालाई एक व्यक्तिका रूपमा ग्रहण गर्दै उसको सर्वाङ्गीण विकासका लागि अवसर सिर्जना गर्छ ।

- **सुशासन:** समग्र शिक्षा पद्धतिमा सुशासनको प्रत्याभूति गर्न निर्णय र कार्यान्वयनमा अभिभावक तथा अन्य सरोकारवालाहरूको सहकार्य र सहभागिता कायम, विधिको पालना, पारदर्शिता, भूमिका र नतिजाप्रतिको जिम्मेवारी तथा उत्तरदायित्त्व सुनिश्चित गर्ने र प्रभावकारिता तथा कुशलता कायम गर्ने पक्षहरू समावेश हुन्छन् ।

- **नवप्रवर्तन:** नवप्रवर्तनले शैक्षिक सेवा प्रवाहमा विशेष गरी शिक्षक तथा विद्यार्थीलाई खोज तथा अध्ययन/अनुसन्धानमा प्रोत्साहन गरी सिर्जनात्मकता तथा समस्या समाधानको सिपमा जोड दिनु भन्ने जनाउँदछ । यसमा शैक्षिक उन्नयन र नवप्रवर्तनमा प्रविधिको प्रयोग गरी समतामूलक र समावेशी पद्धतिसहित शिक्षाको गुणस्तर अभिवृद्धिमा जोड दिइन्छ ।

## ३.५ परिवर्तनको सिद्धान्त

यो योजना निश्चित परिवर्तनको सिद्धान्त र त्यसका मूलभूत मान्यताहरूबाट निर्देशित छ । योजनाको दूरदृष्टि - 'सक्षम, सिर्जनशील र संस्कारयुक्त नागरिक तयार गरी नेपालको सामाजिक तथा आर्थिक रूपान्तरणका माध्यमबाट **'समृद्ध नेपाल, सुखी नेपाली'** को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने' हो । यस योजनाले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरसँग तुलनायोग्य गुणस्तरसहितको सान्दर्भिक शिक्षा प्राप्त गर्ने नागरिकको हक सुनिश्चित गर्न सक्षम, सुशासित, उत्तरदायी र प्रतिस्पर्धी सार्वजनिक विद्यालय शिक्षा पद्धतिको विकास गर्ने ध्येय राखेको छ ।

माथि उल्लिखित दूरदृष्टि र ध्येय प्राप्तिमा योगदान गर्न यस योजनाले केही उपलब्धि स्तरका उद्देश्यहरू हासिल गर्ने लक्ष्य राखेको छ । ती उद्देश्यहरू निम्नलिखित छन् ।

- विद्यालय शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु
- विद्यालय शिक्षाको सान्दर्भिकता तथा गुणस्तर अभिवृद्धि गर्नु
- शिक्षाको सुशासन तथा व्यवस्थापनमा सुधार गर्नु
- सबै नागरिकहरूलाई साक्षर बनाई जीवनोपयोगी सिप प्रदान गर्नु

माथि उल्लिखित उद्देश्यहरु प्राप्तिका लागि अपनाउनुपर्ने रणनीतिहरू तथा प्रमुख क्रियाकलापहरू परिच्छेद चार र पाँचमा उल्लेख गरिएको छ । यी उपलब्धिस्तरका उद्देश्यहरूलाई सहजीकरण गर्न विभिन्न तत्त्वहरू पहिचान गरिएका छन्, जसले यो योजनाको कार्यान्वयनका लागि उपयुक्त वातावरणको सिर्जना गर्छ ।

नेपालमा केन्द्रीय तहमा निर्माण भएको बलियो नीतिगत कार्यढाँचा रहेको तर यसमा निरन्तर परिमार्जनको आवश्यकता रहेको विषय विद्यालय शिक्षा क्षेत्रको अध्ययन विश्लेषण (२०२०) ले पहिचान गरेको छ । विगतदेखि नै विद्यालय क्षेत्रका योजनाहरूमा यो कुरा प्रतिबिम्बित हुँदै आएको छ । विद्यालय शिक्षा क्षेत्र योजनाले पनि नीतिगत वातावरण बनाउन यसमा थप योगदान गरेको छ । तथापि, केन्द्रीयस्तरको नीतिगत कार्यढाँचालाई स्थानीयस्तर तथा विद्यालयहरूमा राम्रोसँग कार्यान्वयन गर्न अवरोध रहेको विद्यालय शिक्षा क्षेत्रको अध्ययन विश्लेषणले देखाएको छ । त्यस कारण विद्यालय शिक्षा क्षेत्र योजनाको परिवर्तनको सिद्धान्त भनेको स्थानीय तह तथा विद्यालयको संस्थागत तथा जनशक्तिको विकासमा अभिवृद्धि गर्नु हो जुन कुरा संवैधानिक प्रावधानले अङ्गीकार गरेको छ ।

नेपालको शिक्षा प्रणाली सङ्घीयतामा रूपान्तरण भएपश्चात् यसले विविधतायुक्त स्थानीय आवश्यकता तथा परिवेशलाई सम्बोधन गर्ने आधार तयार गरेको छ । यसका लागि स्थानीयस्तरमा देखिएको क्षमता विकासम्बन्धी अवरोधहरूलाई तत्कालीन र मध्यमकालीन रणनीति विकास गरी सम्बोधन गर्नुपर्छ । विगतको जिल्ला तहमा स्रोत केन्द्रमार्फत भएका सेवाकालीन शिक्षक तालिम र पेसागत विकास तथा सहयोगका संरचनाको विघटन भएका कारणले शिक्षक पेसागत विकासमा सहयोग गर्ने क्षमतामा खाडल पैदा भएको छ ।

सबै ७५३ स्थानीय तहमा विद्यमान संस्थागत क्षमता फरक फरक छ भन्ने बुझाइमा यो परिवर्तनको सिद्धान्त आधारित छ । अधिकांशलाई सघन सहयोग तथा मार्गदर्शनको आवश्यकता छ । विद्यालय शिक्षा क्षेत्र योजनाको

सुरुका वर्षहरूमा क्षमता, अवस्था तथा स्रोत साधनका आधारमा स्थानीय तहहरूलाई सङ्घीय तहका कार्यक्रम नतिजा ढाँचाका लक्ष्यसँग सान्दर्भिक हुने गरी क्रमबद्ध रूपमा संलग्न गराई सहायता उपलब्ध गराइने छ । यसका लागि संस्थागत क्षमताका आवश्यकताहरूको पहिचान गरिने छ र सोहीबमोजिम स्रोतको परिचालन गरिने छ । स्थानीय तहमा रहेको क्षमताका अन्तर तथा अवरोधहरूलाई सम्बोधन गर्न आवश्यकताअनुसार बाह्य सहायता समेत उपलब्ध गराइने छ । विद्यालय शिक्षामा साझेदारी गर्न तथा स्वास्थ्य, पानी तथा सरसफाइ, पोषण, सुरक्षा सेवा जस्ता समग्र आवश्यकतालाई सम्बोधन गर्न अन्तर सरकारी तथा अन्तर क्षेत्रीय समन्वय तथा सहयोगलाई संस्थागत गर्ने संयन्त्रहरूको सुदृढीकरण गरिने छ ।

विगतको वर्षहरूमा देखिएको कमजोर सिकाइ उपलब्धिको स्थिरतालाई सम्बोधन गर्न विद्यालय तत्परता र आधारभूत सिपहरूको सुनिश्चित गर्ने विषय परिवर्तनको सिद्धान्तको **दोस्रो स्तम्भको** रूपमा लिइएको छ । यसका लागि विद्यालय शिक्षाको प्रवेश बिन्दुबाटै बालबालिकालाई आधारभूत साक्षरता तथा गणितीय सिपको विकासको लागि सुधारको प्रारम्भ गर्नुपर्छ । यी सिपहरू विद्युतीय साक्षरता, समालोचनात्मक चिन्तन वा प्राविधिक सिप जस्ता जुनसुकै सिपका आधार हुन् । अन्य विभिन्न मुलुकसँगै नेपालमा पनि माथिल्ला कक्षाका लागि आवश्यक पर्ने शिक्षा र सिप हासिल नगरेका धेरै बालबालिका क्रमश विद्यालय छाड्ने अवस्थामा छन् । कोभिड-१९ का कारणले दुई वर्षसम्म भएको शैक्षिक व्यवधानलाई सम्बोधन गर्ने गरी विद्यालय शिक्षा क्षेत्र योजना विकास गरिएको छ । कोभिड-१९ को प्रभाव विशेष गरी प्रारम्भिक कक्षाहरूका आधारभूत सिकाइमा अनुसन्धानका तथ्यले देखाउँछ । त्यसैले यो योजनाले प्रारम्भिक कक्षाका (प्रारम्भिक बाल विकासदेखि कक्षा ३ सम्म) आधारभूत सिपमा जोड दिन्छ । प्रारम्भिक बाल शिक्षा तथा विकासका लागि तत्परता र प्रारम्भिक वर्षहरूमा पर्याप्त साक्षरता तथा गणितीय सिप विकासलाई सुनिश्चित गर्दा माथिल्ला कक्षाका लागि सिकाइको आधारशिला निर्माण हुन्छ । यसले माध्यमिक तहमा पुग्दासम्म कक्षा दोहोर्याउने दर घटाउने र विद्यालय छाड्ने दरमा कमी आई सक्षमता बढ्ने छ ।


विद्यार्थीहरूमा आधारभूत सिपको विकास गर्न परिवर्तनको सिद्धान्तको **तेस्रो स्तम्भ** सक्षम तथा उत्प्रेरित शिक्षक हुन् । शिक्षकहरू नै सिकाइ उपलब्धि हासिल गराउने निर्धारक तत्त्व भएकाले गुणस्तरीय पूर्व सेवाकालीन तालिम प्रदान गर्ने, नवप्रवेशीहरूलाई प्रोत्साहन गर्ने र निरन्तर शिक्षक पेसागत विकास पद्धतिको विकास गर्ने तथा शिक्षकहरूलाई सहयोग र पथप्रदर्शन गर्ने संयन्त्रको विकास जरूरी छ । बालमैत्री तथा सिकारूकेन्द्रीत शैक्षणिक प्रक्रियालाई सहजीकरण गर्न प्रणालीको क्षमतालाई अझ सुदृढ गर्नुपर्छ । सिकाइलाई निरन्तरता दिन शिक्षकले कक्षामा वा अन्य वैकल्पिक पद्धतिमार्फत विद्यार्थीहरूको आवश्यकताको पहिचान गरी सोअनुसार सिकाइ सहजीकरण गर्नुपर्दछ । विगतका शिक्षा क्षेत्रका योजनाहरूमा सुरू गरिएका प्रारम्भिक कक्षाका सिकाइका प्रमुख कार्यक्रमहरूले बलियो आधारशिला खडा गरेका छन् । त्यसका असल अभ्यासहरूलाई ग्रहण गर्नुपर्छ । शिक्षक पेसागत विकासका कार्यक्रमहरूमा समावेशी शिक्षा सुनिश्चित गर्न शिक्षकको भूमिका प्रमुख हुने छ । सिकाइ आपूरण तथा द्रुत सिकाइसम्बन्धी योजनाको मार्गचित्रमा शिक्षक केन्द्रमा रहने छन् । कोभिड– १९ महामारीका कारणले सिकाइमा भएको क्षतिको आपूरण गर्न यसलाई विद्यालय शिक्षा क्षेत्र योजनाका सुरुका वर्षहरूमा कार्यान्वयन गरिने छ । लैङ्गिक संवेदनशील, समावेशी तथा सुरक्षित सिकाइ वातावरणमा बालबालिकाको सिकाइको सुनिश्चितता गर्ने विषय **चौथो स्तम्भसँग** सम्बन्धित छ । सिकाइका लागि अनुकूल वातावरणको सुनिश्चित गर्न विद्यालयमा विभेद, भय, दुर्व्यवहारबाट मुक्त, लैङ्गिक संवेदनशील तथा समावेशितालाई सम्बोधन गर्ने विगतका शिक्षा क्षेत्रका योजनाहरूमा सुरु गरिएका विषयहरूलाई अझ विस्तार तथा मूलप्रवाहीकरण गर्न आवश्यक देखिन्छ । यसका लागि स्थानीयस्तर

र विद्यालयहरूमा स्रोत तथा मार्गदर्शन उपलब्ध गराई लैङ्गिक तथा समावेशिताको सञ्जाल स्थापना गरी सुदृढीकरण गरिने छ । लैङ्गिक संवेदनशीलता तथा सुरक्षित सिकाइ वातावरण विद्यार्थीको संवैधानिक हक हो । साथै विद्यालय विकासको प्रमुख सूचक पनि हो ।

**पाँचौं स्तम्भ**ले विद्यालय क्षेत्रका लागि बृहत् समता रणनीतिले मार्गदर्शन गरेबमोजिम शैक्षिक उपलब्धिमा रहेका बाँकी विभेद न्यूनीकरणका लागि समतामा आधारित लक्षित कार्यक्रम कार्यान्वयनमा जोड दिन्छ । यसका लागि स्थानीय तहले आफ्ना तथ्याङ्कको विश्लेषण र बुझाइलाई आवश्यकतामा आधारित योजना तथा बजेट निर्माणमा प्रयोग गर्नुपर्छ । यसभित्र असल अभ्यास तथा विस्तार गर्न योग्य मोडेलहरूको पहिचान, स्थानीय स्तरमा गुणस्तरीय तथा समावेशी शिक्षाका लागि सहजीकरण, परिवेश तथा सन्दर्भ सुहाउँदो र समुदायको स्वामित्व भएको नवप्रवर्तनलाई सुनिश्चित गर्ने विषय यस स्तम्भमा समेटिएको छ ।

**छैटौं स्तम्भ** कठिन अवस्था र अवरोधको अवस्थामा समायोजन हुन सक्ने क्षमतामा वृद्धि गर्दै विद्यालय शिक्षा क्षेत्रको उत्थानशीलताको सबलीकरणमा केन्द्रीत छ । प्रतिकूल अवस्थामा अनुकूलन हुन सक्ने क्षमता र उत्थानशील विद्यालय शिक्षा प्रणाली विकास भएको सुनिश्चित गर्न शिक्षाको अनौपचारिक तथा वैकल्पिक शैक्षिक कार्यक्रमहरूको कार्यान्वयन गरिने छ ।

चित्र ३.१ विद्यालय शिक्षा क्षेत्र योजना (२०७९ - २०८८) मा परिवर्तनको सिद्धान्तको स्वरूप



## ३.६ अनुमान, जोखिम तथा जोखिम न्यूनीकरण

यस योजनामा निर्धारित रणनीति तथा क्रियाकलापहरूले विद्यालय शिक्षामा अपेक्षित उपलब्धि प्राप्त भई विद्यालय शिक्षाको समग्र विकासमा प्रभाव पर्ने अपेक्षा गरिए पनि यो परिवर्तनको सिद्धान्त केही निश्चित अनुमानमा आधारित छ । यी अनुमानहरूलाई यस योजनाको आधारभूत सर्तका रूपमा लिइ केही जोखिमहरू समेत पहिचान गरिएका छन् । यी जोखिमहरूले विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यान्वयनका अवधिमा परिकल्पना गरिएका उपलब्धि तथा नतिजा हासिल गर्ने क्षमतामा प्रभाव पर्न सक्छ ।

यो योजना छ ओटा प्रमुख अनुमानहरूमा आधारित छ । **पहिलो** अनुमान, शिक्षा विकासका लागि राष्ट्रिय सहमति र राजनीतिक प्रतिबद्धता प्राप्त भई आवश्यक नीति तथा कानुन तयार हुने र कार्यान्वयनलाई सहजीकरण हुने कुराको सुनिश्चितता गर्नु महत्त्वपूर्ण हुन्छ । सङ्घीय संरचनाअनुरूप सङ्घ, प्रदेश र स्थानीय तहमा आवश्यक देखिएका नीतिगत तथा कानुनी प्रबन्ध समयमै पूरा भई कार्यान्वयनमा सहयोग हुने अनुमानमा आधारित भई यो योजना तयार गरिएको छ । यसको कार्यान्वयनका लागि समाजका सबै वर्ग विशेष गरी केन्द्र सरकारदेखि स्थानीय सरकारबाट सम्भाव्य सबै सहयोग उपलब्ध हुने छ ।

योजनाको **दोस्रो** अनुमान, कार्यान्वयन तथा व्यवस्थापनको संरचना पुनर्संरचित भई सङ्घीय संरचनाअनुकूल हुने गरी व्यवस्थित हुने छ भन्ने हो । यसमा कार्यमूलक संरचना स्थापनाका साथसाथै जिम्मेवारी तथा उत्तरदायित्वको स्पष्टता, आवश्यक जनशक्तिको व्यवस्था तथा सबै जनशक्ति विशेषतः स्थानीय जनशक्तिको क्षमतामा सुधार हुने छ ।

**तेस्रो** अनुमान, तीनै तहका सरकारबाट अपेक्षित लगानी सुनिश्चित हुने छ । यस मान्यताअनुसार प्रत्येक तहको सरकारले शिक्षामा गर्ने लगानीलाई प्राथमिकतामा राखी बढ्दो दायित्वलाई आधार मानी आवश्यक लगानी सुनिश्चित गर्ने छन् र स्थानीय तहहरूले विद्यालय शिक्षालाई प्राथमिकतामा राखी यो योजना र यसका कार्यक्रमहरू अपेक्षित रूपमा कार्यान्वयन गर्न अपनत्व लिने छन् ।

**चौथो** अनुमान, समता सामाजिक न्याय तथा पारदर्शी मापदण्डको सिद्धान्तका आधारमा स्रोतको वितरण गरिने छ । स्रोतको वितरणमा मात्र नभई सिकाइ उपलब्धिमा भएको असमानता समेत घटाउने यसको लक्ष्य हो ।

**पाँचौं** अनुमान, शिक्षक सक्षमता र उत्प्रेरणाको स्तरमा सुधार हुन्छ र सक्षम र उत्प्रेरित शिक्षकबाट शिक्षण सिकाइ हुन्छ । समग्रमा शिक्षण पेसाको आकर्षण र प्रतिष्ठामा अभिवृद्धि सँगसँगै शिक्षकसम्बन्धी नीति र समग्र शिक्षक व्यवस्थापनमा सुधार ल्याई शिक्षकहरूमा व्यावसायिक अभिवृत्ति, लगनशीलता, जवाफदेहीताको विकास गर्नु अपरिहार्य हुने छ ।

**छैटौं** अनुमान, सरकारका सबै तह तथा विद्यालयको प्रणालीगत क्षमता उत्थानशील छ तथा विघ्नबाधाका बखत वैकल्पिक विधिमार्फत शिक्षालाई अनुकूलन गर्ने र निरन्तरता दिने क्षमता छ भन्ने अनुमान गरिएको छ । नेपालले २०७२ सालको भूकम्प तथा त्यसपछिका प्राकृतिक विपत्तिहरू जस्तै २०७८ को बाढी तथा पहिरोबाट भएको क्षतिको अहिलेसम्म पूर्ण रूपमा आपूरण गरिसकेको छैन । नेपाल जलवायु परिवर्तनको दृष्टिले पनि उच्च जोखिममा

रहेको मुलुक मध्येमा पर्दछ[१] । कोभिड -१९ को महामारीले सामाजिक सेवा जस्तै शिक्षालगायत आर्थिक, जनजीविका तथा स्वास्थ्यका समग्र पक्षमा पारेको नकारात्मक प्रभाव निरन्तर रहेको छ । भूकम्प तथा महामारीबाट उत्पन्न समस्यामा समन्वयात्मक प्रतिकार्य प्रारम्भ गरी थप क्षति हुनबाट जोगाउने र भएको सिकाइ क्षतिको दीर्घकालीन प्रभाव कम गर्न वर्षौं लाग्न सक्छ । भविष्यमा विपत् तथा महामारीको प्रभावलाई न्यूनीकरण गर्न भवन संहितामा सुधार, विद्यालय सुरक्षा मापदण्डको परिपालना, वैकल्पिक शिक्षण विधिको अनुसरण गर्नु महत्त्वपूर्ण हुन्छ । यस योजनाले यी अनिश्चितता तथा पूर्वानुमान गर्न नसकिने अवस्थाका सम्भावित असरहरूको बारेमा सावधानीपूर्वक आकलन गरेको छ । यस योजनाको सफल कार्यान्वयनका लागि शिक्षा क्षेत्रको नेतृत्व, योजना निर्माता तथा कार्यान्वयनकर्ताहरूको क्षमता तथा परिकल्पनामा भर पर्छ ।

उल्लिखित अनुमानहरू पूरा नभएमा यो योजना कार्यान्वयनका कतिपय पक्षहरूमा देखा पर्न सक्ने सम्भाव्य जोखिमलाई न्यूनीकरण गर्न वैकल्पिक उपाय पहिचान गरिएको छ । उदाहरणका लागि सङ्घीय शिक्षा ऐन तथा प्रदेश र स्थानीय शिक्षा ऐन नबनेको अवस्थामा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन र स्थानीय सरकार सञ्चालन ऐनका प्रावधानका आधारमा संवैधानिक प्रत्याभूतिअनुकूल हुने गरी यो योजना कार्यान्वयन गरिने छ । कार्यान्वयन तथा व्यवस्थापनको संरचना पुनर्संरचित भई सङ्घीय संरचनाअनुकूल हुने गरी व्यवस्थित भएमा योजना कार्यान्वयनमा सहजता हुने छ तापनि हालको संरचना पनि सङ्घीयताको कार्यान्वयनका क्रममा तयार गरिएको हुनाले यसमा केही क्रमिक सुधार गरी यो योजना कार्यान्वयनमा सहजीकरण गर्न सकिने छ ।

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, अन्तर्राष्ट्रियस्तरमा गरिएका प्रतिबद्धता, गुणस्तरीय शिक्षाका लागि नागरिकको चासोका कारणले नेपालमा हाल संवैधानिक प्राथमिकताबमोजिम गुणस्तर सुधारका लागि अनुकूल वातावरणको अवस्था रहेको छ । यसका साथै सार्वजनिक क्षेत्रको सुदृढीकरण गर्ने राजनीतिक सहमति, अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त क्षेत्रगत सहायता प्रणालीमार्फत विकास साझेदारहरूको सहयोगको निरन्तरता, नागरिक समाज, समुदायमा आधारित सङ्गठन तथा सरोकारवालाहरूको अर्थपूर्ण संलग्नता रहेको छ ।

यसका साथै प्रदेश र स्थानीय तहले शिक्षा क्षेत्रको योजना तथा बजेटको स्वामित्व लिनुपर्ने र सङ्घीय सरकार, विकास साझेदारलगायत राज्य बाहेकका अन्य निकायहरूबाट प्राप्त हुने स्रोत बाहेक आफ्नै स्रोतहरूको समेत परिचालन गर्ने अपेक्षा गरिएको छ । विद्यालय शिक्षा क्षेत्रको पूर्ण रूपमा कार्यान्वयन गर्न परिच्छेद ७ मा प्रस्तुत गरिए जस्तै बजेट नपुग हुने अवस्थामा यो महत्त्वपूर्ण हुन्छ । विद्यालय शिक्षा क्षेत्रका लागि लगानीको साझेदारीको सम्भावना रहेकाले समता सूचक तथा साधनका साथ यसलाई संयन्त्र र संरचनागत प्रबन्धद्वारा सहजीकरण गर्नुपर्छ । यसले समता तथा आवश्यकतामा आधारित भई थप स्रोतको विनियोजन गर्न मार्गदर्शन गर्छ ।

अन्त्यमा, शिक्षक नै परिवर्तनका संवाहक हुन् । त्यसकारण विद्यालय शिक्षा क्षेत्र योजनाले उत्प्रेरित तथा सक्षम शिक्षकहरू कक्षाकोठामा छन् र बालबालिकाको सिकाइमा सहजीकरण गरिरहेका छन् भनी सुनिश्चित गर्ने कुरामा जोड दिने छ ।

---

१ विश्वव्यापी परिवेशमा जलवायु परिवर्तनले सङ्कटासन्नता रहेको मुलुकमध्ये नेपाल ४औं स्थानमा पर्छ ।

# ४. विद्यालय शिक्षाका उपक्षेत्र

परिच्छेद ४ मा विद्यालय शिक्षाका विभिन्न उपक्षेत्रहरूको अवस्था प्रस्तुत गरिएको छ । यस परिच्छेदमा सम्बन्धित उपक्षेत्रबाट उपलब्ध हुने नतिजाका लागि तय गरिएको योजनाका उद्देश्य तथा रणनीतिहरू उल्लेख गरिएको छ । यस योजनामा समावेश गरिएका उपक्षेत्रहरूमा (क) प्रारम्भिक बाल शिक्षा तथा विकास[१] (ख) आधारभूत शिक्षा (ग) माध्यमिक शिक्षा (घ) अनौपचारिक शिक्षा तथा सिप विकास[२] । प्रत्येक उपक्षेत्रका लागि योजनाका अपेक्षित उपलब्धि, प्रतिफल, लक्ष्यहरू उल्लेख गरिएको छ ।

## ४.१ प्रारम्भिक बाल शिक्षा तथा विकास

प्रारम्भिक बाल शिक्षा तथा विकास ४ वर्ष (४८-६० महिना) का बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक विकासका साथै कक्षा १ का लागि आवश्यक आधारभूत सिकाइ सिपहरू विकासको तयारीको अवधि हो । नेपालमा प्रारम्भिक बाल शिक्षा तथा विकास उपक्षेत्रअन्तर्गत विभिन्न ढाँचा तथा अवधिमा कार्यक्रम सञ्चालन भईरहेका छन् जस्तै- प्रारम्भिक बाल विकास केन्द्र, विद्यालयमा आधारित पूर्व प्राथमिक शिक्षा तथा समुदाय/घरमा आधारित र अन्य । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ र पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) ले चार वर्षका बालबालिकाका लागि एक वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकासका कार्यक्रमहरूको सुनिश्चितता गरेको छ । प्रारम्भिक बाल विकास राष्ट्रिय रणनीति (२०७७-२०८८) ले ४-८ वर्षका बालबालिकाका लागि प्रारम्भिक बाल शिक्षा तथा विकासदेखि कक्षा ३ सम्मका बालबालिकाको विकास तथा सिकाइका लागि मार्गचित्र प्रदान गरेको छ (रायोआ, २०७७) । माथि उल्लिखित नीतिगत व्यवस्थाबाट कक्षा १ मा भर्ना हुने बालबालिकाले अनिवार्य रूपमा १ वर्षको पूर्व प्राथमिक शिक्षा पूरा गरेको हुनुपर्ने व्यवस्था कार्यान्वयनको लागि विद्यालय शिक्षा क्षेत्र योजनामा आवद्ध गरिएको छ ।

### ४.१.१ वर्तमान अवस्था तथा चुनौती

नेपालमा ३६,४९८ प्रारम्भिक बाल विकास केन्द्र/कक्षा छन्, जसमध्ये ३०,४५० (८३.४३ प्रतिशत) समुदायबाट सञ्चालित छन्, ६,०४८ (१६.५७ प्रतिशत) संस्थागत (निजी क्षेत्रका) र ४२८ (१.१७ प्रतिशत) परम्परागत वा धार्मिक भनी वर्गीकरण गरिएको छ । समुदायबाट सञ्चालित अधिकांश प्रारम्भिक बाल विकास केन्द्र विद्यालयमा छन् भने कतिपय समुदायमै छन् । प्रारम्भिक बाल विकासको कुल भर्नादर विद्यालय क्षेत्र विकास योजनाको सुरुवात वर्ष सन् २०१६ को ८१ प्रतिशतबाट बढेर २०२२ मा ८९.६ प्रतिशत पुगेको छ । त्यस्तै, प्रारम्भिक बाल शिक्षा तथा विकासको अनुभव लिएर कक्षा १ मा भर्ना हुने बालबालिकाको अनुपात २०१६ को ६२.४ प्रतिशतबाट बढेर २०२२ मा ७४.९ प्रतिशत पुगेको छ । आधारभूत शिक्षाका उपलब्धि बढाउन प्रारम्भिक बाल शिक्षा तथा विकासको अनुभव महत्त्वपूर्ण आधारमा रूपमा लिइएको छ । नेपालमा प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको अनुभव लिएका बालबालिकाको कक्षा १-३ मा उत्तीर्ण दर १६-२० प्रतिशतले तथा प्रारम्भिक कक्षाका परीक्षाहरूमा औसत अङ्क ९ प्रतिशतले उच्च रहेको छ (विश्वबैङ्क, युनिसेफ, २०२०) ।

---

१ शिक्षा ऐन तथा नियमावलीअनुसार प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षा आधारभूत शिक्षाकै अंश हो । प्रारम्भिक सिकाइका लागि प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षाको आफ्नै रणनीति तथा क्रियाकलाप भएको हुनाले यसलाई योजनामा कार्यक्रमिक प्रक्रियाका रूपमा छुट्टै उपक्षेत्र मानी प्रस्तुत गरिएको छ ।

२ यसमा विद्यालय शिक्षा क्षेत्र योजनाको क्षेत्रभन्दा बाहिर पनि निरन्तर र जीवनपर्यन्त सिकाइका लागि प्रबन्ध र तयारी पक्ष समेटिन्छ ।

पहुँच तथा सहभागितामा प्रारम्भिक बाल शिक्षा तथा विकासमा प्रशंसनीय प्रगति भएको भए तापनि उल्लेख्य सङ्ख्याका विशेष गरी विपन्न, ग्रामीण तथा सीमान्तकृत र सङ्कटापन्न समुदायका बालबालिका अझै शैक्षिक प्रणालीबाहिर नै छन् । प्रदेशगत रूपमा पनि प्रारम्भिक बाल शिक्षा तथा विकासमा असमानता विद्यमान छ । प्रारम्भिक बाल शिक्षाको खुद भर्ना दर राष्ट्रिय औसत ६९.० प्रतिशतको तुलनामा मधेस प्रदेशको खुद भर्नादर ५४.६ प्रतिशत छ । गण्डकी र वाग्मतीको खुद भर्नादर ८६ प्रतिशतभन्दा माथि छ । कक्षा १-१२ मा लैङ्गिक समता हासिल भएको छ जहाँ प्रारम्भिक बाल शिक्षा तथा विकासमा लैङ्गिक समता सूचक भने ०.९२ मात्र छ । यस तहमा लैङ्गिकता नै विभेदको कारण हो भन्ने देखिन्छ । प्रारम्भिक बाल शिक्षा तथा विकासमा भर्ना भएका सबै बालबालिकामध्ये ०.६ प्रतिशतमा अपाङ्गताको पहिचान गरिएको छ । तोकिएको उमेर समूहभन्दा घटी वा बढी उमेर भएकाले धेरै बालबालिका यस तहमा भर्ना हुने भएकाले कक्षाको आकार ठुलो भएको अवस्था छ । विभिन्न उमेर समूहका बालबालिकाका कारण शिक्षकका लागि चुनौती थपिएको छ । यस्ता बालबालिकाको विविध आवश्यकतालाई पूरा गर्नुपर्ने भएकाले बालबालिकाको विकास तथा सिकाइको अभिवृद्धि उपयुक्त ढंगले नहुन सक्छ ।

वि.स. २०६७ को प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिकामा भएको २०७५ को संशोधनले प्रारम्भिक बाल विकास केन्द्र/कक्षाहरूमा न्यूनतम आवश्यक वातावरणको सुनिश्चतता गरेको छ । प्रारम्भिक बाल विकास केन्द्रका शिक्षकको पेसागत विकासका लागि विभिन्न प्रकारका तालिम प्याकेजहरूको विकास गरिएको छ । प्रारम्भिक बाल विकास केन्द्र व्यवस्थापनका लागि छुट्टै व्यवस्थापन समितिको प्रावधान समेत गरिएको छ ।

सीमान्तकृत, दुर्गम क्षेत्रका तथा अपाङ्गता भएका समूहका बालबालिकाको प्रारम्भिक बाल शिक्षा तथा विकासमा पहुँचको सुनिश्चितताका लागि निरन्तर प्रयास हुँदै आएको छ । यसै सन्दर्भमा पूर्व प्राथमिक तहमा खुद तथा कुल भर्नादर न्यून भएका प्रदेशहरूमा लक्षित कार्यक्रमहरूको अवलम्बन गरी प्रारम्भिक बाल शिक्षा तथा विकासको पहुँच विस्तार गर्नुपर्छ ।

सरकारद्वारा परिभाषित न्यूनतम मापदण्ड[३] पूरा गर्न प्रारम्भिक बाल विकास केन्द्रलाई सहयोग गर्नका लागि समन्वयात्मक प्रयासको आवश्यकता छ । यसका साथै शिक्षकहरूका लागि उपयुक्त तालिम, सहयोग तथा पारिश्रमिकको आवश्यकता पर्छ । विगतको विद्यालय क्षेत्र विकास योजनाका अवधिमा गुणस्तरीय प्रारम्भिक बाल शिक्षा तथा विकासका लागि उपयुक्त सिकाइ सामग्रीहरूको विकास तथा वितरणको योजना गरिएको थियो । आगामी दिनमा पनि उल्लेख्य सङ्ख्यामा शिक्षकहरूले तालिम तथा सामग्रीहरू प्राप्त गरी प्रभावकारी रूपमा प्रयोग गर्नुपर्छ । नेपाली भाषा पहिलो भाषा नभएका क्षेत्रका लागि यस्ता सामग्रीहरूलाई विभिन्न मातृभाषा वा स्थानीय भाषामा अनुवाद गरिनुपर्छ ।

### ४.१.२ उद्देश्य

१. गुणस्तरीय प्रारम्भिक बाल शिक्षा तथा विकासमा चार वर्ष उमेरका सबै बालबालिकाको पहुँच तथा सहभागिता भएको तथा तह पूरा गरेको सुनिश्चित गर्नु

---

३ (क) योग्य प्रारम्भिक बाल शिक्षा तथा विकास शिक्षक (माध्यमिक तह र ९० घण्टाको प्रयोगात्मक तालिम), (ख) बालमैत्री धारा (पिउने पानीमा सहज पहुँच भएको), (ग) शौचालय (साबुन र पानी भएको), (घ) बालमैत्री बसाइ व्यवस्था (फोहोर तथा चिसोबाट जोगिने), (ङ) ६ सिकाइका क्षेत्र

२. प्रारम्भिक बाल शिक्षा तथा विकासमा सहभागी चार वर्षका सबै बालबालिकामा शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक विकास तथा विद्यालयका लागि तयारी सुनिश्चित गर्नु

### ४.१.३ रणनीति

१. प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण तथा आवश्यक भएमा नयाँ स्थानमा प्रारम्भिक बाल विकास केन्द्र/कक्षा स्थापना गर्ने

२. आवश्यकतामा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमका विभिन्न नमुनाहरू (जस्तैः घरपरिवारमा आधारित, ससाना समूहमा वा कार्यस्थलमा आधारित, घुम्ती केन्द्र) समेत विकास गर्ने विशेष गरी कठिन भौगोलिक रूपमा दुर्गम क्षेत्र, सङ्कटापन्न तथा सीमान्तकृत समुदायका बालबालिका र अपाङ्ग भएका बालबालिकालाई समेट्ने

३. प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रममा बालबालिका भर्ना भएको सुनिश्चित गर्न, केन्द्रमा हिंसा, दुर्व्यवहारबाट सुरक्षित राख्न पर्याप्त प्रबन्ध गर्ने र विपत् तथा आपत्कालीन अवस्थामा समेत वैकल्पिक सिकाइ व्यवस्था गरी पूर्व प्राथमिक शिक्षालाई निरन्तरता दिने

४. प्रारम्भिक बाल शिक्षा तथा विकास सेवाका न्यूनतम मापदण्डको कार्यान्वयन, अनुगमन तथा परिपालना गराउन स्थानीयस्तरमा स्रोत तथा मार्गदर्शन प्रदान गर्ने

५. सिकाइको लागि भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री, समावेशी (लैङ्गिक/अपाङ्गतामैत्री) बनाउन प्रारम्भिक बाल विकास केन्द्र/कक्षालाई सहयोग गर्ने

६. बालबालिकाको पोषण तथा स्वास्थ्यसम्बन्धी आवश्यकता पूरा गर्न विद्यालयमा दिवा खाजाको प्रबन्धका साथै सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य र समन्वय गरी सुरक्षित पानी, सरसफाइ तथा स्वच्छता, जाँच परीक्षण तथा सिफारिस सेवा प्रदान गर्ने

७. प्रारम्भिक बाल शिक्षा तथा विकासका बालबालिकामा व्यक्तिगत सरसफाइ तथा सामाजिक सिप जस्ता समूह सिकाइ अभ्यासको प्रवर्धन गर्ने

८. सबै बालबालिकाको सिकाइ आवश्यकता सम्बोधन गर्दै प्रारम्भिक बाल शिक्षा तथा विकासको गुणस्तर सुनिश्चित गर्नका लागि पाठ्यक्रमलाई अद्यावधिक गर्ने तथा आवश्यक सिकाइ तथा खेल सामग्रीको प्रबन्ध तथा अनुकूलनका साथै शिक्षकको क्षमता विकास गर्ने

९. बालबालिकाको आवश्यकताअनुसार भाषिक विकास तथा सञ्चारका लागि माध्यम भाषाका रूपमा परिचित भाषाको प्रयोगमा सहजीकरण गर्न मातृभाषा र/वा स्थानीय भाषामा स्रोत सामग्रीहरूको विकास गर्ने

### ४.१.४ उपलब्धि

१. पाँच वर्ष पुग्दा सबै बालबालिकाले गुणस्तरीय प्रारम्भिक बाल शिक्षा तथा विकास सेवा पूरा गरी कक्षा १ का लागि तत्पर भएको हुने

२. शिक्षा, स्वास्थ, पोषण र बाल सुरक्षासम्बन्धी एकीकृत सेवामा पहुँच वृद्धि गर्दै प्रारम्भिक बाल्यावस्थाका बालबालिकाको समग्र विकासका सूचकहरूमा सुधार भएको हुने

### ४.१.५ प्रतिफल, प्रमुख क्रियाकलाप तथा लक्ष्य

यस खण्डमा माथि उल्लेख गरिएका रणनीतिको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित प्रतिफल, प्रमुख क्रियाकलाप तथा प्रारम्भिक बाल शिक्षा तथा विकाससम्बन्धी लक्ष्यको रूपरेखा दिइएको छ । तालिका ४.१ मा प्रतिफल, प्रमुख क्रियाकलाप तथा भौतिक लक्ष्य र कार्यान्वयन गर्ने मुख्य जिम्मेवार तह उल्लेख गरिएको छ ।

तालिका ४.१: प्रारम्भिक बाल शिक्षा तथा विकासका उपलब्धि, प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| १. पाँच वर्षका सबै बालबालिकाले गुणस्तरीय प्रारम्भिक बाल शिक्षा पूरा गरी कक्षा १ मा सिक्नका लागि तत्पर भएको हुने | १.१ समतामूलक पहुँचलाई सुनिश्चित गर्न आवश्यकताअनुसार प्रारम्भिक बाल विकास केन्द्रको स्थापना तथा पुनर्वितरण हुने | १.१.१ नक्साङ्कनका आधारमा प्रारम्भिक बाल विकास केन्द्रको पुनर्वितरण तथा स्थापना | पटक | १ | २ | स्थानीय तह |
| | | १.१.२ तोकिएको उमेरका सबै बालबालिकाको (दुर्गम भेगमा बसोबास गर्ने अपाङ्ग भएका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि समेत) प्रारम्भिक बाल शिक्षा तथा विकासमा सहज पहुँचका लागि वैकल्पिक कार्यक्रम सञ्चालन | स्थानीय तह | ७५३ | ७५३ | स्थानीय तह |
| | | १.१.३ स्थानीय तहको शिक्षाको आपत्कालीन तथा सङ्कटापन्न प्रतिकार्य योजनामा बालबालिकाको सुरक्षा र निरन्तरतालाई सुनिश्चित गर्न प्रारम्भिक वालविकास शिक्षालाई समावेश | स्थानीय तह | ७५३ | ७५३ | स्थानीय तह |
| | १.२ आवश्यकतामा आधारित प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमका नमुनाहरू विकास तथा कार्यान्वयन हुने | १.२.१ साना, मौसमी र अस्थायी बस्ती एवम् उद्योग तथा कलकारखानाका लागि घुम्ती केन्द्रको व्यवस्थासहित आवश्यकताअनुसारका प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमका नमुना विकास तथा सञ्चालन | कार्यक्रमका नमुना | ८ | १६ | स्थानीय तह |
| | १.३ सबै प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रहरूले आधारभूत मापदण्ड पूरा गरेका हुने[४] | १.३.१ प्रारम्भिक बाल विकास केन्द्रको न्युनतम मापदण्ड र लागत साझेदारी प्रारूप अद्यावधिक तथा प्रबोधीकरण | पटक | १ | २ | सङ्घीय तथा प्रदेश सरकार |
| | | १.३.२ स्थानीय तहहरूद्वारा न्यूनतम मापदण्डअनुसार प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमका लागि सुरक्षित तथा अपाङ्गमैत्री शौचालय, कक्षाकोठा, सुरक्षित पानी र सरसफाइको व्यवस्था (५.७.५-१.४.२ पनि हेर्नुहोस् | केन्द्रको प्रतिशत | ९० | १०० | स्थानीय तह |
| | | १.३.३ मापदण्डले तोकेअनुसार पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी वातावरण सुधार, सिकाइ तथा खेल सामग्री व्यवस्थापन | केन्द्र प्रतिशत | १०० | १०० | स्थानीय तह |

४ (क) योग्य प्रारम्भिक बाल शिक्षा तथा विकास शिक्षक (माध्यमिक तह र ९० घण्टाको प्रयोगात्मक तालिम), (ख) बालमैत्री धारा (पिउने पानीमा सहज पहुँच भएको), (ग) शौचालय (साबुन र पानी भएको), (घ) बालमैत्री बसाइ व्यवस्था (फोहोर तथा चिसोबाट जोगिने), (ङ) ६ सिकाइका क्षेत्र छन् ।

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| २. शिक्षा, स्वास्थ, पोषण र बाल सुरक्षासम्बन्धी एकीकृत सेवामा पहुँचमा वृद्धि हुँदै प्रारम्भिक बाल्यावस्थाका बालबालिकाको समग्र विकासका सूचकहरूमा सुधार भएको हुने | २.१ सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास केन्द्रका सबै बालबालिकाले दिवा खाजासहित स्वास्थ्य तथा पोषण सेवा प्राप्त गरेका हुने (५.४.५ प्रतिफल १.४ पनि हेर्नुहोस्) | २.१.१ सामुदायिक प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रमका सबै बालबालिकाका लागि पोषणयुक्त दिवा खाजा उपलब्धता | बालबालिका सङ्ख्या (वार्षिक) | ७१०,८९५ | ७५३,४६० | प्रदेश र स्थानीय तह |
| | | २.१.२ प्रारम्भिक बाल शिक्षा तथा विकासमा बालबालिकालाई गुणस्तरीय एकीकृत सेवा प्रदान गरी बालबालिकाको कम्तीमा तीन महिनामा एकपटक स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गरी कुपोषण भएका बालबालिकाका लागि आवश्यक प्रबन्ध | केन्द्र प्रतिशत | १०० | १०० | स्थानीय तहले स्थानीय स्वास्थ्य संस्थासँग समन्वय गरी |
| | २.२ सबै प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा हेरचाहकर्ता (५.२.५-१.७.८ पनि हेर्नुहोस्) | २.२.१ न्यूनतम योग्यता भएका शिक्षकको नियुक्ति तथा क्षमता विकास | शिक्षक प्रतिशत | १०० | १०० | सङ्घ, प्रदेश र स्थानीय तह |
| | | २.२.२ प्रारम्भिक बालविकास केन्द्रमा हेरचाहकर्ताको व्यवस्था | केन्द्र प्रतिशत | १०० | १०० | स्थानीय तह |
| | | २.२.३ प्रारम्भिक बाल विकासका शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा पुनरावलोकन | सबै स्थानीय तह | ७५३ | ७५३ | सङ्घ र स्थानीय तह |
| | | २.२.४ प्रारम्भिक बाल विकास केन्द्रका शिक्षकका लागि १५ दिने तालिम सञ्चालन | ५.२.५ १.७.८ मा समावेश गरिएको | १,००० | २५,००० | सङ्घीय सरकार |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | २.३ प्रारम्भिक बाल शिक्षा तथा विकास उमेर समूहका सबै बालबालिकाको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने | २.३.१ प्रारम्भिक बाल शिक्षा तथा विकास पाठ्यक्रमको अद्यावधिक तथा सुधार | पटक | १ | २ | सङ्घीय सरकार |
| | | २.३.२ प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रममा शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षाको व्यवस्था गर्न नगर, समुदाय तथा बालविकास केन्द्रस्तरमा सोसम्बन्धी तालिम, कार्यशाला तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन र आवश्यकताको आधारमा मनोसामाजिक परामर्शदाता वा संस्थासँग समन्वय | केन्द्र प्रतिशत | १०० | १०० | स्थानीय तह/ पाठ्यक्रम विकास केन्द्र |
| | | २.३.३ प्रारम्भिक बाल विकास केन्द्रका व्यवस्थापन समितिका सदस्यहरू, अभिभावक तथा सरोकारवालाहरूका लागि अभिमुखीकरण | स्थानीय तह | ७५३ | ७५३ | स्थानीय तह |
| | | २.३.४ सङ्घ, प्रदेश तथा स्थानीय तहमा रहेका प्रारम्भिक बालविकास समिति, स्थानीय प्रारम्भिक बालविकास समितिबाट प्रारम्भिक बालविकास सेवा तथा पाठ्यक्रमको कार्यान्वयन, अनुदान तथा सहयोग पद्धतिको प्रभावकारिताको अनुगमन, सुपरिवेक्षण तथा सहयोग | तह निरन्तर | ७६१ | ७६१ | सङ्घ, प्रदेश, स्थानीय तह |
| | | २.३.५ जीवनोपयोगी तथा (अन्तर) वैयक्तिक सिपको प्रवर्धन | तह निरन्तर | ७६१ | ७६१ | सङ्घ, प्रदेश, स्थानीय तह |
| | | २.३.६ अपाङ्गताको लेखाजोखा तथा सोहीअनुसार सिफारिस (५.३.५-१.१.२ पनि हेर्नुहोस्) | पटक | ५ | १० | स्थानीय तह |

## ४.२ आधारभूत शिक्षा

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन तथा सामाजिक समायोजनमा सहयोग गर्छ र थप सिकाइ तथा माध्यमिक शिक्षाका लागि तयारीको सुनिश्चितता गर्दै आधारभूत ज्ञान, सिप तथा अभिवृत्तिको विकास गर्छ । यसले निरन्तर सिकाइका लागि मार्ग प्रशस्त गर्दै विद्यार्थीहरूको सर्वाङ्गीण विकासका साथै मुलुकको सामाजिक-आर्थिक रूपान्तरणमा सहभागी हुनका लागि सक्षम बनाउँछ । आधारभूत शिक्षाका प्रारम्भिक वर्षहरू (कक्षा १-३) मा बालबालिकाले आधारभूत सिकाइ सिपहरू (गणित, साक्षरता, व्यवहारकुशल सिप, अन्तरवैयक्तिक सिप) सिक्छन् । यसले उनीहरूलाई भविष्यको सिकाइमा मद्दत गर्छ । प्रारम्भिक बाल विकासको अनुभवसहित कक्षा १ मा भर्ना भएका बालबालिकाले भविष्यमा बढी सिक्ने सम्भावना देखिएको छ, विद्यालयको तयारीका लागि यो मुख्य सूचक हो ।

नेपालको संविधानले सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गरेको छ । सबै बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ का अनुसार बालबालिकालाई विद्यालय पठाउन अभिभावकका साथै सरकारका तीनै तह जिम्मेवार छन् । यस खण्डमा आधारभूत शिक्षाको सन्दर्भ, चुनौती तथा अवसरहरूको पुनरावलोकन गरिएको छ । यसका आधारमा उद्देश्य, रणनीति, लक्षित प्रतिफल तथा मुख्य क्रियाकलापहरूको रूपरेखा प्रस्तुत गरिएको छ । शिक्षा ऐनको आठौं संशोधनअनुसार आधारभूत शिक्षाअन्तर्गत प्रारम्भिक बालविकासदेखि कक्षा ८ सम्म पर्छ । प्रभावकारी कार्यक्रम तथा योजनाका लागि प्रारम्भिक बाल शिक्षा तथा विकासलाई माथि खण्ड ४.१ मा प्रस्तुत गरिएको छ भने आधारभूत तहको कक्षा १-८ लाई यहाँ प्रस्तुत गरिएको छ ।

### ४.२.१ वर्तमान अवस्था तथा चुनौती

आधारभूत तहमा ९५.१ प्रतिशतको खुद भर्नादरसहित विद्यालय र विद्यार्थी दुवैको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । आधारभूत शिक्षाको पहुँचमा उल्लेख्य वृद्धि भएको देखिए तापनि आर्थिक, सामाजिक र भौगोलिक हिसाबले विभेद विद्यमान नै छ । आर्थिक तथा सीमान्तकृत समुदायका दलित, जनजाति तथा भौगोलिक रूपमा दुर्गम तथा सङ्कटापन्न अवस्थामा रहेका बालबालिकाको गुणस्तरीय आधारभूत शिक्षामा पहुँच कम छ । आधारभूत तहका विद्यालय जाने उमेर (५-१२) का करिब ५ प्रतिशत बालबालिका अझै विद्यालयबाहिरै छन् । यिनीहरूको कक्षा दोहोर्याउने र छाड्ने दर पनि बढी छ । विशेष गरी कक्षा १ मा र अरू कक्षामा यो दर बढ्दो छ । लैङ्गिक, जात/जाति, स्थान, सामाजिक-आर्थिक स्तर, अपाङ्गता आदिका कारणले यी बालबालिकाको पहुँच तथा सहभागितामा वृद्धि हुन सकेको छैन । यसका लागि विद्यालय शिक्षामा बृहत् समता सूचकाङ्कले समग्र कार्यान्वयन कार्यढाँचालाई निर्देशित गर्ने छ ।

आधारभूत तहको दोस्रो तथा आगामी वर्षहरूमा सम्बोधन गर्नुपर्ने सम्भवतः सबैभन्दा ठुलो चुनौती भनेको आधारभूत शिक्षामा भर्ना भई अपेक्षित सिकाइ उपलब्धि हासिल नै नगरी कक्षोन्नतिको निरन्तरता दिनु हो । तल्ला कक्षाहरूमा पढाइ र गणितको सिकाइ उपलब्धि न्यून छ । आधारभूत भाषिक र गणितीय समस्या समाधान गर्न नसक्ने भएकाले यो ध्यान दिनुपर्ने विषय भएको छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सञ्चालन गरेको विद्यार्थीहरूको उपलब्धि परीक्षणअनुसार तल्लो कक्षाका विद्यार्थीको सिकाइ उपलब्धि विद्यालय क्षेत्र विकास योजनाकालदेखि नै वृद्धि हुन सकेको छैन । हालको अवस्थामा नतिजा कम हुनुको कारण कोभिड-१९ ले उत्पन्न गरेको व्यवधान हुन सक्छ भन्ने बुझाइ रहेको छ । विद्यार्थीहरू सिकाइमा कसरी संलग्न गराइन्छन् र उनीहरूलाई कसरी सहजीकरण गरिन्छ भन्ने कुराको पुनरावलोकन गर्नुपर्नेमा जोड दिनु आवश्यक छ । पढाइमा सक्षम नभएका, गणितमा कमजोर तथा उमेरअनुसार कार्य गर्न नसक्ने बालबालिकाका लागि राष्ट्रिय रूपमा सिकाइको गति बढाउने कार्यक्रमका साथ सिकाइको आपुरणमा सहजीकरण गर्न तत्काल सुधारका उपायहरू अवलम्बन गर्नु आवश्यक छ । पाठ्यक्रमको सान्दर्भिकतामा अभिवृद्धि र यसको प्रभावकारी कार्यान्वयमा निरन्तर सुधार आवश्यक छ । शैक्षणिक सुधार गर्न शिक्षकको तयारी तथा विकास, अनुगमन, सुपरिवेक्षण तथा पेसागत विकासको व्यवस्था हुनु आवश्यक छ ।

स्रोत केन्द्रहरूको विघटन तथा शिक्षा तालिम केन्द्रको सङ्ख्यामा कटौतीका कारण शिक्षक पेसागत विकासमा असर परेको हुनाले शिक्षक सहयोग प्रणालीको पुनर्संरचना आवश्यक छ । शिक्षक, प्रअ, विव्यस पदाधिकारीहरू विद्यार्थीको सिकाइप्रति उत्तरदायी हुने तथा आधारभूत विद्यालयहरूमा अनुकूल सिकाइ वातावरण बनाउन सुनिश्चित गर्ने प्रणालीको विकास हुनु आवश्यक छ ।

शिक्षक पेसागत विकासका अतिरिक्त शिक्षक नियुक्ति तथा पदस्थापन पद्दतिमा सुधार आवश्यक छ । २०७८ सम्ममा २,९८९ सामुदायिक विद्यालयमा कक्षा ६-८ का लागि दरबन्दी पूरा हुन नसकेकाले अनुदान र समुदायस्तरको सहयोगमा शिक्षक व्यवस्थापन गरिएको छ । यसका साथै ठुलो सङ्ख्याका विद्यालयमा पर्याप्त मात्रामा शिक्षकको पद तथा कक्षा ६-८ मा विषय शिक्षकको व्यवस्था गर्न सकिएको छैन । आधारभूत तहको कक्षा १-५ का लागि स्वीकृत शिक्षक-विद्यार्थी अनुपातको मापदण्डबमोजिम स्थानीय तहमा शिक्षकको विद्यालयगत पुनर्वितरण गरिँदै छ ।

जनसाङ्ख्यिक परिवर्तन, बसाइँसराइ, बस्तीको स्वरूपमा आएको परिवर्तनका कारण आधारभूत तहका धेरै विद्यालयहरूको नक्साङ्कन गरी समायोजन गर्न आवश्यक छ । विद्यालयका भौतिक तथा शैक्षिक (बाल/ लैङ्गिक/ अपाङ्गमैत्री) अवस्था पहुँचयोग्य तथा समावेशी बनाउन थप प्रयास आवश्यक छ । यसै गरी पोषण, स्वास्थ्य, पानी, सरसफाइ आदि जस्ता बालबालिकाको विकास, कल्याण तथा सिकाइमा प्रभाव पार्ने सेवाहरूलाई विस्तार तथा एकीकरण गर्नु आवश्यक छ । विद्यालयहरू अपाङ्गमैत्री पूर्वाधारयुक्त हुनुपर्छ र आपतकाल तथा संकटका अवस्थामा बालबालिकाको सुरक्षा र सिकाइ सुनिश्चित गर्नुपर्छ । सुरक्षित खानेपानी, सरसफाइ र आधारभूत स्वास्थ्य तथा पोषणको प्रत्याभूति गर्न सेवामा सुधार गर्नु महत्त्वपूर्ण छ ।

अन्त्यमा, विशेष सन्दर्भ (उदाहरणका लागि दुर्गम क्षेत्रका लागि बहुकक्षा बहुस्तर लागु भएका साना विद्यालय वा विशेष आवश्यकता भएका मातृभाषामा पढाइ हुने वा अपाङ्गता-समावेशी विद्यालय) मा रहेका बालबालिकालाई सेवा पुर्याउन भनी विद्यालय क्षेत्र विकास योजनाअन्तर्गत परीक्षणका रूपमा लागु गरिएका आधारभूत शिक्षाका नमुनाहरूको विस्तार तथा लागत प्रभावकारिताको विश्लेषण गर्नु आवश्यक छ । यसलाई कसरी आफ्नो योजना तथा बजेटमा समेट्ने भन्नका लागि आवश्यक मार्गदर्शन स्थानीय स्तरको शिक्षा योजनाकारहरूलाई उपलब्ध गराउनु आवश्यक छ ।

विद्यालयहरूमा प्रभावकारी कार्यसम्पादन गर्न तथा सिकाइ उपलब्धि हासिल गर्न प्रोत्साहन गर्ने पक्षहरू बुझ्न तथा पहिचान गरिएका समान सन्दर्भ, स्रोत तथा क्षमता भएका विद्यालयहरूलाई स्थानीय तहको नमुना विद्यालयका रूपमा सहयोग गर्न थप विश्लेषण गर्नु आवश्यक छ ।

### ४.२.२ उद्देश्य

१. सबैको लागि समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु

२. विद्यालयमा भर्ना भएका सबै बालबालिकालाई न्यूनतम सिकाइ उपलब्धिसहित आधारभूत तहको शिक्षाको पूर्ण चक्र पूरा गर्न सक्षम तुल्याउनु

३. प्रारम्भिक कक्षाहरूका बालबालिकाको आधारभूत साक्षरता तथा गणितीय सिपको सुनिश्चितता गर्नु

४. आधारभूत तहमा अध्ययनरत सबै बालबालिकाको सिकाइ उपलब्धि सुधार गर्नु

५. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु र विद्यालय पद्धतिलाई समावेशी, उत्थानशील र जवाफदेही बनाउनु

### ४.२.३ रणनीति

१. सबै बालबालिकालाई पहुँचयोग्य शैक्षिक सुविधा तथा समान अवसर प्रदान गर्न औचित्यपूर्ण रूपमा विद्यालयको वितरण सुनिश्चित गर्न विद्यालय नक्साङ्कन गर्ने

२. विद्यालयबाहिर रहेका सबै बालबालिकालाई आधारभूत शिक्षाको पहुँचमा ल्याउन स्थानीय तहले योजनाको निर्माण तथा कार्यान्वयन गरेको सुनिश्चित गर्ने

३. सबैका लागि निःशुल्क विद्यालय शिक्षा सुनिश्चित गर्न खास गरी विपन्न, सुविधाविहीन, विभिन्न कठिन परिस्थितिमा रहेका, सीमान्तकृत तथा अपाङ्ग भएका बालबालिकालाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी छात्रवृत्ति प्रणालीको प्रभावकारी कार्यान्वयनमा सुधार ल्याउने

४. स्थानीय स्वास्थ्यसम्बन्धी र अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य तथा समन्यव गरी आधारभूत तहका बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी विद्यालयमा दिवा खाजाको प्रबन्ध गर्ने

५. आधारभूत तहका बालबालिकालाई सुरक्षित पानी, सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य र पोषण सेवा तथा शिक्षा प्रदान गर्ने

६. सबै विद्यालयले बृहत् विद्यालय सुरक्षा मापदण्ड पूरा गर्न विद्यालय सुरक्षाको अवधारणालाई प्रवर्धन गर्ने

७. कक्षा १-३ को एकीकृत पाठ्यक्रमअनुसार साक्षरता तथा गणितीय सिपको आधारभूत सक्षमतामा सुधार गर्ने

८. सिकाइ क्रियाकलापमा बालबालिकाको सहभागिताका लागि भौतिक तथा शैक्षिक वातावरण सुधार गरी विद्यालयलाई भय, विभेद, दुर्व्यवहारमुक्त, समावेशी, बालमैत्री तथा सुरक्षित बनाउने

९. विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधताअनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने

१०. सबै विद्यालयमा सिकाइका लागि विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याउने र विद्यालयलाई सिकारुमैत्री बनाउने

११. जीवनोपयोगी सिप विकासलाई प्रवर्धन गर्ने र बाल क्लबमार्फत विद्यार्थीहरूलाई विद्यालयको पूर्वाधारको संरक्षणमा संलग्न गराउने

१२. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी सोका आधारमा सिकाइ सहजीकरणको प्रक्रिया तथा जवाफदेहीमा सुधार गर्ने

१३. मापदण्डअनुसार पर्याप्त सङ्ख्यामा योग्य, उत्प्रेरित र सक्षम शिक्षक व्यवस्था गर्ने

१४. शिक्षकको अनुपस्थिति वा अन्य कुनै कारणले विद्यार्थीको सिकाइमा पर्ने बाधा न्यून गर्न शिक्षक सहायक, स्वयम्सेवी वा सट्टा शिक्षकबाट कक्षा सञ्चालन गर्ने

१५. एकीकृत पाठ्यक्रमको कार्यान्वयन गर्न र शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई व्यवस्थित गर्न शिक्षकको शैक्षणिक तथा डिजिटल सिपको विकास गर्ने

१६. आपत्कालीन तथा सङ्कटको परिस्थितिमा सिकाइको निरन्तरता सुनिश्चतता गर्ने गरी विद्यालयहरूको क्षमता विकास गर्ने

१७. विपत्का कारणले क्षति भएको सिकाइको आपूरण गर्न आपुरण तथा द्रुत सिकाइ योजनाको कार्यान्वयन गर्ने

### ४.२.४ उपलब्धि

१. पाँच देखि बाह्र वर्ष उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भई सबैले आधारभूत शिक्षाको चक्र पूरा गरेका हुने

२. विद्यार्थीको समग्र शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भई आधारभूत तहका सबै विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुने

३. लैङ्गिक, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातिगत, भाषिक पृष्ठभूमि, प्रादेशिक, क्षेत्रीय वा अन्य कुनै पनि आधारमा विद्यार्थीको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा हुने सबै प्रकारका विभेद न्यूनीकरण भएको हुने

### ४.२.५ प्रतिफल, प्रमुख क्रियाकलाप तथा लक्ष्य

यस खण्डमा माथि उल्लेख गरिएका रणनीतिको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित प्रतिफल, प्रमुख क्रियाकलाप तथा आधारभूत शिक्षासम्बन्धी लक्ष्यको रूपरेखा दिइएको छ । तालिका ४.२ मा प्रतिफल, मुख्य क्रियाकलाप तथा भौतिक लक्ष्य र कार्यान्वयन गर्ने मुख्य जिम्मेवार तह उल्लेख गरिएको छ ।

तालिका ४.२: आधारभूत शिक्षाका उपलब्धि, प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| १. ५-१२ वर्ष उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भई आधारभूत शिक्षाको चक्र पूरा गरेका हुने | १.१ नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच सहज बनाउने र दुर्गम तथा साना बस्तीहरू, मौसमी बसाइँसराइ, विभिन्न प्रकोप तथा सङ्कटापन्न अवस्थालगायत अन्य कठिन परिस्थितिमा रहेका बालबालिकाका लागि आवश्यकताअनुसार वैकल्पिक सिकाइको प्रबन्ध गर्ने | १.१.१ विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | | स्थानीय तह |
| | | १.१.२ विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालयमा ल्याउन रणनीति तयार तथा कार्यान्वयन | पटक | | | स्थानीय तह, प्रदेश, सङ्घ |
| | | १.१.३ वैकल्पिक सिकाइ केन्द्र वा माध्यमहरूको स्थापना तथा सञ्चालन (५.३.५-१.१.१ पनि हेर्नुहोस्) | सङ्ख्या | | | स्थानीय तह |
| | | १.१.४ आधारभूत तहका सबै बालबालिकालाई विद्यालयमा भर्ना | स्थानीय तह प्रतिशत | १०० | | स्थानीय तह |
| | १.२ सबै प्रकारको भय, विभेद, हिंसा र दुर्व्यवहारबाट मुक्त गर्दै बालबालिकालाई बालमैत्री, लैङ्गिक तथा अपाङ्गमैत्री वातावरणमा शिक्षण सिकाइ सुनिश्चितताको मापदण्ड पूरा गर्ने विद्यालय सङ्ख्यामा वृद्धि हुने | १.२.१ बालमैत्री विद्यालय प्रारूप तथा समता रणनीतिमा आवश्यकताअनुसार परिमार्जन गरी कार्यान्वयन (५.३.५-१.२.१ र ५.८.५-१.१.१ पनि हेर्नुहोस्) | पुनरावलोकनः पटक<br>कार्यान्वयनः विद्यालय प्रतिशत | १<br>सबै | १<br>सबै | सङ्घ तथा स्थानीय तह (शिक्षक व्यवस्थापन विकास क्रियाकलापअनुसार) |
| | | १.२.२ विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यससम्बन्धी शिक्षा तथा संयन्त्रको प्रबन्ध गर्न तालिम, गोष्ठी, सचेतनामूलक कार्यक्रम सञ्चालन (५.८.५-१.१.२, ५.३.५ १.२.३ र ५.४.५ ३.२.१ पनि हेर्नुहोस्) | स्थानीय तह प्रतिशत | १०० | १०० | स्थानीय तह तथा विद्यालय (शिक्षक व्यवस्थापन विकास क्रियाकलापअनुसार) |
| | १.३ विद्यालय शिक्षा पद्धति प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने | १.३.१ स्थानीयस्तरमा सङ्कटकालीन प्रतिकार्य योजना तयार गरी कार्यान्वयन (५.६.५-१.१.२ पनि हेर्नुहोस्) | योजना तयारी पटक | १ | २ | स्थानीय तह (आपत्कालीन तथा महामारीका अवस्थामा दिइने शिक्षाका क्रियाकलापअनुसार) |
| | | | कार्यान्वयन स्थानीय तह | ७५३ | ७५३ | |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| २. सबै विद्यार्थीहरूले सम्बन्धित तहका लागि अपेक्षित न्यूनतम शैक्षिक उपलब्धि हासिल गरी शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भएको हुने | २.१ आधारभूत सिकाइ पूर्वाधार जस्तै आधारभूत भौतिक पूर्वाधार; सिकाइ सामग्रीको उपलब्धता; आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था गरी बालमैत्री, गुणस्तरीय र समावेशी सिकाइ वातावरणका सर्त पूरा गर्ने विद्यालय सङ्ख्यामा वृद्धि हुने | २.१.१ विद्यालयमा आधारभूत भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) (५.७.५-१.४.१ पनि हेर्नुहोस्) | विद्यालय (हजारमा) | ३० | ३५ | सङ्घ तथा स्थानीय तह (विद्यालय भौतिक सुधार क्रियाकलापअनुसार) |
| | | २.१.२ शिक्षक योग्यताका मापदण्ड र दरबन्दी निर्धारणका मापदण्ड तथा आधार पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन | पटक | १ | १ | सङ्घ तथा स्थानीय तह (शिक्षक व्यवस्थापन विकासको क्रियाकलापअनुसार) |
| | | २.१.३ आवश्यक पाठ्यपुस्तक, पाठ्यसामग्री तथा शिक्षण सिकाइ सामग्रीको प्रबन्ध (५.१.५-१.३ पनि हेर्नुहोस्) | विद्यार्थी/विद्यालय प्रतिशत | १०० | १०० | स्थानीय तह |
| | २.२ निर्धारित पाठ्यभारअनुसार पूरा समय कक्षा सञ्चालन गर्ने विद्यालय सङ्ख्यामा उल्लेख्य वृद्धि हुने | २.२.१ शिक्षकको अनुपस्थिति वा अन्य कुनै कारणले विद्यार्थीको कक्षा खाली नरहने सुनिश्चितताका लागि वैकल्पिक प्रबन्ध (जस्तैः आवधिक करार शिक्षक व्यवस्था वा स्वयम्सेवी शिक्षकबाट कक्षा सञ्चालन ) | विद्यालय प्रतिशत | १०० | १०० | स्थानीय तह र विद्यालय |
| | २.३ विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिलगायतका स्रोत तथा साधनको उपलब्धता, शिक्षक विद्यार्थीको पहुँच तथा शिक्षण सिकाइमा यसको प्रयोगमा विस्तार हुने | २.३.१ सिकाइका लागि सूचना तथा सञ्चार प्रविधिलगायतका स्रोत तथा साधनको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | ७० | ८० | सङ्घ तथा स्थानीय तह (सूचना तथा सञ्चार प्रविधिका क्रियाकलापअनुसार) |
| | २.४ विद्यालय व्यवस्थापनको क्षमता सुधार भई आधारभूत तहमा गुणस्तरीय शिक्षा सेवा प्रवाह सूचकहरूमा उल्लेख्य सुधार हुने | २.४.१ शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण | विद्यालय प्रतिशत | १०० | १०० | प्रदेश तथा स्थानीय तह |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | २.५ विद्यालय पोषण, सुरक्षित पानीसहित सरसफाइ, स्वास्थ्य तथा स्वच्छताका कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर विद्यालय खाजाको प्रबन्धबाट स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने (५.४.५ प्रतिफल १.४ पनि हेर्नुहोस्) | २.५.१ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र दिवा खाजाको प्रबन्ध | विद्यालय प्रतिशत | १०० | १०० | सङ्घ, प्रदेश तथा स्थानीय तह (दिवा खाजा, पोषण तथा स्वास्थ्यका क्रियाकलापअनुसार) |
| | | | दिवा खाजा प्राप्त गर्ने विद्यार्थीहरू (वार्षिक रुपमा) | २,७८६,३३९ | ३,०५८,२७६ | |
| ३. लिङ्ग, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातिगत, भाषिक पृष्ठभूमि, प्रदेश, क्षेत्र वा अन्य कुनै पनि अधारमा विद्यार्थीको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा हुने सबै प्रकारका विभेदलाई न्यूनीकरण गर्ने | ३.१ विद्यालयमा भर्ना हुन र नियमित विद्यालय गई सिकाइमा सहभागी हुन विपन्न, पिछडिएका, सङ्कटापन्न, सीमान्तकृत तथा अपाङ्ग बालबालिकाका लागि छात्रवृत्ति प्रणालीको स्थापना भएको हुने | ३.१.१ आर्थिक रूपमा विपन्नहरूलाई पोसाक, स्टेसनरीका लागि छात्रवृत्ति | विद्यार्थी सङ्ख्या (वार्षिक रुपमा) | ८९४,९२२ | ९०९,०२० | सङ्घ तथा स्थानीय तह (समता तथा समावेशिता क्रियाकलापअनुसार) |
| | | ३.१.२ दुर्गम तथा अन्य लक्षित समूहका बालबालिकाका लागि आवासीय सुविधा प्रदान गर्ने | विद्यार्थी सङ्ख्या | ५,००० | ६,००० | सङ्घ तथा स्थानीय तह (समता तथा समावेशिता क्रियाकलापअनुसार) |
| | ३.२ पहिचान गरिएका विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिका तथा आवश्यकतामा आधारित समावेशी वा विशेष सिकाइको अवसर उपलब्ध भएको हुने (आवासीय वा गैर आवासीय) | ३.२.१ विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकालाई आवासीय सुविधा तथा सहयोग उपलब्ध गराउने | विद्यार्थी सङ्ख्या | | | सङ्घ तथा स्थानीय तह (समता तथा समावेशिता क्रियाकलापअनुसार) |

## ४.३ माध्यमिक शिक्षा

माध्यमिक शिक्षा (कक्षा ९-१२) ले आधारभूत मूल्य मान्यता सहितको कला, विज्ञान तथा प्रविधिसँग सम्बन्धित ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारयुक्त जनशक्तिको विकास गर्ने लक्ष्य लिएको छ । यस तहको शिक्षाले नागरिकलाई विश्वबजारमा प्रवेश गर्न र उच्च शिक्षा हासिल गर्न सक्षम बनाउने आधार प्रदान गर्छ । यसै दृष्टिकोणका आधारमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को विकास गरि यसका आधारमा २०७७ देखि नयाँ पाठ्यक्रमको कार्यान्वयन गरियो । नेपालको संविधानले माध्यमिक शिक्षा निःशुल्क पाउने अधिकारको प्रत्याभूतिका साथै सबै नागरिकलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सरकारका तीनै तहलाई जिम्मेवार बनाएको छ ।

नेपालमा माध्यमिक तहमा साधारण र प्राविधिक धारको शिक्षा प्रदान गरिन्छ । प्राविधिक धारको कक्षा ९-१२ मा बाली विज्ञान, पशु विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ र सङ्गीत गरी ६ विषय क्षेत्रहरू छन् । माध्यमिक शिक्षाअन्तर्गतका प्राविधिक धारका अतिरिक्त प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त प्राविधिक शिक्षा प्रदायक संस्थाहरूद्वारा एसईई पश्चात् तीन वर्षे प्राविधिक शिक्षा कार्यक्रम पनि सञ्चालन गरिरहेका छन् । जसले श्रमबजारको मागबमोजिमका प्राविधिक जनशक्ति उत्पादन गर्दछन् । यस विद्यालय शिक्षा क्षेत्र योजनामा साधारण माध्यमिक शिक्षा र कक्षा ९-१२ को प्राविधिक धारका कार्यक्रमको मात्र चर्चा गरिने छ ।

### ४.३.१ वर्तमान अवस्था तथा चुनौती

माध्यमिक शिक्षामा विद्यार्थी भर्ना तथा प्रतिस्पर्धामा उल्लेख्य प्रगति भएको भएतापनि माध्यमिक तहको उमेर (१३-१६ वर्ष) का ४४ प्रतिशतको ठुलो सङ्ख्या अझै पहुँचबाहिर छ । माध्यमिक शिक्षामा विशेष गरी न्यून सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, दलित समुदायका किशोरी, सीमान्तकृत/दुर्गम क्षेत्रका बालबालिकाको सहभागिता तथा टिकाउ दर कम छ । माध्यमिक तहको सबै कक्षाका परीक्षाको नतिजाले गणित, नेपाली र विज्ञान जस्ता मुख्य विषयहरूमा न्यूनतम सिकाइ उपलब्धि पनि हासिल नगरेको देखाएको छ (शैगुपके, २०२०) ।

दिगो जीवनयापनका लागि शिक्षाको सान्दर्भिकता अभिवृद्धि गर्न माध्यमिक शिक्षामा जीवनोपयोगी सिकाइलाई एकीकृत गर्न आवश्यकता देखिएको छ । सोहीअनुसार शिक्षकलाई शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको व्यापक तथा प्रभावकारी रूपमा प्रयोग गरी नयाँ ज्ञान, सिप तथा प्रविधियुक्त बनाउनुपर्छ । विद्यार्थीहरूलाई आवश्यक पर्ने सक्षमतालाई ध्यान दिई कक्षा ९ देखिको प्राविधिक कार्यक्रमलाई पुनर्संरचित गर्नु आवश्यक छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले माध्यमिक विद्यालयहरूमा सञ्चालन गरिएको प्राविधिक धार तिन वर्षको हुनुपर्ने र यसका व्यावहारिक तथा प्रयोगात्मक अनुभवसहितको अन्तर्राष्ट्रिय असल अभ्याससँग तादात्म्य भएको हुनुपर्ने उल्लेख गरेको छ । यी कार्यक्रमहरू प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा सञ्चालित प्राविधिक शिक्षाका कार्यक्रमसँग मेल खान आवश्यक छ ।

विद्यालय क्षेत्र विकास योजनाको अवधिमा माध्यमिक विद्यालयहरूलाई शिक्षण सहयोग अनुदानअन्तर्गत उपलब्ध गराइएको अङ्ग्रेजी, गणित र विज्ञान विषयका शिक्षक सङ्ख्या अपर्याप्त छ । विद्यालय शिक्षा क्षेत्र योजनाअन्तर्गत यी पदहरूलाई स्थायी पदमा रूपान्तरण गर्नु आवश्यक छ । भौतिक सुविधा, प्रयोगशालालगायतका कारण पहुँचमा सुधार आएको भएतापनि ठुलो सङ्ख्यामा विद्यालयहरूमा यी सुविधा पुर्याउन बाँकी नै छ । पाठ्यक्रम, परीक्षा

प्रणाली तथा जीवनोपयोगी सिपका साथै शिक्षकका लागि प्रोत्साहन, विद्यालय वातावरण तथा उपकरणमा सुधार गर्न आवश्यक छ । गुणस्तर तथा समतामा कति सुधार भयो भन्ने हिसाबले नमुना विद्यालयहरूमा गरिएको लगानीको औचित्य पुष्टि गर्नु पनि आवश्यक छ । समग्र शिक्षाको विकासका साथै छिमेकमा रहेका विद्यालयमा गुणस्तरीय शिक्षण सिकाइको अभिवृद्धिमा नमुना विद्यालयहरूको महत्त्वपूर्ण भूमिका हुन सक्छ ।

विद्यालयबाहिर रहेका माध्यमिक विद्यालय उमेरका बालबालिका विशेष गरी कमजोर सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, दलित समुदायका किशोरी, सीमान्तकृत/दुर्गम क्षेत्रका बालबालिकाको सहभागिता तथा उनीहरूलाई टिकाइराख्ने कार्य चुनौतीपूर्ण छ । विद्यालयलाई भय, विभेद, दुर्व्यवहारबाट मुक्त राखी बालमैत्री/लैङ्गिकमैत्री बनाउनुपर्छ । यसअन्तर्गत अपाङ्गता/समावेशी संरचना, बालबालिकाको सुरक्षा तथा आपत्कालीन अवस्था तथा द्वन्द्वका बेला सिकाइको सुनिश्चितता गर्ने, सुरक्षित खानेपानी तथा आधारभूत स्वास्थ्य तथा पोषण सेवा उपलब्ध गराउने विषय समेटिएका छन् ।

निरन्तर कमजोर विद्यार्थी सिकाइ उपलब्धि माध्यमिक तहमा प्रमुख चुनौतीको रूपमा रहेको छ । आवश्यक सिकाइ तथा सिप र सिकाइका लागि उपयुक्त भौतिक तथा शैक्षिक वातावरणबिना नै विद्यार्थीहरू माध्यमिक शिक्षामा स्थानान्तरण हुन्छन् । विद्यार्थीको सिकाइका लागि विद्यालय शिक्षा प्रणाली उत्तरदायी छैन । त्यसै गरी सूचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँचमा भएको कमीले गर्दा कार्यस्थलका लागि आवश्यक पर्ने सिप सिकाइमा बाधा उत्पन्न भएको छ । सिकाइका लागि प्रविधिको उपयुक्त प्रयोगमा शिक्षकको क्षमता सुदृढीकरण गर्नु आवश्यक छ ।

माध्यमिक विद्यालयहरूमा सक्षम तथा योग्य विषय शिक्षकहरूको आवश्यक सङ्ख्यामा व्यवस्था गर्न सकिएको छैन । करिब १,७३२ सामुदायिक विद्यालयमा स्थायी शिक्षक दरबन्दी छैन । फलस्वरूप शिक्षण सिकाइ अनुदान तथा समुदायको सहयोगमार्फत शिक्षकहरू नियुक्त गर्ने गरिएको छ । यसका साथै ठुलो सङ्ख्याका विद्यालयहरूमा विद्यार्थी-शिक्षक अनुपातका आधारमा विषयगत स्थायी शिक्षकको दरबन्दी छैन । विद्यमान अन्तर र आवश्यकतालाई कम गर्न तथा भविष्यमा वृद्धि हुने माध्यमिक तहको विद्यार्थी भर्नालाई ध्यान दिई उल्लेख्य सङ्ख्यामा थप शिक्षकहरूको नियुक्ति हुनु आवश्यक छ ।

### ४.३.२ उद्देश्य

१. माध्यमिक शिक्षाको उमेर समूहका सबै बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु

२. माध्यमिक शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्नु

३. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु र विद्यालय शिक्षा पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु

### ४.३.३ रणनीति

१. निर्धारित मापदण्डका आधारमा विद्यालय नक्साङ्कन गरी विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी माध्यमिक शिक्षाको उमेर समूहका सबै बालबालिकाको पहुँच पुर्याउने

२. सबैका लागि निःशुल्क माध्यमिक शिक्षाका साथै विपन्न, सुविधाविहीन, सङ्कटापन्न, सीमान्तकृत तथा अपाङ्ग भएका बालबालिकालाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी छात्रवृत्ति प्रणालीलाई सुदृढ बनाउने

३. बालबालिकामा रहेको विभिन्न प्रकारका अपाङ्गको पहिचान गरी आवश्यकताअनुसार आवासीय वा गैरआवासीय सुविधासहितको समावेशी वा विशेष सिकाइको प्रबन्ध गर्ने

४. पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन गरी सान्दर्भिक बनाउने

५. मूल्याङ्कन पद्धतिमा सुधार गर्ने

६. शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्ने

७. राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुरूप सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउनका लागि व्यवहारकुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्न प्रयोगात्मक अभ्यास, परियोजना कार्य तथा सामुदायिक कार्य समावेश गर्ने

८. शिक्षक तयारी, विकास र सहायता प्रणालीलाई पुनर्संरचित गर्ने र मापदण्डअनुसार विज्ञान र गणित विषयमा आवश्यक सङ्ख्यामा योग्य र सक्षम शिक्षक व्यवस्था गर्ने

९. शिक्षकको अनुपस्थिति वा अन्य कुनै कारणले विद्यार्थीको शिक्षण सिकाइ अवरुद्ध नहुने सुनिश्चितताका लागि आवधिक करार शिक्षक व्यवस्था वा स्वयमसेवी शिक्षकबाट कक्षा सञ्चालन गर्ने

१०. सबै विद्यालयमा सिकाइका लागि आवश्यक वातावरण तयार गर्न विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याउने र विद्यालयलाई गुणस्तरीय पानी, सरसफाइ, महिनावारी व्यवस्थापन सुविधालगायतका स्वास्थ्य सुविधा तथा विज्ञान तथा सूचना प्रविधिसहित सिकारुमैत्री बनाउने

११. विद्यालयहरू सिकाइका सुरक्षित स्थान हुन् तथा सङ्कट र द्वन्द्वरहित छन् भन्ने सुनिश्चित गर्न बृहत् विद्यालय सुरक्षालाई प्रवर्धन गर्ने

१२. माध्यमिक तहमा सञ्चालन भइरहेको प्राविधिक धारको शिक्षाको संरचना र पाठ्यक्रमको अध्ययन गरी परिमार्जन गर्ने

१३. आधारभूत भाषिक, गणितीय, विज्ञानसम्बन्धी, सामाजिक तथा नागरिक शिक्षा विषयका सक्षमता हासिल गरेपछि प्राविधिक शिक्षा प्राप्त गर्नका लागि कक्षा १० पछि कम्तीमा तीन वर्षको माध्यमिक प्राविधिक शिक्षा कार्यक्रमको विकास गर्ने

१४. प्राविधिक धारको परिमार्जित पाठ्यक्रमलाई श्रम बजारलाई ध्यानमा राखी कार्यान्वयन गर्ने तथा विद्यालयमा आवश्यक पूर्वाधार र उपयुक्त शिक्षकको व्यवस्था गर्ने

१५.राष्ट्रिय योग्यता प्रारूपअनुसार साधारण र प्राविधिक तथा व्यावसायिक शिक्षाबिच गतिशीलता र पारगम्यता सुनिश्चित हुने गरी समतलीय तथा लम्बीय सम्बन्ध विकास गर्ने

१६.निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जबाफदेही सुनिश्चित गर्ने र सुधारका क्षेत्र पहिचान गर्ने

१७.जीवनोपयोगी सिप विकासलाई प्रवर्धन गर्ने र बालक्लब मार्फत विद्यार्थीहरूलाई विद्यालयको पूर्वाधारको जगेर्ना तथा मर्मत सम्भारमा संलग्न गराउने

१८.आपत्कालीन तथा सङ्कटको परिस्थितिमा सिकाइका लागि वैकल्पिक व्यवस्था गर्ने

१९.पातला बस्ती र जनसङ्ख्या कम भएका दुर्गम तथा हिमाली क्षेत्रमा एकीकृत आवासीय प्रबन्धसमेत गरी माध्यमिक शिक्षाको पहुँच र सहभागिता सुनिश्चित गर्ने

२०.शैक्षिक निकायको शासकीय पद्धतिलाई सङ्घीय संरचनाअनुकूल बनाउने तथा विद्यार्थीको नतिजाप्रति जवाफदेही बनाउन ती निकायहरूको व्यवस्थापकीय क्षमतामा सुधार गर्ने

### ४.३.४ उपलब्धि

१. माध्यमिक तहमा भर्नादर वृद्धि हुने र भर्ना भएका विद्यार्थीमध्ये उक्त तहको शिक्षाको चक्र पूरा गर्ने दरमा उल्लेख्य रूपमा सुधार भएको हुने

२. माध्यमिक तहमा प्राविधिक शिक्षाको आवश्यकता, औचित्य र सम्भाव्यताको अध्ययन गरी प्राविधिक सिप हासिल गर्न चाहने विशेष रूपमा लक्षित विद्यार्थीहरूका लागि गुणस्तरीय, सान्दर्भिक, श्रम बजारअनुकूल र आवश्यकतामा आधारित प्राविधिक शिक्षा प्रदान गर्न सक्ने गरी क्षमता सुदृढ भएको हुने

३. सबै विद्यार्थीहरूले माध्यमिक तहका लागि निर्धारित न्यूनतम शैक्षिक उपलब्धि हासिल गरेका हुने र विद्यार्थीको शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भएको हुने

४. लैङ्गिक, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातिगत, भाषिक पृष्ठभूमि, प्रादेशिक, क्षेत्रीय वा अन्य कुनै पनि आधारमा विद्यार्थीको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धि जस्ता सबै प्रकारका विभेद न्यूनीकरण भएको हुने

### ४.३.५ प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

यस खण्डमा माथि उल्लेख गरिएका रणनीतिको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित प्रतिफल, मुख्य क्रियाकलाप तथा माध्यमिक शिक्षासम्बन्धी लक्ष्यको रूपरेखा दिइएको छ । तालिका ४.३ मा प्रतिफल, प्रमुख क्रियाकलाप तथा भौतिक लक्ष्य र कार्यान्वयन गर्ने मुख्य जिम्मेवार तह उल्लेख गरिएको छ ।

तालिका ४.३: माध्यमिक शिक्षाका उपलब्धि, प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| १. माध्यमिक तहमा भर्ना दर वृद्धि हुने र भर्ना भएका विद्यार्थीमध्ये उक्त तहको शिक्षाको चक्र पूरा गर्ने दरमा उल्लेख्य रूपमा सुधार हुने | १.१ सबै स्थानीय तहहरूले निःशुल्क माध्यमिक शिक्षामा बालबालिकाको पहुँच वृद्धि गर्न माध्यमिक विद्यालयहरूको नक्साङ्कन गरी आवश्यकताअनुसार स्थापना, समायोजन तथा पुनर्वितरण गरेका हुने | १.१.१ निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कार्यविधि, निर्देशिकाहरू विकास | पटक | १ | १ | सङ्घीय तथा स्थानीय तह |
| | | १.१.२ बालबालिका भर्नाको सुनिश्चितताका लागि विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन र स्थापना | पटक | १ | २ | स्थानीय तह |
| | | १.१.३ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न आवश्यकताअनुसार खुला तथा दूर शिक्षालगायतका वैकल्पिक माध्यमहरूको प्रबन्ध | तह | ७६० | ७६० | प्रदेश सरकार र स्थानीय तह |
| | १.२ विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील भएको हुने | १.२.१ विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउन स्थानीय तहमा आकस्मिक व्यवस्थापन योजना निर्माण, क्षमता विकास तथा कार्यान्वयन | योजना तयारी पटक<br>कार्यान्वयन स्थानीय तह | १ /<br>७५३ | १ /<br>७५३ | स्थानीय तह (सङ्कट तथा महामारीका अवस्थामा शिक्षाका क्रियाकलापअनुसार) |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| २. माध्यमिक तहमा प्राविधिक शिक्षाको आवश्यकता, औचित्य र सम्भाव्यताको अध्ययन गरी उक्त तहदेखि नै प्राविधिक सिप हासिल गर्न चाहने विद्यार्थीहरूका लागि गुणस्तरीय, सान्दर्भिक, श्रमबजार अनुकूल र आवश्यकतामा आधारित प्राविधिक शिक्षा प्रदान गर्न सक्ने गरी क्षमता सुदृढ हुने | २.१ माध्यमिक तहमा प्राविधिक धार तर्फको परिमार्जित संरचना, स्वरूप तथा पाठ्यक्रम तयार भएको हुने | २.१.१ माध्यमिक तहमा प्राविधिक धारतर्फको सञ्चालित कार्यक्रमको प्रभावकारिताको अध्ययन | पटक | १ | | सङ्घीय सरकार |
| | | २.१.२ प्राविधिक धारको शिक्षाको संरचना, मापदण्ड तथा पाठ्यक्रम समायोजन तथा परिमार्जन | पटक/<br>विषय | १ /<br>६ | | सङ्घ (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलापअनुसार) |
| | २.२ माध्यमिक तहमा प्राविधिक धारतर्फको कार्यक्रम सञ्चालनका लागि क्षमता अभिवृद्धि हुने | २.२.१ प्राविधिक धारको पाठ्यसामग्री विकास तथा परिमार्जन | विषय | ६ | | सङ्घीय सरकार |
| | | २.२.२ प्राविधिक धारतर्फ शिक्षक वृत्ति विकास पद्धतिको विकास र शिक्षक तालिम सञ्चालन | पटक<br>शिक्षक प्रतिशत | १<br>८० | १०० | सङ्घीय सरकार<br>प्रदेश |
| | | २.२.३ प्राविधिक धारका विद्यालयमा भौतिक संरचना र प्रयोगात्मक सामग्री व्यवस्थापन | विद्यालय | सबै | | स्थानीय तह |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| ३. सबै विद्यार्थीहरूले माध्यमिक तहका लागि निर्धारित न्यूनतम शैक्षिक उपलब्धि हासिल गरी विद्यार्थीको शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार हुने | ३.१ आधारभूत भौतिक पूर्वाधार, सूचना प्रविधि पूर्वाधार, प्रयोगशाला तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था जस्ता सिकाइका अत्यावश्यकीय सुविधा पूरा गरी गुणस्तरीय, बालमैत्री र समावेशी सिकाइ वातावरण तयार भएका विद्यालयको सङ्ख्यामा वृद्धि हुने | ३.१.१ शिक्षक योग्यताका मापदण्ड र दरबन्दी पुनर्वितरणका मापदण्ड तथा आधारहरूमा आवश्यक पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन | पटक/ स्थानीय तह | १/ ७५३ | | सङ्घ (शिक्षक व्यवस्थापन तथा विकासको क्रियाकलापअनुसार) |
| | | ३.१.२ मापदण्डअनुसार विद्यालयमा आवश्यक विषय शिक्षकको व्यवस्थापन | विद्यालय | सबै | सबै | सङ्घ तथा स्थानीय तह (शिक्षक व्यवस्थापन तथा विकासको क्रियाकलापअनुसार) |
| | | ३.१.३ सबै विद्यालयमा आधारभूत भौतिक पूर्वाधार विकास गर्ने (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा) | विद्यालय प्रतिशत | १०० | १०० | सङ्घीय सरकार र स्थानीय तह (विद्यालय भौतिक सुधारको क्रियाकलापअनुसार) |
| | | ३.१.४ सूचना प्रविधि पूर्वाधार तथा प्रयोगशाला निर्माण र सामग्री व्यवस्थापन | विद्यालय प्रतिशत | १०० | १०० | सङ्घीय सरकार तथा स्थानीय तह (नतिजा ८ सँग पनि सम्बन्धित) |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | | ३.१.५ निःशुल्क शिक्षाको सुनिश्चितताका लागि पाठ्यपुस्तक वितरण (तालिका ५.१. को १.३ पनि हेर्नुहोस्) | विद्यार्थी सङ्ख्या (वार्षिक) | ६७०,७०० | ७३२,०५७ | स्थानीय तह |
| | | ३.१.६ सिकाइ सामग्री विकास तथा वितरण | विद्यालय सङ्ख्या | सबै | सबै | स्थानीय तह |
| | | ३.१.७ राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन | कक्षा | ९-१२ | ९-१२ | सङ्घीय सरकार तथा स्थानीय तह (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलापअनुसार) |
| | | ३.१.८ पाठ्यपुस्तक र सिकाइ सामग्री विकास तथा अद्यावधिक गर्ने (तालिका ५.१.५ को १.३ पनि हेर्नुहोस्) | कक्षा | ९-१२ | ९-१२ | सङ्घीय सरकार तथा स्थानीय तह (पाठ्यक्रम तथा मूल्याङ्कनको क्रियाकलापअनुसार) |
| | | ३.१.९ विद्यालय पोषण, पिउने पानी तथा स्वास्थ्य कार्यक्रम सञ्चालन | विद्यालय प्रतिशत | १०० | १०० | सङ्घीय र स्थानीय तह (पोषण तथा स्वास्थ्य कार्यक्रमको क्रियाकलापअनुसार) |
| | | ३.१.१० नमुना विद्यालयको प्रभावकारिताको अध्ययन | पटक | १ | | सङ्घीय सरकार |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | ३.२ निर्धारित पाठ्यभारअनुसार पूरा समय कक्षा सञ्चालन गर्ने विद्यालय सङ्ख्यामा उल्लेख्य वृद्धि हुने | ३.२.१ शिक्षकको अनुपस्थिति वा अन्य कुनै कारणले विद्यार्थीको कक्षा खाली नरहने सुनिश्चितताका लागि वैकल्पिक प्रबन्ध गर्ने (जस्तैः आवधिक करार शिक्षकको प्रबन्ध वा स्वयम्सेवी शिक्षकबाट कक्षा सञ्चालन) | विद्यालय प्रतिशत | १०० | १०० | स्थानीय तह तथा विद्यालय |
| | ३.३ माध्यमिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिलगायतका स्रोत तथा साधनको उपलब्धता, शिक्षक विद्यार्थीको पहुँच तथा शिक्षण सिकाइमा तिनीहरूको प्रयोगमा उल्लेखनीय विस्तार हुने | ३.३.१ सिकाइका लागि सूचना तथा सञ्चार प्रविधिलगायतका स्रोत तथा साधनको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय प्रतिशत | ९० | ९५ | सङ्घीय सरकार तथा स्थानीय तह (शिक्षामा सूचना प्रविधि क्रियाकलापसँग सम्बन्धित) |
| | ३.४ विद्यालय व्यवस्थापनको क्षमता सुधार भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाहसम्बन्धी सूचकहरूमा उल्लेख्य सुधार हुने | ३.४.१ विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास | विद्यालय प्रतिशत | ८० | १०० | स्थानीय तह |
| ४. लैङ्गिक, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातिगत, भाषिक पृष्ठभूमि, प्रदेश, क्षेत्र वा अन्य कुनै पनि आधारमा विद्यार्थीको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा हुने सबै प्रकारका विभेदलाई न्यूनीकरण गर्ने | ४.१ विपन्न, सुविधाविहीन, सङ्कटासन्न, सीमान्तकृत तथा अपाङ्ग भएका बालबालिकालाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी छात्रवृत्ति प्रणालीको स्थापना भएको हुने | ४.१.१ आर्थिक रूपमा विपन्न विद्यार्थीहरूलाई पोसाक, स्टेसनरी, दिवा खाजा आदिका लागि छात्रवृत्ति प्रदान | विद्यार्थी सङ्ख्या | १४२,५२२ | १५१,५४३ | स्थानीय तह (समता तथा समावेशी क्रियाकलापअनुसार) |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | | ४.१.२ दुर्गम क्षेत्र तथा अन्य लक्षित वर्गका बालबालिकाका लागि आवासीय विद्यालय सुविधा प्रदान | विद्यार्थी सङ्ख्या | ५,६०० | ६,००० | स्थानीय तह (समता तथा समावेशी क्रियाकलापअनुसार) |
| | ४.२ विभिन्न प्रकारका अपाङ्गको पहिचान गरी आवश्यकताअनुसार आवासीय वा गैरआवासीय समावेशी वा विशेष सिकाइको प्रबन्ध गर्ने | ४.२.१ विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि छात्रवृत्ति तथा अन्य सहयोग प्रदान | विद्यार्थी सङ्ख्या | | | स्थानीय तह (समता तथा समावेशी क्रियाकलापअनुसार) |
| | | ४.२.२ विशेष विद्यालयहरूको स्थापना तथा सञ्चालन | विद्यार्थी सङ्ख्या | १४/४८ | ६२ | सङ्घीय सरकार र स्थानीय तह (समता तथा समावेशी क्रियाकलापअनुसार) |

## ४.४ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ

सिकाइ जीवनपर्यन्त चलिरहने प्रक्रिया हो । यसका लागि सिकाइका औपचारिकका अतिरिक्त अनौपचारिक तरिकाले पनि महत्त्वपूर्ण भूमिका खेल्छ । अनौपचारिक तरिकाबाट व्यक्तिले वैयक्तिक तथा सामाजिक विकास, जीविकोपार्जन तथा रोजगारीका लागि आवश्यक पर्ने ज्ञान, सिप तथा सक्षमताहरूको विकास गर्छ । सिकाइ समय, विधि वा माध्यममा मात्र सीमित हुन हुँदैन । जीवनपर्यन्त शिक्षा औपचारिक शिक्षा पद्धतिभन्दा भिन्न प्रकृतिको हुन्छ । विगतका दशकहरूमा औपचारिक शिक्षा पद्धति बाहिर/सँगै सिकाइलाई सहजीकरण गर्न धेरै प्रकारका कार्यक्रमहरू स्थापित भएका छन् ।

अनौपचारिक शिक्षा कार्यक्रमले निरक्षरका लागि साक्षरता तथा साक्षरताको माथिल्लो तहमा जान चाहने र आफ्नो पेसागत तथा व्यावसायिक सिपको विकास गर्न चाहनेका लागि साक्षरोत्तर शिक्षा दुवैलाई समेट्छ । यस उपक्षेत्रले अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइमा पहुँच पुर्याउने तथा सिकाइ संस्कृतिको प्रवर्धन गर्ने रणनीति, प्रतिफल तथा कार्यक्रम प्रस्तुत गर्छ । यसले विद्यालय प्रणाली छोड्ने बालबालिका तथा किशोर किशोरीहरूका लागि निरन्तर तथा जीवनपर्यन्त सिकाइका लागि मार्ग प्रदान गर्छ ।

### ४.४.१ वर्तमान अवस्था तथा चुनौती

नेपालमा अनौपचारिक शिक्षाका लागि धेरै प्रयासहरू भएका छन् । विद्यालय क्षेत्र विकास योजनाले निरन्तर शिक्षा तथा साक्षरता कार्यक्रमहरूमा पहुँच र साक्षरता तथा जीवनपर्यन्त सिकाइको गुणस्तर बढाउने लक्ष्य राखेको थियो । १,८००,००० बालबालिका, किशोरकिशोरी तथा प्रौढ, निरक्षर तथा नवसाक्षरहरूका लागि निरन्तर शिक्षा तथा ५-१२ वर्षका ६०,००० बालबालिकाका लागि लचिलो शिक्षा प्रदान गर्ने लक्ष्य राखेको थियो । ३,६१० सामुदायिक सिकाइ केन्द्रमार्फत यी सेवाको प्रवाह गर्ने परिकल्पना गरिएकामा विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन कालमा २,१५१ सामुदायिक सिकाइ केन्द्र मात्र स्थापना भए । फलस्वरूप अनौपचारिक शिक्षा तथा साक्षरतासँग सम्बन्धित लक्ष्य आंशिक मात्र पूरा भएको छ । समग्र साक्षरता दर सन् २०२१ मा ८७ को लक्ष्यको तुलनामा ७८ प्रतिशत पुगेको छ । १५-२४ वर्ष उमेरको साक्षरता दर लक्षित ९५ को तुलनामा ९२ पुगेको छ । १५ वर्ष उमेर र सोभन्दा माथिको साक्षरता दर लक्षित ७५ प्रतिशतको तुलनामा ५८ प्रतिशत पुगेको छ (रायोआ,२०२०) । खुला शिक्षाको प्रवर्धन गर्न १२१ खुला र १७३ अनौपचारिक प्रौढ विद्यालयहरू सञ्चालनमा छन् ।

अनौपचारिकलगायत विभिन्न विधिबाट हासिल गरेको सिकाइको समकक्षता प्रदान गरी सिकारूहरूको गतिशीलता तथा पारगम्यता सहज होस् भनी सरकारले २०२० मा राष्ट्रिय योग्यता प्रारूप स्वीकृत गरेको छ । यस प्रारूपको कार्यान्वयन गर्नुअघि यसका लागि कानुनी तथा संस्थागत व्यवस्था हुन बाँकी रहेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले अनौपचारिक, वैकल्पिक, परम्परागत तथा खुला शिक्षामार्फत जीवनपर्यन्त सिकाइको संस्कृतिको विकास गरी नेपाललाई पूर्ण साक्षर बनाउने लक्ष्य राखेको छ ।

राष्ट्रिय साक्षरता अभियान (२०६५-२०७२) मा ७५ वटा जिल्ला मध्ये ५३ जिल्ला साक्षर घोषणा गरिएका थिए र २२ जिल्ला साक्षर हुन बाँकी रहेको थियो । अनौपचारिक, निरन्तर, खुला तथा वैकल्पिक शिक्षाका पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य थप सामग्रीहरूको विकास भइसकेका र सहजकर्ताको तालिम पनि सम्पन्न भइसकेको छ ।

औपचारिक शिक्षामा विगतका दशकमा विशेष गरी सीमान्तकृत समुदायका छात्राहरूको सहभागिता बढेको छ । यसका साथै सामुदायिक सिकाइ केन्द्रले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा प्रदान गर्छन् । देशव्यापी रूपमा सामुदायिक सिकाइ केन्द्रको सञ्जाल भएतापनि यिनीहरूको पूर्ण रूपमा क्षमता विकास भइसकेको छैन । यसैगरी जीवनपर्यन्त शिक्षाको अवसर पनि मुलुकको आवश्यकताअनुसार विस्तार भएको छैन ।

अनौपचारिक तथा जीवनपर्यन्त सिकाइलाई वैकल्पिक सिकाइभन्दा पनि अधिकतम साक्षरता कार्यक्रमका हिसाबले मात्र कार्यान्वयन गरिएको छ । यो अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको विकासका लागि पर्याप्त छैन । विविधता तथा कार्यकुशलताको अभावले गर्दा साक्षरता अक्षर र अङ्क चिन्नेमा सीमित छ, यसले वैकल्पिक सिकाइमा चुनौती थपेको छ । साक्षर भएकाहरूलाई निरन्तर शिक्षा प्रदान गरिएन भने पुनः निरक्षर हुने जोखिम रहन्छ । त्यसकारण साक्षरता कार्यक्रमहरूको सीमित लक्ष्य तथा प्रयोगले प्रौढहरूको जीवनमा ठुलो अर्थ राख्दैन ।

विभिन्न माध्यमबाट प्राप्त ज्ञान तथा सिपको प्रमाणीकरण गर्ने प्रावधानको अभावले प्रौढहरू औपचारिक क्षेत्रमा रोजगारीका अवसरबाट बञ्चित हुन सक्छन् । सीमित साक्षरोत्तर तथा निरन्तर शिक्षाका कार्यक्रमतर्फको आकर्षणमा कमी हुनुको मुख्य कारण पनि यही हो । त्यसकारण अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा कार्यक्रमहरूलाई विविधतायुक्त बनाई आवश्यकतामा आधारित कार्यमूलक तथा पेसागत सिप प्रदान गर्नु आवश्यक छ । व्यवहारकुशल सिप र पूर्वव्यावसायिक कार्यक्रमको सञ्चालनसहित संस्थागत संरचना तथा क्षमता विकास, सङ्घ, प्रदेश तथा स्थानीय सरकारबिच अन्तरमन्त्रालय/अन्तरनिकाय समन्वय एवम् सहकार्यको संयन्त्रको विकास गर्नु आवश्यक छ । सामुदायिक सिकाइ केन्द्रलाई जीवनपर्यन्त सिकाइ तथा सिप विकास गराउने थलोका रूपमा विकास गर्नुपर्छ ।

### ४.४.२ उद्देश्य

१. नेपालका सबै युवा तथा प्रौढहरूलाई साक्षरताको सिप प्रदान गर्नु
२. कार्यमूलक साक्षरता, खुला तथा जीवनपर्यन्त सिकाइका अवसरहरूको विस्तार तथा विविधीकरण गर्नु
३. सिकाइ स्थानीय परिवेश र संस्कृति सान्दर्भिक भएको सुनिश्चित गर्न अनौपचारिक शिक्षा, जीवनपर्यन्त तथा खुला सिकाइका लागि संस्थागत सुदृढीकरण गर्नु

### ४.४.३ रणनीति

१. साक्षर नेपाल अभियान पूरा गर्न अन्तर सरकार/मन्त्रालय/निकायबिच समन्वय र सहकार्य अभिवृद्धि गर्दै स्थानीय तहको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, गैरसरकारी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गर्ने
२. साक्षरता सिकाइमा रेडियो, टेलिभिजन, मोबाइल, अनलाइनजस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय तथा सहभागीमैत्री सामग्री तथा विधिसमेतका आधारमा पहुँचको अभिवृद्धि गर्ने । यसका लागि सिकारूका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधताअनुरूपका डिजिटल सिकाइ सामग्री विकास गर्ने
३. मौलिक एवम् परम्परागत ज्ञान तथा सिपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम् हस्तान्तरणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने

४. राष्ट्रिय योग्यता प्रारूपअनुसार अरीतिक, अनौपचारिक तथा औपचारिक शिक्षाबिच समकक्षताका लागि कानुनी प्रबन्ध गरी मापदण्ड विकास गर्ने

५. स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकताअनुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गर्ने

६. स्थानीय तहको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, गैरसरकारी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक तथा अन्य साझेदारहरू जस्तै निजी क्षेत्रमा सञ्चालित उद्योग, व्यवसाय, कल कारखाना जस्ता कार्यस्थलसमेत परिचालन गर्ने । साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफएम सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित जीवनपर्यन्त सिकाइ थलोका रूपमा विकास गर्ने

७. सामुदायिक पुस्तकालयलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गरी सामुदायिक सिकाइ तथा स्रोत केन्द्रको रूपमा विकास गर्ने

८. सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूको तथ्याङ्क अद्यावधिक गरी स्पष्ट मापदण्डका आधारमा तिनीहरूको वर्गीकरण गर्ने तथा स्थानीय, प्रदेश र सङ्घीय सरकारको व्यवस्थापन, लगानी र रेखदेखमा सञ्चालनको व्यवस्था मिलाउने

९. अनौपचारिक शिक्षा एवम् जीवनपर्यन्त सिकाइको साझेदारी कार्यढाँचा तयार गर्ने

१०.स्थानीय तहको क्षमता र अपनत्व विकासका लागि अन्तर सरकार र अन्य सरोकारवालाहरूबिच समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको मापदण्ड निर्धारण तथा संस्थागत सुदृढीकरण गर्ने

११.तीनै तहका सरकार तथा अन्य सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा समुदायमा आधारित शिक्षा, स्वास्थ्य, कृषि, वन तथा वातावरणसम्बन्धी संस्थाहरू एवम् जनशक्तिका लागि सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गर्ने नीति निर्माण गर्ने

### ४.४.४ उपलब्धि

सबै युवा तथा प्रौढहरू कार्यमूलक हिसाबले साक्षरता हासिल गरेको हुनुका साथै अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि भएको हुने

### ४.४.५ प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

यस खण्डमा माथि उल्लेख गरिएका रणनीतिको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित प्रतिफल, मुख्य क्रियाकलाप तथा अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइसम्बन्धी लक्ष्यको रूपरेखा दिइएको छ । तालिका ४.४ मा प्रतिफल, मुख्य क्रियाकलाप तथा भौतिक लक्ष्य र कार्यान्वयन गर्ने मुख्य जिम्मेवार तह उल्लेख गरिएको छ ।

तालिका ४.४: अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका उपलब्धि, प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| १. सबै युवा तथा प्रौढहरूले कार्यमूलक साक्षरता हासिल गरेका हुने | १.१ साक्षर नेपाल घोषणा हुने र नवसाक्षरहरूका लागि आवश्यकतामा आधारित निरन्तर शिक्षाका कार्यक्रमको प्रबन्ध हुने | १.१.१ साक्षर घोषणा गर्न बाँकी जिल्ला/स्थानीय तहलाई साक्षर घोषणा गरी नेपाललाई साक्षर घोषणा गर्ने र आवश्यकतामा आधारित साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | जिल्ला | २४ | | स्थानीय तह |
| २. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि हुने | २.१ जीवनपर्यन्त सिकाइका लागि परिभाषित ढाँचा र मापदण्डका आधारमा सिकाइ अवसरहरू उपलब्ध हुने | २.१.१ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका लागि मार्गचित्र तयारी | पटक/स्थान (तह) | १/७६१ | | सङ्घीय सरकार |
| | | २.१.२ जीवनपर्यन्त सिकाइका लागि मौलिक तथा परम्परागत ज्ञानसहितको मोड्युल तथा सामग्री विकास र डिजिटाइजेशन | मोड्युल | २० | ४० | सङ्घीय सरकार, प्रदेश, स्थानीय तह |
| | | २.१.३ अनौपचारिक सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (रेडियो, टेलिभिजन, अनलाइन तथा अफलाइन डिजिटल सामग्री, डिजिटल प्लेटफर्म विकास र सञ्चालन) विस्तार | तह | ७६१ | ७६१ | सङ्घ, प्रदेश र स्थानीय तह |
| | २.२ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइसम्बन्धी खण्डीकृत डाटाबेस तयार हुने | २.२.१ जीवनपर्यन्त सिकाइसम्बन्धी सरोकारवालाहरूको खण्डीकृत डाटाबेस तयारी | तह | १ | २ | स्थानीय तह |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | २.३ सामुदायिक सिकाइ केन्द्रको संस्थागत संयन्त्र एवम् सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने जीवनपर्यन्त सिकाइको थलोका रूपमा विकास हुने | | केन्द्र | २१५० | | स्थानीय तह (आवश्यकता र उपलब्ध स्रोतका आधारमा सामुदायिक अध्ययन केन्द्र थप गर्न सक्ने) |
| | | २.३.२ सामुदायिक पुस्तकालयहरूको वर्गीकरणको आधार तयारी | पटक | १ | २ | सङ्घ, प्रदेश, स्थानीय तह |
| | | २.३.३ सामुदायिक पुस्तकालयहरूलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्धता | पुस्तकालय | | | स्थानीय तह |
| | | २.३.४ सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरणको व्यवस्था | केन्द्र | २१५० | केन्द्रअनुसार | स्थानीय तह |
| | | २.३.५ सामुदायिक सिकाइ केन्द्रमा संयोजक तथा सहयोगीको व्यवस्था र क्षमता विकास | केन्द्र | २१५० | केन्द्रअनुसार | स्थानीय तह |
| | २.४ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने | २.४.१ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा समन्वय संयन्त्र विकास | तह | ३ | ३ | सङ्घ, प्रदेश, स्थानीय तह |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | | २.४.२ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका लागि संस्थागत प्रबन्ध (मापदण्ड, नमुना मोड्युल सामग्री विकास, समन्वय र सहजीकरणलगायतका लागि सङ्घस्तरमा संरचना विकास, प्रदेशमा शिक्षा हेर्ने मन्त्रालयको कार्यविवरणमा समावेश, स्थानीय तहमा सम्पर्क बिन्दुको व्यवस्था) | तह | ३ | ३ | सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह |
| | २.५ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका लागि साझेदारीको प्रारूप तयार हुने | २.५.१ स्थानीय तहमा रहेका समुदायमा आधारित संस्थासँग साझेदारी तथा सहकार्यको स्वरूप तयारी | पटक | १ | | स्थानीय तह |
| | | २.५.२ अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, परम्परागत प्रकृतिका विद्यालय लगायतका लागि संस्थागत विकास र सञ्चालनका लागि अनुदान उपलब्धता | सङ्ख्या | १,३६२ | | स्थानीय तह, सामुदायिक सिकाइ केन्द्र |
| | २.६ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गर्न नीति, नियमावली तथा कार्यविधि तयार गरी राष्ट्रिय योग्यता प्रारूपअनुरूप समकक्षता प्रदान हुने | २.६.१ राष्ट्रिय योग्यता प्रारूपअनुसार योग्यता प्रमाणीकरण तथा समकक्षतासम्बन्धी कार्यविधि तयार तथा कार्यान्वयन | पटक | १ | १ | सङ्घीय सरकार |
| | | २.६.२ सिकाइ सामग्री र सिकाइको प्रमाणीकरणको संस्थागत व्यवस्था र कार्यविधि विकास | सरकारका तह | ८ | ८ | सङ्घीय र प्रदेश सरकार |

# ५. अन्तरसम्बन्धित विषय क्षेत्र

यस खण्डमा पहुँच, सहभागिता, समता, समानता तथा सक्षमतालाई सुनिश्चित गर्ने महत्त्वपूर्ण अन्तरसम्बन्धित विषय क्षेत्रका रणनीतिका बारेमा चर्चा गरिएको छ । यी विषय क्षेत्र निम्नअनुसार छन् (क) पाठ्यक्रम तथा मूल्याङ्कन (ख) शिक्षक विकास तथा व्यवस्थापन (ग) समता तथा समावेशिता (घ) विद्यालय सुरक्षा तथा आपत्कालीन शिक्षा (ङ) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग (च) विद्यालयको पूर्वाधार विकास । साथै विद्यार्थीको सर्वाङ्गीण विकासका लागि दिवा खाजा, पोषण, स्वास्थ्य, सुरक्षित पानी तथा सरसफाइ, सुरक्षाको विस्तृत रूपमा चर्चा गरिने छ । यी विषय क्षेत्रका विद्यमान अवस्था, उद्देश्य, रणनीति, अपेक्षित उपलब्धि तथा यसको नतिजा तथा लक्ष्य प्राप्तिका लागि अपनाउनुपर्ने क्रियाकलापहरू यहाँ प्रस्तुत गरिएको छ ।

## ५.१ पाठ्यक्रम र मूल्याङ्कन

पाठ्यक्रमले बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक तथा बौद्धिकलगायत चौतर्फी विकासका लागि सिकाइका विषयहरू, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन तथा सिकाइ उपलब्धिको प्रारूप प्रदान गर्छ । राम्रो पाठ्यक्रमले सैद्धान्तिक/प्राज्ञिक र व्यावहारिक पक्षबिच सन्तुलन कायम राख्छ । यसले विषयवस्तु मात्र नभई सिप तथा सक्षमताको समेत विकास गर्छ । उपयुक्त प्रकारको शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियाले विद्यार्थीहरूको ज्ञान, सिप, अभिवृद्धि गर्न सहयोग गर्छन् । पाठ्यक्रमले शिक्षकलाई बालबालिकाको जानकारी सहित, सक्रिय भई समाजमा वा सामाजिक प्रक्रियामा सहभागी हुन तयार छन् भन्ने कुरामा सुनिश्चित हुन दिशानिर्देश गर्छ । यसले अर्थपूर्ण रोजगारी, आर्थिक कार्यमा संलग्नतासहित दिगो रूपमा जीविकोपार्जन गर्न अगुवाइ गर्छ । पाठ्यक्रमले विविध सामाजिक बनोट तथा संस्कृतिको संरक्षण गर्दै महिला, बालिका र सङ्कटापन्न एवम् सुविधाविहीन समुदायका लागि गलत संस्कार तथा परम्परा रूपान्तरण गर्न मद्दत गर्छ ।

### ५.१.१ वर्तमान अवस्था तथा चुनौती

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को कार्यान्वयन गर्ने सन्दर्भमा २०७७ देखि कक्षा १ र कक्षा ११ मा नयाँ पाठ्यक्रम लागु गरिएको छ । विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनको पहिलो वर्ष २०८० को अन्तसम्ममा विद्यालय तहको सबै कक्षा (१-१२) मा नयाँ पाठ्यक्रम लागु हुने छ । विद्यालय तहको शिक्षा सान्दर्भिक र प्रभावकारी भएको सुनिश्चित गर्न पाठ्यक्रमको गुणस्तर तथा सान्दर्भिकता सुदृढ गर्न विभिन्न उपायहरू अवलम्बन गरिएको छ । यस सन्दर्भमा कक्षा १-३ को पाठ्यक्रमलाई अन्तरसम्बन्धित क्षेत्रका आधारमा सक्षमता र विषय क्षेत्र समेटी एकीकृत गरिएको छ । व्यवहारकुशल तथा संज्ञानात्मक सिप बाहेक अन्य तथा जीवनोपयोगी सिपहरूको विकास तथा कार्यान्वयन गरिएको छ । स्थानीय परिवेशमा आधारित पाठ्यक्रम निर्माण गर्न स्थानीय तहलाई सक्षम बनाउने प्रावधानको व्यवस्था गरिएको छ ।

विषयको प्रकृतिअनुसार प्रयोग, परियोजना कार्य, सामुदायिक कार्यजस्ता प्रयोगात्मक अभ्यासका लागि २५-५० प्रतिशत भार छुट्याउने प्रावधान गरिएको छ । पाठ्यक्रम प्रारूपले मातृभाषा तथा बहुभाषिक सन्दर्भमा सिकाइ सहजीकरणका लागि स्थानीय भाषामा सिकाउने प्रावधान गरेको छ । यसले कक्षाकोठामा प्रयोग गरिने भाषा र

सिकारुको घरमा बोल्ने भाषाबिच तादात्म्यता राख्न सहयोग गर्छ । जसले सिकाइमा आउने बाधालाई पनि हटाउन सहयोग गर्छ । व्यवहारकुशल/संज्ञानात्मक वाहेक अन्य तथा जीवनोपयोगी सिपका साथै शिक्षण सिकाइको साधनका रूपमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने लक्ष्य राखेको छ । मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा मानिएको छ र सिकाइका लागि निरन्तर रूपमा पृष्ठपोषण प्रदान गर्न मूल्याङ्कन एक माध्यमका रूपमा रहने पाठ्यक्रमको नीतिगत व्यवस्था छ ।

पाठ्यक्रमले विद्यार्थीहरूलाई आगामी अध्ययनका लागि प्राविधिक धारको शिक्षा वा व्यावसायिक तालिम कार्यक्रममा जाने प्रावधानसहित अर्थपूर्ण रोजगारीको अवसर सिर्जना हुने गरी सामाजिक तथा नागरिक शिक्षा समेत प्रदान गर्छ । माध्यमिक तहमा प्राविधिक धारको कार्यान्वयनमा देखा परेको जटिलतालाई हेर्दा बजारको मागअनुसारका सिप हासिल हुने गरी यसमा रहेका अन्तरको विश्लेषण गरी पाठ्यक्रममा सुधार तथा समायोजन/पुनर्समायोजन गर्नुपर्ने देखिन्छ ।

आधारभूत तहमा निर्माणात्मक तथा निरन्तर मूल्याङ्कन, माध्यमिक तहमा आन्तरिक तथा बाह्य मूल्याङ्कन पद्दति र सार्वजनिक परीक्षाहरू स्तरीकृत गरी परीक्षा तथा मूल्याङ्कनका क्षेत्रमा विगत वर्षहरूमा विभिन्न सुधारहरू गरिए । यसमा निर्माणात्मक मूल्याङ्कनलाई शैक्षणिक प्रक्रियाको अभिन्न अङ्ग मानिएको थियो । जुन शिक्षक र विद्यार्थी दुवैलाई पृष्ठपोषण प्रदान गरी सिकाइमा सुधार ल्याउने बलियो माध्यम हुन सक्छ । मूल्याङ्कनका साधन र प्रक्रियाहरूमा सुधार ल्याउन आवश्यक छ । कक्षा ८, १० र १२ को अन्त्यमा सञ्चालन गरिने सार्वजनिक परीक्षाहरू व्यवस्थित, वैध र विश्वसनीय बनाइनुपर्छ । हाल सङ्घीयता कार्यान्वयनमा आइसकेको अवस्थामा कक्षा ८ र १० का बाह्य परीक्षाहरू स्थानीय र प्रदेशले सञ्चालन गर्नुपर्छ । एकरूपताको सुनिश्चितताका लागि परीक्षाका साधन तथा प्रक्रियाहरूलाई स्तरीकृत गर्नु महत्त्वपूर्ण छ । विद्यालयमा आधारित परीक्षाका नतिजाको विश्लेषण गर्न र तिनलाई व्यवस्थित रूपमा सिकाइ सुधारमा प्रयोग गर्न शिक्षकहरूलाई उपयुक्त किसिमले तालिम दिनु आवश्यक छ ।

सरकारले कक्षा १-१० मा अध्ययन गर्ने सबै विद्यार्थीले निःशुल्क रूपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ । सामुदायिक विद्यालयहरूले पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गर्ने पाठ्यपुस्तकहरू प्रयोग गर्छन् तथापि संस्थागत तथा केही सामुदायिक विद्यालयहरूले निजी क्षेत्रबाट प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचीकृत पुस्तकमध्येबाट छनोट गरी पाठ्यपुस्तकका रूपमा प्रयोग गर्छन् । विद्यालय तहमा बहुपाठ्यपुस्तक नीति लागु गरिने व्यवस्था भए तापनि हालसम्म यसको कार्यान्वयन हुन बाँकी रहेको छ । पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा पाठ्यपुस्तकबाहेक केही बाल सन्दर्भ सामग्रीहरू विकास गरी तिनको विद्युतीय प्रति वेबसाइटमा राखेको छ । त्यसै गरी, प्रारम्भिक कक्षा पढाइ कार्यक्रममार्फत पाठ्यक्रम विकास केन्द्रले विकास गरेका पढाइ सामग्री भने सो कार्यक्रम लागु भएका विद्यालयमा पुर्याइएको छ । कोभिड-१९ महामारीका समयमा विद्यालयमा हुने नियमित पठनपाठनमा पुगेको अवरोधलाई सम्बोधन गर्न प्रारम्भिक बाल शिक्षा तथा विकास र आधारभूत तहका लागि पाठ्यक्रममा निर्धारित विषयवस्तुको समायोजित सिकाइ सामग्री विकास गरी प्रयोगमा ल्याइएको थियो । विकास भएका सामग्रीहरू सबैको पहुँचमा पुर्याउन मुद्रित प्रति वितरण गर्नुका साथै विद्युतीय प्रति पाठ्यक्रम विकास केन्द्र र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइड/पोर्टलमा राखिएको थियो ।

पाठ्यक्रम विकास केन्द्रले कक्षा १-५ का लागि विभिन्न मातृभाषामा तथा कक्षा १-३ का मुख्य विषयमा पाठ्यपुस्तकको विकास तथा उत्पादन गरेको छ । सीमित स्रोतसाधन तथा सम्बन्धित भाषाका दक्ष जनशक्तिको

उपलब्धता मातृभाषाका सामग्रीको विकास र प्रयोगका लागि चुनौतीका रूपमा रहेको छ । बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी उपयुक्त माध्यम भाषा छनोट तथा प्रयोग गर्ने कार्य पनि चुनौतीको रुपमा रहेको छ ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु आवश्यक छ । त्यसै गरी पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन गर्नु र शिक्षक निर्देशिकालगायतका मुद्रित तथा विद्युतीय सन्दर्भ सामग्रीको विकास गरी सबै शिक्षकलाई उपलब्ध गराउनु आवश्यक छ । अपाङ्गता भएका बालबालिकाका लागि समायोजित पाठ्यक्रम तथा सिकाइ सामग्रीमा अपाङ्गताको प्रकृतिअनुसार अधिकतम लचकता प्रदान गर्ने कार्य पनि चुनौतीपूर्ण छ ।

पाठ्यक्रम विकास, परिमार्जन, कार्यान्वयन तथा अनुगमनमा स्थानीय तह, प्रदेश सरकार तथा विद्यालयहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै पाठ्यक्रम कार्यान्वयनमा जबाफदेही सुनिश्चित गर्न उपयुक्त संरचना तथा क्षमताको पनि विकास गर्नु आवश्यक छ ।

### ५.१.२ उद्देश्य

१. पाठ्यक्रम तथा पठन सामग्री सान्दर्भिक, समयबद्ध र वर्तमान समय तथा बालबालिकाको आवश्यकतासँग मेल खाने गरी गुणस्तरका मापदण्ड पूरा भएको सुनिश्चित गर्नु

२. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि पर्याप्त क्षमताको सुनिश्चित गर्नु

३. निर्माणात्मक मूल्याङ्कन प्रणालीको प्रभावकारिताको अभिवृद्धि गर्नु र यसलाई शिक्षण तथा सिकाइसँग आबद्ध गर्नु

### ५.१.३ रणनीति

१. राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुरूप पाठ्यक्रमको विकास गर्ने र यसको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने

२. आवधिक रूपमा पाठ्यक्रमको कार्यान्वयनको मूल्याङ्कन गर्ने र नतिजाका आधारमा पाठ्यक्रमको परिमार्जन तथा सुधार गर्ने

३. वर्तमान कार्यान्वयनको मूल्याङ्कनको नतिजाका आधारमा प्राविधिक धारका पाठ्यक्रमको परिमार्जन, सुधार तथा समायोजन गर्ने

४. लैङ्गिक, समावेशिता, विविधताको सम्मान, समता, मानव अधिकार, अहिंसा, शान्ति तथा मेलमिलाप, दिगो विकास, वातावरणीय परिवर्तन, विश्वव्यापी दृष्टिकोण, सामाजिक सहिष्णुता, नागरिक सिपजस्ता मानवीय मूल्यसहित व्यवहारकुशल सिपलाई पाठ्यक्रममा एकीकृत गर्ने

५. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई बढीभन्दा बढी सहभागितामूलक बनाउने तथा स्थानीय सरोकारवालाहरूको स्वामित्व विकास गर्ने

६. विद्यालय तहको पाठ्यक्रम विकास तथा कार्यान्वयनसँग सम्बन्धित तोकिएका जिम्मेवारी पूरा गर्न प्रदेश सरकार तथा स्थानीय तहहरूको क्षमता विकास गर्ने

७. सङ्घ, प्रदेश र स्थानीय तहमा विद्यार्थी सिकाइ मूल्याङ्कन पद्दतिको सुदृढीकरण गर्न नारन नासा जस्ता सिकाइ उपलब्धि परीक्षणलाई नियमित कार्यान्वयन गर्ने र सिकाइ उपलब्धि सुधारको मूल्याङ्कन गर्ने

८. शिक्षक निर्देशिका, स्रोत सामग्री, सिकाइ सामग्री, स्वाध्ययन सामग्री, सन्दर्भ सामग्रीको विकास, परिमार्जन तथा समायोजन गर्ने एवम् तिनीहरूलाई विद्युतीय अनलाइन पोर्टलमार्फत सुलभ बनाउने

९. पाठ्यपुस्तकको गुणस्तरमा सुधार गर्न प्रतिस्पर्धाको प्रक्रियाद्वारा पाठ्यपुस्तकको विकास गर्ने र बहुपाठ्यपुस्तक नीति लागु गर्ने

१०. प्रारम्भिक कक्षाहरूको सिकाइमा सहजीकरण गर्न पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा पठन सामग्रीहरू विभिन्न मातृभाषा र बहुभाषिक परिवेश सुहाउँदो स्थानीय भाषामा तयार गर्ने

११. प्रत्येक सामुदायिक विद्यालयमा सूचना तथा प्रविधि प्रयोगशाला तथा सिकाइ सामग्रीसहितको पुस्तकालय र बुक कर्नर स्थापना गर्ने । प्रविधिको प्रयोगको अवसर बढाउन ज्ञान तथा सिपको विस्तार गरी खोजमूलक शिक्षण सिकाइका लागि अनुकूल वातावरण सुनिश्चित गर्ने

१२. स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयनका लागि आवश्यक संरचनाको विकास गर्दै स्थानीय स्तरमा अनुगमन तथा पृष्ठपोषण क्रियाकलापलाई मूलप्रवाहीकरण गर्ने

१३. मातृभाषामा पठन सामग्री विकास, प्रयोग तथा यसको प्रभावकारिता अभिवृद्धि गर्न स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाउने

१४. दृष्टिविहीन बालबालिकाका लागि सिकाइको अवसर वृद्धि गर्न पाठ्यक्रम, सिकाइ सामग्रीहरू ब्रेल लिपिमा उत्पादन गर्ने । साङ्केतिक भाषामा श्रव्यदृश्य सामग्रीको विकास र प्रयोग गर्ने

१५. निर्माणात्मक मूल्याङ्कनलाई प्रभावकारी बनाई सरकारका तीनै तहमा आधारभूत र माध्यमिक तहका सार्वजनिक परीक्षाहरूमा सुधार गर्ने

### ५.१.४ उपलब्धि

सबै विद्यालयहरू व्यवहारकुशल/संज्ञानात्मक बाहेक अन्य सिप , सामाजिक तथा नागरिक सक्षमतासहित सान्दर्भिक सिकाइ प्रदान गर्न सक्षम भएको तथा सूचना तथा सञ्चार प्रविधिमा विद्यार्थीहरूको पहुँच पुगेको हुने

### ५.१.५ प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

यस खण्डमा माथि उल्लेख गरिएका रणनीतिको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित प्रतिफल, मुख्य क्रियाकलाप तथा पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी लक्ष्यको रूपरेखा दिइएको छ । तालिका ५.१ मा प्रतिफल, मुख्य क्रियाकलाप तथा भौतिक लक्ष्य र कार्यान्वयन गर्ने मुख्य जिम्मेवार तह उल्लेख गरिएको छ ।

तालिका ५.१ पाठ्यक्रम तथा मूल्याङ्कनका उपलब्धि, प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

| उपलब्धि | प्रतिफल | प्रमुख क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| १. सबै विद्यालयहरू व्यवहारकुशल सिप/संज्ञानात्मक वाहेक अन्य सिप, सामाजिक तथा नागरिक सक्षमता र सूचना तथा प्रविधि सिप सहित सान्दर्भिक सिकाइ प्रदान गर्न सक्षम भएको हुने | १.१ राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयनका लागि परिमार्जित पाठ्यक्रम विकास, अभिमुखीकरण र विद्यार्थी मूल्याङ्कन मापदण्ड विकास हुने | १.१.१ **राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयन** | | | | |
| | | राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसार पाठ्यक्रम अद्यावधिक | विषय | २० | ३० | सङ्घीय सरकार |
| | | नमुना पाठ्यपुस्तक विकास, परीक्षण, सुधार तथा प्रकाशन | कक्षा/ विषय सङ्ख्या | ४/२९ | | सङ्घीय सरकार, स्थानीय तह |
| | | शिक्षक निर्देशिका विकास | कक्षा/ विषय सङ्ख्या | ३/१७ | | सङ्घीय सरकार, प्रदेश सरकार |
| | | पाठ्यक्रम तथा पाठ्यसामग्री प्रबोधीकरण | कक्षा/ विषय सङ्ख्या/ तह वा स्थान | ६/३४/७६१ | | सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह |
| | | १.१.२ **विद्यार्थी मूल्याङ्कन – मापदण्ड विकास तथा सुधार** | | | | |
| | | आधारभूत तथा माध्यमिक तहमा कक्षामा आधारित, निरन्तर तथा निर्माणात्मक मूल्याङ्कनसम्बन्धी निर्देशिका विकास | कक्षा/ विषय सङ्ख्या | १२/७४ | | सङ्घीय सरकार |
| | | सार्वजनिक परीक्षा सुधारका लागि प्रश्नपत्र बैङ्क विकास, प्रश्नपत्र स्तरीकरण तथा प्रश्न निर्माता र मोडरेटरको क्षमता विकास | तह | ३ | ३ | सङ्घ, प्रदेश, स्थानीय तह |
| | | १.१.३ **प्राविधिक धारतर्फका पाठ्यक्रम तथा पाठ्यसामग्री** | | | | |
| | | विद्यमान अभ्यासको मूल्याङ्कनका आधारमा माध्यमिक तहको प्राविधिक धारका पाठ्यक्रममा विकल्प तथा विधिमा अभिवृद्धि | | | | सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह |

| उपलब्धि | प्रतिफल | प्रमुख क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | | प्राविधिक धारको लागि पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा विकास | विषयक्षेत्र | ६ | | सङ्घीय सरकार |
| | | प्राविधिक धारका लागि निर्देशिका तथा मार्गदर्शनको विकास | विषयक्षेत्र | ६ | | सङ्घीय सरकार |
| | | पाठ्यक्रम तथा पाठ्यसामग्री प्रबोधीकरण | स्थान | ७ | | सङ्घीय सरकार, प्रदेश सरकार |
| | १.२ सूचना प्रविधिमा आधारित पाठ्यसामग्री विकास भई विद्यार्थीका लागि सहज पहुँच हुने | १.२.१ **डिजिटल सामग्री** | | | | |
| | | दृष्टिविहिन तथा श्रवण क्षमता विहीन विद्यार्थीका लागि विभिन्न मूल विषयमा नमुना डिजिटल अन्तरक्रियात्मक सामग्री विकास | कक्षा/ विषय सङ्ख्या | ६/१९ | | सङ्घीय सरकार |
| | | १.२.२ पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका सम्पूर्ण सामग्रीलाई डिजिटलाइजेशन गरी केन्द्रको इ–पुस्तकालयद्वारा सार्वजनिक पहुँच वृद्धि | निरन्तर | | | सङ्घीय सरकार |
| | १.३ पाठ्यपुस्तकको गुणस्तरमा सुधार हुने | १.३.१ **पाठ्यपुस्तक** | | | | |
| | | बहुपाठ्यपुस्तक नीति कार्यान्वयन | नमुना/कक्षा | १/ १-१२ | | सङ्घीय सरकार, प्रदेश सरकार |
| | | शैक्षिक सत्रको सुरुका दुई हप्ताभित्र निःशुल्क पाठ्यपुस्तक उपलब्धता (४.२.५ २.१.३ र ४.३.५ ३.१.५ पनि हेर्नुहोस्) | कक्षा | १-१२ | | स्थानीय तह |
| | १.४ पाठ्यसामग्रीहरू अपाङ्ग मैत्री तथा सामाजिक–सांस्कृतिक तथा भौगोलिक विविधता सापेक्ष हुने गरी विकास भएको हुने | १.४.१ **समावेशी पाठ्यक्रम विकास** | | | | |
| | | विभिन्न किसिमका अपाङ्ग भएकाहरूका लागि अनुकूल पाठ्यपुस्तक/ पाठ्यसामग्री विकास, प्रकाशन तथा निःशुल्क उपलब्धता (५.३.५ १.३.३ पनि हेर्नुहोस्) | कक्षा/विषय सङ्ख्या | १-१२ | | स्थानीय तह |
| | | पाठ्यसामग्रीको लैङ्गिक, अपाङ्ग, सामाजिक तथा सांस्कृतिक रूपले समीक्षा (५.३.५ १.३.३ पनि हेर्नुहोस्) | कक्षा | १-१२ | | सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तह |

| उपलब्धि | प्रतिफल | प्रमुख क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | १.५ पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कन भई सोका आधारमा परिमार्जन हुने | १.५.१ पाठ्यक्रम अनुगमन तथा मूल्याङ्कन | | | | |
| | | | | | | |
| | | पाठ्यक्रम कार्यान्वयनको अनुगमन | पटक/कक्षा | ३(१-१२) | ३(१-१२) | सङ्घ, प्रदेश र स्थानीय तह |
| | | पाठ्यक्रम कार्यान्वयनको निर्माणात्मक मूल्याङ्कन | विषयक्षेत्र | १० | १० | सङ्घीय सरकार, प्रदेश सरकार |
| | | पाठ्यक्रम मूल्याङ्कन | पटक | १ | २ | सङ्घीय सरकार |
| | १.६ आधारभूत तहमा मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयन भएको हुने | १.६.१ मातृभाषा तथा स्थानीय पाठ्यक्रम | | | | |
| | | नेपाली बाहेकका भाषामा स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, समायोजन तथा कार्यान्वयन | कक्षा | १-८ | | स्थानीय तह |
| | | मातृभाषाका बाहेक अन्य स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा कार्यान्वयन । (५.३.५ — १.३.५ पनि हेर्नुहोस् ) | कक्षा | १-८ | | |
| | १.७ विशेषतः प्रारम्भिक बाल शिक्षा तथा विकासदेखि कक्षा ३ सम्म आवश्यकतामा आधारित भई बहुभाषिक वातावरणमा माध्यम भाषाका रूपमा मातृभाषा र/वा स्थानीय भाषाको प्रयोग गरेको हुने | १.७.१ आवश्यकतामा आधारित भई बहुभाषिक वातावरणमा माध्यम भाषाका रूपमा मातृभाषा र स्थानीय भाषाको प्रयोग गर्न अभिमुखीकरण (५.३.५ १.३.५ पनि हेर्नुहोस्) | स्थानीय तह | | | स्थानीय तह, विद्यालय |

| उपलब्धि | प्रतिफल | प्रमुख क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | १.८ सबै तहमा पाठ्यक्रम तथा पाठ्यसामग्री विकास, सुधार, कार्यान्वयन, तथा अनुगमनका लागि संस्थागत क्षमता सुदृढ हुने | **१.८.१ संस्थागत प्रबन्ध र क्षमता विकास** | | | | |
| | | सरकारका तीनै तहमा पाठ्यक्रमको विकास, कार्यान्वयन, परीक्षा, अनुगमन तथा मूल्याङ्कन लगायतका कार्यका लागि संस्थागत सुदृढीकरणको मार्गचित्र तयारी | पटक | १ | | सङ्घीय सरकार |

## ५.२ शिक्षक व्यवस्थापन र विकास

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ शिक्षक सक्षमता तथा आवश्यकता निर्धारण गर्ने बृहत प्रारूप हो । योग्य, व्यावसायिक दृष्टिले सक्षम, उत्प्रेरित, प्रतिबद्ध तथा जवाफदेही शिक्षक शैक्षिक प्रणालीका खम्बा हुन् । नेपालमा शिक्षकको उत्पादन विश्वविद्यालय तथा माध्यमिक तहको कक्षा ११ र १२ सञ्चालित विद्यालयहरूले गर्छन् भने शिक्षक सेवा आयोगले अध्यापन अनुमति पत्र प्रदान गर्नुका साथै रिक्त स्थानमा नियुक्ति गर्न सिफारिस गर्दछ । आयोगले शिक्षकको बढुवासम्बन्धी कार्य पनि गर्छ । आयोगले सिफारिस गरेका व्यक्तिलाई शिक्षा विकास तथा समन्वय एकाइले नियुक्ति र स्थानीय तहसँगको समन्वयमा पदस्थापन गरिन्छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षक पेसागत विकासका लागि नीति निर्माण गर्छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण र कष्टमाइज्ड तालिमको पाठ्यक्रमहरू विकास गर्छ । प्रदेश शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता विकासका तालिम सञ्चालन गर्छन् ।

### ५.२.१ वर्तमान अवस्था तथा चुनौती

विद्यालय शिक्षा क्षेत्र योजना अवधिमा पर्याप्त सङ्ख्यामा योग्य तथा प्रतिबद्ध शिक्षकहरूको व्यवस्था सुनिश्चित गर्न विभिन्न चुनौतीहरूको सम्बोधन गर्न आवश्यक छ ।

#### क. योग्य तथा सक्षम शिक्षकहरूको छनोट, नियुक्ति तथा पदस्थापन

पन्ध्रौं योजना, (२०७६/७७-२०८०/८१) अवधि भित्र विश्वविद्यालयमा उच्च उपलब्धि हासिल गरेका प्रतिभावान व्यक्तिहरूलाई शिक्षकका रूपमा आकर्षणका लागि छड्के प्रवेश गर्न सक्ने गरी कानुन बनाउने कुरा उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली, २०५७ का अनुसार शिक्षक बन्न आकाङ्क्षी व्यक्तिहरूले स्थायी हुन शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गर्नुपर्ने, अध्यापन अनुमति पत्र लिनुपर्ने तथा बढुवा हुनका लागि पनि पूर्व निर्धारित मापदण्ड पूरा गर्नुपर्ने हुन्छ । प्रत्येक वर्ष शिक्षक सेवा आयोगले लिने परीक्षामा ठुलो सङ्ख्यामा युवाहरू सहभागी भएको देखिन्छ । सक्षम तथा उत्प्रेरित शिक्षकहरूको छनोट गर्नका लागि विषयको ज्ञान तथा शैक्षणिक सिप, बौद्धिक परीक्षण, शिक्षणप्रतिको रुचि, शिक्षणप्रतिको सकारात्मक सोच, नैतिक मूल्य, जिम्मेवारीको बोध तथा सेवाभाव जस्ता पक्षको प्रयोग गरी छनोट प्रक्रियामा सुधार ल्याउनु आवश्यक छ । शिक्षकले एक पटक पेसामा प्रवेश गरेपछि उनीहरूलाई निरन्तर पेसागत विकास र सहयोग पाउने अवसर प्राप्त हुनु आवश्यक छ । निरन्तर पेसागत विकास र सहयोग पाउने प्रणालीको स्थापनाका लागि कार्यढाँचा बनाउनुपर्ने हुन्छ । यसका अतिरिक्त शिक्षण पेसामा मेहनती, बौद्धिक तथा तीक्ष्ण व्यक्तिहरूलाई आकर्षिक गर्न व्यवस्थित सरुवा-बढुवा, कार्यसम्पादनमा आधारित प्रोत्साहन र पुरस्कारका लागि पारदर्शी प्रणालीको आवश्यकता पर्छ ।

#### ख. शिक्षक तयारी

नेपालका विश्वविद्यालयले शिक्षा शास्त्रमा सञ्चालन गर्ने स्नातक तथा स्नातकोत्तर (बी.एड, एम.एड) कोर्सलाई शिक्षक तयारी कोर्सका रूपमा लिइन्छ । यस्ता कोर्सको समाप्तिपछि शिक्षक हुन आवश्यक प्राज्ञिक तथा पेसागत योग्यता पुगेको मानिन्छ । यस्ता पूर्व सेवाकालीन शिक्षक शिक्षा धेरै विश्वविद्यालयहरूले सञ्चालन गर्छन् । विश्वविद्यालय अनुदान आयोगको सन् २०१८/१९ को तथ्याङ्कअनुसार त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त क्याम्पसहरूमा ८३ प्रतिशत (७५,९५७ मध्ये ६३,१६९) विद्यार्थीहरू शिक्षक शिक्षा कार्यक्रममा भर्ना भएका देखिन्छ ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ का अनुसार बी. एड., एम. एड.लाई अध्यापन अनुमति पत्र लिनका लागि आवेदन दिन योग्य मानिन्छ । शिक्षा शास्त्रमा प्रवीणता तह वा कक्षा १२ पूरा गरी वा अन्य विषयमा प्रवीणता तह पूरा गरी १० महिने तालिम लिई अध्यापन अनुमति पत्र लिएका उम्मेदबार आधारभूत तहको शिक्षक पदका लागि योग्य मानिन्छ । माध्यमिक तहका लागि अध्यापन अनुमति पत्र लिनका लागि शिक्षा शास्त्र सङ्कायमा स्नातक तह पूरा गरेको वा कुनै पनि विषयमा स्नातक तह पुरा गरी एक वर्ष बी.एड. गरेको हुनुपर्छ । त्यसै गरी माध्यमिक तहको कक्षा ११ र १२ का लागि अध्यापन अनुमति पत्र लिनका लागि स्नातकोत्तर तह पूरा गरेको हुनुपर्छ ।

पन्ध्रौं योजनामा शिक्षकको न्यूनतम शैक्षिक योग्यतालाई आवधिक रूपमा परीक्षणका आधारमा पुनरावलोकन गर्नुपर्ने विषय उल्लेख गरिएको छ । जसका लागि एउटा संयन्त्र स्थापना गरिनुपर्दछ । राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार सबै प्रकारका विद्यालयका शिक्षकको सक्षमता निर्धारण गरी सोका आधारमा शिक्षकको निरन्तर पेसागत विकासको तयारी गर्नुपर्छ । विश्वविद्यालयहरूले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँगको सहकार्यमा यी मापदण्डका आधारमा शिक्षक तयारी कोर्सको विकास गरी तालिम सञ्चालन गर्नुपर्दछ । विश्वविद्यालयहरूका विद्यमान शिक्षक विकास कार्यक्रमहरूले प्रयोगात्मक शैक्षणिक सिपहरूको विकास गर्न नसकेको प्रमाणहरूले देखाएका छन् । यी कार्यक्रमहरूले छोटो समयावधिभित्र प्राज्ञिक र शैक्षणिक सिप दुवै प्रदान गर्ने लक्ष्य राखेको छ ।यो विषयगत ज्ञान र शिक्षणका लागि पर्याप्त देखिदैन ।

कक्षा ११ र १२ को परिमार्जित पाठ्यक्रममा सङ्कायगत संरचना नभएका कारण कक्षा १२ पूरा गरेपछि शिक्षक तयारी कोर्सको विकास गर्न आवश्यक ठानिएको छ । अन्य देशका अभ्यासलाई हेर्ने हो भने एकवर्षे शिक्षक तयारी कोर्सका साथै आधारभूत तहका लागि स्नातक र माध्यमिक तहका लागि स्नातकोत्तर उपाधि हासिल गरेको हुनुपर्ने कानुनी प्रावधान रहेको देखिन्छ ।

### ग. शिक्षक पेसागत सहयोग प्रणाली

सङ्घीय संरचना कार्यान्वयनमा आएपछि विगतमा कार्यथलो वा कक्षाकोठामा आधारित शिक्षकलाई पेसागत सहयोग उपलब्ध गराउने उद्देश्यका साथ स्थापना गरिएका १,०५३ स्रोतकेन्द्रहरू खारेज गरिएका छन् । यी स्रोतकेन्द्रहरूको विकल्पको रूपमा शिक्षकलाई पेसागत सहयोग गर्न र कार्यरत शिक्षकको अनुभव साटासाट गर्न स्थानीय तहहरू जिम्मेवार हुनुपर्ने देखिन्छ । यसका लागि एक गतिशील शिक्षक पेसागत सहयोग प्रणालीको स्थापना गरी शिक्षक पेसागत सहायताको पद्दतिमा विविधता ल्याउनु आवश्यक छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले स्थानीय तहमा शिक्षकहरूलाई पेसागत सहयोग गर्न सेवा निवृत्त शिक्षकहरूलाई उपयोग गर्न सकिने उल्लेख गरेको छ । यसका लागि कानुनी व्यवस्था गर्नुपर्छ । आफ्नो अनुभव आदानप्रदान गर्न तत्कालै सेवा निवृत्त शिक्षकहरूको प्रयोग गर्नु एक रणनीति हुन सक्छ । गुणस्तरीय शिक्षाको निर्धारणमा प्रधानाध्यापकको सक्षम नेतृत्व पहिचान गरिएको सन्दर्भमा विद्यालय शिक्षा क्षेत्र योजनामा शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउन प्रधानाध्यापकलाई अझै जिम्मेवार बनाउने लक्ष्य राखेको छ ।

### घ. शिक्षकको क्षमता विकास

नेपालको संविधानअनुसार सङ्घीयता कार्यान्वयन हुनु पूर्व लामो तथा छोटो अवधिका शिक्षक तालिम सञ्चालन गर्न शैक्षिक जनशक्ति विकास केन्द्र, २९ ओटा शैक्षिक तालिम केन्द्र तथा अगुवा स्रोतकेन्द्रहरूको व्यवस्था रहेको थियो । हाल

प्रत्येक प्रदेशमा एक एकओटा गरी जम्मा सात शिक्षा तालिम केन्द्र छन् । त्यसकारण शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउन सेवाकालीन तालिम प्रदान गर्नका लागि संस्थागत संरचनाको विकास गर्नुपर्ने आवश्यकता छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार स्थानीय तहलाई शिक्षकका आवश्यकतामा आधारित तालिम, कार्यशाला, गोष्ठी, अवलोकन भ्रमण, प्रतिविम्बन, शिक्षक सञ्जाल, सहकार्यत्मक अनुसन्धान, अनुगमन जस्ता कार्यक्रम सञ्चालन गर्न अगुवाइ गर्ने प्रावधान गरेको छ । यी मध्ये धेरै कार्यक्रमहरू सञ्चालन गर्न विद्यालयहरूले सम्पर्क विन्दुका रूपमा काम गर्ने अपेक्षा गरिएको छ । यसका अतिरिक्त विद्यमान तालिम विधिमा परिमार्जन गर्दै सूचना तथा प्रविधिमा भएको तीव्र विकास तथा उपलब्धता हेरी आमनेसामने, विद्यालयमा आधारित, मिश्रित, अनलाइन, भर्च्युअल तालिम जस्ता विकल्प अपनाउने नीतिगत प्रावधान गरिएको छ । यसका साथै आधारभूत तहका शिक्षकका लागि विषय शिक्षण, बहुकक्षा बहुस्तर तालिम तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने समेत प्रावधान गरिएको छ ।

सङ्घीयता कार्यान्वयनसँगै साबिकको शैक्षिक जनशक्ति विकास केन्द्र शिक्षा विभागमा गाभिएर शिक्षा तथा मानव स्रोत विकास केन्द्र बन्यो । केन्द्रले शिक्षक पेसागत विकास कार्यक्रमहरूको मापदण्ड निर्माण गर्ने, तालिम पाठ्यक्रम विकास गर्ने र मुख्य प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने जिम्मेवारी प्राप्त गरेको छ । प्रदेश शिक्षा तालिम केन्द्रले शिक्षकका लागि एक महिने प्रमाणीकरण तालिम (दुई चरणमा) र आवश्यकतामा आधारित तालिम अनलाइन तथा अफलाइनका विधिमार्फत सञ्चालन गर्दै आएका छन् ।

विद्यालय क्षेत्र विकास योजनाको अवधिमा आधारभूत तथा माध्यमिक तहमा विज्ञान, गणित तथा अङ्ग्रेजी विषय शिक्षकको क्षमता विकासका लागि शिक्षकको पेसागत तालिमलाई प्राथमिकता दिइएको थियो । तथापि, हालका सात शिक्षा तालिम केन्द्रहरू ठुलो सङ्ख्यामा प्रमाणीकरण तालिम प्रदान गर्न अपर्याप्त छन् । सन् २०२० को शिक्षा क्षेत्र विश्लेषणले आवश्यकतामा आधारित शिक्षक तालिम प्रदान गर्न लक्षित रणनीति तथा कार्यक्रम आवश्यक भएको कुरामा जोड दिनुका साथै तालिममा सिकिएका कुरा कक्षाकोठामा लागु गर्ने उपायको खोजी गरेको छ ।

### ङ. शिक्षक जवाफदेहिता

पन्ध्रौं योजनाले गुणस्तरीय शिक्षाका लागि निरन्तर शिक्षण सिकाइप्रति समर्पित भई शिक्षकको समय शिक्षण कार्यमै ब्यतित गर्न स्थानीय तहमा अभिप्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने विषय उल्लेख गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार शिक्षकहरूलाई सिकाइ उपलब्धिका लागि प्रधानाध्यापकका साथै विद्यार्थी, अभिभावक तथा समुदायप्रति उत्तरदायी बनाउने उल्लेख गरेको छ । यसका साथै नीतिमा शिक्षकहरूलाई शिक्षण सिकाइ क्रियाकलापको सुधारमा समेत जिम्मेवार तथा उत्तरदायी बनाउने उल्लेख छ ।जसका लागि विद्यार्थीहरूको नतिजा र अन्य पक्षका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरिने छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा सञ्चालन गरिने विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले नेपाली र गणित विषयमा विद्यार्थीहरूको उपलब्धि सन्तोषजनक नभएको देखाएको छ । विद्यार्थीहरूको उपलब्धिस्तर बढाउन शिक्षक पेसागत विकासका अवसरहरू प्रदान गरिएको भए तापनि विद्यार्थीहरूको उपलब्धिस्तर र शिक्षक पेसागत विकासबिच व्यवस्थित समन्वय कायम गर्नुपर्ने देखिन्छ । विद्यार्थीहरूको उपलब्धिस्तर कम हुनुका कारणमध्ये पटक पटक हुने शिक्षकहरूको सरुवा तथा विद्यालयमा उच्च अनुपस्थिति एक हो । विद्यालय शिक्षा क्षेत्र विश्लेषणले गुस्तरीय शिक्षामा विद्यार्थीहरूको पहुँचका प्रमुख बाधक तत्त्वहरू, उपयुक्त शिक्षक विद्यार्थी अनुपात नहुनु र तोकिएबमोजिम

शिक्षकको समय शिक्षण सिकाइ प्रक्रियामा नहुनु उल्लेख गरेको छ । शिक्षकका पद दरबन्दीअनुसार पूर्ति नहुने र पूर्ति भए पनि शिक्षकहरू अन्य विद्यालयमा सरुवा हुन चाहने प्रवृत्तिले गर्दा यो मुद्दा समाधान गर्न कठिन भएको छ ।

### च. शिक्षक आपूर्ति र वितरण

शिक्षा नियमावली, २०५९ अनुसार पूर्व प्राथमिक शिक्षा/प्रारम्भिक बाल शिक्षा तथा विकासमा १ शिक्षक, आधारभूत तहको तल्ला कक्षामा ५० सम्म विद्यार्थी भए न्यूनतम दुई शिक्षक, यदि ५० भन्दा बढी भए न्यूनतम ३ शिक्षक, आधारभूत तहको माथिल्ला कक्षामा न्यूनतम चार शिक्षक तथा माध्यमिक तह (९-१२) मा न्यूनतम ८ शिक्षक नियुक्त गर्ने व्यवस्था छ । नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रमा १:४०, पहाडी क्षेत्रमा १:४५ तराई र काठमाडौं उपत्यकामा १:५० कायम गरिएको छ । व्यवहारमा प्रदेश, जिल्ला तथा विद्यालयअनुसार यो अनुपात फरक फरक छ । तराईमा यो अनुपात उच्च छ भने हिमालमा न्यून छ । सबै आधारभूत तथा माध्यमिक विद्यालयमा विषयगत शिक्षकको व्यवस्था गर्नु उत्तिकै चुनौतीपूर्ण छ । शिक्षकको आपूर्ति तथा वितरणलाई मूलप्रवाहीकरण गर्न विभिन्न उपायहरू पहिचान गरिएको छः

- बहुकक्षा शिक्षण हुन सक्ने विद्यालयहरूको पहिचान गरी शिक्षकहरूलाई बहुकक्षा शिक्षण विधिका बारेमा तालिम दिने । छरिएर रहेका समुदाय र विद्यार्थीहरूको सङ्ख्या घटेका स्थानमा बहुकक्षा शिक्षण विधि बढी उपयोगी हुन्छ ।
- कक्षा १-५ सञ्चालन भएका र विद्यार्थी सङ्ख्या पनि बढी भएका विद्यालयको पहिचान गरी तोकिएको शिक्षक विद्यार्थी अनुपातअनुसार शिक्षक दरबन्दी थप गर्ने
- विशेष आवश्यकता भएका तथा अपाङ्गता भएका बालबालिकालाई समावेशी/विशेष शिक्षा प्रदान गर्ने विद्यालयहरूको पहिचान गरी शिक्षक तथा सहयोगीहरू उपलब्ध गराउने
- आधारभूत तथा माध्यमिक तहमा विज्ञान, गणित तथा अङ्ग्रेजी विषयमा शिक्षक अभाव भएका विद्यालयहरूको पहिचान गरी शिक्षक दरबन्दी थप गर्ने

नेपालमा सामुदायिक आधारभूत तथा माध्यमिक तहमा कार्यरत महिला शिक्षकको अनुपात क्रमशः ४७.२ र २०.४ प्रतिशत छ । यसै गरी आधारभूत र माध्यमिक तहमा क्रमशः ५.९ प्रतिशत र ७.४ प्रतिशत दलित शिक्षक छन्, भने ३०.९ प्रतिशत र १९.२ प्रतिशत जनजाति शिक्षक छन् । विविधता तथा समावेशी शिक्षकको सुनिश्चितताका लागि महिला तथा आदिवासी अल्पसङ्ख्यकका लागि ४५ प्रतिशत शिक्षक पद आरक्षित छ । समावेशी प्रावधान अन्तर्गत आरक्षित पदहरूमध्ये ३३ प्रतिशत महिला, २७ प्रतिशत जनजाति, २२ प्रतिशत मधेसी, ९ प्रतिशत दलित, ५ प्रतिशत अपाङ्ग र ४ प्रतिशत दुर्गम तथा पिछडिएको क्षेत्रका लागि छुट्याइएको छ । माथि उल्लेख गरिएका समूहबाट शिक्षकहरूको छनोट निर्धारित सङ्ख्याको आधारमा सोही समूहका उम्मेदवार बिचको प्रतिस्पर्धाद्वारा गरिन्छ ।

यद्यपि केही वर्षदेखि शिक्षक सेवा आयोगको परीक्षाप्रतिको विश्वसनीयतामा वृद्धि हुँदै गएको छ तथापि अस्थायी शिक्षकको पदपूर्ति गर्नका लागि तोकिएका मापदण्डको पालनालाई सुनिश्चित गर्न सकिएको छैन । स्वीकृत शिक्षक विद्यार्थी अनुपातअनुसार शिक्षकको पदपूर्ति गर्न तथा आधारभूत तहको माथिल्ला कक्षा तथा माध्यमिक तहमा विषयगत शिक्षकको व्यवस्था गर्न नसकिएको अवस्थामा करिब ४०,००० शिक्षकहरू राहत अनुदान कोटामा कार्यरत छन् ।

कक्षा ११ र १२ लाई लक्षित गरी केबल २,००० शिक्षकहरूको दरबन्दी उपलब्ध गराइएको अवस्था छ तथा ४००० शिक्षकका लागि अनुदान कोटाको व्यवस्था गरिएको छ । यसका साथै शिक्षकको अभावलाई सम्बोधन गर्न स्थानीय तहहरूले आफ्नै स्रोतबाट स्थानीय रूपमै करारमा शिक्षक नियुक्ति गर्न सुरु गरेका छन् ।

तह र विषयअनुसार शिक्षकको नियुक्ति तथा पदस्थापन र उनीहरूको कार्यसम्पादनमा सुधार गर्ने मुद्दा चुनौतीपूर्ण रहेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आधारभूत तहमा दरबन्दीअनुसार शिक्षक बढी वा घटी भएको तथा माध्यमिक तहमा शिक्षकहरूको कमी तथा थप पदपूर्ति गर्नुपर्ने बारे दरबन्दी मिलान गर्ने कार्यलाई निरन्तरता दिदैआएको छ ।यसअनुसार शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी शिक्षक भएका विद्यालयबाट कम शिक्षक भएका विद्यालयमा १२,८२७ दरबन्दी पुनर्वितरण गरिएको छ ।

शिक्षक व्यवस्थापन तथा विकासको अर्को चुनौतीपूर्ण कुरा भनेको शिक्षण पेसालाई आकर्षक पेसाका रूपमा विकास गर्न नसक्नु हो । हाल प्रतिभावान् व्यक्तिहरूलाई यस पेसामा आकर्षित गर्न तथा टिकाउन सकिएको छैन । विश्वविद्यालयका अधिकांश शिक्षक तयारीका कार्यक्रमहरू पर्याप्त विषयवस्तु तथा शिक्षण सिपयुक्त जनशक्ति उत्पादन गर्न नसक्दा क्षमतावान् शिक्षकहरूको आपूर्ति गर्न सकिएको छैन । विद्यमान सेवाकालीन तालिम तथा पेसागत विकासका कार्यक्रमले पनि शिक्षकहरूमा ज्ञान तथा सिप पूर्ण रूपमा सिकाउन सकेको छैन । सङ्घीयता कार्यान्वयनपश्चात् स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीको पनि अभाव देखिएको छ । शिक्षा तालिम केन्द्रहरूको सङ्ख्यामा भएको कटौती तथा भएका तालिम केन्द्रको पर्याप्त क्षमता नहुनुले पनि चुनौती थपेको छ । शिक्षक पदस्थापनमा रहेको भिन्नता तथा विद्यार्थीको सिकाइ र शिक्षकको कार्यसम्पादन तथा वृत्ति विकासबिच सम्बन्ध कायम गर्न नसक्नुका कारण शिक्षकको उत्प्रेरणा, वृत्ति विकास तथा उत्तरदायित्वमा चुनौती छ ।अपर्याप्त स्वीकृत शिक्षक दरबन्दी र भएका दरबन्दीमा पनि अस्वच्छ पदस्थापन भएका कारण सक्षम शिक्षक विकास र गुणस्तरीय शिक्षणको आकांक्षा पुरा गर्न बाधा उत्पन्न भएको छ । यी चुनौतीलाई ध्यान दिई शिक्षकको व्यवस्थापन तथा विकासमा सुधार गर्न यस योजनामा कार्यक्रमहरूको व्यवस्था गरिएको छ ।

### ५.२.२ उद्देश्य

१. सबै तहमा योग्य, सक्षम तथा दक्ष शिक्षकहरूलाई आकर्षित गर्न र टिकाइराख्न गुणस्तरीय शिक्षक शिक्षा, तालिम तथा विकासका कार्यक्रमहरूको अभिवृद्धि गर्नु
२. सबै तहका शिक्षकहरूलाई प्रभावकारी शिक्षण सिकाइका लागि चाहिने प्राज्ञिक तथा पेसागत योग्यता, विषयगत ज्ञान, शिक्षण सिप तथा आधुनिक सूचना तथा सञ्चार प्रविधिको ज्ञान तथा प्रयोग गर्न सक्षम बनाउनु
३. शिक्षकको छनोट, नियुक्ति र पदस्थापनलाई बढी प्रतिस्पर्धी, पारदर्शी, व्यवस्थित तथा सबल बनाउनु
४. शिक्षकको कार्यसम्पादनको मूल्याङ्कन प्रणालीलगायत प्रोत्साहन तथा वृत्ति विकासका अवसरहरूमा सुधार र विद्यार्थीको सिकाइप्रति जबाफदेही हुने पद्धतिको विकास गरी सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको व्यवस्था गर्नु

### ५.२.३ रणनीति

१. विभिन्न विश्वविद्यालयहरूमा सञ्चालित शिक्षक तयारी कार्यक्रम/कोर्सको समीक्षा गर्ने, विषयवस्तुमा पर्याप्त दक्षता हासिल गरेका प्रशिक्षार्थी छनोट हुने वातावरण सुनिश्चित गर्न र कम्तीमा एक वर्ष वा सोभन्दा बढी अवधिको शिक्षण सिप विकासमा जोड दिने गरी कार्यक्रम/कोर्सको परिमार्जन गर्ने

२. प्रदेश शिक्षा तालिम केन्द्रहरूको पुनर्संरचना तथा क्षमता अभिवृद्धि गर्ने

३. स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकताअनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मार्गदर्शन गर्ने पद्धतिको विकास गर्ने । यसका अतिरिक्त शिक्षक तालिम कार्यक्रम सञ्चालन गर्ने स्थानीय क्याम्पस तथा अन्य शैक्षिक संस्थासँग सहकार्य बढाउने

४. शिक्षकहरूलाई प्रत्येक २-३ वर्षमा विद्यालयमा आधारित अल्पकालीन पुनर्ताजगी तालिम र निरन्तर पेसागत विकासका लागि शिक्षा तालिम केन्द्रद्वारा सञ्चालित शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिमलाई अनिवार्य गर्ने

५. विशेष गरी विभिन्न महामारी तथा विपतका बेला शिक्षण गर्न, शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न, विद्यार्थीको व्यक्तिगत क्षमता तथा विविधताहरू पहिचान गरी सिकाइ योजना निर्माण गर्न, लैङ्गिकता, समावेशिता, समता, मानव अधिकार, शान्ति र सहअस्तित्व, जलवायु परिवर्तनप्रतिको सचेतनालगायत विद्यार्थी सिकाइ उपलब्धि परीक्षणजस्ता राष्ट्रिय अध्ययनहरूले पहिचान गरेका शिक्षण सिकाइसँग सम्बन्धित मुद्दाहरूलाई सम्बोधन गर्न सक्ने गरी कार्यरत सबै शिक्षकहरूको सघन क्षमता विकास गर्ने

६. शिक्षक तयारी तथा छनोट प्रक्रियालाई राष्ट्रिय शिक्षक सक्षमता प्रारूपसँग आबद्ध गर्ने

७. शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/सत्यापन तथा थप गर्ने

८. शिक्षकको उपस्थिति, नियमितता तथा कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जबाफदेही हुने पद्धतिको विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग जोड्ने

९. शिक्षकको सेवा सर्त, सुविधा, प्रोत्साहन, बढुवाजस्ता वृत्ति विकासका प्रावधानहरूको पुनरावलोकन गरी अद्यावधिक गर्ने

### ५.२.४ उपलब्धि

सबै विद्यालयमा पर्याप्त सङ्ख्यामा योग्य, तालिम प्राप्त, सक्षम, उत्साहित तथा पेसाप्रति प्रतिबद्ध तथा कार्यसम्पादनप्रति जवाफदेही शिक्षकको व्यवस्था भएको हुने

### ५.२.५ प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

यस खण्डमा माथि उल्लेख गरिएका रणनीतिको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित प्रतिफल, मुख्य क्रियाकलाप तथा शिक्षक व्यवस्थापन तथा विकाससम्बन्धी लक्ष्यको रूपरेखा दिइएको छ । तालिका ५.२ मा प्रतिफल, मुख्य क्रियाकलाप तथा भौतिक लक्ष्य र कार्यान्वयन गर्ने मुख्य जिम्मेवार तह उल्लेख गरिएको छ ।

तालिका ५.२ शिक्षक व्यवस्थापन तथा विकासका उपलब्धि, प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| १. सबै विद्यालयमा पर्याप्त सङ्ख्यामा योग्य, तालिम प्राप्त, सक्षम, उत्साहित तथा पेसाप्रति प्रतिबद्ध तथा कार्यसम्पादनप्रति जवाफदेही शिक्षकको व्यवस्था भएको हुने | १.१ शिक्षकको वृत्ति विकासका लागि पारदर्शी र पूर्वानुमानयोग्य र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने तथा पर्याप्त र सक्षम शिक्षकको आपूर्ति हुने | १.१.१ मेधावी विद्यार्थीलाई सहज तरिकाले शिक्षण पेसामा प्रवेश गराउने व्यवस्था | पटक | १ | १ | सङ्घीय सरकार |
| | | १.१.२ नियमित रूपमा नियुक्तिको सिफारिस गर्न सक्षम हुने गरी शिक्षक सेवा आयोगको विस्तार तथा संस्थागत सुदृढीकरण | सङ्ख्या | ७ | ७ | सङ्घीय सरकार र प्रदेश सरकार |
| | | १.१.३ शिक्षक पदस्थापन, स्थानान्तरण, मूल्याङ्कन, बढुवालगायत प्रोत्साहनका लागि स्पष्ट मापदण्ड तथा प्रक्रिया विकास | मापदण्ड | १ | | सङ्घीय सरकार |
| | १.२ शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने र शिक्षकको आपूर्ति नियमित रूपमा हुने | १.२.१ तहगत र विषयगत रूपमा स्थानीय तहअनुसार शिक्षक दरबन्दी प्रमाणीकरण र पुनर्वितरण | स्थानीय तह शिक्षक सङ्ख्या (कक्षा १-५), (कक्षा ६-८), माध्यमिक तह | ७५३ | | सङ्घीय सरकार |
| | १.३ शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन र अद्यावधिक हुने | १.३.१ राष्ट्रिय शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन गरी अद्यावधिक | | | | सङ्घीय सरकार |
| | १.४ शिक्षक तयारीको परिमार्जित ढाँचा तथा कोर्सहरू तयार हुने | १.४.१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरू बिचको सहकार्यबाट एक वर्षे शिक्षक तयारी कोर्स विकास | तहअनुसार कोर्स | ३ | ३ | सङ्घीय सरकार तथा सम्बन्धित विश्वविद्यालयहरू |
| | | १.४.२ नयाँ नियुक्ति पाएका शिक्षकहरूलाई एक महिने सेवा प्रवेश तालिम सञ्चालन | जना | ७३,६०० | १३३,६०० | प्रदेश सरकार |
| | | १.४.३ शिक्षक तयारी तथा तालिम प्रदायक संस्थाहरूलाई प्रमाणीकरण | संस्था | | | सङ्घीय सरकार |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | १.५ स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा कार्यान्वयन हुने | १.५.१ स्थानीय तहमा शिक्षक पेसागत सहयोग सञ्जाल गठन तथा तिनको कार्य प्रक्रिया निर्धारण | सङ्ख्या | ७५३ | ७५३ | स्थानीय तह |
| | | १.५.२ विद्यालयमा आधारित नियमित र प्रभावकारी अनुगमन तथा सुपरिवेक्षणको संयन्त्र विकास तथा प्रधानाध्यापकबाट नियमित रूपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन | सङ्ख्या | १ | १ | स्थानीय तह |
| | | १.५.३ सुपरिवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्रधानाध्यापक, अनुभवी शिक्षक वा मेन्टर, विषय विज्ञ र समकक्षी शिक्षकबाट सुपरिवेक्षण गराउने गरी तीन दिने क्षमता विकास तालिम सञ्चालन | जना | ५,००० | १०,००० | प्रदेश सरकार र स्थानीय तह |
| | १.६ प्रदेश अन्तर्गतका तालिम केन्द्रहरूको सङ्ख्यामा वृद्धि तथा क्षमता सुधार हुने | १.६.१ शिक्षा तालिम केन्द्रहरूको सङ्ख्या वृद्धि गरी शिक्षक पेसागत विकासका कार्यक्रम सञ्चालन | सङ्ख्या | २९ | २९ | प्रदेश सरकार |
| | | १.६.२ राष्ट्रिय शिक्षक सक्षमता प्रारुपका आधारमा शिक्षक पेसागत विकासका विभिन्न अवसरहरू उपलब्ध गराउन विद्यमान शिक्षक पेसागत विकास प्रारूप, २०७२ लाई परिमार्जन | सङ्ख्या | ३ | ३ | सङ्घीय सरकार |
| | | १.६.३ कम्तीमा १० दिनको प्रशिक्षक प्रशिक्षण सञ्चालन | जना | १,००० | २,००० | सङ्घीय सरकार |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | १.७ पेसागत विकासको स्वरूप तथा विषयवस्तुमा विविधीकरण भई समसामयिक मुद्दासँग सम्बन्धित विषयवस्तु समावेश हुने | १.७.१ शिक्षक पेसागत विकास पाठ्यक्रममा विभिन्न महामारी तथा आपत्कालमा शिक्षण गर्न, शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न, विद्यार्थीको व्यक्तिगत क्षमता तथा विविधताहरू पहिचान गरी सिकाइ योजना निर्माण गर्न, समसामयिक विषयहरू लैङ्गिकता, समावेशिता, समता, मानव अधिकार, शान्ति, सहअस्तित्व, वातावरण परिवर्तनप्रतिको सचेतनालगायतका विषयवस्तुहरू समावेश | पटक | १ | २ | सङ्घीय सरकार र प्रदेश सरकार |
| | | १.७.२ सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइका लागि अनलाइन/अफलाइन शिक्षक तालिम, सहयोग तथा पृष्ठपोषणको विकास र सञ्चालन | जना (वार्षिक) | ४४,६०० | १५३,६०० | प्रदेश सरकार |
| | | १.७.३ आधारभूत तह कक्षा १-५ मा पढाउने शिक्षकका लागि मागमा आधारित छोटो अवधिको व्यवहारकुशल तथा एकाइसौँ शताब्दीका सिकाइ सिप, प्रारम्भिक कक्षा पढाइ सिप, कक्षा शिक्षण तथा बहुकक्षा शिक्षणसम्बन्धी पुनर्ताजगी अनलाइन/अफलाइन शिक्षक तालिम सञ्चालन | जना (वार्षिक) | १०,००० | १०,००० | प्रदेश सरकार स्थानीय तह |
| | | १.७.४ शिक्षण सिकाइका सम्बन्धमा शिक्षकका लागि अनलाइन तथा अफलाइन सभा/गोष्ठी सञ्चालन | सङ्ख्या | ७५३ | ७५३ | स्थानीय तह |
| | | १.७.५ शिक्षा तालिम केन्द्रबाट सञ्चालित १५ दिने अनलाइन/अफलाइन शिक्षक तालिम र १५ दिने विद्यालयमा आधारित प्रतिविम्बन अभ्यासलाई एकीकृत गर्दै एक महिने आधारभूत तह टिपिडी प्रमाणीकरण तालिमलाई एकै चरणमा सञ्चालन | जना (आधारभूत) | ३२,५०० | ६५,००० | प्रदेश सरकार |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | | १.७.६ शिक्षा तालिम केन्द्रमा आधारित १५ दिने तथा विद्यालयमा आधारित अभ्यास केन्द्रीत १५ दिने तालिमलाई मिलाई प्रधानाध्यापकका लागि एक महिने शैक्षणिक नेतृत्व तथा समन्वय सिप विषयक तालिम सञ्चालन | जना | ५००० | १०००० | प्रदेश सरकार |
| | | १.७.७ साङ्केतिक भाषाको प्रयोगसम्बन्धी शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन | जना | ३०० | ३०० | प्रदेश सरकार |
| | | १.७.८ प्रारम्भिक बालविकासमा कार्यरत शिक्षकका लागि १५ दिने तालिम सञ्चालन (४.१.५, २.२ पनि हेर्नुहोस्) | जना | १००० | २५००० | स्थानीय तह |
| | | १.७.९ विभिन्न विषयमा शिक्षकका पेसागत विकास तालिम पाठ्यक्रम विकास तथा परिमार्जन | सङ्ख्या | ५० | ५० | सङ्घीय सरकार |

## ५.३ समता र समावेशिता

नेपाल सामाजिक-सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातीय समुदायहरूको बसोबास छ । यहि विविधताले नेपाली समाजको पहिचान तथा सामर्थ्यलाई प्रतिनिधित्व गर्छ भने यही विविधताका कारण विभिन्न समुदायले ऐतिहासिक रूपमा सामाजिक, आर्थिक तथा राजनीतिक रूपमा विभेदीकरण र वञ्चितीकरणको अनुभव पनि गर्दै आएका छन् । उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपाली बाहेकका मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदायहरू ऐतिहासिक रूपमा वञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यसको असर कुनै न कुनै रूपमा शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा देखिने गरेको छ । त्यसैगरी भौगोलिक तथा क्षेत्रगत, आर्थिक तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परेको देखिन्छ । विभिन्न किसिमका अपाङ्ग भएका बालबालिका तथा कठिन परिस्थितिमा रहेका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता तुलनात्मक रूपमा कमजोर छ ।

विविधताको सम्मान र समता तथा समावेशिताको अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँचसहित अर्थपूर्ण सहभागिता कायम गरी सिकाइ सुनिश्चितता गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गर्न र हटाउन आवश्यक छ । शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्नु भनेको विद्यालय उमेरका बालबालिकालाई कुनै पनि प्रकारको अवरोधबिना विद्यालयमा प्रवेश गर्ने हक सुनिश्चित गर्नु हो । यसका लागि विद्यालयमा भर्ना भएका बालबालिकालाई भयरहित र सुरक्षित वातावरणमा स्वागत गर्दै विद्यालयको सामाजिक तथा शैक्षिक प्रक्रियामा सुरक्षित भावनाका साथ सहभागी बन्ने अवसर सिर्जना गर्नु आवश्यक हुन्छ । विभेदका कारक तत्त्व (लिङ्ग, जाति, स्थान, क्षमता, सामाजिक-आर्थिक अवस्था आदि) लाई सम्बोधन गरी प्रमाणमा आधारित तथा सन्दर्भअनुसारको अनुकूलित विधि अपनाई बालबालिकाले पहुँच, सहभागिता तथा सिकाइमा भोग्नुपरेका बाधा हटाउनुपर्छ । एकीकृत समता रणनीति २०७१ ले शैक्षिक उपलब्धिमा हुने विभेद हटाउन स्थानीय तहमा विद्यमान असमानता र यसको तीव्रताको मापन गर्नका लागि समता सूचकाङ्कसहित अवधारणात्मक कार्यढाँचा प्रदान गरेको छ ।

यस खण्डमा विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि नेपालको विद्यालय शिक्षा पद्धतिमा हाल सम्मका कार्य तथा प्रगतिको सङ्क्षिप्त समीक्षा गरिएको छ । यसमा जातीगत तथा भाषिक, लैङ्गिक, अपाङ्ग, विपन्नता, भौगोलिक, सङ्टापन्न परिस्थितिमा रहेका तथा अन्य कारणले शिक्षामा पछि परेका बालबालिका तथा समुदायलाई समेटिएको छ । समता रणनीतिमा पनि स्वास्थ्य, सुरक्षा तथा पोषणलाई समेटिएको छ, जसलाई तल ५.४ मा व्याख्या गरिएको छ ।

### ५.३.१ वर्तमान अवस्था र चुनौती

नेपालमा हालका केही दशकहरूमा विद्यालय तहको विद्यार्थी भर्नादरमा उत्साहजनक प्रगति भएको छ । सामाजिक सचेतनासँगै विद्यालय सङ्ख्यामा भएको विस्तार, माध्यमिक तहसम्म निःशुल्क शिक्षा तथा निःशुल्क पाठ्यपुस्तकको प्रबन्ध, प्रारम्भिक बाल शिक्षा तथा विकासदेखि कक्षा ५ सम्म विद्यालय दिवा खाजा कार्यक्रम विस्तार जस्ता विभिन्न लक्षित कार्यक्रमहरूका कारण भर्नादरमा यो उत्साहजनक प्रगति सम्भव भएको हो । यद्यपि पहुँचमा वृद्धि भए तापनि विभिन्न सामाजिक समूह तथा क्षेत्रमा अझै पनि असमानताहरू कायम रहेका छन् । एकीकृत समता रणनीतिअन्तर्गत जिल्ला तथा स्थानीय तहहरूलाई समता सूचकाङ्कका आधारमा वर्गीकरण गरिएको छ । वर्गीकरणअनुसार न्यून अङ्क/

उच्च विभेद भएकाहरूले पाँच वर्षदेखि लक्षित कार्यक्रममार्फत थप रकम पाउँदै आएका छन् । परिणामस्वरूप सन् २०१६ मा विद्यालय क्षेत्र विकास योजनाले सुरु गरेअनुसार सन् २०१९ सम्ममा विद्यालयबाहिर रहेका विद्यालय जाने उमेरका ७७०,००० बालबालिकामध्ये ५००,००० लाई विद्यालयमा भर्ना गर्न सकिएको थियो । शैक्षिक सुविधाहरूको समतामूलक पहुँचमार्फत पछि परेका समूह (जनजाति, दलित, मुस्लिम समुदाय तथा अपाङ्गता भएका विद्यार्थी) को शैक्षिक सूचक (खुद भर्नादर, उत्तीर्ण, चक्र पूरा गर्ने तथा तह पूरा गर्ने दर) मा सुधार भएको पाइयो ।

सन् २०२० पछि कोभिड-१९ महामारीको कारणले गर्दा कतिपय प्रगतिमा नकरात्मक असर पर्न गयो । यसका लागि हासिल हुन नसकेका सिकाइको समावेशी आपूरणको सुनिश्चितता गर्न तथा पहिचान गरिएका असमानता घटाउन विद्यालय शिक्षा क्षेत्र योजनामा नयाँ तथा थप प्रयासको आवश्यकता देखिन्छ । सन् २०२० मा गरिएको समता रणनीतिको स्वतन्त्र मूल्याङ्कनको सिफारिस तथा अपाङ्गता-समावेशी शिक्षालाई मूलप्रवाहीकरण गर्न तयार गरिएको कार्यढाँचाले मार्गनिर्देशन गरेको छ ।

## क. नीतिगत तथा कानुनी प्रबन्ध

नेपालले महिला तथा अपाङ्ग भएका व्यक्तिको शिक्षाका सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय सन्धि तथा घोषणाहरूमा प्रतिबद्धता जनाएको छ । यस्ता घोषणा तथा प्रतिबद्धताहरूमा अपाङ्ग भएका व्यक्तिहरूका लागि समान अवसर प्रदान गर्ने संयुक्त राष्ट्र सङ्घीय स्तरीकृत नियमहरू, १९९३, एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्ग भएका व्यक्तिहरूको दशक, १९९३-२००२, सालामान्का घोषणा, १९९४, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ तथा संयुक्त राष्ट्रसङ्घीय अपाङ्ग भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, २००६ लगायतका छन् । संयुक्त राष्ट्रसङ्घीय अपाङ्ग भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, २००६ ले अपाङ्ग भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । यसले अपाङ्ग भएका बालबालिकाको अधिकारको प्रत्याभूति गर्छ ।

सबैका लागि शिक्षा डकार कार्यढाँचा (२०००) र नेपालले बनाएको सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजनाले विभिन्न कारणले शिक्षाको पहुँचभन्दा बाहिर रहेका बालबालिकालाई शिक्षामा समावेश गर्नका लागि समावेशिताको अवधारणासहित पहुँच विस्तारमा जोड दिएको थियो । कोरियाको इन्चोनमा आयोजित विश्व शिक्षा मञ्च, २०१५ सँगै नेपालले पनि संयुक्त राष्ट्रसङ्घीय दिगो विकास लक्ष्यले निर्धारण गरेका शिक्षासम्बन्धी लक्ष्य हासिल गर्ने प्रतिबद्धतासहित दिगो विकासका लक्ष्य ४: शिक्षा २०३० का लागि राष्ट्रिय कार्य ढाँचाको विकास गरेको छ । दिगो विकासका शिक्षासम्बन्धी लक्ष्यअनुसार शिक्षालाई समतामूलक तथा समावेशी बनाउनका लागि नेपालले तयार गरेको यस कार्यढाँचाले यस योजनाका लागि महत्त्वपूर्ण आधार प्रदान गरेको छ ।

नेपालको संविधानले नेपाललाई समावेशी बनाउने दृष्टिकोणलाई मार्गनिर्देश गरेको छ । संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकका रूपमा लिँदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने सबै भाषिक समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्ग भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ ले अपाङ्ग भएका व्यक्ति तथा सामाजिक आर्थिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति

तथा नेपाल सरकारले निर्धारण गरेबमोजिम शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ । शिक्षामा समता र समावेशितासम्बन्धी कार्यक्रमलाई निर्देशित गरी कार्यान्वयनमा सहजीकरणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले एकीकृत समता रणनीति, २०७१ तयार गरेको छ । त्यसै गरी बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७ ले पनि समावेशी शैक्षिक वातावरणका लागि आधार तयार गरेको छ ।

### ख. समताका आयाम र शैक्षिक सम्बोधन

जातिगत तथा भाषिक कारणले विद्यालय शिक्षाको पहुँच, सहभागिता र सिकाइमा असर परेको देखिन्छ । दलित, जनजाति, अल्पसङ्ख्यक समूहहरू तथा भाषिक अल्पसङ्ख्यकको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि तुलनात्मक रुपमा कम भएको सन्दर्भमा पहुँच र सहभागिता बढाउन केही विशेष प्रबन्धका साथै लक्षित कार्यक्रम सञ्चालन भएका छन् । यसका लागि आवासीय तथा गैर आवासीय छात्रवृत्ति, मातृभाषा तथा वहुभाषाका माध्यमबाट सिकाइ, दलित तथा जनजातिका लागि शिक्षक नियुक्तिमा समावेशी प्रबन्ध गरिएको छ । त्यस्तै पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ प्रक्रियामा सांस्कृतिक, धार्मिक, जातजातीय संवेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास; स्थानीय भाषा, संस्कृति, इतिहास, ज्ञान तथा सिपलाई विद्यालय शिक्षामा समावेश गर्न स्थानीय पाठ्यक्रम तथा सिकाइ क्रियाकलापको प्रबन्ध; परम्परागत सिकाइ पद्धतिलाई औपचारिक शिक्षासँग सम्बन्ध स्थापित गर्ने नीति कार्यान्वयनमा रहेका छन् ।

जातिगत तथा भाषिक समावेशिता तथा समताको परिमाणात्मक उपलब्धि हेर्दा आधारभूत तथा माध्यमिक तहमा दलित विद्यार्थीको कुल भर्ना दर वृद्धि भई कक्षा १-५ मा १९.२ प्रतिशत, कक्षा ६-८ मा १६.४ प्रतिशत, कक्षा ९-१० मा १२.९ प्रतिशत र कक्षा ११-१२ मा १०.१ प्रतिशत पुगेको छ । त्यसै गरी, विभिन्न जनजाति र समुदायका बालबालिकाको कुल भर्ना दरमा पनि वृद्धि भई कक्षा १-५ मा ३२.२ प्रतिशत, कक्षा ६-८ मा ३५.२ प्रतिशत, कक्षा ९-१० मा ३६.५ प्रतिशत र कक्षा ११-१२ मा ३४.४ प्रतिशत पुगेको छ । उक्त समूहहरूको जनसङ्ख्याको अनुपातमा तुलना गर्दा कक्षा ११-१२ दलित विद्यार्थीको कुल भर्ना कम देखिन्छ भने जनजाति र अन्य कक्षामा दलित विद्यार्थीको अनुपात बढी देखिन्छ । शिक्षक नियुक्तिमा दलित, जनजाति तथा मधेसी समुदायका लागि समावेशी पद निर्धारण गरिएको छ ।

लैङ्गिक समताको प्रवर्धनका लागि विगतदेखि केही लक्षितकार्यक्रम सञ्चालन र लैङ्गिक उत्तरदायी बजेटको प्रबन्ध हुँदै आएको छ । शिक्षामा लैङ्गिक समता लक्षित कार्यक्रमअन्तर्गत कक्षा १-५ का सबै छात्राहरूलाई छात्रवृत्ति; पाठ्यक्रममा लैङ्गिक संवेदनशीलतालाई प्राथमिकता दिनुका साथै बृहत् यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश; महिनावारी स्वास्थ्य तथा स्वच्छतासम्बन्धी कार्यक्रम सञ्चालन, किशोरी छात्राहरूलाई स्यानिटरी प्याडको उपलब्धता, छात्राहरूका लागि छुट्टै शौचालयको प्रावधान; महिला शिक्षक नियुक्तिको समावेशी व्यवस्था; विद्यालय व्यवस्थापन समितिमा महिलाको अनिवार्य सहभागिता रहेका छन् । विद्यालय शिक्षा क्षेत्र योजनाअन्तर्गतको लैङ्गिक मुद्दा केन्द्रीत विषयले छात्रामाथि हुने अनौपचारिक कार्यबोझ (भाइबहिनी तथा परिवारका अन्य सदस्यको हेरचाह) को प्रभावलाई सम्बोधन गर्छ । त्यस्तै, बालबालिकाको गुनासो तथा सुझावहरू लिखित तथा मौखिक रूपमा सुन्नका लागि लैङ्गिक सम्पर्क विन्दु र विद्यालयमा गुनासो सुनुवाइसम्बन्धी व्यवस्था गर्नुका साथै समावेशिता र समतासम्बन्धी विषयवस्तुलाई शिक्षक तालिममा समावेश गरिएको छ । हालसम्मको उपलब्धिमा माध्यमिक तहको

भर्नामा लैङ्गिक समता सूचक समदरमा पुगेको, आधारभूत तहमा यो दर ०.९९ रहेको, महिला शिक्षकको प्रतिशत आधारभूत र माध्यमिक तहमा क्रमशः ४७.२ र २०.४ पुगेको छ ।

अपाङ्ग भएका बालबालिकाका लागि लक्षित गरी हाल देशभर ३८० स्रोतकक्षा, ३६ विशेष विद्यालय, १२ दृष्टिविहिन तथा बहिरा विद्यालय र २३ समावेशी विद्यालय सञ्चालनमा रहेका छन् । अपाङ्ग लक्षित कार्यक्रमहरूमा विभिन्न किसिमका अपाङ्ग भएका बालबालिकालाई अपाङ्गका प्रकार र तहअनुसार आवासीय तथा गैरअवासीय छात्रवृत्ति, पाठ्यसामग्रीलाई अपाङ्ग संवेदनशील बनाउने, दृष्टिविहिनहरूका लागि ब्रेललिपि र अन्य विद्युतीय पाठ्यसामग्री विकास तथा अपाङ्ग मैत्री भौतिक वातावरण विकास भएका छन् । सन् २०२२ को तथ्याङ्कअनुसार २०,४९१ अपाङ्ग भएका बालबालिका विद्यालय तहमा भर्ना भएका छन् । नेपालमा विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या १.९४ प्रतिशतको तुलनामा यो भर्ना दर निकै कम रहेको देखिन्छ । त्यसै गरी शिक्षक नियुक्तिमा अपाङ्ग भएकाहरूका लागि समावेशी पदको व्यवस्था गरिएको छ ।

**विभिन्न सङ्कटापन्न परिस्थितिमा** रहेका बालबालिकाका लागि वैकल्पिक सिकाइ, छात्रवृत्ति तथा अन्य सहायताको प्रबन्ध गरिएको छ । तथापि विभिन्न सङ्कटापन्न परिस्थितिमा रहेका सडक बालबालिका, यौन शोषण तथा मानव बेचविखनमा परी पीडित भएका, टुहुरा तथा बिरामी बालबालिकाका लागि पर्याप्त र सुविधाजनक शैक्षिक प्रबन्ध गर्न सकिएको छैन ।

**आर्थिक रूपले विपन्नका** लागि केही आवासीय तथा गैरआवासीय छात्रवृत्तिको प्रबन्ध गरिएको छ । वि. सं. २०७७ मा यस्ता छात्रवृत्ति पाउने विद्यार्थीको कुल सङ्ख्या करिब २६ लाख रहेको थियो । आधारभूत शिक्षा तालिका ४.२ र माध्यमिक शिक्षा ४.३ अनुसार हाल विभिन्न किसिमका छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी सङ्ख्या विद्यालय तहको कुल विद्यार्थी सङ्ख्याको करिब ५० प्रतिशत रहेको छ । कक्षा १-५ मा कुल विद्यार्थी सङ्ख्याको करिब ७० प्रतिशतले कुनै न कुनै प्रकारको छात्रवृत्ति पाएका छन् । तर छात्रवृत्ति वितरणका गैरआर्थिक आधार तथा अधिकांश छात्रवृत्तिको न्यून रकमले छात्रवृत्तिको आकर्षण र प्रभावकारितालाई सीमित गरेको देखिन्छ (शिक्षा विभाग, २०७५) ।

तालिका ५.३.१: विभिन्न किसिमका आवासीय छात्रवृत्ति

| क्र.सं. | छात्रवृत्तिको किसिम | विद्यार्थी सङ्ख्या | वार्षिक रकम |
|---|---|---|---|
| १ | छात्राहरूका लागि फिडर छात्रावास | ४२० | प्रति महिना रु ४,०००/-का दरले १० महिनाका लागि प्रति विद्यार्थी जम्मा रु ४०,०००/- |
| २ | अपाङ्गता भएका विद्यार्थी | ७,४८७ | |
| ३ | मुक्त कमलरी | ३०३ | |
| ४ | हिमाली छात्रावास | १,७३६ | |
| ५ | लोपोन्मुख र सीमान्तकृत समुदायका बालबालिका | ५० | |
| ६ | सडक बालबालिका तथा बालश्रमिक | २५० | |
| **जम्मा** | | १०,२४६ | |

*स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७/०७८।*

उल्लिखित आवासीय छात्रवृत्तिमध्ये मुक्त कमलरी छात्रवृत्तिको सङ्ख्या क्रमशः घट्दै गई केही वर्षसम्म मात्र रहने छ भने नमुना विद्यालय छात्रवृत्तिलाई विद्यार्थीको आवश्यकता र समतासँग जोड्नुपर्ने देखिन्छ । आवासीय छात्रवृत्ति पाउनेको सङ्ख्यालाई हालको सङ्ख्याकै वरिपरि रहन दिनु आवश्यक देखिन्छ । छात्रवृत्ति रकममा मुद्रास्फितिअनुसार समायोजन गर्नु पनि आवश्यक देखिन्छ । गैरआवासीय छात्रवृत्तिअन्तर्गत आर्थिक वर्ष २०७७/०७८ मा प्रदान गरिएका छात्रवृत्तिका किसिम, लक्षित विद्यार्थी सङ्ख्या र छात्रवृत्तिको रकम निम्नअनुसार रहेको छः

तालिका ५.३.२: विभिन्न किसिमका गैरआवासीय छात्रवृत्ति

| क्र. सं. | छात्रवृत्तिको किसिम | विद्यार्थी सङ्ख्या | वार्षिक रकम (रु) |
|---|---|---|---|
| १ | अपाङ्गता भएका बालबालिका<br>◆ शैक्षिक सामग्री<br>◆ यातायात खर्च (आवश्यक भए)<br>◆ सहयोगीका लागि | ४५,११६ | १०००<br>३०००<br>५००० |
| २ | छात्रा<br>◆ कर्णाली: कक्षा १-५<br>◆ कर्णाली: कक्षा ६-८<br>◆ कर्णालीबाहेक अन्य: कक्षा १-५ | १५,७३,३७१ | १०००<br>१५००<br>४०० |
| ३ | दलित | ८,३१,७१२ | ४०० |
| ४ | लोपोन्मुख र सीमान्तकृत समुदायका बालबालिका | ५२,६३९ | ५०० |
| ५ | मुक्त कमलरी<br>◆ कक्षा १-८<br>◆ कक्षा ९-१०<br>◆ कक्षा ११-१२ | २९० | १५००<br>१८००<br>५००० |
| ६ | विपन्न लक्षित<br>◆ कक्षा ९-१०<br>◆ कक्षा ९-१२ ( विज्ञान विषयबाहेक)<br>◆ कक्षा ११-१२ (विज्ञान विषय) | | ६०००<br>१८०००<br>२४००० |
| ७ | द्वन्द्व प्रभावित<br>◆ कक्षा १-५<br>◆ कक्षा ६-८<br>◆ कक्षा ९-१०<br>◆ कक्षा ११-१२ | | १२०००<br>१४०००<br>१६०००<br>१८००० |

| क्र. सं. | छात्रवृत्तिको किसिम | विद्यार्थी सङ्ख्या | वार्षिक रकम (रु) |
|---|---|---|---|
| ८ | सहिद परिवारका बालबालिका<br>◆ कक्षा १-५<br>◆ कक्षा ६-१०<br>◆ कक्षा ११-१२ | | <br>१२०००<br>१८०००<br>२४००० |

*स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७७-२०७८*

उल्लिखित छात्रवृत्तिमध्ये विपन्न लक्षितबाहेक अन्य सबै छात्रवृत्ति सम्बन्धित समूहगत भएकाले समूहका सबैले प्राप्त गर्ने भएकाले समूह पहिचान बाहेक अन्य कुनै छनोटका आधार आवश्यक पर्दैन । विपन्न लक्षित छात्रवृत्ति भने प्रोक्सी मिन्स टेस्टिङ (पिएमटी) का आधारमा विपन्न पहिचान गरी निर्धारित सङ्ख्याअनुसार छनोट गरिन्छ । मुक्त कमलरी, द्वन्द्व प्रभावित, सहिद परिवारका बालबालिकाका लागि प्रदान गरिने छात्रवृत्ति पाउनेहरूको सङ्ख्या क्रमशः घट्दै जाने देखिन्छ । आर्थिक वर्ष २०७७/७८ मा आवासीय र गैरआवासीय दुवै छात्रवृत्ति गरी जम्मा २६ लाख बालबालिकाले छात्रवृत्ति प्राप्त गरिरहेका छन् भने यसका लागि जम्मा रू. २ अरब ७० करोड बजेट विनियोजन गरिएको छ ।

विभिन्न किसिमका छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या धेरै देखिए तापनि धेरै जसो विद्यार्थीले प्राप्त गर्ने छात्रा छात्रबृत्ति, दलित र लोपोन्मुख तथा सीमान्तकृत जनजाति छात्रवृत्तिको रकम ज्यादै न्यून भएकाले यसबाट कुनै योगदान हुन सकेको देखिँदैन । छात्रवृत्तिसम्बन्धी अध्ययनहरूले पनि ज्यादै न्यून रकम तथा गरिबी केन्द्रीत हुन नसक्दा यस्ता छात्रवृत्ति आकर्षक र प्रभावकारी हुन नसकेको कुरा देखाएका छन् (शिक्षा विभाग, २०७५) । कक्षा १-५ का सबै विद्यार्थीले विद्यालय दिवा खाजा तथा कक्षा १-१० का सबै विद्यार्थीले शुल्क तिर्न नपर्ने र पाठ्यपुस्तक निःशुल्क प्राप्त गर्ने भएकाले छात्रवृत्तिको उद्देश्य र छात्रवृति प्राप्त गर्ने आधार तथा रकमको विनियोजन सम्बन्धमा पुनरावलोकन आवश्यक देखिन्छ ।

### २. सिकाइ वातावरणमा सुधार

बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७ ले विद्यालय वातावरणलाई समावेशी बनाउनका लागि विभिन्न मापदण्ड विकास गरेको छ । विद्यालयको भौतिक वातावरणलाई लैङ्गिक तथा अपाङ्गमैत्री बनाउने गरी भवन निर्माण तथा सुधारका मापदण्ड विकास गरी प्रयोग गरिएको छ । बालमैत्री विद्यालय राष्ट्रिय प्रारूपले समावेशितालाई बालमैत्री विद्यालयको महत्त्वपूर्ण पक्षका रूपमा लिएको छ । बृहत् विद्यालय समता रणनीतिले विद्यालयमा सिकाइका लागि न्यूनतम सक्षमतालाई पनि समता रणनीतिअन्तर्गत समावेश गरेको छ । विद्यालयमा छात्रछात्राका लागि अलग अलग शौचालय, किशोरीहरूका लागि स्यानिटरी प्याडसहित महिनावारी स्वच्छतासम्बन्धी सुविधाको प्रबन्ध गरिएको छ ।

### ३. पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ क्रियाकलाप

पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई सामाजिक तथा सांस्कृतिक विविधताअनुकूल बनाई विभिन्न किसिमका अपाङ्ग भएकाहरूका लागि समेत उपयुक्त र लैङ्गिक दृष्टिले संवेदनशील बनाउने कार्यका लागि नीतिगत आधार तयार

भई केही कार्य गरिएको भएतापनि यसलाई अझ व्यवस्थित गर्नुपर्ने देखिन्छ । पाठ्यक्रममा बृहत् यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरिएको छ । शिक्षक तालिममा समता र समावेशितासम्बन्धी विषय समावेश गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्ने प्रयास भए तापनि शिक्षण सिकाइलाई थप सुधार गर्नुपर्ने देखिन्छ । पाठ्यक्रममा सामाजिक शिक्षाअन्तर्गत नागरिक शिक्षाका तथा समावेशितासम्बन्धी विषयवस्तु समावेश गरिनुका साथै माध्यमिक तहमा अलग्गै ऐच्छिक विषयका रूपमा रहेका स्वास्थ्य, जनसङ्ख्या, लैङ्गिकता अध्ययन, कानुन, नागरिक शिक्षा जस्ता विषयहरूमा विविधता तथा समावेशिताका विभिन्न पक्षहरू समावेश गरिएको छ । आधारभूत तहमा मातृभाषाको माध्यमबाट सिकाइ क्रियाकलाप सञ्चालन गर्ने नीति भए तापनि यस नीतिको कार्यान्वयन सीमित विद्यालयमा मात्र भएको छ । सिकाइमा मातृभाषा, स्थानीय भाषा तथा वहुभाषाको प्रयोगलाई विस्तार तथा प्रभावकारी बनाउनुपर्ने देखिन्छ । मातृभाषा, स्थानीय भाषा तथा वहुभाषाको प्रयोगभन्दा अङ्ग्रेजी माध्यम प्रयोग बढ्नुले सिकाइमा थप चुनौती उत्पन्न भएको छ ।

### ४. वैकल्पिक सिकाइ प्रबन्ध

विद्यालयबाहिर रहेका बालबालिकाका लागि कक्षा ६-८ र ९-१० मा खुला सिकाइका कार्यक्रम सञ्चालन गरी वैकल्पिक तथा खुला सिकाइ अवसर सिर्जना गरिएको छ । यस्तो कार्यक्रमले विभिन्न कारणले नियमित विद्यालयमा उपस्थित हुन नसक्ने, बढी उमेर भई नियमित विद्यालयमा गएर अध्ययन गर्न कठिनाइ भएका व्यक्तिहरूलाई विद्यालय शिक्षाको वैकल्पिक अवसर प्रदान गर्छ । हाल यस्ता वैकल्पिक तथा खुला सिकाइका लागि १२१ ओटा खुला विद्यालय र १७३ ओटा अनौपचारिक प्रौढ विद्यालय सञ्चालित छन् । विद्यालय तहमा वैकल्पिक तथा खुला सिकाइका अवसर बढाउन कक्षा १२ सम्म विस्तार गरी थप लचकता कायम गर्ने र यिनीहरूको गुणस्तरमा सुधार गर्न आवश्यक देखिन्छ ।

### ५. शिक्षक नियुक्ति तथा व्यवस्थापनमा समावेशिता

माथि उल्लेख गरिएअनुसार विद्यालय तहमा स्थायी शिक्षक नियुक्त गर्दा कुल पदमध्ये ४५ प्रतिशतमा विभिन्न समूहको समावेशिताका लागि आरक्षित गरिएको छ । यसै गरी विद्यालय व्यवस्थापन समितिमा अभिभावकबाट छनोट भएका सदस्यमा कम्तीमा एक जना महिला अनिवार्य गरिएको छ ।

### ६. समावेशिता तथा अपाङ्गता भएका बालबालिकाका लागि विशेष शिक्षा

अपाङ्गता भएका बालबालिकाका लागि विशेष विद्यालय तथा एकीकृत समावेशी विद्यालय सञ्चालनमा छन् । विद्यालयको भौतिक तथा शैक्षिक वातावरणलाई अपाङ्गतामैत्री बनाउने नीति अवलम्बन गरिएको छ । अपाङ्गताको प्रकारअनुसार आवासीय तथा गैरआवासीय छात्रवृत्ति प्रदान गर्दै आएको छ । पठन सामग्रीहरूलाई अपाङ्गता संवेदनशील बनाउदै दृष्टिविहीनका लागि ब्रेल लिपि तथा अन्य विद्युतीय माध्यममा पाठ्य सामग्री विकास गर्दै छ । त्यसै गरी अपाङ्गता भएकाहरूलाई शिक्षक पदमा नियुक्त गर्न समावेशी पदको प्रावधान गरिएको छ ।

आधारभूत विद्यालय उमेर समूह (५-१२) का अझै करिब ५ प्रतिशत बालबालिका विद्यालयबाहिर रहेका छन् भने बिचैमा विद्यालय छाड्ने दर उल्लेख्य रही तहगत टिकाउ दरमा सुधार आवश्यक देखिन्छ । माध्यमिक तहको खुद भर्ना दरले माध्यमिक शिक्षा उमेरको जनसङ्ख्यामध्ये ४४ प्रतिशतभन्दा बढी विद्यालयभन्दा बाहिर रहेको देखिन्छ ।

त्यसै गरी विभिन्न तहको विद्यालय पूरा गर्नेमध्ये करिब दुई तिहाइ विद्यार्थीको शैक्षिक उपलब्धि सन्तोषजनक छैन (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०१८, २०१९, २०२०, २०२० क) । विद्यालयबाहिर रहेका, बिचैमा विद्यालय छोडेर तह पूरा नगर्ने र अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेकाहरूलाई सम्बोधन गरी समता तथा समावेशिता अभिवृद्धि गर्न आवश्यक देखिएको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार दलित, जनजाति, लोपोन्मुख समुदाय, दुर्गम भौगोलिक क्षेत्र, सङ्कटापन्न, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित, सामाजिक तथा आर्थिक कारणले वञ्चित, अल्पसङ्ख्यक बालबालिकाको विद्यालयमा भर्ना गर्ने र टिकाउने कार्य प्राथमिकतामा रहनु जरुरी छ । त्यसै गरी अपाङ्ग भएका बालबालिकाको ठुलो सङ्ख्या विद्यालयमा आउन सक्ने बनाउनु र विद्यालयमा आएकाहरूका लागि अपाङ्गमैत्री सिकाइ वातावरण तथा सामग्री सुनिश्चित गरी सिकाइ वातावरणमा सुधार गर्नु आवश्यक देखिन्छ । पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता सुनिश्चित गरी शिक्षा प्रणालीलाई समतामूलक र समावेशी बनाउनु आवश्यक भएको छ । छात्रवृत्ति प्रणाली विपन्न लक्षित र आवश्यकतामा आधारित बनाउनु र अधिकांश छात्रवृत्तिहरूको रकम वृद्धि गरी आकर्षक तथा प्रभावकारी बनाउनु जरुरी छ । सिकाइका लागि विशेष गरी आधारभूत तहका प्रारम्भिक कक्षाहरूमा मातृभाषा वा स्थानीय भाषा प्रयोगमा प्राथमिकता दिई आवश्यकताअनुसार अन्य भाषामा स्थानान्तरण गर्ने प्रबन्ध गर्नु जरुरी छ । परम्परागत सोचाइ तथा व्यवहारको प्रभाव र कुनै पनि प्रकारको हेपाइ र भेदभावजन्य व्यवहारबाट बालबालिकालाई सुरक्षित गरी समता र समावेशिताको सुनिश्चितता गर्नु आवश्यक छ । एकीकृत समता रणनीतिको कार्यान्वयनको प्रभावकारिताको अध्ययन गरी प्राप्त अनुभवका आधारमा विद्यालय तहको शिक्षामा समावेशिता र समताको सुनिश्चितताका लागि उपयुक्त नीति र कार्यक्रम विकास गर्दै जानु आवश्यक देखिन्छ ।

### ५.३.२ उद्देश्य

१. लक्षित समूह (दलित, जनजाति, लोपोन्मुख समुदाय, दुर्गम भौगोलिक अवस्थामा रहेका, सङ्कटापन्न, अपाङ्ग भएकाहरू, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित, अल्पसङ्ख्यक तथा सामाजिक र आर्थिक कारणले वञ्चित) का बालबालिकाको विद्यालय शिक्षामा सरल पहुँच उपलब्ध गराउँदै सहभागिता वृद्धि गर्नु तथा सिकाइ उपलब्धि सुधार गर्नु

२. विविधता, समता एवं समावेशी मूल्य, मान्यतामा आधारित भई विद्यालय शिक्षा प्रणालीलाई सुदृढ गरी गुणस्तरीय शैक्षिक सेवा प्रवाह गर्नु

३. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु

### ५.३.३ रणनीति

**समता**

१. सन् २०२० मा गरिएको समता रणनीतिको स्वतन्त्र मूल्याङ्कनको सिफारिसका आधारमा नेपालको विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीतिको कार्यान्वयनलाई निरन्तरतता दिने

२. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारहरू पूरा गरी विद्यालयलाई बालमैत्री,

अपाङ्गमैत्री, लैङ्गिकमैत्री, वातावरणमैत्री बनाई प्रकोपबाट उत्थानशील बनाउने

३. आधारभूत तह उमेर समूहका सबै बालबालिकाको भर्ना तथा सहभागिता सुनिश्चित गर्ने स्थानीय तहहरूको सार्वजनिक घोषणा गर्ने

४. आवश्यकताका आधारमा वैकल्पिक शिक्षा कार्यक्रम विस्तार गर्ने र यसलाई कक्षा १२ सम्म पुर्याउने ।

५. अपाङ्गका प्रकार तथा स्वरूप पहिचान गरी उपयुक्त शैक्षिक विधिमार्फत अपाङ्ग भएका बालबालिकाका लागि विद्यालय शिक्षाको प्रबन्ध गर्ने

६. आर्थिक रूपले विपन्न, सुविधाविहीन, पिछडिएका, सङ्टापन्न अवस्थाका तथा अपाङ्ग भएका बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने प्रावधान बनाउने; विभिन्न समूहलाई दिइएको छात्रवृत्ति रकमको पुनरावलोकन गरी यसलाई उद्देश्यमूलक बनाउने; सङ्घबाट स्थानीय तहमा प्रवाह गर्ने अनुदान रकमको प्रक्रियामा/प्रावधानमा संशोधन गर्ने; विभिन्न प्रकारका छात्रवृत्ति प्रणालीको व्यवस्थापन गर्न स्थानीय तहहरूलाई मद्दत गर्न निर्देशिकाको विकास गर्ने, छात्रवृत्ति रकममा थप गरी प्रदान गर्न स्थानीय तहहरूलाई अभिप्रेरित गर्ने

७. बहुभाषिक परिवेशमा मातृभाषा र स्थानीय भाषाको प्रयोगमार्फत सिकाइका अवसर प्रदान गर्ने कुरालाई प्राथमिकता दिने

**समावेशी शिक्षा**

१. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई समावेशी, लैङ्गिक तथा अपाङ्गता, सामाजिक र सांस्कृतिक रूपले संवेदनशील बनाउने ।पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास र नागरिक ज्ञान तथा सिपका साथै बृहत् यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने

२. समता सूचकहरू समावेश गरी एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली अद्यावधिक गर्ने र एकीकृत समता रणनीति तथा सूचकहरूलाई आवश्यकताअनुसार अद्यावधिक गरी शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा अनुगमनमा प्रयोग गर्ने

३. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता तथा विविधतालाई सम्बोधन गर्दै विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गर्ने

### ५.३.४ उपलब्धि

लैङ्गिकता, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातीय, प्रादेशिक, क्षेत्रीय, भाषिक पृष्ठभूमि आदिका आधारमा विद्यार्थी भर्ना, कक्षा सहभागिता तथा सिकाइ उपलब्धिजस्ता शैक्षिक सूचकमा हुने विद्यमान असमानताहरू घटेको हुने

### ५.३.५ प्रतिफल, प्रमुख क्रियाकलाप तथा लक्ष्य

यस खण्डमा माथि उल्लेख गरिएका रणनीतिको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित प्रतिफल, मुख्य क्रियाकलाप तथा समता र समावेशितासम्बन्धी लक्ष्यको रूपरेखा दिइएको छ । तालिका ५.३.३ मा प्रतिफल, मुख्य क्रियाकलाप तथा भौतिक लक्ष्य र कार्यान्वयन गर्ने मुख्य जिम्मेवार तह उल्लेख गरिएको छ ।

तालिका ५.३.३: समता र समावेशिताका उपलब्धि, प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| १. विद्यार्थी भर्ना, कक्षा सहभागिता तथा सिकाइ उपलब्धि लगायतका प्रमुख सूचकहरूमा लैङ्गिक, आर्थिक, सामाजिक तथा भाषिक लगायतका पृष्ठभूमिमा आधारित असमानता घट्ने | १.१ छात्रा, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्ग भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित अल्पसङ्ख्यक तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितीकरणमा परेका बालबालिकाको विद्यालय शिक्षामा सहज पहुँच वृद्धि भई शिक्षणमा आधारभूत सूचकहरूमा सुधार भएको हुने | १.१.१ शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकताअनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन (४.२.५ १.१.३ पनि हेर्नुहोस्) | पटक | १ | २ | स्थानीय तह |
| | | १.१.२ बालबालिकाको अपाङ्गताको लेखाजोखा गरी सोका आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध (४.१.५ २.३.६ पनि हेर्नुहोस्) | पटक | ५ | १० | स्थानीय तह |
| | १.२ विद्यालयहरूमा सिकाइका लागि आवश्यक पूर्वाधार पूरा भई बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने | १.२.१ बालमैत्री विद्यालय प्रारूप तथा समता रणनीतिको परिमार्जन | पटक | १ | | सङ्घीय सरकार प्रदेश सरकार र स्थानीय |
| | | १.२.२ सबै आधारभूत विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधारयुक्त बनाई तिनलाई अपाङ्ग एवम् लैङ्गिकमैत्री र प्रकोप उत्थानशीलता (५.७.५ पनि हेर्नुहोस्) | भौतिक पूर्वाधार विकास परिच्छेदमा समावेश गरिएको छ । | | | |
| | | १.२.३ विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चित गर्न संयन्त्र स्थापना । (४.२.५ १.२.२ ५.४.५ ३.२.१ र ५.८.५ १.१.२ पनि हेर्नुहोस्) | संयन्त्र | १ | | स्थानीय तह |
| | | १.२.४ एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा आवश्यक समता सूचकहरू समावेशीकरण | अनुगमन परिच्छेदमा समावेश गरिएको छ । | | | |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | | १.२.५ प्रदेश तहमा गठित लैङ्गिक सञ्जाललाई स्थानीय तहहरूमा विस्तार गरी बालविवाह, लैङ्गिक हिंसा, हानिकारक लैङ्गिक अभ्यास तथा सकारात्मक पुरुषत्वका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालनमा परिचालन गर्ने र विद्यालय तहमा लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि | सञ्जालको सङ्ख्या | ७६० | ७६० | प्रदेश तथा स्थानीय |
| | १.३ पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि भई समता सूचकहरूमा सुधार हुने | १.३.१ राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुरुप पाठ्यक्रमको स्थानीयकरण गर्न आवश्यकताअनुसार स्थानीय तह तथा शिक्षकहरूलाई अभिमुखीकरण | पाठ्यक्रम तथा मूल्याङ्कन परिच्छेदमा समावेश गरिएको छ । | | | |
| | | १.३.२ अपाङ्गताका आधारमा विशेष आवश्यकता हुने बालबालिकाका लागि मौजुदा पाठ्यक्रममा अनुकूलन गरी कार्यान्वयन | पाठ्यक्रम तथा मूल्याङ्कन परिच्छेदमा समावेश गरिएको छ । | | | |
| | | १.३.३ पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी (५.१.५ १.४.१ पनि हेर्नुहोस्) | पाठ्यक्रम तथा मूल्याङ्कन परिच्छेदमा समावेश गरिएको छ । | | | |
| | | १.३.४ पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप, नागरिक सिप, दिगो विकास, शान्ति शिक्षा, लैङ्गिकता तथा बृहत् यौनिकतासम्बन्धी विषयवस्तु समावेश गर्ने र सिकाइलाई व्यवहारकुशल/जीवनोपयोगी सिपसँग आबद्धता | पाठ्यक्रम तथा मूल्याङ्कन परिच्छेदमा समावेश गरिएको छ । | | | |
| | | १.३.५ आधारभूत तह सम्मको शिक्षा मातृभाषा/बहुभाषामा पाउने व्यवस्था गर्ने तथा आवश्यकताअनुरूप मातृभाषाका पाठ्यपुस्तक विकास तथा निर्माण (५.१.५ १.६.१ र १.७.१ पनि हेर्नुहोस्) | पाठ्यक्रम तथा मूल्याङ्कन परिच्छेदमा समावेश गरिएको छ । | | | |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | | १.३.६ पाठ्यक्रम, पाठ्यसामग्री, विद्यालय वातावरण तथा सिकाइ प्रक्रियालाई समता र समावेशिताका दृष्टिले मूल्याङ्कन गर्ने र सोअनुसार सुधार | पाठ्यक्रम तथा मूल्याङ्कन परिच्छेदमा समावेश गरिएको छ । | | | |
| | १.४ विपन्न, कठिन परिस्थितिमा रहेका, सुविधाविहिन र अपाङ्ग भएका बालबालिकालाई विद्यालयमा भर्ना, निरन्तरता तथा सिकाइमा सहभागिताका लागि केन्द्रीत गरी एकीकृत छात्रवृत्ति प्रणालीको विकास हुने | १.४.१ छात्रवृत्ति छनोट तथा वितरण निर्देशिका विकास र कार्यान्वयन | पटक | १ | | सङ्घीय सरकार र स्थानीय तह |
| | | १.४.२ विपन्न विद्यार्थीहरूका लागि पोसाक तथा स्टेसनरी प्रदान<br>• गैरआवासीय छात्रवृत्ति- कक्षा १-८<br>• गैरआवासीय छात्रवृत्ति- कक्षा ९-१२ | विद्यार्थी सङ्ख्या वार्षिक | ८९५,०००<br>१४०,००० | ९१०,०००<br>१५१,५०० | स्थानीय तह |
| | | १.४.३ दुर्गम क्षेत्रका तथा अन्य लक्षित समूहका लागि आवासीय सुविधाको व्यवस्था | विद्यार्थी सङ्ख्या वार्षिक | २०,६०० | २३,४०० | सङ्घीय सरकार तथा स्थानीय तह |
| | १.५ विभिन्न प्रकारका अपाङ्गताको पहिचान तथा आवश्यकतामा आधारित समावेशी वा विशेष सिकाइका अवसरहरू (आवासीय वा गैरआवासीय) उपलब्ध भएको हुने | १.५.१ विशेष विद्यालयहरूको स्थापना र सञ्चालन | सङ्ख्या | ४८ | | स्थानीय तह |
| | | १.५.२ स्रोत कक्षाहरूको सञ्चालन | सङ्ख्या | ३८० | | स्थानीय तह |

## ५.४ शिक्षामा अन्तरक्षेत्रगत प्राथमिकता

गुणस्तरीय समावेशी शिक्षामा पहुँचको सुनिश्चितताका लागि योजना, कार्यक्रम तथा कार्यान्वयनमा अन्तरक्षेत्रगत एकीकृत पद्धतिको कार्यान्वयन आवश्यक हुन्छ । विद्यार्थी भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिजस्ता प्रमुख सूचकहरू बालबालिकाको स्वास्थ्य, पोषण, सुरक्षित पानी, सरसफाइ, स्वच्छता, घर, विद्यालय र घर-विद्यालय आवत जावतको क्रममा हुने सुरक्षाको अवस्थामा निर्भर हुन्छ । किशोरकिशोरीहरूलाई सिप तथा ज्ञान उपलब्ध गराउन तथा असल अभ्यासमा बानी लगाउन र बालबालिकाको मात्र नभई समग्र परिवार तथा समाजको गुणस्तरीय जीवनस्तरमा सुधार ल्याउन विद्यालय एक मुख्य प्रवेशविन्दु हो ।

संविधानले बालबालिकाको विशेष सुरक्षाको प्रत्याभूति गर्दै उनीहरूको बाँच्न पाउने, सुरक्षा, विकास, सहभागिता जस्ता पक्षलाई प्राथमिकतामा राखेको छ (धारा ३९) । संविधानमा रहेका शिक्षा पाउने अधिकार तथा सङ्कटापन्न समूहका बालबालिकाका लागि विशेष अधिकारको प्रावधानलाई बालबालिका ऐन, २०७४ जस्ता कानून बनाई स्थापित गरिएको छ । शिक्षाको हकलाई अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले अझ विशिष्टीकृत गर्दै चार वर्ष पूरा गरी तेह्र वर्ष ननाघेका प्रत्येक बालबालिकालाई एक वर्षे प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षासहितको आधारभूत शिक्षा अनिवार्य गर्ने व्यवस्था गरेको छ । स्थानीय तहले शिक्षा सुरक्षित भएको सुनिश्चित गर्दै बालबालिकालाई प्राकृतिक प्रकोप, दुर्घटना, हिंसा आदिबाट हुने सम्भावित जोखिमबाट बचाउने विषयसमेत सुनिश्चित गर्नुपर्छ । विपत् व्यवस्थापन राष्ट्रिय रणनीति, सन् २००९ तथा रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०) ले विशेष प्राथमिकताका क्षेत्रसहित बालबालिकालगायत अन्य सङ्कटापन्न समूहका लागि विपत् न्यूनीकरणका विशेष कार्यक्रमको व्यवस्था गरेको छ ।

दिगो विकास लक्ष्य, २०३० अन्तरसम्बन्धित प्रकृतिको भएकाले प्रतिबद्धता पूरा गर्न विद्यालय शिक्षा क्षेत्र योजनाले एकीकृत प्रणालीको आवश्यकतालाई महत्त्व दिएको छ । सङ्घीय संरचनाले प्रदेश तथा स्थानीय तहमा सामाजिक विकासका क्षेत्रलाई सुदृढ पार्न तथा अन्तरक्षेत्रीय योजना तर्जुमा गर्न विगत दशकदेखि सहजीकरण गरेको छ । बालबालिकाको शैक्षिक तथा अन्य पक्षसँगको अन्तरक्षेत्रीय आवश्यकताका कारणले पनि यसलाई अझ सुदृढ बनाउनुपर्ने छ ।

प्रारम्भिक बाल विकास, अपाङ्गता, समावेशी शिक्षा तथा समता/विपन्नता लक्षित कार्यक्रमजस्ता विषय यस योजनाको अवयव भएकाले शिक्षा क्षेत्रको योजनामा अन्तरक्षेत्रगत विधि आवश्यक छ । तथापि स्वास्थ्य, पोषण, पानी तथा सरसफाइ र सुरक्षालाई एकल पक्षका रूपमा मात्र नहेरी शिक्षा क्षेत्रको योजना तर्जुमा गर्दा यी विषयलाई योजना, व्यवस्थापन, अनुगमन तथा कार्यान्वयनको चरणहरूमा एकीकृत गर्नुपर्छ । यसका लागि योजनाको सहजीकरणका लागि संस्थागत व्यवस्था तथा उपयुक्त समन्वय तथा सहकार्यको संयन्त्र स्थापित गर्नुपर्छ । वि.स. २०७२ को भूकम्प र कोभिड-१९ मा हालै नेपालले गरेको प्रतिकार्य र शिक्षा समूहको परिचालन जस्ता कार्यले प्रकोप तथा विपत्को बेला नेपालसँग अन्तरक्षेत्रगत योजना तथा कार्यक्रम निर्माण गर्ने सुदृढ आधार बनेको छ ।

आउँदा वर्षहरूमा स्वास्थ्य, पोषण तथा विद्यालय दिवा खाजा, सुरक्षित पानी तथा सरसफाइ, विद्यालय सुरक्षाका सम्बन्धमा विगतका शिक्षाका क्षेत्रगत योजनाले सुरु गरेका क्षेत्रगत नीति, संरचना तथा कार्यक्रम र सरकारका विभिन्न तहमा बहुक्षेत्रीय संयन्त्रलाई अझै सुदृढ र संस्थागत गर्दै लैजानुपर्ने आवश्यक छ । यसका लागि कार्यान्वयनका

संरचना तथा प्रक्रियाहरूका साथै समग्र जिम्मेवारी तथा जबाफदेही प्रणालीको पुनरावलोकनको आवश्यक छ । विद्यालय तहमा पूर्वाधार विकास, शैक्षिक कार्यक्रमको कार्यान्वयन तथा अनुगमन संयन्त्रमा सुधार गर्न आवश्यक बजेट व्यवस्था र कार्यक्रम कार्यान्वयनको लागि एकीकृत विधिको आवश्यकता पर्छ । यसले शैक्षिक उपलब्धि तथा बालबालिका तथा किशोरकिशोरीहरूको समग्र गुणस्तरीय जीवनमा सुधार ल्याउने गरी स्रोत तथा सुविधाहरूको उपयुक्त ढङ्गबाट उपयोग, संरक्षण तथा व्यवहारमा परिवर्तन भएको सुनिश्चित गर्न सहयोग गर्छ ।

## ५.४.१ वर्तमान अवस्था र चुनौती

नेपालमा विभिन्न समयमा विद्यालय स्वास्थ्य तथा पोषण, सुरक्षित पानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रम तथा निर्धारित कक्षा तथा क्षेत्रका विद्यार्थीका लागि विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन भएका छन् । विद्यालयमा स्वास्थ्य, पोषण तथा दिवा खाजा कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण गर्दा यो सबैका लागि शिक्षाको डकार सम्मेलन सन् २००० ले सिफारिस गरेको फ्रेस (फोकसिङ् रिसोर्सेज अन इफेक्टिभ स्कुल हेल्थ) कार्यढाँचासँग मेल खान्छ (विश्व बैङ्क, २०००) । यस कार्यढाँचाले मुख्य गरी चार ओटा पक्ष समावेश गरेको छ । (क) विद्यालय स्वास्थ्यसम्बन्धी नीतिहरू तय गर्नु (ख) सुरक्षित पानी तथा सरफाइसहित सुरक्षित विद्यालय वातावरण सिर्जना गर्नु (ग) विद्यार्थीहरूका लागि सिपमा आधारित स्वास्थ्य शिक्षा प्रदान गर्नु (घ) विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवा प्रदान गर्नु । तलका खण्डहरूमा नेपालको स्वास्थ्य तथा पोषण, सुरक्षा, सुरक्षित पानी, सरसफाइ तथा स्वच्छताको वारेमा उल्लेख गरिएको छ ।

### क. पोषण

नेपालमा सन् १९७४ देखि केही सिमित आधारभूत विद्यालयमा विश्व खाद्य कार्यक्रमको सहयोगमा दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो । यो कार्यक्रम विशेष गरी कर्णाली र सुदूरपश्चिम क्षेत्रमा केन्द्रीत रहेकोमा आर्थिक वर्ष २०७७।७८ मा कर्णाली र सुदूरपश्चिमका आठ जिल्लामा निरन्तर सञ्चालित छ । सन् २००८ देखि छनोट गरिएका प्राथमिक विद्यालय तथा समुदायमा प्रारम्भ गरिएको सरकारको नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरी आर्थिक वर्ष २०७७/७८ मा सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीलाई दिवा खाजाको व्यवस्था गरिएको छ । नेपाल सरकारले दिवा खाजामा विगत केहि बर्षदेखि लगानी विस्तार गर्दै आर्थिक वर्ष २०७७/७८ मा करिब आठ अरब पुगेको छ । हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजना शिक्षा तथा स्वास्थलगायतका मुख्य छ रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई प्राथमिकता दिइएको छ । विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धि हासिल गर्न दिवा खाजा सहितको स्वास्थ्य र पोषण कार्यक्रम अघि सारेको थियो । विगत करिब चार दशकदेखि नै देशका खाद्य असुरक्षित तथा न्यून मानव विकास सूचकाङ्क रहेका क्षेत्रहरूमा लक्षित रूपमा सञ्चालनमा रहेको दिवा खाजा कार्यक्रमले शिक्षा, स्वास्थ्य, पोषण र सामाजिक सुरक्षाको दृष्टिकोणले केही महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरेको अध्ययन तथा विश्लेषणहरूले देखाएका छन् ।

सरकारले प्रारम्भिक बाल शिक्षा तथा विकासदेखि कक्षा ५ सम्मका सार्वजनिक विद्यालयमा अध्यनरत सबै विद्यार्थीका लागि दिवा खाजाको प्रबन्ध गर्न बजेट छुट्याएर महत्त्वपूर्ण उपलब्धि हासिल गरेको भए तापनि नीति तथा कानुनी व्यवस्था, वित्तीय पर्याप्तता तथा दिगोपन, कार्यक्रमका लागि उपयुक्त सङ्गठनात्मक व्यवस्था, उपयुक्त कार्यक्रम

विकास र कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका क्षेत्रमा विभिन्न चुनौती देखिएका छन् । विश्व खाद्य कार्यक्रमद्वारा गरिएको नेपालको विद्यालय दिवा खाजा कार्यक्रमको पछिल्लो विश्लेषणले यस कार्यक्रममा वित्तीय क्षमता तथा समुदायको सहभागितामा राम्रै प्रगति भए तापनि नीति तथा नियामक ढाँचा, सङ्गठनात्मक संरचना तथा समन्वय र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनको अवस्था भने कमजोर देखाएको छ (विश्व खाद्य कार्यक्रम २०२०) ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकाका आधारमा दिवा खाजा कार्यक्रम सञ्चालन हुने गरेको छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ ले कार्यक्रम सञ्चालनका केही मापदण्ड र प्रक्रिया निर्धारण गरेको भए तापनि कानुनी आधारसहित नीतिगत मार्गदर्शक दस्तावेजको आवश्यकता देखिएको छ । अध्ययनहरूले देखाएअनुसार अभिभावकको समेत संलग्नतामा विद्यालय तहका सबै बालबालिकालाई दिवा खाजाको व्यवस्था गर्ने गरी कानूनी प्रबन्ध पनि आवश्यक देखिएको छ (विश्व खाद्य कार्यक्रम, २०२०) । वित्तीय व्यवस्थाको सन्दर्भमा धेरै जसो विद्यालयमा आवश्यक भौतिक पूर्वाधार, सामग्री तथा खाजा बनाउने सहयोगीलगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रबन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु. १५ पर्याप्त देखिँदैन । विद्यालय तहदेखि सङ्घीय तहसम्मको दिवा खाजासँग सम्बन्धित सङ्गठन संरचना, लम्बीय र समतलीय समन्वय तथा सहकार्यको स्वरूपमा तथा कार्यक्षेत्रमा परिमार्जन आवश्यक देखिएको छ । दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्ने, आवश्यक बृहत् तथा सूक्ष्म पौष्टिक तत्त्व समावेश भएका मेनुहरू स्थानीय स्तरमै तयार गर्ने कार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । खाद्यान्न उत्पादन, वितरणमा साना किसान, स्थानीय व्यापारी तथा अभिभावकको सहभागिता बढाउनु आवश्यक छ । दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्ने कार्यका लागि केही स्थानमा परीक्षण गरिए पनि ती अनुभवलाई विस्तार तथा संस्थागत गर्न सकिएको छैन । यस बाहेक दिवा खाजा कार्यक्रमलाई विद्यार्थीको समग्र पोषण अवस्थाको सुदृढीकरण गर्ने गरी एकीकृत गर्नुपर्ने देखिएको छ ।

### ख. विद्यालय स्वास्थ्य र पोषण

सन् २०१६ सम्म विद्यालय जाने उमेर समूहका बालबालिका मध्ये १७ प्रतिशतले विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रममा सहभागिता जनाएका थिए । सामाजिक-आर्थिक रूपले तल्लो समूह (तल्लो बीस प्रतिशत) मा परेका घरपरिवारका बालबालिकाका लागि विद्यालयमा नियमित उपस्थितिको बाधक तत्वको रूपमा भोक तथा कुपोषणलाई पहिचान गरिएको थियो । पाँच वर्ष र सोभन्दा कम उमेर समूहका करिब १०.६ प्रतिशत बालबालिका र १० देखि १९ वर्ष उमेर समूहका किशोरीहरूमध्ये ७.१ प्रतिशतमा आइरनको कमी तथा रक्तअल्पताका कारण प्रति बालक आइक्युमा ६ विन्दुले कमी ल्याउन भूमिका खेलेको देखिन्छ । विद्यालय जाने उमेरका सबै विद्यार्थीमध्ये आधाभन्दा कमले विविध प्रकारका खाना प्राप्त गरे भने धेरै जना भोकै विद्यालय गए । यसमा पनि छात्राहरू असमानुपातिक रूपले प्रभावित भएका थिए (स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०१८) ।

नियमित हाजिरी तथा विद्यालय छाड्ने दरमा कमी ल्याउन स्वास्थ्य तथा पोषण एक महत्त्वपूर्ण तत्त्व भएको कुरा प्रमाणले देखाएका छन् । हालैका अध्ययनले पनि विद्यालय दिवा खाजाका कार्यक्रमले हाजिरी, भर्ना तथा विद्यालय छाड्ने दरमा कमी जस्ता सकारात्मक प्रभाव परेको देखाएका छन् । यसरी खाजा खान पाउनेहरू नपाउनेभन्दा विद्यालयमा लामो समयसम्म रहने पनि देखिएको छ । विद्यालय दिवा खाजाका कार्यक्रमले विद्यालय जाने वर्षमा

एक वर्ष वृद्धि भएको छ (वर्ल्ड भेजिटेबल सेन्टर, २०१७) ।

सरकारले दिवा खाजा कार्यक्रमलाई विगत पाँच वर्षदेखि विस्तार गरिरहेको छ । सन् २०१५/१६ मा ६४८,१९० विद्यार्थीहरूले दिवाखाजा प्राप्त गरेका थिए । सन् २०२०/२१ मा प्रारम्भिक बाल शिक्षा तथा विकासदेखि कक्षा पाँचसम्म ३,०२८,९३७ जनाका लागि दिवाखाजा प्रदान गर्न बजेट विनियोजन गरिएको थियो । यो कार्यक्रम ७७ मध्ये ६९ जिल्लामा सङ्घीय सरकारले स्थानीय तहको समन्वयमा कार्यान्वयनमा ल्याएको थियो भने बाँकी आठ जिल्लामा विद्यालयमा आधारित दिवा खाजा कार्यक्रमका लागि विश्व खाद्य कार्यक्रम, नेपालसँगको साझेदारीमा सञ्चालन गरिएको थियो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यसमा पनि मार्गदर्शन गर्न पोषण मापदण्डका साथै विद्यालय खाजाको व्यवस्था तथा खरिदलाई स्तरीकृत गर्न निर्देशिका जारी गरेको छ ।

विद्यालय दिवा खाजाका अतिरिक्त विद्यालय क्षेत्र विकास योजनाका उद्देश्यमा स्वास्थ्य तथा पोषण सेवाका प्रावधानमा पनि वृद्धि गर्ने कुरा समावेश गरेको छ । यसमा जुका नियन्त्रण तथा किशोरीहरूमा रगतको कमी हुन नदिन आइरन चक्की, फोलिक एसिड चक्कीको वितरण, छात्राका लागि छुट्टै शौचालय, पानी, सरसफाइ तथा स्वच्छताको सुविधा, विद्यालय छाड्ने जोखिम कम गर्न महिनावारी स्वास्थ्य तथा स्वच्छताका लागि प्रबन्धलगायतका कुरा पर्छन् । विद्यालय दिवा खाजाको वित्तीय व्यवस्था तथा सञ्चालनका लागि स्थानीय तहलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको मार्गदर्शन उपलब्ध गराइएको छ । विद्यालयको पूर्वाधारमा सुधार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मार्गदर्शनको पालना, सङ्घीय र स्थानीय तहबिच समन्वयको अभिवृद्धि गर्दा दिवा खाजालगायतका सेवाहरूको गुणस्तर सुदृढ हुने देखिन्छ ।

विद्यार्थीको स्वास्थ्य तथा पोषण सेवामा सरकारको लगानी भए तापनि प्रतिव्यक्ति लागत कम छ । यी सेवामा लगानी बढाउन सङ्घीय सरकारको सहयोगको पूरकका रूपमा स्थानीय तहको क्षमता बढाउनु आवश्यक छ । बालबालिकाको स्वास्थ्य तथा पोषणसँग जोड्दै र एकीकृत गर्दै, सक्षम तथा दिगो साङ्गठनिक स्वरूप निर्माण गर्दै पर्याप्त र दिगो वित्तीय व्यवस्थापन गर्दै विद्यालय दिवा खाजा कार्यक्रमको प्रभावकारी व्यवस्थापन गर्नु अर्को चुनौती रहेको छ ।

### ग. पानी, सरसफाइ तथा स्वच्छता

नेपालको संविधानले स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्ने पाउन हकको प्रत्याभूत गरेको छ (धारा ३०) । सुरक्षित पानी, सरसफाइ तथा स्वच्छतामा पहुँचको सुनिश्चितता गर्नु सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरूको साझा तथा अनिवार्य दायीत्व हो । विगतका दशकदेखि सरसफाइलाई राष्ट्र निर्माणको अभिन्न अङ्ग मानिँदै आएको छ । कोभिड-१९ महामारीले विद्यालयमा सङ्क्रमणको नियन्त्रण गर्न सरसफाइ तथा स्वच्छताको महत्त्वलाई अझ माथि उठाएको छ । खानेपानीको गुणस्तर सुधार गर्ने कार्य सरकारको प्राथमिकतामा पर्छ । सरकारको आगामी नीति प्राथमिकतामा खानेपानीको गुणस्तरको अनुगमनका लागि मार्गदर्शन विकास गर्ने र खानेपानी तथा सरसफाइ क्षेत्रका निकायहरूसँग समन्वय गरी सुरक्षित खानेपानी भएको समुदायको प्रबर्धनको कार्यलाई अगाडि बढाइएको छ । यसमा सहजीकरण गर्नका लागि खुला दिसामुक्त अभियानपश्चात् पूर्ण सरसफाइको लक्ष्य प्राप्त गर्न नेपाल सरकारले सुरक्षित पानी, सरसफाइ तथा स्वच्छताका लागि मार्गदर्शन निर्माण गरेको छ । यसका साथै सरकारले पानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा विकास योजनाले हालै अन्तिमीकरण गरिएको दिगो विकास लक्ष्य, २०३० को मार्गचित्रमा उल्लेखनीय स्रोत आवश्यक पर्ने कुरा उठाएको छ ।

पानी, सरसफाइ तथा स्वच्छता सुविधालाई प्राथमिकता प्राप्त न्यूनतम सक्षमता अवस्थाका पाँच आवश्यकतामध्ये एक मानिएको छ । विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम नतिजा खाकाले छात्राका लागि छुट्टै शौचालय भए/नभएको विद्यालयको प्रतिशतको अनुगमन गरिने कुरा समावेश गरेको थियो । नेपाल खुला दिसामुक्त मुलुकका रूपमा सन् २०१९ मा घोषणा भएपछि विद्यालयमा दिगो सरसफाइ सेवाको सुनिश्चितता गर्नु आवश्यक छ । हाल सरकारी विद्यालयमा शौचालय सुविधाको प्रतिशत ८१.३ छ भने छात्राका लागि छुट्टै शौचालय ६७.६ प्रतिशत छ । पर्याप्त खाने पानी सुविधा ७९.७ प्रतिशत विद्यालयमा छ । पानी, सरसफाइ तथा स्वच्छता सुलभ सिकाइ वातावरणको न्यूनतम अवस्था भएकाले सहभागितामा लैङ्गिक समता सुनिश्चित गर्न यो सुविधा बढी महत्त्वपूर्ण छ । धेरै छात्राहरूले विद्यालयमा पर्याप्त सुविधा नभएका कारण नकारात्मक सामाजिक-सांस्कृतिक अवरोध, त्यस्तै विद्यालयमा साबुन तथा पानी, सरसफाइ फोहोर विसर्जन गर्ने व्यवस्थाको अभावजस्ता कारणले महिनावारीको व्यवस्थापन गर्न समस्याको रूपमा रहेको विषय अनुसन्धानले देखाएको छ (सोमर एट अल २०१६) ।

सुरक्षित पानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा उपलब्धिहरू भएको भए तापनि नेपालले यी चुनौती सामना गर्नुपरेको छ । (क) सुरक्षित खानेपानीको अपर्याप्तता (ख) कमजोर सुरक्षित खानेपानी आपूर्ति प्रणाली (ग) सुविधाविहीन तथा सीमान्तकृत वर्गका लागि पानी, सरसफाइ तथा स्वच्छता सेवाको पहुँचमा समता/क्षेत्रीय विभेद (घ) साबुन पानीले हात धुने, महिनावारी स्वच्छता र बच्चाको दिसा सफा गर्ने विषयमा कमजोर अभ्यास (ङ) मौसम परिवर्तन तथा प्रकोपबाट हुने पानी, सरसफाइ तथा स्वच्छताका पूर्वाधारको उत्थानशीलता तथा अनुकूलनको अभाव ।

### घ. सुरक्षा

शिक्षासँग सम्बन्धित बाल सुरक्षाका तीन विषय क्षेत्र छन्: (क) विद्यालय जाने बालबालिकालाई प्राकृतिक प्रकोप तथा रोगबाट सुरक्षा (ख) द्वन्द्वबाट सुरक्षा (ग) हिंसा, शोषण तथा दुर्व्यवहारबाट सुरक्षा । बालबालिका तथा किशोरकिशोरीहरूले सामना गर्नुपर्ने हिंसाका मुख्य प्रकारमध्ये लैङ्गिक हिंसा एक हो । स्मार्ट फोनको प्रयोगमा भएको तीव्र विस्तारले अनलाइन यौन दुर्व्यवहार र हेपाइ तथा बाल यौन शोषण बढेको पाइएको छ ।

विद्यालयमा शारिरीक, संवेगात्मक तथा यौनका स्वरूपका रुपमा हेपाईका क्रियाकलापहरू विद्यमान छन् । उपलब्ध तथ्याङ्क (ग्लोबल स्कुल स्टुडेन्ट हेल्थ सर्भे, २०१५, नासा, २०१९) ले १३-१७ वर्षका आधा बालबालिकाले कुनै न कुनै प्रकारका हेपाइको अनुभव गरेको देखाएको छ । छात्रहरूको तुलनामा छात्राहरूले हेपाईबाट बढी पिडित भएको विषय अनुसन्धानहरूले देखाएको छ ।

विद्यालयमा हिंसालाई सम्बोधन गर्न राष्ट्रिय शिक्षा नीति, २०७६ मा लैङ्गिक हिंसाविरुद्धका प्रावधानहरू उल्लेख हुनुका साथै विक्षेवियोमा सान्दर्भिक रणनीतिहरू उल्लेख भएका छन् । विद्यालयमा गुनासो सुनुवाई संयन्त्रमार्फत लैङ्गिक हिंसाका सम्बन्धमा कार्यमूलक प्रतिवेदन तथा प्रतिक्रियाको पद्धति कार्यान्वयन गर्नका लागि प्रयासहरू भइरहेका छन् । लैङ्गिक हिंसासम्बन्धी सचेतनालाई पाठ्यक्रम तथा शिक्षक तालिममा समावेश गरिएको छ ।

विद्यालयभित्र लुकेको यौन हिंसा एक समस्या हो । छात्र तथा छात्रा दुवैले साथीबाट तथा घरपरिवारकै प्रौढ (विशेष गरी पुरुष), समुदाय तथा विद्यालयमा यौन दुर्व्यवहारको सामना गर्नुपरेको र त्यस्तो अनुभव गरेको बताएका छन् । केही घटनाको विश्लेषणअनुसार छात्रभन्दा छात्राहरू उल्लेखनीय रूपमा बारम्बार निसानामा पर्ने गरेका छन् । गुनासो सुनुवाइ संयन्त्रअन्तर्गतका प्रयासलाई ध्यान दिँदै बालबालिकालाई लैङ्गिक हिंसाका घटनाहरूबारे बताउन तथा

तिनलाई आवश्यकताअनुसार सिफारिस गर्न सक्षम बनाउन थप संस्थागत व्यवस्था गर्नु आवश्यक छ । यसका साथै विभिन्न स्वरूपका लैङ्गिक हिंसाको सम्बोधन गर्नका लागि विद्यालय तथा समुदायलाई परिचालन गर्न तथा विद्यालय तहमा अभ्यास गरिएका विभिन्न कार्यक्रमबिच समन्वय गर्न व्यावहारिक मार्गदर्शनको पनि आवश्यकता पर्छ । अन्त्यमा, विद्यालयभित्र र वरपर हुने लैङ्गिक हिंसालाई सम्बोधन गर्न समुदायमा अभिभावकहरूको सीमित मात्र संलग्नता हुन्छ । यसै गरी स्थानीय तथा सहक्रियाकलापमा लैङ्गिक हिंसाको विषयलाई अझै प्रतिविम्बन गर्न सकिएको छैन ।

### ५.४.२ उद्देश्य

१. विद्यार्थीहरूको शारीरिक/मानसिक लगायत समग्र स्वास्थ्यका साथै सुरिक्षत वातावरणमा शिक्षा प्राप्त हुने सुनिश्चितता गर्नु

२. प्रत्येक विद्यालयका विद्यार्थीहरूले स्थानीय रूपमा उत्पादित स्वस्थ तथा पोषणयुक्त दिवा खाजा पाउने सुनिश्चित गर्दै बालबालिकाको सहभागिता तथा टिकाउ दरमा सुधारको सुनिश्चितता गर्नु

३. अभिभावक, स्थानीय तह तथा अन्य सरोकारवालाहरूसँगको समन्वय तथा सहभागितालाई सुदृढ गर्दै गुणस्तरीय स्वास्थ्य, पानी, सरसफाइ तथा स्वच्छता, पोषण सेवामा सुधार गरी बालबालिकाको पोषण तथा स्वास्थ्यमा सुधार गर्दै सिकाइ उपलब्धिमा सुधार गर्नु

४. शिक्षा क्षेत्रमा अन्तरक्षेत्रगत योजना, कार्यक्रम तथा बजेटको तयारी गर्न सहजीकरणका लागि शिक्षा तथा अन्य क्षेत्र (पानी, सरसफाइ तथा स्वच्छता, स्वास्थ्य, पोषण, सुरक्षा) बिच पर्याप्त सम्बन्ध स्थापित भएको सुनिश्चित गर्न संयन्त्र स्थापित गर्नु

### ५.४.३ रणनीति

सङ्घीय तहमा राष्ट्रिय विद्यालय स्वास्थ्य, पोषण तथा पानी, सरसफाइ तथा स्वच्छता नीति तथा रणनीतिको विकास गर्ने तथा प्रदेश तथा स्थानीय तहमा एकीकृत योजना बनाउने । रणनीतिका आधारमा स्पष्ट जिम्मेवारी तथा उत्तरदायित्व र समन्वयको संयन्त्र स्थापित गर्ने र कार्यक्रम कार्यान्वयनको व्यवस्थापन गर्ने संस्था पहिचान गर्ने । विद्यालयहरूमा एकीकृत ढङ्गबाट विद्यालय दिवा खाजा, पोषण, स्वास्थ्य, पानी आपूर्ति, सरसफाइ तथा स्वच्छता तथा स्वास्थ्य शिक्षा सम्बन्धी नीति तथा रणनीतिका सबै अवयवहरूको कार्यान्वयन गर्ने

**स्वास्थ्य तथा पोषण**

१. विद्यालय स्वास्थ्य तथा पोषण, खाजा, पानी, सरसफाइ तथा स्वच्छताको शासकीय प्रबन्ध गर्न नीति तथा कानुनी संरचनामा परिमार्जन र विकास गर्ने

२. विद्यालय दिवा खाजाका लागि बहुवर्षे लगानीका लागि आर्थिक दिगोपनाको सुदृढीकरण गर्ने । प्रति विद्यालय खाजा खर्च बढाउने, माथिल्लो उमेरका बालबालिकासम्मका लागि कार्यक्रम विस्तार गर्ने तथा पूर्वाधार र व्यवस्थापन क्षमता बढाउने

३. विद्यालय खाजाको गुणस्तर, विविधता तथा अन्य स्वास्थ्य र पोषण सेवामा सुधार गर्न राष्ट्रिय तथा प्रदेशस्तरीय खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग, स्वास्थ्य सेवा विभागलगायत सरकारका विशेषज्ञ/प्राविधिक निकायसँगको सहकार्य अभिवृद्धि गर्ने

४. विद्यालय दिवा खाजाको बजार व्यवस्थाका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँगको संलग्नतामा स्थानीय साना किसान तथा सहकारीलाई सहयोग गर्न स्थानीय बजारको सुदृढीकरणका लागि समन्वयात्मक प्रयास गर्ने

### पानी, सरसफाइ तथा स्वच्छता

१. विद्यालय शिक्षा क्षेत्र योजनाको अभिन्न अङ्गका रूपमा वार्षिक लक्ष्यका साथ विद्यालयमा सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छताको विकास गर्ने । पहुँचयोग्य, सफा, निरन्तर पानीसहितको अपाङ्गतामैत्री शौचालय, साबुन तथा पानीका साथ हात धुने सुविधा भएको, फोहोर विसर्जन गर्ने ठाउँ भएको, महिनावारी व्यवस्थापनका सरसामानको उपलब्धता भएको, सुरक्षित खानेपानी, अनुगमन तथा उत्तरदायित्व, सञ्चालन तथा मर्मतलगायतका कार्यमा निरन्तर रूपमा स्रोत साधन उपलब्ध गराउने

२. पाठ्यक्रममा नकारात्मक तथा हानिकारक सामाजिक व्यवहारको बारेमा जानकारी, शिक्षक निर्देशिकामा लैङ्गिक तथा उमेरअनुसारका उपयुक्त कक्षा सञ्चालनका विधिहरूलगायतको व्यवस्था गर्ने

३. विद्यालयमा महिनावारी स्वास्थ्य व्यवस्थापन, सञ्चार तथा सम्पर्क शिक्षक तोक्ने लगायत एकीकृत स्वास्थ्य, पोषण तथा पानी, सरसफाइ तथा स्वच्छताको प्याकेजलाई कार्यान्वयन गर्न स्थानीय मार्गदर्शनको विकास गर्न स्थानीय तहको अन्तरक्षेत्रीय संयन्त्रलाई क्षमतावान बनाउने

### सुरक्षा

१. कोभिड-१९ को माहामारीबाट तथा लैङ्गिक, जातीय हिंसाबाट सुरक्षित हुन सूचक तथा मापदण्डहरूलाई समावेश गर्न बृहत् विद्यालय सुरक्षाका न्यूनतम प्याकेजलाई अद्यावधिक गर्ने

२. विद्यालयले हासिल गर्नुपर्ने वार्षिक लक्ष्यमा न्यूनतम आवश्यक अवस्थाका रूपमा बृहत् विद्यालय सुरक्षाका न्यूनतम प्याकेजलाई समावेश गर्ने

३. गुनासो सुन्ने तथा यसलाई सिफारिस गर्ने संयन्त्रको समीक्षा तथा समायोजन गरी मुलुक भरी लागु गर्ने

## ५.४.४ उपलब्धि

निम्नलिखित क्षेत्रमा अन्तरक्षेत्रगत उपलब्धिहरूको परिकल्पना गरिएको छ ।

### स्वास्थ्य तथा पोषण

गम्भीर रोगबाट सुरक्षित भई पर्याप्त पोषणका साथ बालबालिका स्वस्थ रूपमा विद्यालयमा सहभागी भएको हुने

### पानी, सरसफाइ तथा स्वच्छता

उमेर, लिङ्ग, धर्म वा अपाङ्गताको स्वरूपअनुरूप बिना भेदभाव विद्यालयमा रहँदा बालबालिकाले आवश्यकता अनुसार पर्याप्त र सुरक्षित पानी, सरसफाइ तथा स्वच्छताका सुविधाहरूमा पहुँच प्राप्त गरेका हुने

### सुरक्षा

सबै पृष्ठभूमिका बालबालिकाले हिंसाबाट सुरक्षित नीति, पद्धति तथा पाठ्यक्रमको व्यवस्था गरिएको स्थानमा सिकेका हुने । कुनै पनि बालबालिकाले विद्यालय वा वरपर हिंसा तथा वहिष्करणको अनुभव नगरेको तथा सेवाहरूमा उनीहरूको पहुँच भएको हुने

## ५.४.५ प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

यस खण्डमा माथि उल्लेख गरिएका रणनीतिको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित प्रतिफल, मुख्य क्रियाकलाप तथा दिवा खाजा, स्वास्थ्य, पानी, सरसफाइ तथा स्वच्छता तथा पोषणसम्बन्धी लक्ष्यको रूपरेखा दिइएको छ । तालिका ५.४ मा प्रतिफल, मुख्य क्रियाकलाप तथा भौतिक लक्ष्य र कार्यान्वयन गर्ने मुख्य जिम्मेवार तह उल्लेख गरिएको छ ।

तालिका ५.४: दिवा खाजा, स्वास्थ्य तथा पोषणका उपलब्धि, प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| १. पर्याप्त पोषणका साथ गम्भीर रोगबाट सुरक्षित भई बालबालिका स्वस्थ रूपमा विद्यालयमा सहभागी हुन सक्छन् | १.१ विद्यालय स्वास्थ्य तथा पोषण रणनीति (२००६) अद्यावधिक तथा परिमार्जन भई दिवा खाजासहित विद्यालय स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी स्पष्ट भूमिका तथा जिम्मेवारी निर्धारण, नियामक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधिको प्रबन्ध तथा कार्यान्वन हुने | १.१.१ नीतिगत, कानुनी र नियामक ढाँचा र दस्तावेज विकास (स्वास्थ्य तथा पोषण रणनीति परिमार्जन; सयुक्त कार्यढाँचा परिमार्जन) दिवा खाजाको कानुनी प्रबन्ध सुदृढीकरण; स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी मापदण्ड तथा स्थानीय कार्यान्वयन ढाँचा विकास | सङ्ख्या | ५ | ५ | सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तह |
| | | १.१.२ विद्यालय तथा स्थानीय तहका लागि दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रम कार्यान्वयन निर्देशिकाको विकास | सङ्ख्या | २ | २ | स्थानीय तह र विद्यालय |
| | १.२ विद्यालयमा प्राथमिक उपचार किट वितरण गर्ने; आवधिक रूपमा शारीरिक तथा मानसिक स्वास्थ्य परीक्षण गर्ने; जुकाका चक्की वितरण गर्ने | १.२.१ आवधिक रूपमा स्वास्थ्य परीक्षण गर्ने, जुकाका चक्की वितरण | विद्यार्थी | २५ मिलियन | ५० मिलियन | स्थानीय स्वास्थ्य सुविधा तथा विद्यालय |
| | | १.२.२ विद्यालयमा प्राथमिक उपचार किट वितरण | विद्यालय प्रतिशत | १०० | १०० | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र स्थानीय स्वास्थ्य सुविधा |
| | | १.२.३ विद्यालयमा आधारित मनोसामाजिक तथा मनोचिकित्सकीय प्राथमिक उपचार संयन्त्रको विकास | | | | |
| | १.३ विद्यार्थीहरूले स्वास्थ्य (बृहत् यौनिकता शिक्षासहित), पोषण, खाद्य सुरक्षा विषयमा आधारभूत शिक्षा पाएको हुने | १.३.१ विद्यार्थीहरूलाई स्वास्थ्य (बृहत् यौनिकता शिक्षासहित), पोषण, खाद्य सुरक्षा विषयमा आधारभूत शिक्षा उपलब्धता | विद्यालय प्रतिशत | १०० | १०० | स्थानीय स्वास्थ्य सुविधा तथा विद्यालय |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | १.४ प्रारम्भिक बाल शिक्षा तथा विकासदेखि आधारभूत तह कक्षा ८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुने (४.१.५ प्रतिफल २.१ र ४.२.५ प्रतिफल २.५ पनि हेर्नुहोस्) | १.४.१ दिवा खाजा तयार गर्नका लागि भान्छा, भण्डार भाँडाकुँडा तथा अन्य उपकरणको प्रबन्ध | विद्यालय प्रतिशत | १०० | १०० | प्रदेश सरकार तथा स्थानीय तह |
| | | १.४.२ पाउनुपर्ने विद्यार्थीहरूका लागि स्वस्थ तथा पोषणयुक्त दिवा खाजा उपलब्धता | विद्यार्थी वार्षिक | ३,५००,००० | ३,८००,००० | प्राबाशिवि परिच्छेदमा समावेश गरिएको छ |
| | | १.४.३ मेनु तथा अन्य दैनिक क्रियाकलाप बनाउन क्षमता विकास । | स्थान | ७५३ | ७५३ | स्थानीय तह |
| | | १.४.४ दिवा खाजा आपूर्ति गर्ने स्थानीय कृषि सहकारी तथा किसान समूहलाई तालिम | स्थान | ७५३ | ७५३ | स्थानीय तह (स्थानीय कृषि विकास एकाइसँगको समन्वयमा) |
| | | १.४.५ कार्यक्रमको सक्षमता, प्रभावकारिता तथा प्रति एकाइ लागतका बारेमा तथा दिवा खाजाका विविध तौरतरिकाका बारेमा अध्ययन | सङ्ख्या | २ | | सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह |
| | | | | | | |
| | १.५ विद्यालयमा स्वास्थ्यकर्मीको प्रावधानसहित एकीकृत रूपमा दिवा खाजा, स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापनका लागि सरकारका सबै तहहरूमा पर्याप्त क्षमतासहित जनशक्ति तथा कार्यान्वयन संयन्त्र तथा संस्थागत व्यवस्था गरिएको हुने | १.५.१ आवश्यक जनशक्तिसहित मन्त्रालय, प्रदेश तथा स्थानीय तहमा दिवा खाजा, स्वास्थ्य, पोषण तथा सरसफाइसँग सम्बिन्धत संरचनाहरू पहिचान, स्थापना तथा सञ्चालन | तह निरन्तर सञ्चालन | ७६१ | ७६१ | सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह |
| | | १.५.२ प्रत्येक विद्यालयमा एक स्वास्थ्यकर्मीको व्यवस्था | विद्यालय प्रतिशत | ७५ | १०० | प्रदेश सरकार तथा स्थानीय तह |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| २. विद्यार्थीहरूले विद्यालयमा प्रयोगमा आइरहेको सुरक्षित पानी, सरसफाइ तथा स्वच्छताका सुविधाको प्रयोग गरेको हुने | २.१ प्रत्येक विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी तथा सफाइमा सामग्रीसहित छात्रा तथा छात्रका लागि छुट्टै पहुँचयोग्य शौचालय तथा युरिनल, सुरक्षित पानी, सरसफाइ तथा स्वच्छताका सुविधाको सुनिश्चितता गर्ने; हात धुने स्थान तथा किशोरीका लागि स्यानिटरी प्याड फाल्न मिल्ने, स्वच्छ खाने पानी तथा कक्षा तथा विद्यालय वरपर सफा भएको हुने | २.१.१ सबै विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी तथा सफाइ सामग्रीसहित छात्रा तथा छात्रका लागि छुट्टै पहुँचयोग्य शौचालय तथा युरिनल; सुरक्षित पानी, सरसफाइ तथा स्वच्छताका सुविधाको सुनिश्चितता गर्ने; हात धुने स्थान, किशोरी छात्राका लागि स्यानिटरी प्याड फाल्न मिल्ने व्यवस्था र स्वच्छ खाने पानी तथा कक्षा तथा विद्यालय वरपर सरसफाई | विद्यालय प्रतिशत | ९२ | ९९ | स्थानीय तह र विद्यालय |
| | २.२ किशोरी छात्राहरूलाई नियमित रूपमा स्यानिटरी प्याड वितरण र सुरक्षित तवरले विसर्जन गर्ने व्यवस्था भएको हुने | २.२.१ कक्षा ६-१२ का किशोरी छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याड वितरण गर्ने तथा विसर्जनको पर्याप्त व्यवस्था | विद्यार्थी | ५० लाख | १ करोड | स्थानीय तह |
| | २.३ विद्यार्थीहरूले विद्यालयमा सरसफाइ तथा स्वच्छतामा आधारभूत शिक्षा पाएको हुने तथा किशोरीहरूका लागि महिनावारी स्वच्छता शिक्षा प्रदान गरिएको हुने | २.३.१ विद्यार्थीहरूले विद्यालयमा सरसफाइ तथा स्वच्छतामा आधारभूत शिक्षा दिइने तथा किशोरीहरूका लागि महिनावारी स्वच्छता शिक्षा प्रदान | विद्यालय प्रतिशत | १०० | १०० | स्थानीय स्वास्थ्य सुविधा र विद्यालयहरू |
| | २.४ सङ्घीयताका सन्दर्भमा पानी, सरसफाइ तथा स्वच्छताका मार्गदर्शनको पुनरावलोकन तथा कार्यान्वयन भएको हुने | २.४.१ सङ्घीयताका सन्दर्भमा विभिन्न तहमा पानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी संरचनागत प्रबन्धको पुनरावलोकन तथा कार्यान्वयन | सङ्ख्या | १ | | सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह |
| | | २.४.२ आवश्यकताअनुसार सिकाइमा आधारित सूचकहरूको पुनरावलोकन | सङ्ख्या | १ | | सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह |
| | | २.४.३ तीनै तहका सरकार तथा सरोकारवालाहरूलाई प्रबोधीकरण तथा क्षमता विकास | सङ्ख्या | १/७/७५३ | | सङ्घ, प्रदेश तथा स्थानीय तह |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | | २.४.४ स्थानीय तहले गुणस्तरीय पानी, सरसफाइ तथा स्वच्छता सुविधाहरू उपलब्ध गराई सोको संरक्षण | सङ्ख्या | ५०० | ७५३ | स्थानीय तह |
| | | २.४.५ आधारभूत/उच्च स्तरको पानी, सरसफाइ तथा स्वच्छता सुविधाहरू प्राप्त गर्ने विद्यालयहरूको संख्या | सङ्ख्या | २०,६७४/ ५,००० | ३७,८३७/ १२,८३७ | विद्यालय |
| ३. सबै पृष्ठभूमिका बालबालिकाले हिंसाबाट सुरक्षित नीति, पद्धति तथा पाठ्यक्रमको व्यवस्था गरिएको स्थानमा सिक्ने छन्; कुनै पनि बालबालिकाले विद्यालय वा वरपर हिंसा तथा वहिष्करणको अनुभव गर्नुपर्ने छैन तथा सेवाहरूमा उनीहरूको पहुँच पुगेको हुने | ३.१ प्रत्येक विद्यालयमा घेराबारको व्यवस्था भएको हुने | ३.१.१ घेराबार निर्माण | विद्यालय प्रतिशत | १०० | १०० | स्थानीय तह र विद्यालय |
| | ३.२ बालबालिकाको सुरक्षासम्बन्धी मुद्दालाई सम्बोधन गर्ने सुनिश्चितताका लागि स्थानीय तहले विद्यालय, शैक्षिक एकाइ तथा अन्य सम्बन्धित संस्थाहरूबिच सहजीकरण गर्ने | ३.२.१ गुनासो सुन्ने संयन्त्रलाई सुदृढ गर्ने तथा विद्यालयमा कुनै पनि विभेद, दुर्व्यवहार तथा हेपाइहरू नभएको सुनिश्चित गर्न थप उपायहरूको खोजी (४.२.५ १.२.२ ५.३.५ १.२.३ ५.४.५ ३.२.१ र ५.८.५ १.१.२ पनि हेर्नुहोस्) | संयन्त्र | १ | | स्थानीय तह |
| | | ३.२.२ प्रदेशदेखि स्थानीय तहमा गठन गरिएको लैङ्गिक सञ्जालको विस्तार गर्ने र तिनलाई बाल विवाह, लैङ्गिक हिंसा, हानिकारक लैङ्गिक अभ्यासका सम्बन्धमा सचेतना कार्यक्रमको कार्यान्वयनमा परिचालन गर्ने तथा लैङ्गिक सम्पर्क विन्दुको क्षमता अभिवृद्धि | सञ्जालका सङ्ख्या | ७६० | ७६० | प्रदेश सरकार तथा स्थानीय तह |
| | | ३.२.३ विद्यार्थीहरू विद्यालय छाड्ने जोखिम समेतलाई ध्यान दिई विद्यालय सुरक्षाको लेखाजोखा | स्थानीय तह | ३५० | ७५३ | स्थानीय तह |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | | ३.२.४ नीति, आचार संहिता, गुनासो प्रतिक्रिया संयन्त्र तथा सुरक्षा सिफारिसका विषयमा अभिमुखीकरण गर्न विद्यालयले एक जनालाई बाल सुरक्षा अगुवा व्यक्तिको रूपमा मनोनयन | स्थानीय तह | ३५० | ७५३ | स्थानीय तह |
| | | ३.२.५ बाल सुरक्षाका लागि स्थानीय तहले अन्तर क्षेत्रगत कार्य टोलीलाई सहजीकरण | स्थानीय तह | ३५० | ७५३ | स्थानीय तह |

## ५.५ शिक्षामा सूचना तथा सञ्चार प्रविधि

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याई यसको प्रयोगमा भएको विभेद (डिजिटल डिभाइड) कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइमा सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुर्याउछ (शिक्षा मन्त्रालय, २०१३) । शिक्षामा सूचना तथा सञ्चार प्रविधि गुरु योजना, २०१३ ले चार ओटा प्राथमिकताका क्षेत्रहरूः (क) सूचना तथा सञ्चारका लागि संरचना (जडान, सामग्री, तथ्याङ्क) निर्माण (ख) मानव संशाधनको विकास (ग) डिजिटल सामग्रीको विकास (घ) शिक्षण विधि र व्यवस्थापनको सुधार, पहिचान गरेको छ । उक्त गुरु योजनाले यी चार ओटा क्षेत्रका रणनीति, क्रियाकलाप र लक्ष्यहरू निर्धारण गरेको छ । यी क्षेत्रहरू हालको परिस्थितिमा पनि उत्तिकै सान्दर्भिक रहेकाले वर्तमानको आवश्यकता अनुकूल रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अद्यावधिक तथा परिमार्जन गरी यस योजनामा समावेश गरिएको छ ।

कोभिड-१९ को महामारीले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । सूचना तथा सञ्चार प्रविधिले विभिन्न प्रकारका विपत् तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा महत्त्वपूर्ण सहयोग गर्न सक्छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी सिकाइ (अनलाईन र अफलाइनसमेत) लाई निरन्तरता दिने प्रयत्नहरू गरिए तापनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन । यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएको छ ।

### ५.५.१ वर्तमान अवस्था र चुनौती

#### १. नीतिगत प्रावधान

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी विभिन्न प्रावधानहरू लागु गरिएका छन् । नेपालले विद्यालयमा सूचना तथा सञ्चार प्रविधि, कनेक्टिभिटी र सुरक्षाको विषयमा स्पष्टता प्रदान गर्ने ब्रोडव्यान्ड नीति, २०७१ कार्यान्वयन गरेको छ । त्यसैगरी सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजनाको कार्यान्वयन गर्ने र सूचना तथा सञ्चारका पूर्वाधारमा पहुँच विस्तार गर्ने विषयमा नीति निर्धारण गरेको छ । डिजिटल नेपाल कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल/जिआइएस शिक्षा प्रदान गर्ने, सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना तथा सञ्चार प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने विषय उल्लेख गरेको छ ।

नेपाल सरकारले स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति, २०७६ र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्धन नीति, २०७६ ले सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार स्थापना गर्ने, कनेक्टिभिटी विस्तार गर्ने, शिक्षक तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्री र मानव संशाधनको व्यवस्थापन गर्ने विषयहरू उल्लेख गरेका छन् । यी दस्तावेजहरूले शिक्षामा

सूचना तथा सञ्चार प्रविधिका लागि नीतिगत आधार तय गरेका छन् भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३ ले विशिष्ट रणनीति, कार्यक्रम तथा लक्ष्यहरू निर्धारण गरेको छ ।

## २. योजना तथा कार्यक्रम

शिक्षामा सूचना तथा सञ्चार प्रविधि गुरु योजना (सन् २०१३-२०१७) ले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि अन्य कैयौं रणनीतिहरूका अतिरिक्त १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि सूचना तथा सञ्चार प्रविधिका पूर्वाधारको विकास र इन्टरनेटको प्रयोग गर्ने; शिक्षक तथा विद्यालयका अन्य जनशक्तिले आफ्ना कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको विस्तार गर्ने; सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने; निरन्तर सिकाइको प्रबन्ध गर्ने; पाठ्यक्रममा सूचना तथा सञ्चार प्रविधि समावेश गर्ने; अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने; सबै स्रोत केन्द्रहरूबिच डिजिटल सामग्री आदानप्रदान गर्न प्लेटफर्म स्थापना गर्ने; शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटाइज गर्ने र स्रोत केन्द्रहरूलाई सूचना प्रविधिको हबका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरेको थियो । उक्त गुरु योजनामा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक रणनीति तथा लक्ष्यहरू पनि निर्धारण गरिएको थियो ।

त्यसैगरी, विद्यालय क्षेत्र विकास योजनामा पनि सूचना तथा सञ्चार प्रविधिका क्रियाकलापहरू समावेश गरिएका थिए । उक्त योजनामा समावेश गरिएका मुख्य क्रियाकलापहरू: विद्यालयमा हुने शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री जडान गर्ने; विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ सामग्री उपलब्ध गराउने; विज्ञान, गणित र अङ्ग्रेजी विषय शिक्षणका लागि डिजिटल सामग्रीहरू निर्माण गर्ने; नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सिकाइ केन्द्रहरू स्थापना गर्ने; विद्युतीय सरकारी लेखा प्रणाली कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली विकास गर्ने रहेका थिए ।

## ३. नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगसम्बन्धी कतिपय नीति तथा कार्यक्रमहरू सञ्चालन गरिएका छन् । विद्युत र कम्प्युटरमा पहुँच, इन्टरनेट कनेक्टिभिटी, डिजिटल सिकाइ सामग्रीको विकास तथा ती सामग्रीमा पहुँच, शिक्षकको क्षमता विकास र शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको संरचनामा केही प्रगति भएको भए तापनि थप सुधारहरू आवश्यक छन् ।

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकासमा वर्षैपिच्छे सुधार हुँदै गएको र धेरैजसो माध्यमिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार भए तापनि यी सुविधाहरू पर्याप्त छैनन् र ज्यादै कम विद्यालयले मात्र शिक्षण सिकाइमा प्रयोग गर्ने गरेका छन् । कतिपय विद्यालयहरूले विभिन्न व्यक्ति तथा सङ्घसंस्थाबाट पनि यस्ता सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरण प्राप्त गर्ने गरेका छन् । सन् २०२२ को तथ्याङ्कअनुसार हाल सञ्चालनमा रहेका जम्मा २७,८९० सामुदायिक विद्यालयहरूमध्ये ६१.१ प्रतिशतमा विद्युत् आपूर्ति छ, ४२.३ प्रतिशतमा (करिब १२,००० विद्यालयमा) कम्प्युटर सुविधा तथा २१.६ प्रतिशत (करिब ५,४००) विद्यालयमा इन्टरनेट जडान गरिएको छ ।

वि. सं. २०७६ देखि नेपाल दूरसञ्चार प्राधिकरणले विद्यालयहरूबाट प्रस्ताव आह्वान गरी ग्रामीण दूरसञ्चार विकास कोषमार्फत १००० विद्यालयमा सूचना प्रविधि प्रयोगशालाको स्थापनासहित सबै माध्यमिक विद्यालयहरूमा इन्टरनेट पुर्याउनका लागि कार्य गरिरहेको छ । यसका अतिरिक्त विभिन्न संस्था तथा कम्पनीहरूले केही विद्यालयहरूमा सूचना प्रविधि प्रयोगशालाको विकास गर्न सहायता गरिरहेका छन् । यी प्रयासहरूका बाबजुद सबै विद्यालयहरूमा इन्टरनेट कनेक्टिभिटीसमेतको सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सुविधाहरूको विस्तार तथा व्यवस्थापन गर्नु चुनौतीपूर्ण रहेको छ ।

सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारहरूका साथै डिजिटल सामग्रीहरूको विकास र उपलब्धता अर्को चुनौती रहेको छ । डिजिटल पुस्तकालय, डाटा सेन्टर र डिजिटल स्टुडियोको स्थापनामा सीमित मात्र प्रगति भएको छ । विद्यालय क्षेत्र विकास योजनाअन्तर्गत पाठ्यक्रम विकास केन्द्रले कक्षा ६, ७ र ८ का गणित, विज्ञान र अङ्ग्रेजी विषयमा केही डिजिटल सामग्रीहरू तयार गरेको छ । त्यसै गरी केही निजी क्षेत्रका संस्थाहरूले पनि विभिन्न विषयमा डिजिटल सामग्रीहरू तयार गर्ने कार्य गरिरहेका छन् । दृष्टिसम्बन्धी अपाङ्गता भएका विद्यार्थीहरूका लागि पनि केही पाठ्यपुस्तकहरू डिजिटाइज गर्ने कार्य भएको छ । कोभिड-१९ महामारी सुरु भएदेखि यस्ता डिजिटल सामग्रीलाई बेग्लै पोर्टलमा अपलोड गरिएको छ । पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका सामग्रीका विद्युतीय प्रतिहरू पनि वेबसाइटमा राखे गरिएको छ । कोभिड-१९ महामारीको समयमा सिकाइलाई निरन्तरता दिन भर्चुअल माध्यमबाट पनि कक्षा सञ्चालन गरिए । केही हदसम्म डिजिटल सामग्रीहरू उपलब्ध भए तापनि ती सामग्रीहरू पर्याप्त छैनन्, विकास भएका सामग्रीहरू अन्तरक्रियात्मक छैनन् र विविध कारणले त्यस्ता सामग्रीमा सहज पहुँच पनि छैन । यसका अतिरिक्त विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाका लागि उपयोगी हुने गरी सामग्री विकास गर्ने कार्यमा चुनौती छन् ।

प्रशिक्षक, शिक्षक तथा कर्मचारीहरूलाई सूचना तथा सञ्चार प्रविधिसम्बन्धी तालिम दिने गरिएको भए तापनि यसलाई विस्तार गर्नु आवश्यक छ । सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका सम्बन्धमा शिक्षकहरूका लागि क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ ।

एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई वेबमा आधारित बनाइएको छ तर विद्यालयमा कम्प्युटर र इन्टरनेट कनेक्टिभिटीसमेतका सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सुविधाहरूको अभाव रहेकाले यसलाई पूर्ण रूपमा सञ्चालनमा ल्याउन सकिएको छैन । त्यसै गरी विद्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र उच्च शिक्षाका अलग अलग शैक्षिक सूचना प्रणालीहरू भएकाले तिनीहरूबिच अन्तरआबद्धता गर्न कठिनाइ भएको छ । एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली स्थापना र वित्तीय प्रतिवेदनका लागि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) विकास गरिएको छ । त्यसै गरी विभिन्न सूचना तथा कतिपय सेवाका लागि आवेदन दिने लगायतका कार्यहरूमा अनलाइन पद्धति विकास गरिएको छ । विद्यालयको लेखाप्रणालीलाई सहज रूपले सञ्चालन गर्न र परीक्षा फारामलाई अनलाइनमा आधारित बनाउने जस्ता कार्य गर्न थप काम गर्नुपर्ने छ ।

अधिकांश विद्यालयहरूमा विद्युत्, इन्टरनेट कनेक्टिभिटीजस्ता सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत संरचनाहरूको अभाव रहनु, विद्युत तथा इन्टरनेट कनेक्टिभिटी भएका विद्यालयहरूमा पनि पर्याप्त सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरणको व्यवस्था नहुनु र सञ्चालन तथा प्रयोगको क्षमता विकास नहुनु शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी अन्य चुनौतीहरू हुन् । धेरै जसो विद्यालयहरूले शिक्षण सिकाइ प्रयोजनका लागि कम्प्युटरको

पर्याप्त उपयोग गरेका छैनन् । शिक्षकहरूमा क्षमताको अभाव, डिजिटल सामग्रीहरूको न्यून उपलब्धता, विभिन्न किसिमका अपाङ्ग भएका बालबालिकाका लागि उपयुक्त सामग्रीको अभाव यस क्षेत्रका केही बाधकहरू हुन् । यसले डिजिटल डिभाइड कम गर्नमा चुनौती सिर्जना गरेको छ । विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि केन्द्रीय डाटा सेन्टर, डिजिटल प्रयोगशाला र डिजिटल पुस्तकालयसहितको एकीकृत प्रणालीको विकास हुन नसक्नु; शैक्षिक सेवा प्रवाह तथा व्यवस्थापनमा विद्युतीय सुशासनको विस्तार गर्न नसक्नु जस्ता कारणले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई कठिन बनाएको छ । तीनै तहका सरकार तथा इन्टरनेट प्रदायक संस्थाहरूबिच समन्वय र सहकार्यको सुनिश्चित गर्न, क्षमता वृद्धि गर्न र गुणस्तर सुधार गर्नमा पनि चुनौतीहरू रहेका छन् ।

### ५.५.२ उद्देश्य

१. शिक्षण सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्नु । विभिन्न किसिमका अपाङ्ग भएका व्यक्तिहरूलगायत सबै विद्यार्थीहरूका लागि सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षाको विस्तार गर्नु

२. बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोगको वृद्धि गरी सहज, छिटोछरितो र सर्वसुलभ बनाउनु

३. उपयुक्त सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत् शिक्षाको समग्र व्यवस्थापनलाई प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु

### ५.५.३ रणनीति

१. सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत सुविधा तथा उपकरणको प्रबन्ध गर्ने

२. सङ्घीय तहमा एकीकृत शैक्षिक सूचना तथा सञ्चार प्रविधि केन्द्रको स्थापना गर्ने

३. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका सम्बन्धमा सबै शिक्षकहरूको क्षमता विकास गर्ने र नवप्रवेशी शिक्षकहरूमा आधारभूत सूचना तथा सञ्चार प्रविधि सिपको सुनिश्चितता गर्ने

४. मूल विषयहरूलाई प्राथमिकतामा राखी विभिन्न कक्षाका अन्तरक्रियात्मक डिजिटल सामग्रीहरू विकास गर्ने र विद्यालय शिक्षाका सबै पाठ्यक्रम तथा पाठ्यसामग्रीको विद्युतीय प्रति लर्निङ पोर्टल मार्फत अनलाइनमा सहजै उपलब्ध हुने व्यवस्था मिलाउने

५. विभिन्न विषयहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत सिपहरूको प्रयोगलाई एकीकरण गर्ने र सबै विद्यार्थीहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत सिपहरू सुनिश्चित गर्नका लागि छुट्टै विषयका रूपमा पाठ्यक्रममा समावेश गर्ने

६. सूचना तथा सञ्चार प्रविधिका आधारभूत पूर्वाधारहरूको उपलब्धता र मर्मतका लागि तीनै तहका सरकारबिच एकीकृत कार्यक्रम र बजेटको व्यवस्थापन गर्ने र नियमित रूपमा आवश्यक स्रोत र साधन उपलब्ध गराउन सम्बन्धित निकायहरूबिच समन्वय र सहकार्य गर्ने

७. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको लर्निङ पोर्टललाई थप व्यवस्थित बनाउने र सिकाइका लागि उपयोगी मोबाइल एप्लिकेसनहरूको विकास तथा प्रयोग गर्ने

८. विभिन्न किसिमका अपाङ्ग भएका बालबालिकाका लागि उपयोगी हुने डिजिटल सामग्री विकास गर्ने
९. शिक्षक तालिम, सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने
१०. सामुदायिक सिकाइ केन्द्र र सामुदायिक पुस्तकालयहरू एकीकृत गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत तिनीहरूले प्रदान गर्ने सेवालाई सहज र प्रभावकारी बनाउने
११. एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई थप व्यवस्थित गरी विभिन्न शैक्षिक सेवा तथा सूचना व्यवस्थापन र सञ्चार प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने

### ५.५.४ उपलब्धि

१. विद्यालयहरू सूचना तथा सञ्चार प्रविधिमार्फत प्रविधिमा आधारित शिक्षण सिकाइ सञ्चालन गर्न सक्षम भएको हुने तथा शिक्षक र विद्यार्थीहरूले प्रविधिको अधिकतम प्रयोग गरेका हुने

२. एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको पहुँच तथा प्रयोगमा वृद्धि भई शैक्षिक योजना, व्यवस्थापन तथा सुशासनको गुणस्तर र कुशलतामा सुधार भएको हुने

### ५.५.५ प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

यस खण्डमा माथि उल्लेख गरिएका रणनीतिको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित प्रतिफल, मुख्य क्रियाकलाप तथा शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी लक्ष्यको रूपरेखा दिइएको छ । तालिका ५.५ मा अपेक्षित प्रतिफल, मुख्य क्रियाकलाप तथा भौतिक लक्ष्य र कार्यान्वयन गर्ने मुख्य जिम्मेवार तह उल्लेख गरिएको छ ।

तालिका ५.५: शिक्षामा सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित अपेक्षित उपलब्धि, प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| १. सूचना तथा सञ्चार प्रविधि मार्फत विद्यालयहरू प्रविधिमा आधारित शिक्षण सिकाइ सञ्चालन गर्न सक्षम भएको हुने तथा शिक्षक र विद्यार्थीहरूले प्रविधिको अधिकतम प्रयोग गरेका हुने | १.१ शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि केन्द्रीय डाटा सेन्टर तथा विद्युतीय प्रयोगशाला स्थापना र सञ्चालन हुने | १.१.१ सूचना तथा सञ्चार प्रविधि केन्द्र (केन्द्रीय डिजिटल सिकाइ प्लेटफर्म, विद्युतीय प्रयोगशाला तथा तथ्याङ्क केन्द्रसहित) स्थापना | सङ्ख्या सञ्चालन | १ निरन्तर | १ | सङ्घीय सरकार |
| | १.२ सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत सुविधामा सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूको पहुँच पुग्ने र विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार हुने | १.२.१ विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विस्तार | विद्यालय सङ्ख्या | आधारभूत शिक्षा र माध्यमिक शिक्षा परिच्छेदमा समावेश गरिएको छ । | | |
| | | १.२.२ सबै विद्यालयमा इन्टरनेट कनेक्टिभिटी विस्तार | विद्यालय प्रतिशत | ४३ | ९० | स्थानीय तह |
| | १.३ सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने | १.३.१ सबै तालिम केन्द्रलाई सूचना तथा सञ्चार प्रविधिको हबका रूपमा क्षमता विकास (संरचना तथा जनशक्ति) | तालिम केन्द्र सङ्ख्या | शिक्षक व्यवस्थापन तथा विकास परिच्छेदमा समावेश गरिएको छ । | | |
| | | १.३.२ सूचना तथा सञ्चार प्रविधि विषयलाई शिक्षक विकास तथा तयारी कोर्समा समावेश | तह | ३ | ३ | सङ्घीय सरकार |
| | | १.३.३ शिक्षक र विद्यालय व्यवस्थापनको सूचना तथा सञ्चार प्रविधिसम्बन्धी क्षमता अभिवृद्धि | शिक्षक प्रतिशत | ६० | ८० | सङ्घीय सरकार र प्रदेश सरकार |
| | | १.३.४ मिश्रित ढाँचामा शिक्षक तथा कर्मचारी तालिम सञ्चालन | शिक्षक व्यवस्थापन तथा विकास खण्डमा समावेश गरिएको छ । | | | |
| | | १.३.५ शिक्षक छनोटका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधि सिप अनिवार्य गर्ने गरी कोर्स परिवर्तन | तह | ३ | ३ | सङ्घीय सरकार |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | १.४ विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने | १.४.१ विभिन्न कक्षाका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास | कक्षा | १-८ | १-१२ | पाठ्यक्रम तथा मूल्याङ्कन खण्डमा समावेश गरिएको छ । |
| | | १.४.२ अन्तरक्रियात्मक डिजिटल सामग्रीहरू विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाका लागि पनि उपयुक्त हुने गरी विकास | कक्षा | १-८ | १-१२ | पाठ्यक्रम तथा मूल्याङ्कन खण्डमा समावेश गरिएको छ । |
| | | १.४.३ पाठ्यक्रम तथा पाठ्यसामग्रीका डिजिटल प्रति सबैलाई सहज रूपमा उपलब्धता | कक्षा | १-१२ | १-१२ | पाठ्यक्रम तथा मूल्याङ्कन खण्डमा समावेश गरिएको छ । |
| | | १.४.४ सूचना तथा सञ्चार प्रविधिको आधारभूत सिप पाठ्यक्रम तथा सिकाइमा एकीकृत गर्ने तथा सूचना तथा सञ्चार प्रविधि विषयका पाठ्यक्रम विकास | कक्षा<br>कक्षा | १०-१२<br>१-१२ | १०-१२<br>१-१२ | पाठ्यक्रम तथा मूल्याङ्कन खण्डमा समावेश गरिएको छ । |
| | | १.४.५ शैक्षिक पोर्टलको मूलप्रवाहीकरण गर्ने र मोवाइल एप विकास | पटक | २ | २ | सङ्घीय सरकार |
| २. एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको पहुँच तथा प्रयोगमा वृद्धि भई शैक्षिक योजना, व्यवस्थापन तथा सुशासनको गुणस्तरमा सुधार भएको हुने | २.१ सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सुधार भई सुदृढ हुने | २.१.१ शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई सुदृढ तथा मूलप्रवाहीकरण | पटक | १ | २ | अनुगमन तथा मूल्याङ्न खण्डमा समावेश गरिएको छ । |
| | | २.१.२ विभिन्न सूचना तथा सेवाहरूलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी छिटो, सुलभ र प्रभावकारी बनाउने प्रणाली विकास | पटक | १ | २ | अनुगमन तथा मूल्याङ्कन खण्डमा समावेश गरिएको छ । |
| | २.२ सामुदायिक अध्ययन केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने | २.१.२ सामुदायिक अध्ययन केन्द्रहरूको सूचना तथा सञ्चार प्रविधि क्षमता वृद्धि | पटक | १ | २ | सङ्घ, प्रदेश, स्थानीय तह |

## ५.६ आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा दिइने शिक्षा

नेपाल सरकारले युद्ध, द्वन्द्व, महामारी वा प्राकृतिक प्रकोपजस्ता आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने हक सुरक्षित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । आपत्कालीन अवस्थामा दिइने शिक्षाको मुख्य लक्ष्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालगायत परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्बाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपत्कालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको प्रतिकार्य गर्ने र आपतकालपश्चात् क्षतिको पुनर्लाभ गर्ने कार्यढाँचा समेटिने गरिन्छ ।

नेपालमा मूलतः निम्नलिखित तीन प्रकारका आपत्कालीन अवस्था विद्यमान छन् :

(क) **प्राकृतिक प्रकोप** : भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपात, हिमपहिरो, आगलागी, चट्याङ, खडेरी, अति चिसो र तातो वातावरणमा सुरक्षा तथा सिकाइको निरन्तरता

ख) **महामारी र सरुवा रोगः** आउँ, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लु, एनफ्लूएन्जा, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लु, कोभिड आदि सरुवा रोगहरूबाट सुरक्षा तथा सिकाइको निरन्तरता

(ग) **द्वन्द्व, विस्थापन र बसाइँसराइः** साम्प्रदायिक, धार्मिक, राजनीतिकलगायतका कारणले उत्पन्न हुने द्वन्द्व, शोषण, दुराचार तथा अन्य कारणले नागरिकहरूको विस्थापन तथा बसाइँसराइ, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुरक्षित राख्ने

### ५.६.१ वर्तमान अवस्था र चुनौती

आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको व्यवस्थासम्बन्धी वर्तमान नीति तथा कार्यक्रम र चुनौतीहरू तल उल्लेख गरिएको छ ।

#### क. नीति तथा कार्यक्रम

राष्ट्रिय शिक्षा नीति, २०७६ ले विपत्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय सुधार कार्यक्रममा राख्ने कुरा उल्लेख गरेको छ । सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय प्रतिकार्यको व्यवस्थापन एवम् कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपत् व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली-बेइज्जती, विभेदलागयतका गैरसंरचनात्मक विपत् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रका रूपमा विकास गरिने उल्लेख गरिएको छ ।

विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र द्वन्द्व तथा अन्य स्वरूपका हिंसा, दलगत राजनीति तथा अन्य अवरोध, दुर्व्यवहार, उपेक्षा तथा शोषणका प्रभावबाट मुक्त गरी सिकाइको निरन्तरताको सुनिश्चितता गर्ने लक्ष्य लिएको छ । यसै गरी बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७ ले पनि आपत् तथा सङ्कटकालीन अवस्थामा शिक्षा प्रदान गर्न प्रभावकारी विद्यालयका नौ क्षेत्रमा न्यूनतम तथा अपेक्षित मापदण्ड तोकेको छ । बृहत् विद्यालय सुरक्षा गुरु योजना, २०७४ को बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेजले विद्यालय विपत् जोखिम व्यवस्थापन, विपत् जोखिम न्यूनीकरण तथा उत्थानशीलता, सुरक्षित सिकाइ सुविधाका स्तम्भहरूको न्यूनतम मापदण्डको कार्यान्वयनको अनुगमनको प्रारूप प्रदान गरेको छ । बृहत् विद्यालय सुरक्षा गुरु योजनाको कार्यान्वयनमा सहयोग गर्न बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज, २०१८ लागु गरिएको थियो । उक्त प्याकेजले शिक्षक तथा विद्यार्थीहरूलाई मृत्यु तथा घाइते हुनबाट सुरक्षा गर्न, प्रकोपपछि पनि सिकाइलाई निरन्तरता दिन, शिक्षामा गरिने लगानीलाई सुरक्षा दिन, विपत् जोखिम न्यूनीकरण शिक्षामार्फत जोखिम न्यूनीकरण गर्न तथा उत्थानशीलताको विकास गर्न विभिन्न क्रियालापहरू सिफारिस गरेको छ । यसले शिक्षा क्षेत्रमा पर्ने प्राकृतिक प्रभावको व्यवस्थापन गर्ने आधार प्रदान गर्छ ।

दिगो विकास लक्ष्य ४ राष्ट्रिय कार्यढाँचा, २०३० ले नीतिहरूको पुनरावलोकन तथा परिमार्जन गर्दै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड तथा अनुसन्धानमा आधारित प्रवर्धनात्मक कार्यक्रमको विकास र कार्यान्वयन गर्दै, सिकाइका लागि आन्तरिक तथा बाह्य वातावरणका लागि न्यूनतम मापदण्डको विकास गर्दै, अन्तर्राष्ट्रिय कानुनका अधीनमा रही अधिकारमा आधारित लैङ्गिक संवेदनशील, सुरक्षा चासो, बालमैत्री तथा हिंसारहित विद्यालयलाई प्रवर्धन गर्दै सिकाइको उपयुक्त वातावरणका लागि विद्यालयलाई सुरक्षित राख्ने तथा विपत् व्यवस्थापनका विभिन्न उपायहरू सुझाएको छ । पन्ध्रौं योजनाले पनि प्राकृतिक प्रकोप व्यवस्थापन तथा उत्थानशीलताका लागि क्षमता विकास गर्न अन्तरसम्बन्धित मुद्दाहरूमा रणनीति बनाएको छ । सम्बन्धित सबै सरकारी निकायको क्षमता अभिवृद्धि गर्दै यसले सुरक्षित विद्यालयका लागि आधार तयार गरेको छ ।

विद्यालय क्षेत्र विकास योजनाले विपत् जोखिम न्यूनीकरण र प्रतिकार्यलाई अन्तरसम्बन्धित विषयका रूपमा विशेष प्राथमिकता दिँदै मुख्यतः सुरक्षित पुनर्निर्माण तथा भूकम्प प्रभावित जिल्लाहरूका विद्यालयको मर्मत—सम्भार र भूकम्पीय प्रभाव बाहिरका जिल्लामा सुरक्षित निर्माण तथा प्रबलीकरणमा केन्द्रीत रहने उल्लेख गरेको छ । सुरक्षित विद्यालयको अवधारणाले बृहत् विद्यालय सुरक्षाको ढाँचाका उल्लिखित तीन खम्बालाई समेटेको छ । यसले विद्यार्थीहरूलाई सिकाइको सुरक्षित वातावरण सुनिश्चित गर्नका लागि विद्यालय सुरक्षा तथा विपत् जोखिम न्यूनीकरण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने विषयमा जोड दिएको छ ।

विपत्पश्चात् पुनर्लाभ कार्यढाँचा, २०७३ को प्रतिवेदनअनुसार २०७२ सालको विनाशकारी भूकम्पबाट ७,९२३ विद्यालयहरू र ४९,६८९ कक्षाकोठाहरूको क्षति भएको थियो । क्षतिग्रस्त विद्यालयहरूको पुनर्निर्माणका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा छुट्टै केन्द्रीय आयोजना कार्यान्वयन एकाइ स्थापना गरी विद्यालय पुनर्निर्माणको काम भयो । विभिन्न विकास साझेदारहरूको समन्वयमा यस एकाइको सुपरिवेक्षणमा विद्यालयहरू पुनर्निर्माण कार्य भैरहेको छ ।

## ख. कोभिड-१९ महामारी तथा यसको प्रतिकार्य

कोभिड-१९ ले शिक्षा क्षेत्रमा पारेको नकारात्मक प्रभावलाई हटाउन विगत दुई वर्षदेखि केही कार्यहरू सञ्चालन गरिएका छन् । कोभिड-१९ को महामारी नेपालको सामाजिक एवम् आर्थिक जीवनमा ठुलो नकारात्मक असर पुर्यायो । यस महामारीबाट शिक्षा क्षेत्रलाई सुरक्षित राख्न नेपाल सरकारले २०७६ चैत्र ४ देखि सबै शिक्षण संस्थाहरूमा नियमित पठनपाठन र सबै तहका परीक्षाहरूका साथै शिक्षासँग सम्बन्धित कार्यक्रमहरू स्थगित गरिएको थियो । नेपालको शिक्षा क्षेत्रका करिब ४० हजार शैक्षिक संस्थाहरू र पूर्व प्राथमिकदेखि उच्च शिक्षासम्म अध्ययनरत करिब ८७ लाख विद्यार्थीहरूको सिकाइ कोभिड-१९ बाट प्रभावित भएको थियो ।

कोभिड- १९ ले विशेषतः शिक्षण सिकाइमा पारेको असरलाई कम गर्न र वैकल्पिक माध्यमबाट बालबालिकाले सिक्न पाउने अवसरलाई निरन्तरता दिन केही नीतिगत र कार्यक्रमिक प्रयासहरू हुँदै आएका छन् । जसमध्ये विकास साझेदारहरू समेतको सहकार्यमा कोभिड-१९ को असर न्यूनीकरण गरी शैक्षिक क्षति कम गर्न र शिक्षण सिकाइलाई निरन्तरता दिन शिक्षा क्षेत्रको आकस्मिक योजना तयार भयो भने सोका आधारमा विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७, विद्यालय शिक्षासम्बन्धी आकस्मिक कार्ययोजना, २०७७, विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा, २०७७, पाठ्यवस्तु समायोजन ढाँचा, २०७७ र माध्यमिक शिक्षा परीक्षा (एसईई) नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७७ जारी गरियो । कोभिड-१९ को पहिलो लहरपछि करिब १० महिनासम्म आमने सामने सिकाइ हुन नसकेका शिक्षण संस्थाहरू खुलेको करिब तीन महिना पछि पुनः कोभिडको दोस्रो लहर सुरु भएपछि २०७८ वैशाखदेखि पुनः शिक्षण संस्थाहरू बन्द भई भौतिक उपस्थितिमा हुने सिकाइ अवरुद्ध भएको थियो ।

२०७७ मा विद्यालय तहको पाठ्यक्रमलाई केन्द्रीत गरी विभिन्न विषयमा अनलाइन, अफलाइन सिकाइ सामग्री तयार गरी वेबसाइटमा राखिएको र कक्षा १ देखि १० सम्मका लागि रेडियो तथा दूर शिक्षा पाठ प्रसारणको समय तालिका सार्वजनिक गरी सोहीअनुसार पाठहरू प्रसारण सुरु गरिएको थियो । यसै सन्दर्भमा सरकारले वैकल्पिक माध्यमबाट सिकाइ प्रारम्भ गर्नका लागि सम्बन्धित सबैलाई सार्वजनिक रूपमा आव्हान गरेको थियो । यसका अतिरिक्त कोभिड महामारीको अवस्थामा सुरक्षाका सामान्य उपायहरूसहित सिकाइलाई निरन्तरता दिन सहयोग पुग्ने र विद्यार्थी शिक्षकमा परेको मनोसामाजिक असरलाई कम गर्ने खालका चेतनामूलक सन्देश तयार गरी मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटमा राखिएको र केही रेडियो टिभीबाट प्रसारणसमेत गरिँदै आएको छ । यसै क्रममा विभिन्न स्थानीय तहहरू, केही गैरसरकारी सङ्घसंस्था, शिक्षकका पेसागत तथा विषयगत सञ्जालहरू तथा विद्यालयहरूले पनि शिक्षकको क्षमता विकासलगायतका कार्यहरू सञ्चालन गरेका छन् । गुणस्तरीय शिक्षण सिकाइमा सबै विद्यार्थीहरूको पहुँच पुर्याउन तथा प्रभावकारिता वृद्धि गर्न यी प्रबन्धहरूको विस्तार गर्नु आवश्यक छ ।

यस अवधिमा विद्यार्थीको सिकाइलाई निरन्तरता दिनका लागि विकास, व्यवस्थापन र सञ्चालन गरेका विविध वैकल्पिक सिकाइका विधिहरूमध्ये प्रविधिमा आधारित विधिहरू प्रमुख थिए । यिनमा मुख्य गरी मुद्रित सिकाइ सामग्रीहरू, रेडियोबाट प्रसारित सामग्रीहरू, टिभीबाट प्रसारित सामग्रीहरू, विभिन्न वेबसाइट तथा विद्युतीय माध्यमबाट प्राप्त सामग्रीहरू, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनलाइन सिकाइ पोर्टल तथा इ-पुस्तकालयका साथै अन्य संस्थाहरूद्वारा विकास गरिएका सामग्रीहरू, भर्च्युअल (समकालिक/असमकालिक) सिकाइ रहेका थिए ।

आमनेसामने हुने सिकाइ प्रक्रिया अवरुद्ध भई वैकल्पिक सिकाइ निरन्तर गर्न कतिपय शिक्षण संस्थाले सूचना प्रविधिको प्रयोग गरे तापनि धेरैजसो विद्यार्थीको पहुँच नहुनाले यसबाट लाभ लिन सकेका छैनन् ।

कोभिड-१९ का कारण विद्यालय शिक्षामा सिर्जना भएका चुनौतीहरूमा बालबालिकाको सिकाइ क्षतिलाई कम गर्ने, शिक्षकहरूको अभिप्रेरणा र प्रतिबद्धतालाई कायम राख्ने, विभिन्न समूहका लागि उपयुक्त वैकल्पिक सिकाइका माध्यमहरू प्रयोग गरी सिकाइलाई निरन्तरता दिने र सबै तहमा विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक क्षमता विकास गर्ने प्रमुख रहेका छन् (युनिसेफ, २०२१) । कोभिड-१९ बाट भएको क्षतिलाई कम गर्न, क्षतिको आपूरण गर्न र शिक्षण सिकाइलाई निरन्तरता दिन शिक्षा क्षेत्रमा कोभिड-१९ को प्रभाव तथा यसबाट भएको सिकाइ क्षतिको लेखाजोखा गरी आपूरणको योजना निर्माण तथा कार्यान्वयन आवश्यक छ । यसै गरी, भविष्यमा यस्ता महामारीप्रति उत्थानशील शैक्षिक पद्धतिको विकास गर्नुपर्ने हुन्छ । यसका लागि सूचना प्रविधि वा अन्य सिकाइ पद्धतिको उपलब्धता तथा प्रयोगको विस्तार गर्नुपर्छ । प्रत्येक विद्यालयले कोभिड-१९ बाट भएको क्षतिको आपूरणका लागि क्षतिको लेखाजोखा गरेर सोअनुसार योजना तयार गरी कार्यान्वयन गर्नुपर्छ । साथै प्रत्येक विद्यार्थीको सिकाइ अवस्थाका आधारमा सम्पूर्ण कक्षा वा कक्षाका निश्चित विद्यार्थीका लागि विशेष वा थप सिकाइको प्रबन्ध आवश्यक हुन सक्छ । कक्षाका सबै वा केही विद्यार्थीले कोभिड-१९ महामारीका समयमा सिकाइ अवसर प्राप्त गरे नगरेको अथवा सिकाइका केही अवसर प्राप्त गरे पनि कतिपय आधारभूत अवधारणा तथा सिप प्राप्त गर्न नसकेको वा कुनै खास विषयवस्तुमा कठिनाइ रहेको हुन सक्छ । यस्तो अवस्थामा विद्यार्थीको आवश्यकताअनुसार अतिरिक्त वा पूरक कक्षा, कक्षामै विभिन्न समूह निर्माण गरी सिकाइ सञ्चालन, अतिरिक्त सामग्रीको निर्माण, द्रुत सिकाइ, वर्कसिटको व्यवस्था, थप अभ्यास वा कार्य वा अन्य आवश्यक सिकाइ योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

विद्यालय शिक्षा क्षेत्र योजनाका पक्षहरूलाई सञ्चालन गर्नका लागि नेपाल सरकारले विकास साझेदारहरूसँगको सहकार्यमा आपूरण तथा द्रुत सिकाइको योजना विकास गरेको छ । यो योजनाले महामारीका अवधिमा भएका अनुभव तथा अनुसन्धानका आधारमा सिकाइमा भएका क्षतिको पहिचान तथा सम्बोधन गर्नुका साथै द्रुत सिकाइका लागि प्रमाणित भएका नयाँ अभ्यासहरूलाई संस्थागत गर्ने छ । आपूरण तथा द्रुत सिकाइको कार्यढाँचालाई अन्य देशहरूमा समेत भएको प्रयोगका आधारमा पाँच नीतिगत क्रियाकलापमा वर्गीकृत गरिएको छ, जसलाई कार्यान्वयनयोग्य रणनीतिमा विकास गरिँदै छ । यी नीतिगत क्रियाकलाप तल दिइएको छ-

१. प्रत्येक बालबालिकासम्म पुग्ने र तिनीहरूलाई विद्यालयमा टिकाउने

२. सिकाइको स्तरको नियमित मूल्याङ्कन गर्ने

३. आधारभूत कुराको सिकाइलाई प्राथमिकीकरण गर्ने

४. क्षति भएका सिकाइको आपुरण गर्ने

५. मनोवैज्ञानिक स्वास्थ्य तथा कल्याणको विकास गर्ने

योजनाका दुई चरण छन् । विद्यालय शिक्षा क्षेत्र योजनाको प्रारम्भिक दुई वर्ष आपूरण तथा द्रुत सिकाइको योजनाले सिकाइ स्तरमा आधारित शिक्षण विधि प्रयोग गरी आधारभूत साक्षरता तथा गणितीय सिपमा सुधार ल्याउन कार्यक्रम

सञ्चालन गर्ने । आपूरण तथा द्रुत सिकाइको दोस्रो चरणले अति प्रभावकारी भनी प्रमाणित भएका विद्यालय तथा कक्षाकोठाको अभ्यास पहिचान गर्ने छ र शिक्षा प्रणालीको संस्थागत गर्ने विषयको सुनिश्चितता गर्ने छ । सिकाइलाई तीव्र पार्न तथा प्रणालीगत सिकाइ उपलब्धिमा सुधार गर्न सन्दर्भ सुहाउँदा तथा दिगो रणनीतिहरूका साथ असल अभ्यासहरूको विस्तारले शिक्षा प्रदायकहरूलाई सहयोग गर्ने छ ।

विद्यालयमा अनुपस्थित भएका कारणले लामो समयसम्म विद्यालय छोड्नुपर्ने तथा सिकाइमा पछि पर्ने सम्भावनालाई ध्यान दिँदै त्यस्ता विद्यार्थीहरूको पहिचान गरी उनीहरूलाई पुनः विद्यालयमा फर्काई उनीहरूको सिकाइलाई निरन्तरता दिने विशेष व्यवस्था गरिने छ । प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक-सांस्कृतिक कारणले उत्पन्न सङ्कटकालीन अवस्थाको केही हदसम्म पूर्वानुमान गर्न सकिए तापनि समय, स्वरूप र मात्राको भविष्यवाणी गर्न भने सकिँदैन । त्यसै गरी कतिपय प्रकोप, महामारी तथा आपत्कालको पूर्वानुमान गर्न नसकिने पनि हुन्छ । तसर्थ आपत्कालीन अवस्थाको शिक्षालाई योजनामा कसरी समावेश गर्ने भन्ने नै प्रमुख मुद्दा हो । स्रोतसाधन, समयसीमा र जिम्मेवारी जस्ता मुद्दाहरू यसमा रहेका छन् ।

यसमा देखिएका प्रमुख चुनौतीमा आपत्कालीन अवस्थामा दिइने शिक्षालाई अन्तर सम्बन्धित विषयका रूपमा वा छुट्टै विधाका रूपमा सम्बोधन गर्ने, यसका लागि छुट्टै योजना बनाउने वा योजनाको हरेक अवयवमा समावेश गर्ने, यस योजनामा प्राकृतिक प्रकोप मात्र सीमित हुने वा महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने, योजनालाई अल्पकालीन बनाउने वा दीर्घकालीन बनाउने भन्ने विषय रहेका छन् । शिक्षा क्षेत्रमा कोभिड-१९ ले पारेको प्रभाव कम गर्न, क्षतिको आपूरण गर्न र सोका लागि योजनाको निर्माण गर्ने विषय चुनौती रहेको छ ।

प्रस्तुत गरिएअनुसारका आपत्कालीन अवस्थाहरूले आगामी दिनहरूका लागि शिक्षाको संरचना, भौतिक पूर्वाधार, सिकाइ वातावरण, सिकाइका लागि आवश्यक पर्ने स्रोतसाधन, आपत्कालीन अवस्थामा सिकाइ निरन्तरताका लागि आवश्यक हुने व्यवस्थापकीय तथा पेसागत क्षमता र आपत्कालीन अवस्थाको तयारी, प्रतिकार्य र उत्थानशीलताको विश्वसनीय प्रणाली विकास गर्नुपर्ने आवश्यकता समेत देखाएका छन् ।

## ५.६.२ उद्देश्य

१. विद्यालय तथा बालबालिकालाई सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाका माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु

२. सम्भावित सङ्कटको सामना गर्न सक्षम उत्थानशील प्रणालीको विकास गर्न विद्यालयमा भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्ने र विद्यालयमा हुन सक्ने सम्भावित सङ्कटको प्रतिकार्य संयन्त्र र कार्यढाँचा तयार गरी अल्पकालीन तथा दीर्घकालीन पुनर्लाभका लागि बालबालिकाको सुरक्षा, स्वास्थ्य र सिकाइ सुनिश्चित गरी क्षतिको न्यूनीकरण गर्नु

३. बालबालिकाको सिकाइमा कोभिड-१९ को नकारात्मक प्रभाव कम गरी क्षतिको आपूरण गर्नु

## ५.६.३ रणनीति

१. शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान वा सङ्कटापन्नताको मूल्याङ्कन तथा विश्लेषण गर्ने

२. विद्यालयहरूले आ-आफ्ना विद्यालयको सङ्कटापन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् योजना तयार गर्न हरेक स्थानीय सरकार र विद्यालयको क्षमता विकास गर्ने

३. सम्बन्धित ऐन, कानुन, पाठ्यक्रम र शिक्षासम्बन्धी नीतिहरूको पुनरावलोकन तथा परिमार्जन गरी आपत्कालीन अवस्थाको शिक्षासम्बन्धमा विकास गरिएका मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरूलाई एकीकृत गर्ने

४. प्रकोपको जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकासका लागि शिक्षा जस्ता कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याउने

५. विपत्प्रति उत्थानशील भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना र सबलीकरण गर्ने

६. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र, उपकरण, औषधी, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने

७. विद्यार्थी, शिक्षक, अभिभावक तथा तीनै तहको सरकारको तयारी, रोकथाम, प्रतिकार्य र पुनर्लाभका लागि क्षमता विकास गर्ने

८. विपत् व्यवस्थापनको तयारी, प्रतिकार्य र पुनर्लाभमा गैरसरकारी क्षेत्र तथा विकास साझेदारहरूको सहभागिता र सहयोगसमेत परिचालन गर्ने

९. प्रविधिमैत्री शिक्षण सिकाइको विकास तथा कार्यान्वयन गर्ने

१०.कोभिड-१९ का कारण विद्यार्थीको सिकाइमा भएको क्षतिलाई आपूरण गर्न वैकल्पिक सिकाइको प्रबन्ध गरिनुका साथै सूचना प्रविधिको पहुँच तथा क्षमता बढाउने । यसका लागि विद्यार्थीको सिकाइ अवस्था पहिचान, पूरक वा वैकल्पिक सिकाइ योजना निर्माण र कार्यान्वयन, स्वास्थ्य तथा सुरक्षाका उपायहरूको व्यवस्थित प्रबन्ध, विद्यालय आउन नसकेका बालबालिकाको पहिचान तथा उनीहरूलाई विद्यालयमा ल्याउने र स्वाध्ययन तथा स्वतन्त्र सिकाइलाई प्रोत्साहन गर्ने

### ५.६.४ उपलब्धि

१. महामारीलगायत आपत्कालीन तथा सङ्कटापन्न अवस्थामा पनि विद्यालयहरू बालबालिकाको शिक्षा पाउने अधिकार प्रत्याभूत भएको सुनिश्चित गर्न सक्षम हुने

२. प्रत्येक स्थानीय तहले विद्यालय शिक्षामा कोभिड-१९ को अल्पकालीन तथा दीर्घकालीन प्रभावको पहिचान गरी तिनको सम्बोधन गरेको हुने

### ५.६.५ प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

यस खण्डमा माथि उल्लेख गरिएका रणनीतिको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित प्रतिफल, मुख्य क्रियाकलाप तथा आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा दिइने शिक्षासम्बन्धी लक्ष्यको रूपरेखा दिइएको छ । तालिका ५.६ मा अपेक्षित प्रतिफल, मुख्य क्रियाकलाप तथा भौतिक लक्ष्य र कार्यान्वयन गर्ने मुख्य जिम्मेवार तह उल्लेख गरिएको छ ।

तालिका ५.६ आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा दिइने शिक्षाका उपलब्धि, प्रतिफल, मुख्य क्रियाकलापहरू तथा लक्ष्य

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| १. महामारीलगायत आपत्कालीन तथा सङ्कटासन्न अवस्थामा पनि विद्यालयहरू बालबालिकाको शिक्षा पाउने अधिकार प्रत्याभूत भएको सुनिश्चित गर्न सक्षम भएको हुने | १. १ विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभको योजना तथा क्षमता विकास हुने | १.१.१ सुरक्षित विद्यालय नीति पुनरावलोकन तथा मापदण्ड कार्यान्वयन | पटक/ निरन्तर | १ | २ | सङ्घीय सरकार, स्थानीय तह, विद्यालय |
| | | १.१.२ स्थानीय तहमा सङ्कटासन्नता लेखाजोखाका आधारमा योजना निर्माण | स्थानीय तह, | ७५३ | ७५३ | सङ्घीय सरकार, स्थानीय तह, विद्यालय |
| | | १.१.३ आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षासँग सम्बन्धित विभिन्न मापदण्ड, निर्देशिका तथा कार्यविधिहरू एकीकृत | पटक | १ | १ | सङ्घीय सरकार र स्थानीय तह |
| | १.२ आवश्यक भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुने | १.२.१ उत्थानशीलताका लागि सम्पूर्ण विद्यालय समेट्ने गरी सचेतना विकास | विद्यालय प्रतिशत | १०० | १०० | स्थानीय तह |
| | | १.२.२ शिक्षक तथा विव्यस पदाधिकारीलाई तालिम सञ्चालन | जना | ७०००० | १०५००० | स्थानीय तह |
| | | १.२.३ विपत् जोखिम न्यूनीकरण उत्थानशील विद्यालय भवन निर्माण । (५.७.५ १.४.३ पनि हेर्नुहोस्) | | भौतिक पूर्वाधारअन्तर्गत समावेश गरिएको छ | | |
| | | १.२.४ भौतिक पूर्वाधारको विकास तथा सबलीकरण (५.७.५ १.३.१ पनि हेर्नुहोस्) | | भौतिक पूर्वाधारअन्तर्गत समावेश गरिएको छ | | |
| | | १.२.५ विद्यालयहरूमा सूचना प्रविधिको विस्तार | | सूचना प्रविधिअन्तर्गत समावेश गरिएको छ | | |
| | | १.२.६ हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्धन (५.७.५ १.३.३ र ५.८.५ १.२.३ पनि हेर्नुहोस्) | विद्यालय प्रतिशत | १०० | १०० | स्थानीय तह, विद्यालय |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | १.३ महामारीको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह/ सिकाइको निरन्तरता हुने | १.३.१ विद्यालयमा स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षक/ कार्यकर्ताको व्यवस्था | विद्यालय प्रतिशत | १०० | १०० | तीनै तहको समन्वयमा |
| | | १.३.२ निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित आपत्कालीन र सङ्कटपूर्ण अवस्थामा शिक्षा कार्य समूह निर्माण र परिचालन | विद्यालय प्रतिशत | १०० | १०० | विद्यालय |
| २. प्रत्येक तहले विद्यालय शिक्षामा कोभिड-१९ को अल्पकालीन तथा दीर्घकालीन प्रभावको पहिचान गरी तिनको सम्बोधन गरेको हुने | २.१ कोभिड-१९ को क्षतिलाई न्यून र आपूरण गर्न पुनर्लाभ तथा द्रुत योजना तयार भई कार्यान्वयन हुने | २.१.१ सबै तहमा कोभिड-१९ को क्षतिलाई न्यून गर्ने तथा प्रतिकार्य गर्न कार्यटोली गठन | स्थानीय तह | सबै | सबै | स्थानीय तह |
| | | २.१.२ विद्यार्थीहरूको सिकाइ अवस्थाको पहिचान | विद्यालय प्रतिशत | १०० | १०० | विद्यालय, स्थानीय तह |
| | | २.१.३ विद्यालयमा उपस्थित नहुने विद्यार्थीहरूको अवस्थाको पहिचान तथा उनीहरूलाई विद्यालयमा ल्याउने | स्थानीय तहको प्रतिशत | १०० | १०० | विद्यालय, स्थानीय तह |
| | | २.१.४ विद्यार्थीका लागि स्वास्थ्य तथा मनोवैज्ञानिक परामर्श सेवा उपलब्धता | स्थानीय तह प्रतिशत | १०० | १०० | विद्यालय, स्थानीय स्थास्थ्य सुविधा |
| | | २.१.५ कोभिड-१९ को क्षतिको न्यूनीकरण तथा पुनर्लाभका लागि कार्ययोजनाको तयारी तथा कार्यान्वयन | स्थानीय तह प्रतिशत | १०० | १०० | स्थानीय तह, विद्यालय |
| | | २.१.६ सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइको पहुँच तथा क्षमता वृद्धि | सूचना तथा सञ्चार प्रविधि खण्डमा समावेश गरिएको छ । | | | |

## ५.७ विद्यालय भौतिक पूर्वाधार विकास

शिक्षण सिकाइको लागि सुरक्षित विद्यालय भवन र कक्षाकोठा सहित, खेलमैदान, शौचालय तथा सुरक्षित पानी तथा स्वच्छताको सुनिश्चितताको आवश्यकता पर्छ । शिक्षा नियमावली, २०५९ ले एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनका लागि प्रारम्भिक बाल शिक्षा तथा विकास र आधारभूत तहका प्रारम्भिक कक्षा (१-५) का लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड तोकेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपत् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयका साथै विपत् जोखिममा उत्थानशील बनाउने नीतिगत व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेका सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति र हालसम्मको अभ्यास र सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यस योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ ।

### ५.७.१ वर्तमान अवस्था र चुनौती

नेपालमा हाल कुल ३४,८१६ विद्यालयमध्ये २७,८९० सामुदायिक विद्यालय रहेका छन् । यी विद्यालयहरूमध्ये जम्मा ११,९७६ विद्यालयमा मात्र कम्प्युटर सुविधा, ६,०१८ मा इन्टरनेट सुविधा, २२,२१२ मा शौचालय, २०,२४६ मा खानेपानी तथा ६,८६९ मा पुस्तकालय कक्षहरू छन् ।

२०७२ सालमा गएको भूकम्पबाट ७,९२३ विद्यालयहरूका ४९,६८१ कक्षाकोठामा क्षति पुगेको थियो । जसमध्ये २०७७ सालसम्म १,४६८ विद्यालय निर्माण वा पुनर्निर्माण सम्पन्न हुने क्रममा रहेका छन् । सङ्घीयता कार्यान्वयनभन्दा अघि तत्कालीन शिक्षा विभागमा विद्यालयको भौतिक निर्माणसम्बन्धी काम गर्ने जिम्मेवारी बेग्लै शाखामा थियो । वास्तविक काम जिल्ला शिक्षा कार्यालयहरूका प्राविधिकहरूले गर्थे । हाल सो कार्यको जिम्मेवारी स्थानीय तहहरूको रहेको छ भने निर्माणको मापदण्ड तथा आधारको विकास सङ्घीय तहबाट हुँदै आएको छ ।

विद्यालयको पूर्वाधार विकासको नतिजा विश्लेषणले कार्यान्वयन अविधिमा सम्बोधन गर्नुपर्ने निम्नलिखित चुनौती पहिचान गरेको छ ।

- विद्यमान विद्यालयका न्यूनतम क्षमतासम्बन्धी सूचकहरूमा भएका प्रगतिलाई हेर्दा अधिकांश विद्यालयमा पर्याप्त कक्षाकोठा तथा छात्राका लागि बेग्लै शौचालयको व्यवस्था छ । यो सफलताको निरन्तरता आगामी वर्षहरूका लागि चुनौतीको रूपमा लिन सकिन्छ ।

- राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी सङ्ख्याका आधारमा बन्नुपर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला/प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवम् खेल मैदान, विद्यालय सभा हल, मञ्च, बगैंचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष) को आवश्यकता पहिचान गरी पूर्वाधार निर्माणको लागि तहगत सरकारको जिम्मेवारी स्पष्ट पार्नु अर्को चुनौती रहेको छ ।

- पूर्वाधारका तथ्याङ्क एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आबद्ध भएको भए पनि पूर्वाधारको

व्यवस्थित तथा समतामूलक थप प्राविधिक एवम् वस्तुनिष्ठ आकलन गर्न आवश्यक छ । विद्यालय निर्माणको लागत अनुमान प्रक्रियामा एकरूपता कायम गर्नु आवश्यक छ । उदाहरणका लागि ४ कोठाको भवन बनाउँदा विद्यालय क्षेत्र विकास कार्यक्रमअन्तर्गत रु ३६ लाख विनियोजन भएको छ भने सोही नाप बमोजिमको भवन केन्द्रीय आयोजना कार्यान्वयन एकाइबाट निर्माण गर्दा रु ६० लाखदेखि ७२ लाख सम्मको लागत अनुमान तयार भएको छ ।

- भवन संहिताअनुरूप विद्यालय भवनहरू निर्माण हुने विषय अर्को चुनौतीको रूपमा रहेको छ । विद्यालयको निर्माण पूर्णताको अवधारणाअनुरुप हुन नसक्दा कतिपय विद्यालयहरूका कक्षाकोठा नै आंशिक मात्र बनेका छन् भने कतिपयमा प्रयोगशाला नबनेका, शौचालय नबनेका वा पर्याप्त नबनेका, खानेपानी तथा सरसफाइका लागि संरचना नबनेका वा उपयुक्त नभएका, घेराबारा तथा खेल मैदान नबनेका, संरचनाहरू समावेशी तथा अपाङ्गतामैत्री नभएका देखिन्छन् । यी योजनाका अभ्यास अपर्याप्त भई निर्माण स्थलको उचित छनोट नहुने, प्रयोग तथा व्यवस्थापन असहज हुने, भूकम्पलगायत उत्थानशील क्षमता कमजोर हुने सम्भावना बढी रहन्छ । पूर्वाधार विकास मर्मत सम्भारलाई मूलप्रवाहीकरण गर्दै जबाफदेहीलाई सुदृढ बनाउनुपर्ने आवश्यकता छ ।

समग्रमा, पारदर्शीता एवम् जवाफदेहीका साथ विद्यालय पूर्वाधार विकासका विधि तथा प्रक्रियाको गुणस्तरीयतालाई बढाउनु आवश्यक छ । प्रत्येक वर्ष कार्यसम्पन्न प्रतिवेदन तयार नहुँदा, कार्यक्रम स्वीकृति र बजेट निकासा ढिलो हुने, समयमा निर्माण सम्पन्न नहुनेलगायतका कारणले बर्सेनि ठुलो परिमाणमा बेरुजु देखिने गरेको छ ।

### ५.७.२ उद्देश्य

१. विद्यालय शिक्षाको पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधाहरू सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु

### ५.७.३ रणनीति

१. पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण, स्थानीय भूगोल र हावापानीका आधारमा मापदण्ड विकास गर्ने

२. प्रत्येक विद्यालयमा पटक पटक नगरी एकै पटक पूर्वाधार विकासका सबै कार्य गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने । विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, विद्यार्थी सङ्ख्याको अनुमान तथा उमेरलाई ध्यानमा राखी शौचालय, भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजाइन गर्ने र निर्माण भइसकेका विद्यालयहरूमा थप संरचना एकै पटकमा विकास गर्ने

३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत

व्यवस्थापन गर्ने प्रारूप विकास गरी सरोकारवालाको सहभागितामा स्थानीय तहमार्फत् कार्यान्वयन हुने प्रबन्ध गर्ने

४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकताअनुसार प्रबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने

५. तीनओटै मापदण्ड पूरा गरेका हरित विद्यालयको निर्माण गर्ने

६. विद्यालयको पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई समेटी एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने

### ५.७.४ उपलब्धि

सबै विद्यालयहरूमा बालमैत्री, अपाङ्ग मैत्री, प्रकोप उत्थानशील तथा सुरक्षित वातावरणसहित भौतिक पूर्वाधार भएको हुने

### ५.७.५ प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

यस खण्डमा माथि उल्लेख गरिएका रणनीतिको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित प्रतिफल, मुख्य क्रियाकलाप तथा भौतिक पूर्वाधार विकाससम्बन्धी लक्ष्यको रूपरेखा दिइएको छ । तालिका ५.७ मा अपेक्षित प्रतिफल, मुख्य क्रियाकलाप तथा भौतिक लक्ष्य र कार्यान्वयन गर्ने मुख्य जिम्मेवार तह उल्लेख गरिएको छ ।

तालिका ५.७: विद्यालय भौतिक पूर्वाधार विकासका उपलब्धि, प्रतिफल, मुख्य क्रियाकलापहरू तथा लक्ष्य

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलापहरू | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| १. सबै विद्यालयहरूमा बालमैत्री, अपाङ्गमैत्री, प्रकोप उत्थानशील तथा सुरक्षित वातावरण सहितको भौतिक पूर्वाधार भएको हुने | १.१ स्वरूप तथा भूमिका, मापदण्ड, स्तरीकरणका सूचकसहित विद्यालय भौतिक पूर्वाधार विकासका लागि १० वर्षे गुरु योजना तयार हुने | १.१.१ विकास गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप परिभाषित हुने तथा भूमिका तथा जिम्मेवारीसहित विद्यालयमा विस्तार | पटक | १ | १ | सङ्घीय सरकार |
| | | १.१.२ स्थानीय तहले विकास गर्ने गुरु योजनाको मापदण्ड, सूचक तथा नमुनाको विकास (भौतिक संरचनाका विभिन्न नमुनाहरूसमेत) | पटक | १ | १ | सङ्घीय सरकार |
| | | १.१.३ विद्यालय भौतिक पूर्वाधार विकास गुरु योजना तयार | सङ्ख्या | ७५३ | ७५३ | स्थानीय तह (सङ्घीय सरकारले मापदण्ड तथा नमुना दिने) |
| | १.२ सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार तथा स्तरोन्नती भएको हुने | १.२.१ गुरु योजनाअनुरूप **एक विद्यालय पूर्ण पूर्वाधार** अवधारणाअनुरूप भौतिक पूर्वाधारको विकास | सङ्ख्या | १०,००० | १३,००० | स्थानीय तह |
| | १.३ विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन, मर्मत सम्भार प्रबलीकरणको पद्धति विकास हुने | १.३.१ विद्यालयहरूको प्रबलीकरण (५.६.५ १.२.४ पनि हेर्नुहोस्) | सङ्ख्या | ७,६६० | ९,६६० | स्थानीय तह |
| | | १.३.२ विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार (फर्निचर व्यवस्थापन समेत) | विद्यालय सङ्ख्या | २०,००० | ३०,००० | स्थानीय तह |
| | | १.३.३ गुणस्तरीय पानी, सरसफाइ तथा स्वच्छताका साथै हरित विद्यालयको स्थापना गर्न कार्ययोजना निर्माण तथा कार्यान्वयन (५.६.५ १.२.६ र ५.८.५ १.२.३ पनि हेर्नुहोस्) | विद्यालय प्रतिशत | ५० | ५० | स्थानीय तह |
| | १.४ विद्यालयहरू सुरक्षित भई अपाङ्ग एवम् छात्रामैत्री हुने | १.४.१ छात्रा र छात्रलाई अलग्गै शौचालयको निर्माण तथा पानी, सरसफाइ तथा हात धुने सुविधाको व्यवस्था (४.२.५ २.१.१ पनि हेर्नुहोस्) | विद्यालय सङ्ख्या | २०,००० | २५,००० | स्थानीय तह |
| | | १.४.२ प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालयको निर्माण तथा हात धुने सुविधाको व्यवस्था (४.१.५ १.३.२ पनि हेर्नुहोस्) | विद्यालय सङ्ख्या | १०,००० | २०,००० | स्थानीय तह |
| | | १.४.३ बृहत् विपत् जोखिम व्यवस्थापन तथा उत्थानशील योजना कार्यान्वयन (५.६.५ १.२.३ पनि हेर्नुहोस्) | तह | ७६० | ७६० | प्रदेश र स्थानीय तह |

## ५.८ विद्यालय सुरक्षा

विपत् तथा सङ्कटकालीन अवस्थामा दिइने शिक्षाअन्तर्गत माथि खण्ड ५.६ मा उल्लेख गरिएअनुसार बालबालिकाका लागि प्राकृतिक प्रकोप, द्वन्द्व, हिंसा आदिबाट सुरक्षित सिकाइ वातावरणको सुनिश्चितता प्रदान गर्नुपर्छ । विद्यालय हिंसा, दुर्व्यबहार, अपमानलगायतका क्रियाकलापबाट मुक्त भई सिक्न पाउने स्थान हो । बालबालिकालाई सिक्नका लागि हिंसा, दुर्व्यबहार र अपमान नहुने विद्यालय यसको न्यूनतम अवस्था हो जसलाई विद्यालय सुरक्षामार्फत सुनिश्चितता गरिनुपर्छ ।

### ५.८.१ वर्तमान अवस्था र चुनौती

विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र द्वन्द तथा अन्य स्वरूपका हिंसा, दलगत राजनीति तथा अन्य अवरोध, दुर्व्यवहार, उपेक्षा तथा शोषणका प्रभावबाट मुक्त गरी सिकाइको निरन्तरताको सुनिश्चितता गर्ने लक्ष्य लिएको छ । यसै गरी बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७ ले पनि आपत् तथा सङ्कटकालीन अवस्थामा शिक्षा प्रदान गर्न प्रभावकारी विद्यालयका नौ क्षेत्रमा न्यूनतम तथा अपेक्षित मापदण्ड तोकेको छ । बृहत् विद्यालय सुरक्षा गुरु योजना, २०७४ को बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेजले विद्यालय विपत् जोखिम व्यवस्थापन, विपत् जोखिम न्यूनीकरण तथा उत्थानशीलता, सुरक्षित सिकाइ सुविधाका स्तम्भहरूको न्यूनतम मापदण्डको कार्यान्वयनको अनुगमनको प्रारूप प्रदान गरेको छ । बृहत् विद्यालय सुरक्षा गुरु योजनाको कार्यान्वयनमा सहयोग गर्न बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज, २०१८ लागु गरिएको थियो । उक्त प्याकेजले शिक्षक तथा विद्यार्थीहरूलाई मृत्यु तथा घाइते हुनबाट सुरक्षा गर्न, प्रकोपपछि पनि सिकाइलाई निरन्तरता दिन, शिक्षामा गरिने लगानीलाई सुरक्षा दिन, विपत् जोखिम न्यूनीकरण शिक्षामार्फत जोखिम न्यूनीकरण गर्न तथा उत्थानशीलताको विकास गर्न विभिन्न क्रियाकलापहरू सिफारिस गरेको छ । यसले शिक्षा क्षेत्रमा पर्ने प्राकृतिक प्रभावको व्यवस्थापन गर्ने आधार प्रदान गर्छ ।

दिगो विकास लक्ष्य ४ राष्ट्रिय कार्यढाँचा, २०३० ले नीतिहरूको पुनरावलोकन तथा परिमार्जन गर्दै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड र अनुसन्धानमा आधारित प्रवर्धनात्मक कार्यक्रमको विकास र कार्यान्वयन गर्दै, सिकाइका आन्तरिक तथा बाह्य वातावरणका न्यूनतम मापदण्डको विकास गर्दै, अन्तर्राष्ट्रिय कानुनका अधीनमा रही अधिकारमा आधारित लैङ्गिक संवेदनशील, बालमैत्री तथा हिंसारहित विद्यालयलाई प्रवर्धन गर्दै सिकाइको उपयुक्त वातावरणका लागि विद्यालयलाई सुरक्षित राख्ने तथा विपत् व्यवस्थापनका विभिन्न उपायहरू सुझाएको छ । पन्ध्रौं योजनाले पनि प्राकृतिक प्रकोप व्यवस्थापन तथा उत्थानशीलताका लागि क्षमता विकास गर्न अन्तरसम्बन्धित मुद्दाहरूमा रणनीति बनाएको छ । सम्बन्धित सबै सरकारी निकायको क्षमता अभिवृद्धि गर्दै यसले सुरक्षित विद्यालयका लागि आधार तयार गरेको छ ।

### ५.८.२ उद्देश्य

१. बालबालिकाको सुरक्षाको सुनिश्चितता गर्न विद्यालयमा आवश्यक न्यूनतम भौतिक पूर्वाधारको तयारी गर्नु
२. शैक्षिक नीति, प्रक्रिया र प्रणालीमार्फत सुरक्षाको प्रवर्धन गर्नु तथा घर र विद्यालय आवत जावत गर्दा बालबालिकाको सुरक्षालाई सम्बोधन गर्नु
३. बाल सुरक्षाका लागि अभिभावकत्व लिने शिक्षा क्षेत्रका जनशक्तिको ज्ञान, सिपसहितको क्षमता विकास गर्नु

### ५.८.३ रणनीति

१. विद्यालय हातामा घेराबार गरी अनाधिकृत प्रवेशको अनुगमनलाई सरलीकृत गर्ने
२. प्रबलीकरण तथा मर्मतका कार्यक्रममार्फत विद्यालय भवनको सुरक्षामा सुधार गर्ने
३. बालबालिकाको सुरक्षासँग सम्बन्धित विद्यमान नीतिको कार्यान्वयन गर्न विद्यालय कर्मचारी तथा सरोकारवालाहरूको क्षमता विकास गर्ने
४. विभेद, हेपाइ तथा दुर्व्यवहारलगायत सुरक्षा सवालहरूलाई सम्बोधन गर्न विभिन्न संयन्त्रहरूलाई संस्थागत गर्ने
५. सबै प्रकारका डरत्रास, हेपाइ, विभेद, बहिष्करण तथा दुर्व्यवहारलाई पहिचान गरी सम्बोधनका लागि विद्यालयका शिक्षक, कर्मचारी, सरोकारवाला तथा विद्यार्थीहरूबिच सचेतना बढाउने
६. सुरक्षित र उत्पादनशील सिकाइ वातावरणको प्रवर्धन गर्न र सजायँ वा अपमानजनक व्यवहार नगर्न शिक्षकको क्षमता विकासमा जोड दिने

### ५.८.४ उपलब्धि

सबै बालबालिकाले सुरक्षित तथा हिंसा रोकथाम भएको शैक्षिक वातावरणमा सिक्न पाउने विषय नीति, पद्धति तथा पाठ्यक्रममै समाहित भएको हुने र विद्यालय वरपर हिंसा तथा बहिष्करणको अनुभव भएका अवस्थामा उपयुक्त सेवामा पहुँच भएको हुने

### ५.८.५ प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

यस खण्डमा माथि उल्लेख गरिएका रणनीतिको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित प्रतिफल, मुख्य क्रियाकलाप तथा विद्यालय सुरक्षासम्बन्धी लक्ष्यको रूपरेखा दिइएको छ । तालिका ५.८ मा अपेक्षित प्रतिफल, मुख्य क्रियाकलाप तथा भौतिक लक्ष्य र कार्यान्वयन गर्ने मुख्य जिम्मेवार तह उल्लेख गरिएको छ ।

तालिका ५.८: विद्यालय सुरक्षाका उपलब्धि, प्रतिफल, मुख्य क्रियाकलापहरू तथा लक्ष्य

| उपलब्धि | नतिजा | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| १. सबै बालबालिकाले सुरक्षित तथा हिंसारहित शैक्षिक वातावरणमा सिक्न पाउने विषय नीति, पद्धति तथा पाठ्यक्रममै समाहित भएको र विद्यालय वरपर हुने हिंसा तथा बहिष्करणको अनुभव भएका अवस्थामा विद्यालयको सेवामा पहुँच भएको हुने | १.१ सबै प्रकारका भय, विभेद तथा हिंसा र दुर्व्यवहारबाट मुक्त विद्यालयको सङ्ख्यामा वृद्धि भएको | १.१.१ बालमैत्री विद्यालय कार्यढाँचाको परिमार्जन र कार्यान्वयन (४.२.५ १.२.१ र ५.३.५ १.२.१ पनि हेर्नुहोस्) | पटक (आधारभूत तहको शिक्षामा समावेश गरिएको छ ।) | १ सबै | १ सबै | सङ्घीय सरकार तथा स्थानीय तह (शिक्षक व्यवस्थापन तथा विकास क्रियाकलाप अनुसार) |
| | | १.१.२ विद्यालयमा हुने सबै प्रकारका विभेद, हेपाइ तथा दुर्व्यवहारका विषयमा तालिम, कार्यशाला तथा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने र विद्यालयमा गुनासोलाई सम्बोधन गर्ने संयन्त्र बनाउने (४.२.५ १.२.२, ५.३.५ १.२.३ र ५.४.५ ३.२.१ पनि हेर्नुहोस्) | स्थानीय तहको प्रतिशत, (आधारभूत तहको शिक्षामा समावेश गरिएको छ) | १०० | १०० | स्थानीय तह र विद्यालय (शिक्षक व्यवस्थापन तथा विकास क्रियाकलापअनुसार) |
| | | १.१.३ विद्यालयमा कुनै पनि प्रकारका विभेद, हेपाइ तथा दुर्व्यवहार नहुने संयन्त्रको स्थापना (५.३.५ १.२.३ पनि हेर्नुहोस्) | समता तथा समावेशितामा समावेश गरिएको छ | १ | | स्थानीय तह |
| | | १.१.४ पूर्व सेवाकालीन तथा सेवाकालीन शिक्षक तालिम पाठ्यक्रममा सकारात्मक व्यवहार व्यवस्थापन विधि समावेश (५.२.५ १.४.१ र १.४.२ पनि हेर्नुहोस्) | तहअनुसारका कोर्स | ३ | ३ | सङ्घीय सरकार तथा सम्बन्धित विश्वविद्यालयहरू |
| | १.२ बालबालिकाको संरक्षण गर्न र उनीहरूलाई सुरक्षित राख्न विद्यालयमा न्यूनतम पूर्वाधार पुगेको हुने | १.२.१ विद्यालयमा घेराबाराको निर्माण तथा मर्मत गर्ने (४.२.५ २.१.१ र ४.३.५ ३.१.३ पनि हेर्नुहोस्) | विद्यालय सङ्ख्या | ३०,००० | | सङ्घीय सरकार तथा स्थानीय तह (विद्यालयको भौतिक सुधारअनुसार) |
| | | १.२.२ विद्यालयका भौतिक पूर्वाधारको प्रबलीकरण गर्ने (५.६.५ १.२.४ र ५.७.५ १.३.१ पनि हेर्नुहोस्) | विद्यालय सङ्ख्या | ७,६६० | ९,६६० | स्थानीय तह |
| | | १.२.३ सफा, हरित तथा शान्त विद्यालयको प्रवर्धन (५.६.५ १.२.६ र ५.७.५ १.३.३ पनि हेर्नुहोस्) | विद्यालय प्रतिशत | १०० | १०० | स्थानीय तह तथा विद्यालयहरू |

# ६. विद्यालय शिक्षामा सुशासन तथा व्यवस्थापन

सुशासन तथा व्यवस्थापनले एउटा सक्षम र सबल राष्ट्रिय शिक्षा प्रणालीको निर्माण र त्यसको सञ्चालनको लागि मूल आधार प्रदान गर्छ । बालबालिकाको लागि समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षा सुनिश्चित गरी राष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणमा योगदान गर्ने लक्ष्य प्राप्तिका लागि प्रभावकारी शासकीय प्रबन्ध तथा व्यवस्थापन आवश्यक छ । शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण हुन्छ । सामान्यतया शासकीय प्रबन्धले उत्तरदायित्व, पारदर्शीता, जिम्मेवारीबोध, जवाफदेही, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुर्याउन तयार गरिएका संरचना तथा प्रकियाहरूलाई बुझाउँछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शीता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनुपर्दछ । शिक्षाको विकासको लागि तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी संस्था तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आ-आफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको सुशासन तथा व्यवस्थापन हुने व्यवस्था छ । यो योजनाको प्रभावकारी कार्यान्वयनका लागि सङ्घदेखि स्थानीय तहसम्म व्यक्ति तथा संस्थाको क्षमता विकास हुनु जरुरी छ । यसका लागि सुस्पष्ट रूपमा परिभाषित गरिएका भूमिकाका साथै स्पष्ट कार्यान्वयन व्यवस्था तथा उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ । सुशासन तथा व्यवस्थापनसम्बन्धी उल्लिखित पक्षहरूको उचित व्यस्थापनका लागि योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप; संवैधानिक प्रावधानअनुसारको सङ्घीय संरचनामा विभिन्न तहका सरकारको दायित्व; ज्ञान, प्रविधि, मूल्य मान्यता तथा दृष्टिकोणमा आएको परिवर्तनलाई समेत विचार गर्नुपर्ने हुन्छ । यस परिच्छेदमा योजनाको शासकीय प्रबन्धको बारेमा विस्तृत रूपरेखा प्रस्तुत गरिन्छ ।

## ६.१ संस्थागत संरचना र क्षमता विकास

सरकारका प्रत्येक तहबाट शैक्षिक सेवालाई प्रभावकारी रूपमा कार्यसम्पादनको सुनिश्चितताका लागि विद्यमान सङ्गठनात्मक स्वरूप र कर्मचारीको व्यवस्थापनमा समायोजन गरी शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना तयार गरिएको छ । सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्वलाई ध्यान दिँदै शासकीय संरचना, प्रकिया र संस्थागत तथा व्यक्तिगत क्षमता सुधार गरी सुशासनको प्रवर्धन गर्नु आवश्यक छ । यसै सन्दर्भमा यस खण्डमा संस्थागत संरचना तथा सुशासनका प्रक्रियाहरूलाई सुदृढ पार्ने तथा संस्थागत र व्यक्तिगत क्षमता विकासका रणनीति तथा क्रियाकलापहरू प्रस्ताव गरिएको छ ।

### ६.१.१ वर्तमान अवस्था र चुनौती

सङ्घीय तहमा विद्यालय शिक्षाको शैक्षिक प्रशासन तथा व्यवस्थापनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय जिम्मेवार रहेको छ । शिक्षासम्बन्धी समष्टिगत राष्ट्रिय नीति, मापदण्ड र स्तर निर्धारण, सङ्घीय योजनाको विकास, अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । यिनका छुट्टाछुट्टै जिम्मेवारी छन् । स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन् । यसका अतिरिक्त प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र उच्च शिक्षाका लागि विश्वविद्यालय अनुदान आयोगसहित विश्वविद्यालयहरू तथा प्रतिष्ठानहरू रहेका छन् ।

प्रदेश तहमा शिक्षा हेर्ने जिम्मेवारीसहितको अलग मन्त्रालय रहेका छन् । साबिकको क्षेत्रीय शिक्षा निर्देशनालयहरू हाल प्रदेश शिक्षा विकास निर्देशनालयमा रूपान्तरण भएका छन् । साबिकमा शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गत रहेका २९ ओटा शैक्षिक तालिम केन्द्र सातओटा प्रदेश मातहतमा एक एक ओटा रहने गरी जम्मा सात ओटा शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् भने अरू तालिम केन्द्रहरू खारेज भएका छन् । साबिकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय एकाइमा रूपान्तरण भएका छन् । यिनले सङ्घीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमातहत काम गर्छन् । स्थानीय तहमा शिक्षा महाशाखा/शाखा रहने व्यवस्था छ । स्थानीय तहको शिक्षा महाशाखा/शाखामा शिक्षा सेवाको कर्मचारीको दरबन्दी निर्धारण गरी पदस्थापन गरिएको छ । सङ्घीयताका सन्दर्भमा शिक्षा प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी, सक्षम तथा नतिजामुखी बनाउनका लागि वर्तमान संरचना, कार्य विभाजन तथा क्षमताको पुनरावलोकन गर्न आवश्यक छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षासम्बन्धी २३ ओटा कार्य जिम्मेवारी तोकेको छ । यी कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ राखिएको छ । प्रदेश सरकारहरूले प्रदेश स्तरका सेवा प्रवाह गर्न जिल्लास्तरमा कार्यालय स्थापना गर्ने क्रम सुरु गरेका छन् ।

साबिकको परीक्षा नियन्त्रण कार्यालय र उच्च माध्यमिक शिक्षा परिषद्का परीक्षासम्बन्धी कार्य गर्ने गरी सङ्घमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ । तथापि स्थानीय तहबाट सञ्चालन हुने कक्षा ८ को परीक्षालाई थप व्यवस्थित गर्न सहजीकरण गर्ने, प्रदेश तहमा कक्षा १० को परीक्षा सञ्चालन र व्यवस्थापन गर्ने र कक्षा १२ को परीक्षा सङ्घीय तहमा सञ्चालनका लागि संस्थागत प्रबन्ध हुनुपर्ने विषय पनि स्पष्ट हुन आवश्यक छ ।

यसै गरी प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम क्षेत्रमा विद्यालयमा सञ्चालन भइरहेको प्राविधिक धारलगायत प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा सञ्चालन भएका पोलिटेक्निक र ट्रेड स्कुललगायत निजी सेवा प्रदायकबाट सञ्चालन भइरहेका प्राविधिक शिक्षाका कार्यक्रमहरूलाई व्यवस्थित बनाउन सङ्घ र प्रदेशस्तरमा उपयुक्तस्तरको संरचनाको प्रबन्ध गर्न आवश्यक छ ।

शिक्षकहरूलाई स्थायी पदमा सिफारिस गर्न, शिक्षकका लागि अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न गराउन र शिक्षक सेवा आयोगका जिम्मेवारीलाई प्रदेशस्तरमा सञ्चालन र व्यवस्थापनका लागि आवश्यक पर्ने संरचनाका विषयमा थप स्पष्ट हुनु आवश्यक छ । विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा निरन्तर हुन नसकेकोले विद्यालयहरूमा सुपरिवेक्षण र शिक्षक पेसागत सहयोग पद्धतिको अभाव भएको अवस्था छ । यसका

लागि यस विद्यालय शिक्षा क्षेत्र योजनाले वैकल्पिक शिक्षक पेसागत सहयोग तथा सुपरिवेक्षणका लागि अल्पकालीन तथा दीर्घकालीन संयन्त्र बनाउने प्रस्ताव गरेको छ ।

सङ्घदेखि स्थानीय तहसम्म शिक्षाको व्यवस्थापन गर्न विभिन्न तहका सरकारहरू एवम् निकायहरू संलग्न रहेका छन् । सरकारका तीनै तहहरूबिच सहजीकरण र समन्वयका पक्षमा सुधार गरी विद्यार्थीको नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नु आवश्यक छ । प्रत्येक तहका सरकारले साझा लक्ष्य हासिल गर्न आ-आफ्ना भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सोअनुसार कार्यान्वयन गर्ने परिपाटी र संस्कृतिको विकास गर्नु आवश्यक छ ।

### ६.१.२ उद्देश्य

१. सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका तथा जिम्मेवारी स्पष्ट गर्दै तिनीहरू बिचको अन्तरसम्बन्ध, समन्वय, सहकार्यलाई सुदृढ बनाउने संयन्त्रलाई संस्थागत गर्दै विभिन्न तहमा काम गर्ने कर्मचारीहरूलाई कार्यसम्पादनप्रति उत्तरदायी, नतिजाप्रति जवाफदेही हुने प्रणाली स्थापना गरी सुशासनको अभिवृद्धि गर्नु

२. स्थानीय तहका कर्मचारी तथा सरोकारवालालगायत शिक्षाका सबै संरचना र संयन्त्रमा काम गर्ने जनशक्ति र संस्थाको क्षमता अभिवृद्धि गर्नु

३. समग्र शैक्षिक नतिजाप्रति जबाफदेही बनाउन विद्यालय व्यवस्थापनलाई सक्षम बनाउनु

### ६.१.३ रणनीति

१. सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार तथा दायित्वलाई पुनःपरिभाषित गर्न सरकारका तीनै तहबिच सहकार्य, समन्वय तथा सञ्चारमा सहजीकरण गर्ने संयन्त्रसहित आवश्यक कानुनी प्रबन्ध गर्ने

२. सरकारका तीनै तह बिच प्रभावकारी सम्बन्ध कायम गर्न संरचनामा आवश्यक परिवर्तन गरी आवश्यकताअनुसार उपयुक्त संरचना निर्माण गर्दै राष्ट्रिय शिक्षा परिषद्मा प्रदेश र स्थानीय तहको प्रतिनिधित्व सुनिश्चित गर्ने

३. विद्यमान स्थानीय र प्रदेश तहको संरचना आवश्यक भएकाले जिल्लास्तरको शिक्षा विकास तथा समन्वय एकाईको भूमिकालाई पुनःपरिभाषित गर्दै स्थानीय र प्रदेशमा क्रमशः कक्षा ८ र १० को परीक्षाको समन्वय र सञ्चालनका लागि उपयुक्त संरचना तयार गर्ने

४. सरकारका सबै तहमा विद्यालय तहको शिक्षासँग सम्बन्धित साङ्गठनिक संरचना तथा कर्मचारी व्यवस्थाको पुनरावलोकन गर्ने

५. स्थानीय तथा प्रदेश तहको शिक्षा योजना निर्माणमा जोड दिँदै सबै तहको सरकारका विभिन्न संरचना तथा प्रशासनमा कार्यरत कर्मचारी तथा संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने

६. विद्यालयमा शैक्षिक नेतृत्वलाई नतिजाप्रति उत्तरदायी बनाउन प्रधानाध्यापक छनोट गर्ने विद्यमान प्रणाली, तालिम र वृत्ति विकासमा सुधार गर्ने

### ६.१.४ उपलब्धि

शिक्षाको सेवा प्रवाह सहज बनाउनका लागि सरकारका तीनै तहमा उपयुक्त साङ्गठनिक संरचना र पर्याप्त सङ्ख्यामा सक्षम जनशक्ति तथा विद्यार्थीको सिकाइप्रति प्रत्येक विद्यालयलाई उत्तरदायी बनाउने प्रणालीको व्यवस्था भएको हुने

### ६.१.५ प्रतिफल, मुख्य क्रियाकलाप तथा लक्ष्य

यस खण्डमा माथि उल्लेख गरिएका रणनीतिको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित प्रतिफल, मुख्य क्रियाकलाप तथा सुशासन र व्यवस्थापनसम्बन्धी लक्ष्यको रूपरेखा दिइएको छ । तालिका ६.१ मा अपेक्षित प्रतिफल, मुख्य क्रियाकलाप तथा भौतिक लक्ष्य र कार्यान्वयन गर्ने मुख्य जिम्मेवार तह उल्लेख गरिएको छ ।

तालिका ६.१: संस्थागत संरचनाका उपलब्धि, प्रतिफल, मुख्य क्रियाकलापहरू तथा लक्ष्य

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलापहरू | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| १. सरकारका तीनै तहमा उपयुक्त साङ्गठनिक संरचना तथा शिक्षा सेवाको सहज प्रवाहका लागि आवश्यक पर्ने पर्याप्त सङ्ख्यामा सक्षम जनशक्ति तथा विद्यार्थीको सिकाइप्रति प्रत्येक विद्यालयलाई उत्तरदायी बनाउने प्रणालीको व्यवस्था भएको हुने | १.१ विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट भई जवाफदेही प्रणाली स्थापित हुने | १.१.१ आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास गर्ने (विद्यालय शिक्षा क्षेत्र योजनाका विभिन्न परिच्छेदमा उल्लेख गरिएअनुसार, सङ्घीय शिक्षा ऐन नियमबमोजिम सङ्घीय सरकारले एकीकृत मापदण्डको विकास गरी स्थानीय तहमा शिक्षासम्बन्धी कानुन तथा कार्य सञ्चालन निर्देशिकाको निर्माण तथा कार्यान्वयन) | सङ्ख्या | ७६१ | ७६१ | सङ्घीय सरकार, प्रदेश तथा स्थानीय |
| | | १.१.२ स्थानीय तहका शिक्षाको शासकीय स्वरूपका विभिन्न मोडल अध्ययन गरी नेपालका लागि उपयुक्त मोडेल तयार | नमुना | १ | १ | सङ्घीय सरकार |
| | | १.१.३ अनुगमनका लागि शैक्षिक उपलब्धि सूचक तथा मापनको व्यवस्था गर्न स्थानीय तहमा मापदण्ड र प्रक्रियाहरूको विकास | मापदण्ड र प्रक्रिया | १ | १ | स्थानीय तह |
| | १.२ तीनै तहका सरकारमा विद्यालय लगायत शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्तिको विकास भएको हुने | १.२.१ आवश्यकताअनुसार राष्ट्रिय शिक्षा परिषद्को संरचनामा परिवर्तन र कार्यान्वयन समिति निर्माण तथा सञ्चालन | पटक (निरन्तर) | १ | १ | सङ्घीय सरकार |
| | | १.२.२ शिक्षा विकास तथा समन्वय एकाइको पुनर्गठन गरी विद्यालय तथा स्थानीय तहको शिक्षा शाखाहरूलाई सहयोग गर्न यसको क्षमता सुदृढीकरण | सङ्ख्या | ७७ | ७७ | सङ्घीय सरकार तथा प्रदेश सरकार |
| | | १.२.३ सङ्घ, प्रदेश तथा स्थानीय तहमा शिक्षासँग सम्बन्धित सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी विद्यमान सङ्गठन तथा जनशक्तिको पुनर्संरचना | पटक | १ | २ | सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह |
| | | १.२.४ विभिन्न तहमा अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइका लागि योजना, व्यवस्थापन तथा अनुगमन संयन्त्र विकास | संयन्त्र | ७६१ | ७६१ | सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह |
| | | १.२.५ विभिन्न तहमा विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपत् तथा महामारीका लागि समन्वय र प्रभावकारी सेवाका लागि उपयुक्त संयन्त्रको विकास | संयन्त्र | ७६१ | ७६१ | सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलापहरू | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | १.३ शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक तथा समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुने | १.३.१ प्रतिवेदन तथा तथ्याङ्क पद्धतिलाई सुदृढ पार्ने संयन्त्र र प्रविधिको विकास | पद्धति | १ | २ | सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह |
| | | १.३.२ विद्यालयका प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी विद्यार्थीको नतिजाप्रति जिम्मेवार बनाउने पद्धतिको विकास | प्रधानाध्यापक सङ्ख्या | १०,००० | १०,००० | स्थानीय तह |
| | | १.३.३ शिक्षक तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन | पद्धति | १ | १ | स्थानीय तह, विद्यालय |
| | १.४ शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास गर्ने पद्धति स्थापना भई क्षमता सुधार हुने | १.४.१ शिक्षासम्बन्धी कार्यका लागि स्थानीय तह, प्रदेश तथा सङ्घका जनशक्ति तथा संरचनाको क्षमता विकास (स्थानीय तहका कर्मचारीका लागि विकास, कार्यान्वयन तथा अनुगमन) | तह | ७६१ | ७६१ | सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह |

## ६.२ कार्यान्वयनको व्यवस्था

यस योजनाले प्रस्ताव गरेका उद्देश्य तथा लक्ष्यहरूलाई नतिजा र उपलब्धिमा रूपान्तरण गर्न कार्यान्वयनको उपयुक्त र सबल संरचनात्मक प्रबन्ध आवश्यक हुन्छ । योजनाको कार्यान्वयन प्रबन्धअन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्ड र जिम्मेवारी सहितको उत्तरदायित्वको संरचना पर्दछन् । यसअन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमाको संयन्त्र, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन पर्छन् । यस खण्डमा योजनाको कार्यान्वयन व्यवस्थापनका सम्बन्धमा चर्चा गरिने छ ।

### ६.२.१ वर्तमान अवस्था

सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयहरूसँग समन्वय तथा सहकार्य गर्छ । त्यसै गरी विकास साझेदारहरूसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा कार्यक्रमहरूको समग्र अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रहेको छ । मन्त्रालयअन्तर्गत खास खास जिम्मेवारीका लागि पनि विभिन्न विभागीय निकायहरू कार्यरत छन्:

केन्द्रीय तहको कार्यान्वयन निकायका रूपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले समग्र विद्यालय क्षेत्रका कार्यक्रमको रणनीतिक योजना विकास, समन्वय, मापदण्ड विकास, अनुगमन तथा शैक्षिक तथ्याङ्क/सूचनाको व्यवस्थापन, शिक्षक तालिमका कोर्सहरू विकास तथा शिक्षा सेवाका कर्मचारीको क्षमता विकाससम्बन्धी काम गर्दछ ।

पाठ्यक्रम विकास केन्द्रको प्रमुख जिम्मेवारी पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री र विद्यार्थी मूल्याङ्कनका लागि मापदण्डको विकास गर्नु हो ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विभिन्न कक्षाका विद्यार्थीहरूको सिकाइ उपलब्धिको परीक्षण, विद्यालय तथा शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण, कार्यक्रम तथा नीतिको प्रभावकारिता मूल्याङ्कन तथा शिक्षासम्बन्धी नीति विकास तथा प्रणाली सुधारका लागि विभिन्न मुद्दामा अध्ययन अनुसन्धान गर्छ ।

शिक्षक छनोट, बढुवा तथा अध्यापन अनुमतिपत्रसम्बन्धी कार्य गर्न शिक्षक सेवा आयोग र शिक्षक अभिलेख तथा निवृत्तभरण लगायतका निवृत्त शिक्षकको सेवा सुविधाका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको राष्ट्रिय किताबखानाअन्तर्गत शिक्षक किताबखाना रहेको छ । त्यसै गरी कक्षा १० र कक्षा १२ मा सार्वजनिक परीक्षा सञ्चालन गर्ने कार्य राष्ट्रिय परीक्षा बोर्डले गर्छ । कक्षा १० को परीक्षा राष्ट्रिय परीक्षा बोर्डको समन्वयमा सम्बन्धित प्रदेशले सञ्चालन गर्छ ।

प्रदेश तहमा शिक्षा हेर्ने मन्त्रालयअन्तर्गत सबै प्रदेशमा शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्रहरू रहेका छन् । शिक्षा विकास निर्देशनालयहरूले सम्बन्धित प्रदेश सरकारअन्तर्गत सञ्चालन हुने शिक्षा विकासका कार्यक्रमको योजना विकास, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्छन् । त्यसै गरी यी निर्देशनालयहरूले राष्ट्रिय परीक्षा बोर्डमार्फत सञ्चालन भइरहेको एसईई परीक्षा तथा शिक्षक सेवा आयोगद्वारा सञ्चालन भइरहेका शिक्षक छनोट

परीक्षा व्यवस्थापनमा पनि सहयोग गरिरहेका छन् । शिक्षा तालिम केन्द्रहरूले स्वीकृत ढाँचा तथा पाठ्यक्रमअनुसार शिक्षक पेसागत तालिम सञ्चालन गर्छन् ।

स्थानीय तहमा शिक्षा विभाग, महाशाखा वा शाखामार्फत शिक्षासम्बन्धी कार्यहरू भईरहेका छन् । स्थानीय तहका शिक्षा शाखाहरूले सम्बन्धित तहअन्तर्गत विद्यालयस्तरीय शिक्षा योजना निर्माण, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दछन् । प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षकमध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ ।

यसका अतिरिक्त प्रत्येक जिल्लामा शिक्षा विकास तथा समन्वय एकाईहरू रहेका छन् । तत्कालीन जिल्ला शिक्षा कार्यालयहरूलाई शिक्षा विकास तथा समन्वय एकाईहरूमा रूपान्तरण गरी सङ्घीय सरकार मातहत राखिएको छ । स्थानीय तहमा जनशक्ति अभाव हुनाले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित हुन नसकेको अवस्थामा सङ्गठन तथा संरचना दरबन्दी पुनरावलोकन गर्नु आवश्यक छ । स्रोतकेन्द्र पद्धति विघटन भई शिक्षक सहायता पद्धति स्थापना नहुँदा देखिएको समस्या हटाउनका लागि स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु आवश्यक देखिन्छ । तत्काल रहेका २९ शैक्षिक तालिम केन्द्रलाई सात ओटामा कायम गरिएको अवस्थामा शिक्षक तालिमको क्षमता अपर्याप्त भएकाले विस्तार गर्नुपर्ने देखिन्छ । सङ्घीय संरचनाअनुसार कार्यसम्पादन गर्नका लागि परिवर्तन गरिएको सङ्गठन संरचना तथा जनशक्तिको पुनर्संरचना आवश्यक देखिएको छ । विद्यालय शिक्षाका सन्दर्भमा प्रदेश तहको भूमिका तथा कार्यविवरण स्पष्ट गर्ने र तदनुकूल कार्यान्वयन संयन्त्र व्यवस्थित गर्नुपर्ने देखिन्छ । त्यसै गरी स्थानीय तहहरूलाई विद्यालय शिक्षाका सवालहरूमा प्राविधिक सहायता र सहयोग उपलब्ध गराउने र प्रादेशिक तथा सङ्घीय सरकारहरूले स्थानीय तहहरूसँग शिक्षाका विभिन्न विषयहरूमा साझेदारी तथा समन्वय गर्ने विषयमा स्पष्ट गर्नु जरुरी छ ।

सङ्घीय सरकारबाट प्राप्त ससर्त अनुदानबाहेक अन्य अनुदान तथा प्रदेश र स्थानीय तहको आम्दानीबाट प्राप्त हुने बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा विकासको योजना निर्माण, कार्यान्वयन र अनुगमन प्रणाली सुदृढ गर्नु आवश्यक छ । त्यसै गरी सङ्घ, प्रदेश तथा स्थानीय तहहरूबिच समन्वय र सहकार्य सुदृढ गर्ने, आवश्यक सूचनाको सहज आदान प्रदान गर्ने र अनुगमन प्रतिवेदनलाई व्यवस्थित गरी सबै तहका सरकार तथा सरोकारवालाहरूमा सहजै पहुँच हुने वातावरणको आवश्यकता रहेको छ ।

### ६.२.२ योजना कार्यान्वयनको प्रबन्ध

योजनाको कार्यान्वयनका अवधिमा हासिल गरिएका अनुभवका आधारमा प्रत्येक संस्थाहरूका लागि कार्यान्वयन व्यवस्थापनमा आवश्यक सुधारसहित स्पष्ट जिम्मेवारी र उत्तरदायित्व निर्धारण गर्नु आवश्यक छ । योजना कार्यान्वयनको प्रमुख आधार लम्बीय र समतलीय समन्वय र सञ्चार हो । लम्बीय समन्वय र सञ्चार शिक्षा क्षेत्रभित्र तथा समतलीय समन्वय र सञ्चार शिक्षा मन्त्रालय र अन्य सम्बन्धित मन्त्रालय र शिक्षासँग सम्बन्ध राख्ने राष्ट्रिय संस्थाबिच स्थापित हुनुपर्छ ।

सङ्घीय तहबाट शिक्षाका लागि प्रदेश तथा स्थानीय तहमा अधिकांश बजेट ससर्त अनुदानका रूपमा प्रवाह हुने भएकाले सो अनुदानको खर्च गर्दा निर्धारित मापदण्ड पालना गर्नुपर्ने हुन्छ । प्रदेश तथा स्थानीय तहले आफ्नै तथा अन्य स्रोतबाट शिक्षामा गर्ने लगानीलाई पनि समग्रतामा शिक्षाको पहुँच, सहभागिता, गुणस्तर तथा समता

र समावेशिता प्रवर्धन गर्ने गरी व्यवस्थित गर्नुपर्दछ । प्रदेश तथा स्थानीय तहहरूले सङ्घीय तहबाट प्राप्त ससर्त अनुदानका अतिरिक्त अन्य अनुदान र उनीहरूको आफ्नै स्रोतबाट व्यवस्था गरिएको बजेट समेटेर वार्षिक बजेट तथा कार्यक्रम निर्धारण गर्नुपर्दछ ।

शिक्षा क्षेत्रको यस योजनाको समग्र कार्यान्वयन प्रक्रियाका लागि विभिन्न तहमा निम्नलिखित व्यवस्था गरिने छः

## सङ्घीय सरकार

- नीतिगत समन्वय, विभिन्न तहबिच अन्तर-सरकारी सम्बन्ध, समन्वय तथा सहकार्य बढाउनका लागि राष्ट्रिय शिक्षा परिषद्मा प्रदेशका शिक्षा मन्त्री, स्थानीय तहका प्रमुख वा उपप्रमुखको प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था गर्ने । यस परिषद्को काममा सहजीकरण गर्नका लागि सचिवालय स्थापना गरिने छ ।

- मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा गरिने चौमासिक समीक्षामा योजनाको कार्यान्वयन अवस्था तथा उपलब्धिको समीक्षा गरी केन्द्रीय निकाय तथा तीनै तहका सरकारहरूबिचको समन्वय र सहकार्य सुनिश्चित गर्ने । राष्ट्रिय विकास समस्या समाधान समितिले विभिन्न विषयगत मन्त्रालय तथा सरकारका तहबिच अन्तरमन्त्रालय तथा अन्तर तह समन्वय र सहकार्य सुनिश्चित गर्ने

- शिक्षा सचिवको अध्यक्षतामा योजना कार्यान्वयनको निर्देशक समिति गठन गर्ने । यो समितिमा शिक्षा मन्त्रालयको योजना महाशाखा प्रमुख, मन्त्रालयअन्तर्गतका केन्द्रीय निकायका प्रमुखहरू, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयलगायतका प्रतिनिधि र प्रदेश सामाजिक मन्त्रालयका सचिवको प्रतिनिधित्त्व रहने व्यवस्था गर्ने । यस समितिको बैठकमा आवश्यकताअनुसार विकास साझेदारका प्रतिनिधिलाई पनि अवलोकनकर्ताका रूपमा आमन्त्रित गर्न सकिने छ ।

- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वार्षिक सङ्घीय बजेट तथा कार्यक्रम तर्जुमा गरी प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरणको प्रबन्ध मिलाउने र कार्यान्वयनका लागि सम्बन्धित निकायहरूबिच समन्वय गर्ने छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिकाको विकास, एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली र वार्षिक स्थिति प्रतिवेदन तयारी गर्ने छ ।

- पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रदेश तथा स्थानीय तहसँग आवश्यक समन्वय गरी क्रमशः पाठ्यक्रम तथा परीक्षणसम्बन्धी निर्धारित कार्यक्रम सञ्चालन गर्ने छन् तथा कार्यक्रम कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय तहलाई अधिकार क्षेत्रभित्र रही प्राविधिक सहयोग उपलब्ध गराउने छन् ।

- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको योजना तथा अनुगमन महाशाखाले विकास सहायता सञ्चालनका लागि विकास साझेदारहरूबिच समन्वय गर्ने छ ।

- अन्तरमन्त्रालय तथा अन्तरनिकाय समन्वय र सहकार्यका लागि आवश्यकताअनुसार समन्वयको संयन्त्र विकास गरिने छ ।

- राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना स्थापना गरिने छ ।
- शिक्षक छनोट र बढुवाको काम नियमित र प्रभावकारी रूपमा सञ्चालन गर्न सहयोग पुग्ने गरी शिक्षक सेवा आयोगको पुनःसंरचना गरिने छ ।
- प्रमुख कार्यसम्पादन सूचकहरू, कार्यक्रम नतिजा ढाँचा र वार्षिक कार्यक्रम तथा बजेटका आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँग सहकार्य गरी मन्त्रालयको योजना महाशाखाले वार्षिक रूपमा अनुगमन सूचक तयार गरी नियमित रूपमा अनुगमन प्रतिवेदन तयार गर्ने छ ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विकास साझेदार तथा सरकारका सम्बन्धित निकायहरू समेतको सहभागितामा कार्यक्रम कार्यान्वयनको वार्षिक समीक्षा गरी सुधारका लागि सुझाव प्रदान गर्ने तथा कार्यान्वयन योजना तयार गर्न सहयोग गर्ने पद्धतिलाई व्यवस्थित गर्ने छ ।
- शिक्षा क्षेत्रको यस योजनालाई प्रदेश तथा स्थानीय तहमा कार्यशाला, अन्तरक्रिया तथा विभिन्न सञ्चार माध्यमबाट अभिमुखीकरण गर्ने र यससम्बन्धी जानकारी पुस्तिका प्रकाशित गरी सरोकारवालाहरूलाई उपलब्ध गराइने छ ।
- शैक्षिक सुधार योजना निर्माण र कार्यान्वयनमा सबैको सहभागिताको आवश्यकता पर्दछ । त्यसैले योजनाको प्रभावकारी कार्यान्वयनका लागि उद्देश्य, लक्ष्य, क्रियाकलाप र प्रतिफलहरूका सम्बन्धमा विभिन्न सरोकारवालाको भूमिका र जिम्मेवारीबारे शिक्षक, अभिभावक, व्यवस्थापक, राजनीतिक कार्यकर्ता, गैरसरकारी क्षेत्र र जनसाधारणलाई अभिमुखीकरण गरिने छ । यसका लागि निरन्तर संवाद र सञ्चारका लागि सञ्चार प्रणाली तथा कार्यक्रम विकास गरी कार्यान्वयन गरिने छ ।

**प्रदेश सरकार**

- प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले योजना कार्यान्वयनका सम्बन्धमा समन्वय समिति गठन गरी प्रदेश शिक्षा विकास निर्देशनालयमार्फत समन्वय स्थापित गर्ने छ । शिक्षा तालिम केन्द्रहरूले शिक्षा क्षेत्रका जनशक्तिहरूको क्षमता विकास सम्बन्धिका कार्यक्रम कार्यान्वयन गर्ने छन् ।
- प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले एकीकृत वार्षिक कार्यक्रम बनाई विभिन्न स्रोतबाट प्राप्त रकम (सङ्घीय सरकारको ससर्त अनुदान, अन्य अनुदान) र आफ्नै स्रोतको प्रयोग गरी कार्यक्रम सञ्चालन गर्ने छन् ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमार्फत कार्यान्वयनको अवस्थाको नियमित रूपमा प्रतिवेदन प्राप्त हुने प्रावधान गरिने छ । कक्षा १० को परीक्षाको सञ्चालन र व्यवस्थापन गर्न उपयुक्त संरचनाको स्थापना गरिने छ ।

**स्थानीय तह**

- स्थानीय तहले शिक्षा क्षेत्र विकासका लागि आवधिक योजना तयार गर्ने छन् ।

- स्थानीय तहले सङ्घीय तथा प्रदेश तहबाट प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने छन् ।
- स्थानीय तहले योजना कार्यान्वयनका लागि आवश्यकताअनुसार कानुन, मापदण्ड तथा निर्देशिका विकास गर्ने छन् ।
- स्थानीय तहले शिक्षा शाखाको क्षमता सुदृढ गरी कार्यक्रम कार्यान्वयनका लागि सरोकारवालाहरू संलग्न रहेको समन्वय समिति र आवश्यकताअनुसार अन्य समितिहरू निर्माण गर्ने छन् ।
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन् ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणका आधारका रूपमा प्रयोग गर्ने र सङ्घीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने छन् ।
- शिक्षण सिकाइमा आवश्यक सहयोग आदान प्रदानका लागि स्थानीयस्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने छन् ।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने छन् ।

**विद्यालय**

- विद्यालय सुधार योजना बनाई वार्षिक रूपमा अद्यावधिक गर्ने
- स्थानीय तहबाट प्राप्त बजेट तथा आफ्नै स्रोतका बजेट प्रयोग गरी विद्यालय व्यवस्थापन समितिले वार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्ने र कार्यान्वयन गर्ने
- विद्यालय सुधारसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवार बनाउने
- विद्यालय व्यवस्थापनका लागि प्रधानाध्यापकहरूको सशक्तीकरण तथा क्षमता अभिवृद्धि गर्ने । वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र विद्यालयको कार्यसम्पादनका सम्बन्धमा सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने
- स्थानीय तहका सम्बन्धित शाखाहरू, स्थानीय सामुदायिक तथा गैरसरकारी संस्था तथा स्रोतव्यक्ति

समेतको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा विपत्को अवस्थामा समेत शिक्षाको निरन्तरताका लागि आवश्यक समिति वा संरचना तयार गर्ने

- विद्यार्थीलाई विषयगत सिकाइका साथसाथै विभिन्न अतिरिक्त क्रियाकलाप तथा सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने

**सामुदायिक सिकाइ केन्द्र**

सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आयआर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै जीवनपर्यन्त सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने छ । स्थानीय तहबाट प्राप्त अनुदान तथा आफ्नै स्रोत समेतका आधारमा स्थानीय तहको समन्वयमा सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयन गर्ने छ । विभिन्न विषयगत स्थानीय तहका एकाइहरू, सामुदायिक तथा गैरसरकारी संस्थाहरू तथा समुदायसँग आवश्यकताअनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने छ ।

## ६.२.३ गैरसरकारी तथा नागरिक समाजसँगको सहकार्य

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विगत केही दशकदेखि शिक्षा क्षेत्रको विकासमा सहयोग पुर्याउँदै आएका वा सहयोग गर्ने इच्छा देखाएका विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरू, दातृनिकाय, संयुक्त राष्ट्रसङ्घीय निकायहरू, द्विपक्षीय तथा बहुपक्षीय संस्थाहरूसँग निकट रही काम गर्दै आएको छ । शिक्षा क्षेत्रमा विकास साझेदारहरूबाट प्राप्त सहयोगलाई योजनाबद्ध रूपमा क्षेत्रगत सहायता पद्धतिबाट संयुक्त रूपमा संयोजन, समन्वय तथा अनुगमन गर्ने परिपाटीको विकास भएको छ । यसका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयभित्र विकास सहायताको समन्वयका लागि संस्थागत क्षमताको विकास भएको छ । शिक्षा विकासका लागि सबैको सहभागिता र सबैसँग साझेदारी गरी काम गर्ने संयन्त्रको विकास भई सक्रियताका साथ कार्य भइरहेको छ । विद्यालय शिक्षा क्षेत्र योजनाको विकास तथा कार्यान्वयनमा विभिन्न सरोकारवाला तथा विकास साझेदारहरू सम्मिलित स्थानीय शिक्षा समूहहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । यस योजनाको कार्यान्वयनका अवधिमा यी अभ्यास तथा संरचनाहरूलाई अझ परिस्कृत गर्दै प्रतिनिधिमूलक, सहभागितामूलक, पारदर्शी तथा प्रभावकारी बनाइने छ ।

विकास साझेदार र अन्य सरोकारवालासहितको सहभागितामा सञ्चालन हुने वार्षिक समीक्षा कार्यक्रममा आगामी वर्षका लागि प्रस्तावित कार्यक्रम तथा बजेटमा छलफल गरिने छ । संयुक्त वार्षिक बैठकमा योजनाको कार्यसम्पादन तथा नतिजाका साथै कार्यान्वयनमा देखापरेका समस्याका बारेमा छलफल गरी समाधान खोजिने छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले आवधिक रूपमा निर्धारित अवधिभरमा सम्पन्न भएका क्रियाकलापहरूको प्रगति विवरण र सूचकहरूका आधारमा लक्ष्य तथा प्रगतिको प्रतिवेदन तयार गर्ने छ । यो प्रतिवेदन विभिन्न सरोकारवाला, विकास साझेदार, सरकारी निकाय, गैरसरकारी संस्था, नागरिक समाज आदिलाई सहज उपलब्ध गराउने परिपाटीलाई अझ सुदृढ पारिने छ ।

यस योजनामा विभिन्न क्षेत्रमा कार्यरत गैरसरकारी संस्था तथा सामुदायिक संस्था र नागरिक समाजको सक्रिय सहभागिता र संलग्नता रहने छ । कतिपय संस्थाहरूले विद्यालय शिक्षा योजनाको निर्माण र प्रदेश तथा स्थानीयस्तरका

शिक्षा योजनाहरूको निर्माणमा सरिक भई योगदान गरेका छन् भने यसको कार्यान्वयनमा विभिन्न किसिमले सहभागी हुने छन् । यो योजनाका प्रारम्भिक बाल शिक्षा तथा विकास, अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, शिक्षक तालिमलगायत अन्य कार्यक्रमहरूको कार्यान्वयनमा गैरसरकारी तथा सामुदायिक संस्था, नागरिक समाज र निजी क्षेत्रले योगदान गर्ने छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्थानीय तह र प्रदेश सरकारअन्तर्गतका शिक्षा सम्बद्ध निकायहरूसँग यी संस्थाहरूले समन्वय र सहकार्यमा सञ्चालन गरिने कार्यक्रमको बारेमा निर्देशिका तयार गर्ने छ ।

शैक्षिक सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सहभागिता र जवाफदेहीता अभिन्न अङ्ग हुन् । नागरिक सहभागिता र जवाफदेहीताको बोधले मात्र सेवा प्रदायकका रूपमा सरकार र सेवाग्राही वा उपभोगकर्ताका रूपमा नागरिकबिचमा रहेको दुरीलाई घटाउने काम गर्छ । त्यसैले समुदाय/विद्यालय तहदेखि स्थानीय, प्रदेश र सङ्घीय सरकारसम्मको हरेक तहमा नागरिक सहभागिता र शैक्षिक सेवाको सामाजिक जिम्मेवारी निश्चित गर्ने वातावरण तयार गरिने छ । विद्यालय शिक्षा क्षेत्र योजनाको सूचना प्रबोधीकरणले मात्र नागरिकको सहभागिता तथा उत्तरदायित्व पूरा हुँदैन । यसमा समाजका सबैभन्दा कमजोर वर्गका आवाज र भावना सङ्गठित रूपमा नीति तथा कार्यक्रम निर्धारणमा मुखरित हुने अवसरहरू सिर्जना गर्नुपर्छ । यसका लागि योजनाको विकास गर्नेदेखि कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनसम्म अभिभावक तथा नागरिक सहभागिताको व्यवस्था गरिने छ ।

### ६.२.४ योजना कार्यान्वयनका लागि सञ्चार रणनीति

- विद्यालय शिक्षाको यस योजनाले सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहका विभिन्न तह र निकायका अतिरिक्त शिक्षासँग सम्बन्धित सबै सरोकारवाला, शिक्षक, विद्यार्थी, अभिभावक, गैरसरकारी संस्था, नागरिक र आम जनतामा समग्र शिक्षा प्रणालीलगायत योजनाले प्रस्ताव गरेका सुधारप्रति अपनत्व, समर्पण तथा प्रतिबद्धता विकास गर्ने अवसर सिर्जना गरेको छ । ती सबैमा योजनाका सार तत्त्वहरूको सञ्चार गर्नु र तिनीहरूका बारेमा सबैलाई प्रबोधीकरण गर्नु योजना कार्यान्वयनको पहिलो सर्त हो । सञ्चारको विशेष महत्त्वलाई दृष्टिगत गर्दै योजना निर्माणको अवस्थादेखि नै सम्बद्ध सरोकारवालाहरूसँग संवाद र सञ्चार गरिएको थियो । सङ्घीय संरचनाका सन्दर्भमा शिक्षा प्रशासन तथा व्यवस्थापनमा आएको परिवर्तनले पनि नयाँ परिस्थितिमा विभिन्न तह र निकायको भूमिका, अधिकार क्षेत्र र जिम्मेवारीका पक्षमा सबैलाई सचेत गराउनु आवश्यक हुन गएको छ । योजना कार्यान्वयनका सन्दर्भमा विभिन्न तहमा शिक्षासँग सम्बद्ध सरोकारवालाहरू र उनीहरूका भूमिका तथा रूचिका विषय र उनीहरूले योजना कार्यान्वयनमा गर्ने सहयोग निश्चित गर्नु आवश्यक हुन्छ । सरोकारवालाहरू सबैको समान रुचि नहुने भएकाले यसको विश्लेषण गरी खास गरी अन्तिम उपभोक्ता वा सेवाग्राहीको पहिचान गर्नु आवश्यक हुन्छ । योजनाले अन्ततः बालबालिका, आमाबाबु, अभिभावक तथा समुदायको रुचिअनुसार काम गर्छ भन्ने बारेमा सचेत हुनु महत्त्वपूर्ण हुन्छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र यसअन्तर्गतका विभिन्न निकायबिचको आन्तरिक सञ्चारमा सुधार, खुलापन, साझेदारी तथा समझदारीको विकास गर्न आन्तरिक सञ्चारका विद्यमान मापदण्ड तथा अभ्यासको विश्लेषण गरी त्यसलाई बढी छरितो, सहज तथा समयबद्ध गर्ने तत्परताको विकास गर्नु आवश्यक छ । नियमित बैठकहरूका अतिरिक्त योजनाका बारेमा सबैको समान धारणा, समझदारी तथा प्रतिबद्धता विकास गर्न र कार्यान्वयनका क्रममा प्राप्त अनुभव आदानप्रदान गर्न अन्य अनलाइन/भर्च्युअल माध्यमहरू अपनाइने छ ।

यसै सन्दर्भमा यस योजनाको कार्यान्वयनका लागि सञ्चारसम्बन्धी निम्नलिखित रणनीति तथा प्रक्रियाहरू अवलम्बन गरिने छ ।

- राष्ट्रिय शिक्षा परिषद् र यसको सचिवालयले सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहसम्म यस योजनाका बारेमा समेत आवश्यक समन्वय र दोहोरो सञ्चारमा सहयोग गर्ने छ ।
- मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा गरिने चौमासिक समीक्षामा यस योजनाको कार्यान्वयन अवस्था तथा उपलब्धिको समीक्षा गरी सङ्घीय निकायहरूबिच समन्वय गर्ने र विभिन्न तहका सरकारहरूबिचको समन्वयमा सहयोग गर्ने छ ।
- शिक्षा सचिवको अध्यक्षतामा गठन हुने योजना निर्देशक समितिले अन्तरमन्त्रालय तथा निकायबिच र प्रदेश शिक्षासम्बद्ध मन्त्रालयबिच समन्वय र सञ्चारमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने छ ।
- सबै तहका सरकार र शिक्षासँग सम्बन्धित निकायहरूले नेपाल सरकारको विद्यमान नीतिबमोजिम आवश्यकताअनुसार जनसम्पर्क तथा सञ्चारका लागि एक सम्पर्क वा सञ्चार अधिकारी तोक्ने छन् ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनका सिलसिलामा सञ्चारका परम्परागत तथा आधुनिक माध्यमहरू प्रयोग गरी योजनाका बारेमा सरोकारवालाहरूलाई सूचित गर्दै आएको छ । त्यही अनुभव र आधारशिलालाई थप व्यवस्थित, विकसित तथा विस्तारित गर्दै लगिने छ ।

सञ्चारका वैकल्पिक तथा विद्युतीय माध्यमहरूको प्रयोग गरी गरिने अनलाइन बैठकहरूलाई थप व्यवस्थित तथा प्रभावकारी बनाइने छ । सामाजिक सञ्जाल/सञ्चारका अकाउन्टमा साइन अप गरेर सो माध्यमबाट सरोकारवालाहरूसँग सम्पर्क तथा सञ्चार गर्ने परिपाटीलाई सङ्गठित र सुदृढ गरिने छ । योजना कार्यान्वयनका विभिन्न मुद्दाहरूमा सरोकारवालाहरूका राय सुझाव सङ्कलन गर्न परम्परागत तथा अनलाइन माध्यमहरूलाई प्रयोगमा ल्याइने छ ।

- योजनाले अवलम्बन गरेका शिक्षा सुधारका मुख्य मुख्य सन्देशहरू, योजनाका उद्देश्य, कार्यक्रम, कार्यान्वयन व्यवस्था आदिलाई समेटेर प्रचार प्रसार सामग्री, पम्प्लेट, ब्रोसर, ससाना पुस्तिका प्रकाशन गरी व्यापक रूपमा वितरण गरिने छ ।
- राष्ट्रिय तथा एफएम रेडियो, टेलिभिजन, समाचार पत्र आदि आम सञ्चारका परम्परागत साधनहरूको प्रयोग गरी योजनाका बारेमा सरोकारवाला, सेवाग्राही तथा अन्य जनसाधारणलाई सचेत गरिने छ ।

शिक्षा योजनाका बारेमा विभिन्न सङ्घ, सङ्गठन र समूहलाई सूचित गर्ने मात्र नभई शिक्षा सुधारका विभिन्न मुद्दाहरूमा उनीहरूका राय तथा विचार लिने उद्देश्यले उनीहरूलाई विभिन्न बैठक, कार्यशाला, छलफल, सम्मेलन तथा कार्यक्रममा सहभागी गराइने छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइटलाई सुधार तथा विकास गरी योजनासम्बन्धी सामग्री तथा सूचना प्राप्त गर्ने माध्यमका रूपमा विकास गरिने छ । विभिन्न कार्यक्रमहरूको कार्यान्वयनको प्रगति विवरण प्राप्त गर्न सक्ने गरी वेबसाइटलाई नियमित रूपमा अद्यावधिक गरिने छ ।

## ६.३ अनुगमन तथा मूल्याङ्कन

विभिन्न शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन, वितरण, समुचित ढङ्गको लगानीको प्रवाह, कार्यक्रम कार्यान्वयन प्रक्रियाको समीक्षा, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएको निश्चित गर्ने, व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने प्रक्रिया अनुगमन हो । यसले सरोकारवालाहरूलाई कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग केन्द्रीत हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछ ।

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनका क्रममा सिकिएका विगतका पाठ र अनुभवका आधारमा अनुगमन तथा मूल्याङ्कनको वर्तमान अवस्था, चुनौती तथा समस्या आदिको विश्लेषण गरी यस शिक्षा क्षेत्रको योजनामा सङ्घीय स्वरूपअनुसारको अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकासका लागि सबै तहका सरकार, सबै निकाय र सबै कार्यक्रमहरूको अनुगमनको ढाँचा, प्रक्रिया, साधन र प्रतिवेदनसम्बन्धी विषयहरू यस खण्डमा प्रस्तुत गरिएको छ ।

### ६.३.१ वर्तमान अवस्था

नेपालको विकास कार्यक्रमको अनुगमनका लागि विभिन्न संरचनाहरू संस्थागत गरिएको छ । नेपालका समग्र विकास कार्यक्रमहरूको राष्ट्रियस्तरमा अनुगमन तथा मूल्याङ्कनका लागि प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समिति र मन्त्रालयस्तरमा सम्बन्धित मन्त्रीको अध्यक्षतामा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति गठन भएको छ । ती समितिका बैठकले चौमासिक रूपमा विकास कार्यक्रमहरूको प्रगति समीक्षा गर्ने गर्दछन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको संरचनामा रहेको योजना तथा अनुगमन महाशाखाअन्तर्गत अनुगमन तथा मूल्याङ्कन शाखाले विकास कार्यक्रमहरूको चौमासिक तथा वार्षिक अनुगमन प्रतिवेदन तयार गर्दछ ।

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रलगायतका निकायहरूबाट, प्रदेश तहमा शिक्षा हेर्ने मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्लास्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीयस्तरमा स्थानीय शिक्षा महाशाखा/शाखाबाट हुँदै आएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरूको उपलब्धि परीक्षण गर्दै आएको छ । विद्यालय निरीक्षक तथा स्रोतकेन्द्रबाट शिक्षकलाई शिक्षण प्रक्रियामा स्थलगत प्राविधिक सहयोगका अतिरिक्त विद्यालय एवम् शिक्षण सिकाइ प्रक्रियालगायतका विषयमा निरीक्षण तथा सुपरिवेक्षण हुने गरेकामा अहिले आएर स्रोतकेन्द्र खारेज भएका हुनाले सुपरिवेक्षणका लागि कुनै वैकल्पिक प्रबन्ध रहेको छैन ।

दिगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरिएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास

गरिएका सूचकका आधारमा अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको छ । वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गर्ने गरिएको छ ।

विद्यालय क्षेत्र विकास योजना कार्यान्वयनमा भएका सबल र कमजोर पक्षको जानकारी लिने तथा लक्ष्य र वास्तविक कार्यान्वयन अवस्था बिचको अन्तर पत्ता लगाउनका लागि नतिजा तालिकाअनुसारको सूचना सङ्कलन गरिएको छ । विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधारसम्बन्धी मुख्य सूचना प्राप्तिका आधारका रूपमा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई लिइएको छ । विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमिलगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य सुरु गरिएको छ । बाह्य मूल्याङ्कन समूहबाट विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रमको मध्यावधि मूल्याङ्कन कार्य सम्पन्न हुने गर्दछ । विद्यालय तह, स्थानीय तह, प्रदेश र सङ्घीय तहमा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाका लागि विद्यमान एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । यसका अतिरिक्त विद्यालय क्षेत्र विकास योजनामा सरकार तथा विकास साझेदारहरू सम्मिलित वार्षिक संयुक्त समीक्षा बैठकले पनि अनुगमन संयन्त्रका रूपमा काम गरेको छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट निश्चित समयको अन्तरालमा गरिएका विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण, विभिन्न विषय तथा मुद्दामा मन्त्रालयअन्तर्गतका निकायहरू, विभिन्न विकास साझेदारहरू तथा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, अनुसन्धान केन्द्रहरूले गरेका अध्ययन अनुसन्धानहरूले योजनाका विभिन्न पक्षमा मूल्याङ्कन गर्ने गरेका छन् । यसै गरी राष्ट्रिय जनगणना, राष्ट्रिय जीवनस्तर सर्वेक्षण, राष्ट्रिय स्वास्थ्य तथा जनसाङ्ख्यिक सर्वेक्षण, मानव विकास प्रतिवेदन जस्ता सर्वेक्षण तथा अध्ययनका प्रतिवेदनहरूमा पनि शिक्षासम्बन्धी समावेश गरिएका तथ्याङ्क र सूचकहरूसमेत अनुगमन तथा मूल्याङ्कनमा उपयोग गर्ने गरिएको छ ।

उल्लिखित प्रावधान भए तापनि सङ्घीय संरचनाअनुसार अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित र प्रतिफलउन्मुख बनाई यसबाट प्राप्त हुने नतिजाहरू सबै तहका सरकारले तत् समयमा प्राप्त गर्न सक्ने गरी स्वचालित बनाइनुपर्ने छ । यसका लागि हाल प्रयोगमा रहेको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट तीनै तहका सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाइनु आवश्यक छ । अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु उत्तिकै आवश्यक छ ।

अनुगमनलाई प्रभावकारी बनाउन शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवम् राष्ट्रिय रूपमा उपयोगी मापनयोग्य सूचकहरूको निर्धारण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नुपर्ने देखिन्छ भने अनुगमनमा नियमितता र एकरूपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु, अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग कार्यक्रम कार्यान्वयन तथा निर्णय निरुपणमा गर्ने पद्धति विकास गर्नु आवश्यक छ ।

दिगो विकास लक्ष्य ४ का सूचकसँग समेत मिल्ने गरी नतिजा सूचकहरूलाई अद्यावधिक गर्ने; तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्ने; सहभागितात्मक तथा सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता गर्ने र अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोग विस्तार तथा व्यवस्थित गर्नु आवश्यक छ ।

विद्यार्थी उपलब्धि परीक्षणलाई सुदृढ गर्ने, परीक्षणको नतिजाका आधारमा सुधार गर्ने परिपाटी व्यवस्थित गर्ने, विद्यालय कार्यसम्पादन परीक्षणलाई सुदृढ गरी यसका नतिजाका आधारमा सुधार गर्ने पद्धति स्थापना गर्ने र विभिन्न कार्यक्रमहरूको कार्यान्वयन तथा प्रभावकारिताको बाह्य मूल्याङ्कन गर्ने व्यवस्थित पद्धतिको विकास गर्नुपर्ने देखिन्छ । शिक्षा नीति तथा अभ्यासमा सुधार गर्न राष्ट्रिय मूल्याङ्कन तथा कार्यसम्पादन परीक्षणहरू प्रयोग भएको सुनिश्चित गर्न पृष्ठपोषण प्रणालीको विकास गरिनुपर्छ ।

### ६.३.२ उद्देश्य

१. सङ्घीय शिक्षा प्रणालीको आवश्यकताअनुकूल सबै तहका सरकारका आ-आफ्नो स्तरमा सञ्चालन हुने शैक्षिक कार्यक्रमको कुशल तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकीकृत प्रणाली विकास गर्नु

२. विद्यालय शिक्षाको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

४. विद्यालय शिक्षा क्षेत्रका विभिन्न कार्यक्रमका अवयवहरूको प्रभाव मूल्याङ्कन गरी मूल्याङ्कनका प्राप्ति तथा निष्कर्षहरूलाई प्रमाणमा आधारित योजना तथा कार्यक्रमको सुधारमा प्रयोग गर्नु

### ६.३.३ रणनीति

१. मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधि र सञ्जालको प्रयोग गर्न एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कनको विकास गर्ने र कार्यान्वयनका लागि आवश्यक पर्ने मार्गदर्शनको निर्माण गर्ने

२. मूल्याङ्कन तथा प्रतिवेदन कार्यमा सहयोगका लागि वेबमा आधारित एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई सुदृढ गर्ने

३. अनुगमन सूचक विकासका लागि मुख्य कार्यसम्पादन सूचक तथा कार्यक्रम नतिजा खाकालाई आधार बनाउन एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने । समावेशिता र समता मापन गर्नका लागि समूहगत वा खण्डीकृत सूचक विकास गरी अनुगमन तथा मूल्याङ्कनमा प्रयोग गर्ने

४. शिक्षामा पहुँच र सहभागिता, समता तथा समावेशिता, विद्यार्थी उपलब्धि, शिक्षक व्यवस्थापन, विद्यालयको भौतिक तथा सिकाइ वातावरण, शैक्षिक प्रशासन तथा व्यवस्थापन, उत्तरदायित्व तथा पारदर्शीताका विभिन्न

नीतिगत उद्देश्य माथि स्थानीय तहको कार्यसम्पादन सूचकको विकास तथा पहिचान गर्ने । नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने तथा यिनका आधारमा स्थानीय तहको कार्यसम्पादन सूचक तयार गर्ने

५. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई सुदृढ गरी थप व्यवस्थित र नियमित गर्ने । त्यस्ता परीक्षणहरूबाट प्राप्त परिणाम तथा निष्कर्षहरूका आधारमा शिक्षा प्रणालीका विभिन्न पक्षहरू खास गरी शिक्षण सिकाइमा सुधार ल्याउन प्रयोग गर्ने परिपाटी बसाल्ने

६. योजना तथा कार्यान्वयनलाई अभिवृद्धि गर्न रिपोर्ट कार्ड तथा सामाजिक परीक्षण प्रणालीलाई सुदृढ गर्ने तथा सिकाइको गुणस्तर बढाउन शिक्षक सुपरिवेक्षण तथा सहयोग प्रणालीलाई कार्यमूलक बनाउने

### ६.३.४ उपलब्धि

नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापनामार्फत योजनाको कार्यान्वयनमा प्रभावकारिता तथा सक्षमता सुनिश्चित भएको हुने

### ६.३.५ प्रतिफल, प्रमुख क्रियाकलाप तथा लक्ष्य

तालिका ६.२ मा अपेक्षित प्रतिफल, मुख्य क्रियाकलाप तथा भौतिक लक्ष्य र कार्यान्वयन गर्ने मुख्य जिम्मेवार तह उल्लेख गरिएको छ ।

तालिका ६.२: अनुगमन तथा मूल्याङ्कनका उपलब्धि, प्रतिफल, मुख्य क्रियाकलापहरू तथा लक्ष्य

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| १. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना मार्फत योजनाको कार्यान्वयनमा प्रभावकारिता तथा सक्षमता सुनिश्चित भएको हुने | १.१ अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास हुने | १.१.१ अनुगमनको जिम्मेवारीसहित एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन निर्देशिका विकास | पटक | १ | १ | सङ्घीय सरकार |
| | | १.१.२ एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा सुधार गरी तीनै तहका सरकारले समायोचित आवश्यक सूचना लिन सक्ने गरी एकीकृत व्यवस्थापन | सुधार-पटक कार्यान्वयन निरन्तर | १ | १ | सङ्घीय सरकार |
| | | १.१.३ अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई सुदृढ गर्न क्षमता विकास | तह | ७६१ | ७६१ | सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तह |
| | | १.१.४ स्थानीय तहले अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक<br>तह | १<br>७५३ | १<br>७५३ | स्थानीय तह |
| | १.२ नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको अनुगमन प्रणाली सुदृढ हुने | १.२.१ नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक | पटक | १ | २ | सङ्घीय सरकार, स्थानीय तह |
| | | १.२.२ कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तह तथा निकायले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन | कार्यान्वयन निकाय निरन्तर | | | सङ्घीय सरकार, स्थानीय तह |
| | | १.२.३ कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार | पटक | १५ | ३० | सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह |
| | | १.२.४ स्थिति प्रतिवेदन तयार | पटक | ५ | १० | सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह |
| | | १.२.५ संयुक्त समीक्षा बैठक सञ्चालन | पटक | ५ | | सङ्घीय सरकार |

| उपलब्धि | प्रतिफल | मुख्य क्रियाकलाप | भौतिक लक्ष्य | | | कार्यान्वयन तह |
|---|---|---|---|---|---|---|
| | | | एकाइ | ५ वर्षको लक्ष्य | १० वर्षको लक्ष्य | |
| | १.३ विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित बनाई यसका नतिजाहरूका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने | १.३.१ विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | कक्षा | ३, ५ र ८ | ३, ५ र ८ | सङ्घीय सरकार, स्थानीय तह |
| | | १.३.२ विद्यालयको कार्यसम्पादन परीक्षण | विद्यालय प्रतिशत | १०० | १०० | सङ्घीय सरकार र स्थानीय तह कक्षा १-८/१०/१२, ९-१२ सञ्चालित विद्यालय |
| | | १.३.३ विद्यालयहरूमा गरिने सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | विद्यालय प्रतिशत | १०० | १०० | स्थानीय तह, विद्यालय |
| | | १.३.४ विद्यालयहरूको लेखा परीक्षण | विद्यालय प्रतिशत | १०० | १०० | स्थानीय तह, विद्यालय |
| | १.४ विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने | १.४.१ विभिन्न विषय तथा मुद्दामा अध्ययन तथा अनुसन्धान | सङ्ख्या | ४४ | | सङ्घीय सरकार र प्रदेश सरकार |
| | | १.४.२ विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन | कार्यक्रम | ७ | | सङ्घीय सरकार, प्रदेश सरकार |
| | | १.४.३ विद्यालय शिक्षा क्षेत्र योजनाको समग्र मूल्याङ्कन | पटक | २ | | सङ्घीय सरकार |

# ७. लगानी र स्रोत व्यवस्थापन

यस परिच्छेदमा विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यक्रम कार्यान्वयनका लागि ५ वर्ष (आ.व. २०७९/०८०-२०८३/०८४) अवधिको लागत अनुमान प्रस्तुत गरिएको छ । यसमा विद्यालय शिक्षामा उपलब्ध हुन सक्ने सम्भाव्य बजेट र विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयन गर्न आवश्यक अनुमानित लागतका बिचमा तुलना गरी लगानीमा देखिने अन्तर प्रस्तुत गरिएको छ । यस परिच्छेदलाई चार खण्डमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

**खण्ड ७.१** ले शिक्षा क्षेत्रको विशेष गरी विद्यालय शिक्षा उपक्षेत्रमा गरिने लगानीको वर्तमान अवस्थाको जानकारीका सम्बन्धमा उल्लेख गरेको छ ।

**खण्ड ७.२** मा विशिक्षेयो ले निर्धारण गरेका क्रियाकलापको कार्यान्वयनका लागि बजेट अनुमान तथा सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारको योगदानका विषयमा उल्लेख गरेको छ ।

**खण्ड ७.३** मा वित्तीय संरचना र प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरणका विषयमा उल्लेख गरेको छ।

**खण्ड ७.४** मा विशिक्षेयोको लागतमा रहेको अन्तर व्यवस्थापनमा तीन तहका सरकारको योगदान र दातृ निकायको सहयोगका विषय उल्लेख गरेको छ ।

विद्यालय शिक्षामा लगानी गर्नु सङ्घ, प्रदेश र स्थानीय तहको साझा दायित्व भएकोले यस विषयमा विशेष ध्यान पुर्‍याउनुपर्दछ । तहगत सरकारबाट तोकिएको क्रियाकलापमा आधारित लगानी नगरी पुरक लगानीको उत्तरदायित्व सयन्त्र विकास गरी कार्यान्वयन गर्नुपर्दछ । परिमाणस्वरुप विद्यालयका शिक्षक तथा कर्मचारीको पारिश्रमिक र भौतिक निर्माणलगायतका कार्यमा सङ्घीय तहबाट वित्तीय हस्तान्तरणमार्फत उपलव्ध हुने ससर्त अनुदानका अतिरिक्त स्थानीय सरकारले आफ्नै स्रोतबाट समेत बजेट विनियोजन गर्ने अपेक्षा गरिएको छ ।

विद्यालय शिक्षामा समतामूलक पहुँच, गुणस्तर तथा सक्षमतामा सुधार गर्ने दूरदृष्टिमा आधारित भई यो विद्यालय शिक्षा क्षेत्र योजना तयार गरिएको छ । यस अगाडी उल्लेख भएअनुसार विद्यालय शिक्षा क्षेत्र योजनाले व्यवस्थित गरेका क्रियाकलापहरूको कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबिच सहलगानीको ढाँचाअनुसार आंशिक रुपमा बजेट विनियोजन गर्न सक्ने छन् ।

आगामी ५ वर्ष सम्मका लागि विद्यालय शिक्षाका कार्यक्रमका विषयमा शिक्षा, विज्ञान र प्रविधि मन्त्रालय र यसका विकास साझेदारहरूलाई मार्गदर्शन गर्ने गरी विद्यालय शिक्षा क्षेत्र योजना तयार गरिएको छ । सङ्घीय बजेटको आवश्यकताको कार्यढाँचाका सम्बन्धमा लगानी खण्ड केन्द्रीत छ । वर्तमान समयमा सङ्घीय बजेटबाट गरिने लगानीले योजनाका क्रियाकलापहरू कार्यान्वयन गर्ने आधाररेखा प्रदान गरेको छ ।

विद्यालय शिक्षा उपक्षेत्रको विकासका लागि तय गरिएका कार्यक्रम र यसको दूरदृष्टिसँग सङ्घीय बजेट र यसको वित्तीय योजनाको लागत अनुमानका बिचमा पूर्ण तादात्म्य देखिदैँन । तीनै तहका सरकारबीच लगानीको दायित्व रहने भएतापनि यसमा अस्पष्टता देखिएका छन् । विद्यालय शिक्षा क्षेत्र योजनाको लागत र वित्तीय व्यवस्थापनका मुद्दा एवम् तिनको प्रभावहरूलाई तलका उपखण्डहरूमा चर्चा गरिएको छ ।

## ७.१ परिचय

सामाजिक तथा आर्थिक रूपान्तरणमा गति प्रदान गरी समृद्ध राष्ट्र निर्माण र उन्नत समाज विकासका लागि बालबालिकाको शिक्षामा सार्वजनिक लगानी गरिन्छ । शिक्षामा गरिएको लगानीले भविष्यका लागि गुणस्तरीय जनशक्तिको विकास गर्न सहयोग गर्छ । त्यसैले बालबालिकाको शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राज्यको दीर्घकालीन विकासमा सहयोग गर्छ । राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्त रूप दिन राज्यले प्राथमिकताका साथ शिक्षामा लगानी गर्नु आवश्यक छ । शिक्षामा राज्यले लगानी गर्दा प्रमुख तीन पक्षलाई ध्यान दिइनुपर्दछ । यी पक्षहरू क्रमशः सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता; शिक्षाको गुणस्तर र सान्दर्भिकता र स्रोत साधनको समतामूलक वितरण र उपयोगमा सुनिश्चितता प्रदान गर्नु रहेका छन् ।

शिक्षामा गरिने लगानीको विश्वव्यापी प्रवृत्ति तथा राष्ट्रिय आकाङ्क्षालाई विचार गरी नेपालले पनि विगत केही दशकदेखि शिक्षा क्षेत्रमा सार्वजनिक लगानी विस्तार गरेको छ । राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकाङ्क्षा तथा आवश्यकता, विश्वव्यापी प्रतिबद्धता तथा मापदण्ड, दिगो विकासको लक्ष्य, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा राज्यले गरेका प्रतिबद्धता, मुलुकको विद्यमान आर्थिक विकासको अवस्था एवम् स्रोत परिचालनको क्षमता जस्ता पक्षलाई ध्यानमा राखी व्यवस्थापन गरिँदै आएको छ ।

नेपालको संविधान र विभिन्न कानुनी तथा नीतिगत दस्तावेजले शिक्षामा लगानी गर्ने आधार प्रदान गरेको छ । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा लिई सार्वजनिक सेवा तथा राज्यको अनिवार्य दायित्वका रूपमा स्वीकारेको छ । यद्यपी शैक्षिक पहुँचको विस्तारले मात्र मुलुकको सामाजिक तथा आर्थिक विकासका उद्देश्य हासिल गर्न सकिदैन । आर्थिक विकास, समृद्धि तथा सामाजिक उन्नतिका लागि शिक्षालाई प्रमुख माध्यमका रुपमा लिई गुणस्तरीय शिक्षा प्राप्तिका लागि सार्वजनिक लगानी बढोत्तरी गरी स्रोतसाधनको समतामूलक र सामाजिक न्यायमा आधारित भई वितरणको सुनिश्चितता गर्नु आवश्यक छ । यी विषयहरूलाई दृष्टिगत गर्दै विश्वव्यापी मान्यताअनुसार मुलुकको कुल गार्हस्थ उत्पादनको ४ देखि ६ प्रतिशत वा राष्ट्रिय बजेटको न्यूनतम १५ देखि २० प्रतिशतसम्म शिक्षामा लगानी गर्नुपर्ने देखाउँछ । सन् २०१५ मा दक्षिण कोरियाको इन्चोनमा सम्पन्न विश्व शिक्षा शिखर सम्मेलनले इन्चोन घोषणापत्र जारी गरी मुलुकहरूलाई शिक्षाको अन्तर्राष्ट्रिय मापदण्डको पालना गर्नुपर्ने विषयमा जोड दिएको छ । सन् २०२२ मा न्यूयोर्कमा भएको ट्रास्फर्मिङ एजुकेसन समिटले शिक्षामा मुलुकको आन्तरिक लगानी परिचालन गर्न र नवप्रवर्तनात्मक लगानीका लागि स्रोतसाधनको विविधीकरण र अवसरहरूको खोजी गर्न जोड दिएको छ । यसका साथै उक्त सम्मेलनले दाता राष्ट्रहरू र अन्तर्राष्ट्रिय सहयोग नियोगहरूलाई शिक्षामा लगानी बढाउन आग्रह गरेको छ ।

माथि उल्लेख गरेअनुसार नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा लिई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । शिक्षासम्बन्धी मौलिक हक कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ जारी भएको छ । विद्यमान संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा जिम्मेवारी रहेको छ । यसका लागि आवश्यक स्रोतसाधनको पहिचान, प्राथमिकीकरण र समतामूलक वितरण गरी प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन संयन्त्रको व्यवस्था गर्नु आवश्यक छ ।

संविधानले परिकल्पना गरे बमोजिम विद्यालय शिक्षामा वित्तीय व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय तह बिच लगानीमा साझेदारी सुनिश्चित गर्न आवश्यक छ । नेपालको संविधानअनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि सङ्घीय स्रोतबाट ससर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ । स्थानीय तहले शिक्षामा आफ्नै स्रोतको परिचालन तथा प्रयोग गर्ने छन् । स्थानीय तहले स्रोत परिचालनका लागि आन्तरिक ऋण उठाउन पाउने व्यवस्था पनि रहेको छ ।

सङ्घबाट प्राप्त हुने विभिन्न अनुदानहरू फरक फरक प्रकृतिका हुन्छन् । उदाहरणका लागि ससर्त अनुदानसम्बन्धी सङ्घीय विषयगत मन्त्रालयबाट विकास भएका मापदण्ड तथा कार्यक्रममा खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । उल्लिखित विभिन्न किसिमका अनुदान बाहेक स्थानीय तथा प्रदेश तहको आफ्नै स्रोतमा आधारित बजेट र राजस्व बाँडफाँटबाट प्राप्त बजेटबाट पनि शिक्षा क्षेत्रमा बजेट विनियोजन गर्ने गर्दछन् । प्रदेश र स्थानीय तहहरूलाई आन्तरिक ऋण परिचालन गर्ने अधिकार भएपनि हालसम्म अभ्यासमा आएको देखिँदैन ।

एकातिर संवैधानिक प्रावधानले नेपाललाई समानता र न्यायमा आधारित समाजवादउन्मुख राज्यको परिकल्पना गर्दै विद्यालय शिक्षालाई सार्वजनिक सेवाका रूपमा पहिचान गरी राज्यबाट लगानी गर्नुपर्ने मान्यता छ भने अर्कातिर शिक्षामा निजी क्षेत्रको संलग्नता पनि क्रमशः बढ्दै गएको छ । सामुदायिक तथा संस्थागत दुवै प्रकृतिका विद्यालयहरूले औपचारिक तथा अनौपचारिक किसिमले विभिन्न शुल्कहरू सङ्कलन गरिरहेका छन् । यसले शिक्षामा लगानीका सम्बन्धमा चुनौती थपिएको छ । मुलुक सङ्घीय स्वरूपमा परिवर्तन भएसँगै सङ्घ, प्रदेश र स्थानीय तहको लगानीलाई सुव्यवस्थित, समन्वयात्मक, उद्देश्यमूलक, उपयोगी र नतिजामुखी बनाउने विषय महत्त्वपूर्ण छ ।

यस परिच्छेदमा शिक्षामा सार्वजनिक लगानीको वर्तमान अवस्था तथा यस योजनाका लागि स्रोतको सम्भाव्य उपलब्धता र प्रस्तावित कार्यक्रमका शिक्षामा आवश्यक पर्ने स्रोतको आकलन प्रस्तुत गरिएको छ । यी प्रबन्धका साथै सुधारिएको वित्तीय व्यवस्थापनमार्फत तीनओटै सरकारबाट विश्वमञ्चमा गरिएको प्रतिबद्धताअनुरुप विद्यालय शिक्षामा गरिने लगानीलाई वृद्धि गर्न सक्षम हुने अपेक्षा गरिएको छ ।

## ७.२ अवस्था

शिक्षा क्षेत्रमा लगानी बढाउनुपर्छ भन्ने विषयमा मुलुकभित्र सहमति देखिन्छ । लगानी बढाउने कुरामा सर्वसहमति हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ । नेपालका सबैजसो राजनीतिक दलको निर्वाचनको घोषणापत्रमा कुल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ ।

### ७.२.१ शिक्षा क्षेत्रमा राज्यको लगानीको अवस्था

नेपालमा आ.व. २०४९/५० मा शिक्षामा राज्यको लगानी कुल राष्ट्रिय बजेटको करिब ८.५ प्रतिशत मात्र रहेकामा सबैका लागि शिक्षा अभियानसँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो । त्यसपछि यो प्रतिशत क्रमशः घट्न गई आ.व. २०७४/७५ मा ९.९ प्रतिशत रहेकामा त्यसपछिका वर्षहरूमा क्रमशः वृद्धि हुँदै आ.व. २०७७/७८ मा ११.७ प्रतिशत रहेको थियो । विगत एक दशक (आ.व.२०६८/६९ देखि आ.व.

२०७७/७८ सम्म) अवधिमा सरकारबाट कुल राष्ट्रिय बजेटको औसत १३.२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी गरेको पाइन्छ । विगत पाँच वर्ष अवधिमा सरकारको शिक्षामा लगानी कुल गार्हस्थ उत्पादनको औसत ४.२ प्रतिशत रहेको थियो । शिक्षाको लगानीमा विकास सहायताको पनि महत्त्वपूर्ण अंश रहेको छ । विगत पाँच वर्ष (आ.व.२०७३/७४ देखि आ.व.२०७७/७८) मा शिक्षा क्षेत्रको बजेटमा विकास सहायताको अंश कुल शिक्षा बजेटको औसत १०.६८ प्रतिशत रहेको थियो । विगत पाँच वर्षको शिक्षा क्षेत्रको बजेटको स्वरूप तालिका ७.१ मा दिइएको छ ।

तालिका ७.१: विगत पाँच वर्षमा शिक्षा बजेट (रु करोडमा)

| आ.व. | शिक्षा बजेट | विकास सहायता रकम | विकास सहायता प्रतिशत | वार्षिक बजेट वृद्धि प्रतिशत | कुल सङ्घीय बजेटमा शिक्षा बजेटको अंश | शिक्षा बजेटमा गार्हस्थ उत्पादनको प्रतिशत |
|---|---|---|---|---|---|---|
| २०७३/७४ | ११६३६ | १०३४ | ८.८८ | १७.९६ | ११.१ | ४.१ |
| २०७४/७५ | १२६६४ | १०९६ | ८.६५ | ८.८४ | ९.९ | ४.२ |
| २०७५/७६ | १३४५१ | १२८७ | ९.५७ | ६.२१ | १०.२ | ४.१ |
| २०७६/७७ | १६३७६ | १७४६ | १०.६६ | २१.७४ | १०.६ | ४.४ |
| २०७७/७८ | १७१७१ | २४५१ | १४.२८ | ४.८६ | ११.७ | ४.३ |

*स्रोतः अर्थ मन्त्रालय सम्बन्धित आ.व. का बजेट पुस्तिकाहरू*

नेपालको शिक्षा क्षेत्रको बजेटले विकास सहायता परिचालनमा क्षेत्रगत सहयोग पद्धतिको अवलम्बन गरेको छ । यसले विकास साझेदारहरूसँगको संयुक्त वित्तीय लगानी व्यवस्थाका लागि कार्यढाँचा प्रदान गर्छ । लगानीको थोरै हिस्सा मात्र परियोजनामा आधारित गरिएको छ । विगत पाँच वर्षको विद्यालय शिक्षा क्षेत्रको बजेट विश्लेषण गर्दा कुल शिक्षाको बजेटबाट वार्षिक रूपमा औसत ६९.५ प्रतिशत बजेट विद्यालय शिक्षामा छुट्याइएको देखिन्छ । यसमा नेपाल सरकार र विकास सहायताको औसत हिस्सा क्रमशः ९०.२ र ९.८ प्रतिशत रहेको छ । विद्यालय क्षेत्र विकास योजना अवधिको बजेट र सोमा विकास सहायता साझेदारीको विवरण तालिका ७.२ मा प्रस्तुत गरिएको छ ।

तालिका ७.२: विद्यालय क्षेत्र विकास योजना बजेटमा सरकार र विकास सहायता

| आ. व. | कुल विक्षेवियो बजेट (रु. करोडमा) | शिक्षा बजेटको प्रतिशतका रूपमा विक्षेवियो बजेट | विकास सहायता रकम (रु. करोडमा) | विकास सहायताको प्रतिशत |
|---|---|---|---|---|
| २०७३/७४ | ८५९८ | ७३.८९ | ७७० | ८.९६ |
| २०७४/७५ | ९३०६ | ७३.४८ | ७८३ | ८.४१ |
| २०७५/७६ | ९२९३ | ६९.०९ | ९१८ | ९.८८ |
| २०७६/७७ | ९८८४ | ६०.३६ | १०८९ | ११.०२ |

| आ. व. | कुल विक्षेवियो बजेट (रु. करोडमा) | शिक्षा बजेटको प्रतिशतका रूपमा विक्षेवियो बजेट | विकास सहायता रकम (रु. करोडमा) | विकास सहायताको प्रतिशत |
|---|---|---|---|---|
| २०७७/७८ | १२१२५ | ७०.६१ | १३२८ | १०.९५ |
| २०७८/७९ | १२६६९ | ७०.३७ | ९४२ | ७.४३ |

*स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आ. व. का बजेट पुस्तिकाहरू)*

## ७.२.२ शिक्षा क्षेत्रमा घरपरिवार र निजी लगानी

बालबालिकाको शिक्षामा घरपरिवारको लगानी पनि उल्लेख्य भएको अध्ययनहरूले देखाएका छन् । संस्थागत विद्यालयहरूमा वार्षिक शुल्कलगायत सबै खर्च घरपरिवारबाटै हुने गर्छ भने सामुदायिक विद्यालयहरूमा पनि घरपरिवारको लगानी स्टेशनरी तथा पोसाकलगायतमा हुने भएकाले बालबालिकाको शिक्षामा उनीहरूको उल्लेख्य लगानी भइरहेको छ । एक अध्ययनकाअनुसार विद्यालय शिक्षामा आधाभन्दा बढी लगानी (५५.६ प्रतिशत) निजी क्षेत्रबाट भएको छ जसमा ४८.९ प्रतिशत रकम घर परिवारद्वारा, ४.६ प्रतिशत रकम शिक्षणसंस्थाहरूको आफ्नै स्रोत र २.१ प्रतिशत रकम गैरसरकारी सस्थाहरूबाट भएको छ भने बाँकी करिब ४४.५ प्रतिशत लगानी सार्वजनिक क्षेत्रबाट भएको अनुमान छ (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८) । निजी र सार्वजनिक क्षेत्रबाट भएको प्रति विद्यार्थी लगानीका सम्बन्धमा गरिएको एक अनुसन्धान प्रतिवेदनले देखाएको नतिजा तालिका ७.३ मा प्रस्तुत गरिएको छ । यहाँ प्रति विद्यार्थी सार्वजनिक खर्चको गणना गर्दा तहगत सरकारले वार्षिक रुपमा विभिन्न तहको शिक्षामा गरेको खर्च समावेश गरिएको छ भने निजी लगानीको प्रति विद्यार्थी लागत गणना गर्दा सामुदायिक र संस्थागत विद्यालयमा अभिभावकहरूले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा तिरेको शुल्कहरू लगायतको सबै खर्चहरू समावेश भएका छन् ।

तालिका ७.३: नेपालमा प्रति वर्ष प्रति विद्यार्थी खर्चको तुलनात्मक अवस्था

| शिक्षाको तह | प्रति विद्यार्थी औसत खर्च रु. | | |
|---|---|---|---|
| | सार्वजनिक | निजी | जम्मा |
| पूर्व प्राथमिक/प्रारम्भिक बाल शिक्षा र विकास | २३७० | ४६४४ | ७०१४ |
| आधारभूत तह (कक्षा १-५) | ९४५० | ६००८ | १५४५९ |
| आधारभूत तह (कक्षा ६-८) | ७६५१ | ८८३१ | १६४८२ |
| माध्यमिक तह (कक्षा ९-१०) | ९९७३ | १७१११ | २७०८३ |
| माध्यमिक तह (कक्षा ११-१२) | ६६१३ | २८९१४ | ३५५२८ |

*स्रोतः युनेस्को/युआइएस, २०१६*

माथिको तालिकाअनुसार आधारभूत तह कक्षा १-५ बाहेक अन्य तहमा निजी तर्फ प्रति विद्यार्थी खर्च सार्वजनिकभन्दा बढी रहेको छ । अझ प्रारम्भिक बाल विकास र माध्यमिक तह (कक्षा ११-१२) मा सार्वजनिक लगानी भन्दा निजी लगानी निकै बढी देखिन्छ । परिवारले विद्यालय शिक्षामा आधाजति लगानी गर्ने तथ्यले एउटा गम्भीर चासो


देखाएको छ । संवैधानिक तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार आधारभूत तहको शिक्षामा लगानी गर्ने दायित्व राज्यको हुनुपर्ने हो । यद्यपि यस तहमा परिवारले गर्ने लगानीको विधिलाई हेर्दा बालबालिकाको शिक्षाका लागि परिवारको उच्च प्रतिबद्धता देखिन्छ तथापि संवैधानिक प्रावधानअनुसारका नीतिसँग यसको तादात्म्य देखिँदैन । समताका दृष्टिले हेर्दा पारिवारिक आय विशेष गरी न्यून आय भएका परिवारको आधा लगानी बालबालिकाको शिक्षामा लगाउने कुरा न्यायसङ्गत हुँदैन । यसका साथै अभिभावकमा बालबालिकाको शिक्षाका लागि लगानीको ठुलो बोझका कारणले विद्यालयमा भर्ना नगर्ने वा भर्ना गरे पनि पढाइ पूरा नहुँदै विद्यालय छोड्ने, कक्षा दोहोर्याउने तथा अपेक्षित सिकाइ उपलब्धि हासिल नगर्ने प्रवृत्ति बढ्ने हुन्छ । यसले के देखाउँछ भने निःशुल्क शिक्षाको प्रबन्ध गर्नु राज्यको दायित्व भएकाले वर्तमान अवस्थामा सरकारी लगानी बढाउनु पर्ने छ भने समग्रमा शिक्षा प्रवाहको सक्षमतामा सुधार गरी सबैका लागि गुणस्तरीय शिक्षाको प्रबन्धका लागि थप लगानी आवश्यक छ ।

### ७.२.३ सामुदायिक तथा संस्थागत विद्यालयमा विद्यार्थी भर्नाको स्थिति

नेपालमा निजी क्षेत्रबाट सञ्चालित संस्थागत विद्यालयमा पढ्ने विद्यार्थी सङ्ख्या २०७६ सालमा कुल विद्यार्थी सङ्ख्याको २५ प्रतिशतभन्दा बढी रहेको देखिन्छ । सोही वर्षको तथ्याङ्कअनुसार प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्वप्राथमिक शिक्षामा भने ५० प्रतिशतभन्दा बढी बालबालिका निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा रहेका थिए ।

शैक्षिक सत्र २०७३ देखि शैक्षिक सत्र २०७६ सम्म कुल विद्यार्थी (कक्षा १-१२) सङ्ख्या घटेको देखिन्छ । शैक्षिक सत्र २०७७ सालमा भने केही विद्यार्थी सङ्ख्या बढेको देखिन्छ जुन शैक्षिक सत्र २०७३, २०७४, २०७५ को भन्दा अझै कम छ (चित्र ७.१) । सामुदायिक विद्यालयको समग्र विद्यार्थी भर्ना घटिरहदा शैक्षिक सत्र २०७५ र २०७६ मा अघिल्ला वर्षहरूको तुलनामा केही बढेको देखिन्छ ।

चित्र ७.१: सामुदायिक तथा संस्थागत विद्यालयको विद्यार्थी सङ्ख्या शैक्षिक सत्र २०७३ र २०७७ (कक्षा १-१२)




*स्रोतः फ्लास प्रतिवेदन तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको शैक्षिक झलकहरू*

विद्यालय तहसम्मको शिक्षाको प्रबन्ध गर्नु राज्यको दायित्व हुन्छ । निजी क्षेत्रको सहभागिताको विषयमा ध्यानपूर्वक विचार गर्नुपर्छ । यसले एकातिर मुलुकले अवलम्बन गरेको नीति र मौलिक हक एवम् नागरिक अधिकारको रूपमा शिक्षालाई गरिएको संवैधानिक प्रत्याभूतिका बारेमा संवेदनशील भई शिक्षामा लगानी हुनुपर्ने कुराको सङ्केत गरेको छ भने अर्कोतर्फ स्रोतको आवश्यकताको अनुमान पनि निजी तथा सामुदायिक विद्यालयमा जाने विद्यार्थी सङ्ख्या विचार गर्नुपर्ने हुन्छ । त्यस्तै स्रोतको आवश्यकताको आकलन गर्दा संस्थागत तथा सामुदायिक विद्यालयका विद्यार्थी भर्नाको प्रक्षेपित अनुपातलाई ध्यान दिनु आवश्यक छ । सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्यामा थोरै वृद्धि भएको प्रक्षेपणका आधारमा लगानीको आकलन गरिएको छ । योजना अवधिमा सामुदायिक विद्यालयको सुधारका प्रयासको फलस्वरूप विद्यार्थी भर्नाको ढाँचामा हुने अनुमानित परिवर्तन र संस्थागत तथा सामुदायिक विद्यालयको विद्यार्थी भर्ना प्रवृत्तिको विश्लेषणका आधारमा विद्यार्थी भर्ना प्रक्षेपण गरिएको छ ।

शिक्षाका सबै तहमा गुणस्तर र पहुँच अभिवृद्धिका विभिन्न कार्यक्रमहरू सञ्चालनका लागि समन्वयात्मक रूपमा स्रोतको खोजी र व्यवस्थापन गर्ने जस्ता प्रयास निरन्तर रूपमा भईरहेका छन् । तथापि विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन पनि थप लगानीको आवश्यक देखिन्छ । कतिपय विद्यालयहरूमा सिकाइका लागि आवश्यक न्यूनतम प्रबन्धका लागि पनि थप लगानीको आवश्यकता देखिन्छ । दलित, महिला, विभिन्न प्रकारका परिस्थितिमा रहेका विपन्न तथा अपाङ्ग भएका बालबालिकालाई शिक्षाको पहुँच तथा सहभागिता बढाई समावेशिता प्रवर्धन गर्ने नीतिगत व्यवस्थाको कार्यान्वयनका लागि थप लगानी आवश्यक देखिन्छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रको शैक्षिक संस्थाको कार्यसम्पादन परीक्षण र विद्यार्थी उपलब्धि परीक्षणका नतिजाले गुणस्तर अभिवृद्धिका लागि लगानीका दायरा बढाउनुपर्ने आवश्यकता देखाएको छ । विद्यालय शिक्षामा हालको बजेट पर्याप्त नभएकाले शिक्षामा भएको लगानीलाई समतामूलक वितरण गरी कुशल उपयोगमार्फत विद्यार्थीको उपलब्धि बढाउनु आवश्यक देखिएको छ ।

### ७.२.४ विद्यालय शिक्षाको विभिन्न उपक्षेत्रमा भएको लगानीको अवस्था

सार्वजनिक शिक्षामा लगानीको कुरा गर्दा शिक्षकको आपूर्ति तथा व्यवस्थापनमा (शिक्षकमा गरिने लगानी) सर्वाधिक लगानी हुने गरेको छ । भौतिक पूर्वाधार एवम् संरचना, पाठ्यपुस्तक एवम् शैक्षिक सामग्री, प्रशासनिक खर्च, छात्रवृत्ति, विद्यालय दिवा खाजा आदि अन्य लगानीका प्रमुख विषयक्षेत्र हुन् । नेपालमा विद्यालय क्षेत्रको कुल खर्चको ६५ प्रतिशतभन्दा बढी हिस्सा शिक्षक तलबमा खर्च भइरहेको छ ।

विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरूमा दुई आर्थिक वर्षको लगानीको अवस्था तालिका ७.४ मा प्रस्तुत गरिएको छ । आधारभूत तहको शिक्षामा लगानीको हिस्सा सबैभन्दा बढी छ । त्यसपछि माध्यमिक शिक्षा र शैक्षिक व्यवस्थापनमा छ । आधारभूत शिक्षालाई नागरिकको अधिकारका रूपमा स्थापित गरिएकाले यसमा लगानी गर्नु राज्यको दायित्व हुन आउँछ । सामान्यतया यस क्षेत्रमा गरिने सार्वजनिक लगानी उच्च हुन्छ ।

तालिका ७.४: शिक्षामा विभिन्न उपक्षेत्रगत सङ्घीय लगानी

| उपक्षेत्र | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | |
|---|---|---|---|---|---|---|
| | बजेट (रु. करोड) | प्रतिशत | बजेट (रु. करोड) | प्रतिशत | बजेट (रु. करोड) | प्रतिशत |
| प्रारम्भिक बाल शिक्षा तथा विकास/ पूर्वप्राथमिक शिक्षा | २७३.३२ | १.६७ | २९३.८० | १.७१ | ४८४.२६ | २.७२ |
| आधारभूत तह | ६८०७.२८ | ४१.५७ | ८४९७.४३ | ४९.४९ | ८००३.३९ | ४४.९१ |
| माध्यमिक तह | २८३४.८४ | १७.३१ | ३३१३.४१ | १९.३० | ३७८६.२७ | २१.२५ |
| प्राविधिक शिक्षा | ४७.७२ | २.४९ | ९५५.८९ | ५.५७ | ११७६.२४ | ६.६० |
| उच्च शिक्षा | १७६३.४० | १०.७७ | १७६२.४४ | १०.२६ | २०३७.०६ | ११.४३ |
| अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ | १३४.५२ | ०.८२ | ५८.४७ | ०.३४ | ६०.७० | ०.३४ |
| शैक्षिक व्यवस्थापन | ४१५४.०७ | २५.३७ | २२८९.७८ | १३.३३ | २२७२.०८ | १२.६२ |
| जम्मा | १६,३७५.५९ | १०० | १७,१७१.२२ | १०० | १,७८२,००० | १०० |

*स्रोत: अर्थ मन्त्रालय (विभिन्न वर्षका बजेट पुस्तिकाहरू)*

## ७.३ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

विद्यालय शिक्षा क्षेत्र योजनाको प्रस्तावित कार्यक्रमअनुसार बजेट अनुमान गरिएको छ । बजेट अनुमान गर्दा गुणस्तरीय शिक्षामा समावेशी पहुँच प्रदान गर्ने गरी राष्ट्रको प्रतिबद्धता तथा संवैधानिक प्रावधानलाई ध्यान दिइएको छ । आधारभूत तहमा पाँच वर्ष भित्र सबै विद्यालयमा न्यूनतम सिकाइ सक्षमताका मापदण्ड पूरा गर्ने र माध्यमिक तहमा दश वर्षभित्र सबै विद्यालयमा ती मापदण्ड पूरा गर्ने गरी बजेट प्रस्ताव गरिएको छ ।

विद्यालय शिक्षा क्षेत्र योजनाअन्तर्गत विद्यालयको भौतिक अवस्था सुधार र गुणस्तर सुधारका लागि शिक्षक विकासमा पनि उल्लेख्य लगानी रहेको छ । त्यसै गरी विद्यालयमा सूचना तथा प्रविधिको उपलव्धता र प्रयोगलाई विस्तार हुनेगरी पाठ्यपुस्तकको अद्यावधिक र पाठ्यक्रमको सान्दर्भिकता सुदृढीकरण गर्ने विषयलाई अनुमानित बजेटले विशेष ध्यान दिएको छ ।


विद्यालय शिक्षामा समता र समावेशिताको अवस्थामा सुधार गर्न अपाङ्गता भएका बालबालिकाहरूका लागि आवासीय सुविधा सहितको विद्यालय र छात्रवृत्ति, आर्थिक रूपमा विपन्न तथा कठिन परिस्थितिमा रहेका बालवालिकाहरूका लागि छात्रवृत्ति र आधारभूत तह कक्षा ५ सम्मका सवै बालवालिकाहरूका लागि दिवा खाजाको प्रवन्ध गरिएको छ । यसका अतिरिक्त विद्यालयमा आधारित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छताका कार्यक्रम (कक्षा ६-१२ का किशोरीहरूको महिनावारी सरसफाइ तथा स्वच्छतासमेत) र आपत्कालीन अवस्थामा दिइने शिक्षाका लागि समेत बजेट समावेश गरिएको छ । तालिका ७.५ मा योजना कार्यान्वयनको लागि पाँच वर्षमा आवश्यक पर्ने ९७८.३ अरब रुपियाँ (यूएसडलर ८१५७.४३ मिलियन) देखाइएको छ ।

तालिका ७.५ प्रमुख अवयवका आधारमा लागत


| | २०७९-८० | २०८०-८१ | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | कुल ५ वर्ष |
|---|---|---|---|---|---|---|
| कुल (रु. अर्बमा) | १६२.३ | १८२.७ | २०३.८ | २१०.४ | २१९.० | ९७८.३ |
| **बृहत क्षेत्र (अवयवका) आधारमा** | | | | | | |
| कर्मचारी | ११०.३ | १२१.९ | १३९.४ | १४७.२ | १५५.१ | ६७३.९ |
| सञ्चालन | २१.३ | २१.९ | २२.३ | २२.१ | २२.४ | ११०.० |
| सामाजिक | १५.९ | १६.४ | १६.८ | १७.१ | १७.६ | ८३.८ |
| पुँजीगत | १४.८ | २२.६ | २५.३ | २३.९ | २३.९ | ११०.६ |
| **कार्यक्रमगत अभिमुखीकरणका आधारमा** | १२९.५ | १४८.७ | १६८.७ | १७५.० | १८२.९ | ८०४.७ |
| पहुँच | १४.२ | १४.६ | १५.० | १५.२ | १५.६ | ७४.६ |
| समता | १४.६ | १५.० | १५.५ | १५.५ | १५.७ | ७६.३ |
| गुणस्तर | ४.० | ४.४ | ४.६ | ४.७ | ४.९ | २२.७ |
| सक्षमता | | | | | | |

तालिका ७.५ ले प्रमुख अवयवका आधारमा विद्यालय शिक्षा क्षेत्रको लागतको प्रवृत्तिलाई देखाउँछ। तलका तालिका तथा चित्रमा उल्लेख भएका प्रमुख अवयवका हिसाबले कुल लागतको ६८.८ प्रतिशत खर्च तलवभत्तामा र बाँकी ३१.२ प्रतिशत बजेटमध्ये पहुँच तथा समताका कार्यक्रममा हुने खर्च ६८.२ प्रतिशत हुन आउँछ ।

चित्र २





चित्र ३




चित्र २ र ३ मा देखाइएअनुसार कर्मचारीहरूको पारिश्रमिक शीर्षकमा यस अवधिमा उच्च वृद्धि भएको छ (४५.३ अरब रुपियाँ) । सञ्चालन तथा सामाजिक खर्च यस अवधिभरमा झन्डै स्थिर अवस्थामा छ भने पुँजीगत खर्च ९.१ अरब रुपियाँले बढेको छ । खर्च बढ्दै जाने प्रवृत्तिको मुख्य कारण भनेको बढ्दो कर्मचारी र पुँजीगत खर्च नै हो ।

चित्र ४: आर्थिक वर्ष र प्रमुख अवयवका आधारमा विद्यालय शिक्षा क्षेत्र योजनाको खर्च



कर्मचारीहरूको विस्तृत खर्च तालिका ७.६ र चित्र ५ मा देखाइएको छ । लागत अनुमान तयार गर्दा प्रगतिशील भई योजना गरिएको छ-


- विद्यालय शिक्षा क्षेत्र योजनाको आगामी ५ वर्षको अवधिमा आधारभूत तह र माध्यमिक तहमा ससर्त अनुदानका रूपमा प्रदान गरिने शिक्षण सहयोग अनुदान कोटा क्रमशः वृद्धि गरी आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१२) का लागि क्रमशः ३,९२२, २४,४०१ र २४,८३५ शिक्षक सङ्ख्या बराबरको अनुदान बढाइने छ ।
- २०८१/८२ मा आधारभूत तह (कक्षा १-५) शिक्षकको औसत तलबमा वृद्धि गरिएको छ ।
- योजना कार्यान्वयनको पाँच वर्षे अवधिमा ७,५०० प्रारम्भिक बाल विकास केन्द्रका शिक्षक र २०८१/८२ बाट प्रारम्भ हुने गरी बालबालिका हेरचाहकर्ताका लागि पारिश्रमिक बढाइएको छ ।

आधारभूत तह र माध्यमिक तहमा ससर्त अनुदानअन्तर्गत बढाइएको शिक्षण सहयोग अनुदान कोटाका कारणले विद्यालय शिक्षा क्षेत्र योजनाको प्रक्षेपित बजेटमा तलबभत्ताको अनुपातमा उच्च वृद्धि भएको छ ।

तालिका ७.६: योजना कार्यान्वयन अवधिमा तहगत शिक्षक र तलबभत्ता खर्च

| | २०७७-७८ | २०७८-७९ | २०७९-८० | २०८०-८१ | २०८१-८२ | २०८२-८३ | २०८३-८४ |
|---|---|---|---|---|---|---|---|
| **सबै सामुदायिक विद्यालयमा प्रतिवेदन गरिएको (शैव्यसूप्र)** | | | | | | | |
| आधारभूत तह (कक्षा १-५) | १५०,१९३ | | | | | | |
| आधारभूत तह (कक्षा ६-८) | ३८,६१८ | | | | | | |
| माध्यमिक तह (कक्षा ९-१२) | ४१,२९९ | | | | | | |
| **विशिक्षेयो प्रक्षेपित खर्चमा समावेश भएका पदहरू** | | | | | | | |
| प्राबाशिवि सहजकर्ता | ० | ३०,०३९ | ३०,०३९ | ३१,९१४ | ३३,७८९ | ३५६६४ | ३७,५३९ |
| प्राबाशिवि हेरचाहकर्ता | ० | ० | ० | ३१,९१४ | ३३,७८९ | ३५६६४ | ३७,५३९ |
| आधारभूत तह (कक्षा १-५) (स्थायी, अस्थायी, राहत) | १०२,०५४ | १०२,०४५ | १०२,८२९ | १०३,६१३ | १०४,३९७ | १०५,१८१ | १०५,९६७ |
| आधारभूत तह (कक्षा ६-८) (स्थायी, अस्थायी, राहत) | २५,८६२ | २५,८३२ | ३०,७१२ | ३५,५९२ | ४०,४७२ | ४५,३५३ | ५०.२३३ |
| माध्यमिक तह (कक्षा ९-१२) (स्थायी, अस्थायी, राहत) | २५,३७९ | २५,४७१ | ३०,४३८ | ३५,४०५ | ४०,३७२ | ४५,३३९ | ५०,३०६ |
| **विशिक्षेयो प्रक्षेपित खर्चमा समावेश भएका पदहरू** | | | | | | | |
| प्राबाशिवि सहजकर्ता | | ६.२ | ६.२ | ६.५ | ६.९ | ७.३ | ७.७ |
| प्राबाशिवि हेरचाहकर्ता | | ०.० | ०.० | ४.१ | ४.४ | ४.६ | ४.९ |
| आधारभूत तह (कक्षा १-५) | | ५१.४ | ५१.८ | ५२.३ | ६१.१ | ६१.५ | ६२.० |
| आधारभूत तह (कक्षा ६-८) | | १४.८ | १७.६ | २०.९ | २५.३ | २८.३ | २८.३ |
| माध्यमिक तह (कक्षा ९-१२) | | १९.३ | २३.० | २६.८ | ३०.५ | ३४.३ | ३८.० |
| अन्य तलब खर्च | | ११.७ | ११.७ | ११.२ | ११.२ | ११.२ | ११.२ |
| कुल | | **१०३.३** | **११०.३** | **१२१.९** | **१३९.४** | **१४७.२** | **१५५.१** |

चित्र ५: तहगत शिक्षकका लागि प्रक्षेपित पारिश्रमिक खर्च




## ७.३.१ विद्यालय शिक्षाका लागि प्रक्षेपित सङ्घीय बजेट

विद्यालय शिक्षा क्षेत्र योजनाका कार्यक्रमको बजेट यथार्थमा आधारित भएको सुनिश्चितताका लागि प्रतिबद्धता, अपेक्षा तथा स्रोतको उपलब्धताबिच सन्तुलन कायम हुनुपर्छ । नेपालको संविधान तथा ऐन कानुनबमोजिमका व्यवस्था र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई कार्यान्वयन गर्नका लागि उपलव्ध स्रोतसाधनको उपयुक्त ढङ्गले मूल्याङ्कन गर्नुपर्छ । सन्दर्भ तथा लक्ष्यमा आधारित भई गरिएको लागत अनुमानको अभ्यासले उपलव्ध स्रोतको प्रक्षेपणका लागि प्रमाणिक आधार प्रदान गर्छ ।

विद्यालय शिक्षाका लागि स्रोतको प्रक्षेपण गर्दा खर्चका खासखास क्षेत्रहरूमा विचार पुर्याउनुपर्छ । संवैधानिक प्रावधानअनुसार आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षा निःशुल्क गर्ने दायित्व राज्यको रहेको छ । प्रत्येक बालबालिकालाई विद्यालय जान तयारीका साथ कक्षा एकमा भर्ना हुने अधिकार छ । प्रारम्भिक बाल शिक्षा तथा विकासलाई आधारभूत शिक्षाअन्तर्गत नै राखी आवश्यक बजेटको व्यवस्था राज्यले गर्नुपर्छ । सबैको पहुँच र सहभागिताको सुनिश्चितताका लागि विशेष गरी आर्थिक रूपले विपन्न, विभिन्न कठिन परिस्थितिमा रहेका तथा अपाङ्ग भएका बालबालिकालाई लक्षित प्रोत्साहन गर्नु आवश्यक हुन्छ । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा बाहेकका अनौपचारिक तथा निरन्तर शिक्षा, विद्यालय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षक व्यवस्थापन र विकास, सूचना तथा सञ्चार प्रविधि, भौतिक पूर्वाधार, विपत् व्यवस्थापन, विद्यालय दिवा खाजालगायत विद्यालय स्वास्थ्य, पोषण तथा सरसफाइ स्वच्छता लगायतमा लगानी सुनिश्चित गर्नुपर्दछ । यस योजनाको अनुगमन तथा मूल्याङ्कन र व्यवस्थापकीय कार्यलाई व्यवस्थित गर्न र विभिन्न तहमा क्षमता विकासमा थप लगानी आवश्यक छ ।

वर्तमान लगानीको अनुपात तथा केही प्राथमिकताका क्रियाकलापसँग मिल्ने गरी स्रोतको उपलब्धता समेतका आधारमा बजेट अनुमान गरिएको छ । स्रोतको उपलब्धतालाई विचार गरेर कतिपय क्रियाकलापहरूलाई प्राथमिकीकरण पनि गरिएको छ । तीनै तहका सरकारको स्रोत, विकास साझेदार र गैरसरकारी सङ्घ संस्थाहरू लगायतबाट उपलब्ध हुन सक्ने स्रोतको विश्लेषण गर्नुपर्ने हुन्छ । यसमा निजी क्षेत्रका विद्यालयको उपस्थिति र ती

विद्यालयमा भविष्यमा हुने विद्यार्थी भर्नाको आकलनले पनि सार्वजनिक शिक्षा क्षेत्रमा सरकारको लगानीको आकारमा प्रभाव पार्ने कुरालाई विचार गरिएको छ ।

**स्रोतको उपलब्धताको अनुमानः** विद्यालय शिक्षा क्षेत्रको पाँच वर्षे योजना (२०७९/८०-२०८३/८४) कार्यक्रमका लागि उपलब्ध बजेट कुल गार्हस्थ उत्पादन तथा राष्ट्रिय बजेटमा हुने वृद्धिका आधारमा आकलन गरिएको छ । बजेट अनुमान गर्दा शिक्षामा सार्वजनिक लगानीको अनुपात वृद्धि गर्नुपर्ने आवश्यकतालाई समेत विचार गरेर शिक्षामा कुल गार्हस्थ उत्पादनबाट प्राप्त हुने अनुपातमा क्रमिक रूपमा केही वृद्धि हुनुपर्ने मान्यतालाई समेत आधार मानिएको छ । यद्यपि नेपालको मध्यमकालीन खर्च संरचनाको तीन वर्षको प्रक्षेपण तथा पन्ध्रौं योजनाको पाँच वर्षको गार्हस्थ उत्पादन र त्यसबाट प्राप्त हुने सरकारको बजेटको हिस्सा स्रोत आकलनका महत्त्वपूर्ण आधार हुन् । कोभिड-१९ ले अर्थतन्त्रमा पारेको नकारात्मक प्रभावका कारण यसमा प्रक्षेपण गरिएको कुल गार्हस्थ उत्पादन तथा आर्थिक वृद्धि पुनरावलोकन गरिएको छ । अर्थतन्त्रको हालको अवस्था तथा सम्भाव्य वृद्धिका आधारमा उच्च, मध्यम तथा न्यून वृद्धिको परिदृश्य आकलन गरिएको छ । यस आकलनका आधारमा मध्यमस्तरको प्रक्षेपित आर्थिक वृद्धिदरअनुसार योजनाका लागि स्रोत पहिचान गरिएको छ भने उच्च तथा न्यून वृद्धिसहितको आकलन अनुसूची ६ मा समावेश गरिएको छ ।

तालिका ७.७: विद्यालय शिक्षाका लागि सम्भाव्य बजेट विनियोजन

| क्र. सं. | विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
|---|---|---|---|---|---|---|---|---|
| १ | कुल गार्हस्थ उत्पादनमा वृद्धि (%) | २.७ | ४.१ | ६.१ | ५.७ | ५.२ | ५.३ | ५.२ |
| २ | कुल गार्हस्थ उत्पादन मूल्य (वार्षिक वृद्धि %) | ३.६ | ५.८ | ५.८ | ५.६ | ५.५ | ५.४ | ५.४ |
| ३ | कुल गार्हस्थ रकम (रु. अरबमा) | ४,१६४ | ४,५८७ | ५,१४८ | ५,७४७ | ६,३७८ | ७,०७४ | ७,८४५ |
| ४ | कुल गार्हस्थ उत्पादनको प्रतिशतका रुपमा राष्ट्रिय बजेट | २८.५ | ३१.० | ३१.२ | ३०.९ | ३०.५ | ३०.० | ३०.० |
| ५ | बजेट खर्च (रु. अरब) | १,१८६ | १,४२३ | १,६०९ | १,७७७ | १,९४४ | २,१२४ | २,३५१ |
| २०७७-७८ मा रकमको मूल्य | | | | | | | | |
| ६ | कुल गार्हस्थ उत्पादन २०२०-२१ रकम (रू. अरब) | ४,१६३ | ४,३३६ | ४,६०१ | ४,८६२ | ५,११७ | ५,३८७ | ५,६६९ |
| ७ | कुल गार्हस्थ उत्पादनको शिक्षामा लगानी प्रतिशत | ४.१ | ४.३ | ४.४ | ४.५ | ४.७ | ४.८ | ४.९ |
| ८ | शिक्षाको कुल बजेट (रु. अरब) | १७१,७ | १८६,४ | २०२,५ | २१८,८ | २४०,५ | २५८,६ | २७७,८ |
| ९ | शिक्षाको कुल बजेटमा विद्यालय क्षेत्रको प्रतिशत | ७०.६ | ७०.६ | ७०.६ | ७०.६ | ७०.६ | ७०.६ | ७०.६ |

| क्र. सं. | विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
|---|---|---|---|---|---|---|---|---|
| १० | विद्यालय शिक्षामा बजेट उपलब्ध (रु. अरब) | १२१.३ | १३१.६ | १४३.० | १५४.५ | १६९.८ | १८२.६ | १९६.१ |

*स्रोत: केतवि, २०२१, आइएमएफ २०२१, रायोआ, २०१९ समेतका आधारमा गरिएको प्रक्षेपण*

तालिकामा देखाइएअनुसार विद्यालय शिक्षा क्षेत्रका लागि २०७९/८० देखि २०८३/८४ सम्म पाँच वर्षका लागि क्रमशः रु. १४३.० अरब, रु. १५४.५ अरब, रु. १६९.८ अरब, रु. १८२.६ र रु. १९६.१ अरब रकम उपलब्ध हुने अनुमान गरिएको छ । प्रक्षेपण सङ्घीय बजेटका आधारमा गरिएको हो । यसमा प्रदेश तथा स्थानीय तहले आफ्नो स्रोतबाट शिक्षा क्षेत्रमा गर्न सक्ने लगानी समावेश गरिएको छैन । तालिका ७.८ ले सन् २०१९/२० मा स्थानीय तह र प्रदेश सरकारबाट शिक्षामा गरिएको लगानीलाई देखाइएको छ । यी तहबाट सङ्घीय सरकारले छुट्याएको बजेटका अतिरिक्त १७.२ अरब रुपिया शिक्षा क्षेत्रमा विनियोजन भएको देखिन्छ ।

तालिका ७.८: प्रदेश तथा स्थानीय सरकारहरूको शिक्षा बजेट, २०७६/७७

| लगानीको स्रोत | स्थानीय तहको शिक्षा बजेट | प्रदेशको शिक्षा बजेट | कैफियत |
|---|---|---|---|
| ससर्त शिक्षा अनुदान<br>अन्य सङ्घीय शिक्षा अनुदान | ९९.५<br>०.९ | ४.३ | ७३० स्थानीय तह तथा सातै प्रदेशको बजेटका आधारमा |
| समानीकरण अनुदान<br>राजस्वको अंश<br>स्थानीय स्रोत | ४.९<br>३.१<br>२.७ | ६.५ | |
| कुल | १११.० | १०.८ | |

*स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा क्षेत्र विश्लेषण, २०२१ का आधारमा तयार गरिएको ।*

सङ्घीय बजेटबाट प्राप्त हुने बजेटका अतिरिक्त प्रदेश र स्थानीय सरकारहरूले आफ्नो आम्दानीबाट शिक्षा क्षेत्रमा थप लगानी गरेका छन् । लगानीका लागि निश्चित मापदण्ड विकास नभएकाले प्रदेश र स्थानीय तहहरूले शिक्षा क्षेत्रमा गर्ने लगानीमा ठुलो विविधता छ । सङ्घीय संरचनाअन्तर्गत सङ्घ, प्रदेश र स्थानीय तहले शिक्षामा गर्ने लगानीको मापदण्ड निर्धारण गरी तीनै तहबाट लगानी सुनिश्चित हुने व्यवस्था गर्नु आवश्यक छ । त्यसैगरी वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीका लागि जिम्मेवार बनाउनु आवश्यक छ । प्रदेश तथा स्थानीय तहले आफ्नो स्रोतबाट शिक्षा क्षेत्रमा गर्ने लगानी बढ्ने आकलनसहित स्थानीय तहहरूले समेत सङ्घीय खर्चको अनुपातमा शिक्षा क्षेत्रमा लगानी गर्ने अपेक्षा गरिएको छ ।

### ७.३.२ विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यक्रमका क्रियाकलापमा वित्तीय व्यवस्था

यस योजनाका लागि तालिका ७.७ मा गरिएको बजेट आकलनअनुसार आवश्यक पर्ने स्रोतलाई कुल गार्हस्थ उत्पादनका आधारमा प्राप्त हुनसक्ने स्रोत र विकास सहायताबाट प्राप्त हुनसक्ने स्रोतको अनुमानबमोजिम कुल स्रोत आकलन गरी तालिका ७.९ मा प्रस्तुत गरिएको छ । विकास सहायताबाट प्राप्त हुने अपेक्षा गरिएको स्रोतको अनुमान गर्दा हाल विद्यालय क्षेत्रमा प्राप्त भएको सहयोग तथा सम्भाव्य विकास साझेदारहरूसँगको प्रारम्भिक छलफललाई समेत आधारमा मानिएको छ ।

तालिका ७.९: योजनाका लागि प्रक्षेपित बजेट तथा सम्भावित बजेटबिचको तुलना, बजेट अन्तर

| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| योजनाको प्रक्षेपित बजेट (रु अरबमा)<br>*जसमध्ये थप पदका लागि अतिरिक्त बजेट* | १६२.३<br>६.९ | १८२.७<br>१८.७ | २०३.८<br>२६.२ | २१०.४<br>३३.७ | २१९.०<br>४१.२ | ९७८.३<br>१२६.६ |
| विद्यालय शिक्षाका लागि सम्भाव्य बजेट (रु अरबमा ) | १४३.० | १५४.५ | १६९.८ | १८२.६ | १९६.१ | ८४६.० |
| बजेट अन्तर (रु अरबमा ) | -१९.४ | -२८.२ | -३३.९ | -२७.८ | -२२.९ | -१३२.३ |

तालिका ७.९ मा उल्लिखित विवरणअनुसार योजना कार्यान्वयनको पहिलो पाँच वर्षका लागि जम्मा रु ९७८ अरब बजेट अनुमान गरिएकामा रु ८४६ अरब सङ्घीय स्रोतअन्तर्गतको विद्यालय शिक्षाका लागि विनियोजित बजेटबाट प्राप्त हुने अनुमान गरिएको छ । यस अनुमानअनुसार पाँच वर्षका लागि रु १३२ अरब तथा प्रतिवर्ष औसत रु २६ अरब बजेट अपुग हुने देखिन्छ ।

पहिलो, सङ्घीय ससर्त अनुदानबाट तलबभत्ता शीर्षकमा उपलव्ध गराइने पदहरूमा भएको वृद्धिका कारणले बजेट अन्तर भएको भन्न सकिन्छ । अधिकांश शिक्षकहरू कार्यरत छन् र उनीहरूलाई स्थानीय सरकारमार्फत पारिश्रमिक दिइँदै आएको हुनाले मुख्यतः शिक्षक सङ्ख्यामा भएको वृद्धिसँग यसको तालमेल देखिँदैन र सङ्घीय बजेट बोझिलो भएको छ । तलबभत्तामा स्थानीय तहहरूमा बोझ कम गर्न सकिएमा अन्य शैक्षिक क्रियाकलापहरूमा लगानी गर्न स्थानीय सरकारहरूको क्षमता बढ्ने हुन्छ ।

तालिकामा देखाइएअनुसार, अतिरिक्त पद (प्रारम्भिक बालविकास केन्द्रका हेरचाहकर्ता र आधारभूत तथा माध्यमिक तहमा थप शिक्षक) का कारणले सिर्जना हुने खर्च र वित्तीय अन्तर बराबर रहेको देखिन्छ । हाल भइरहेको शिक्षक सङ्ख्यालाई मात्र निरन्तरता दिने हो भने सङ्घीय तहले योजनाका अन्य सबै क्रियाकलापमा बजेटबाट व्यहोर्न सक्दछ ।

विद्यालय शिक्षा क्षेत्र योजनाका नयाँ र बिस्तारित कार्यक्रमहरूका लागि गरिने लगानीको केहि अंश समानीकरण अनुदान तथा राजस्व बाँडफाँट संयन्त्रमार्फत स्थानीय तथा प्रदेश सरकारको आफ्नै स्रोतबाट व्यहोर्न सक्छन् । स्थानीय र प्रदेश सरकारहरूले प्रतिवर्ष आफ्नै स्रोतबाट करिब रु २०-३० अरब शिक्षामा खर्च गरिरहेका छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्थानीय तहहरूलाई शिक्षा क्षेत्रमा लगानी बढाउन प्रोत्साहित गर्नु आवश्यक छ ।

विद्यालय शिक्षाका लागि विकास साझेदारहरूको लगानी आंशिक रूपमा प्रक्षेपित सम्भाव्य बजेटमा समावेश गरिसकिएको छ । संयुक्त वित्तीय साझेदारहरूले विद्यालय शिक्षामा २०२०/२१ मा रु १३.३ अरब र २०२१/२२ मा रु ९.४ अरब लगानी गरेका थिए । बिनियोजित रकम विद्यालय शिक्षामा अधिकतम उपयोग होस् भन्ने विकास साझेदारहरूको प्राथमिकताले सङ्घीय सरकारी लगानी प्रक्षेपित तहमा पुग्न मद्दत गर्न सक्छ । प्राविधिक सहायता संयन्त्रमार्फत विकास साझेदारहरूले केही प्रक्षेपित क्रियाकलापहरूमा सिधै लगानी गर्न सक्छन् । सन् २०१५-२०२१ को अवधिमा विकास साझेदारहरूले विद्यालय शिक्षामा लगानी गरेका अफ-बजेटका आयोजनाहरूको खर्च प्रतिवर्ष रु १.८ देखि रु ३.२ अरबका बिचमा थियो । यसका साथै अन्तर्राष्ट्रिय गैससले विद्यालय शिक्षामा गरेको लगानी प्रतिवर्ष रु २.६ देखि रु ३.३ अरब थियो ।

विकास साझेदारहरूको प्रयास हुँदा हुँदै पनि विद्यालय शिक्षा क्षेत्र योजनाका कार्यक्रमहरूका लागि पर्याप्त लगानी गर्न स्थानीय तथा प्रदेश सरकारलाई परिचालन गर्ने क्षमतामा भर पर्नुपर्ने हुन्छ । उल्लेख्य सङ्ख्याका अतिरिक्त शिक्षक/कर्मचारीको दायित्व सङ्घीय सरकारले वहन गर्ने हो भने स्थानीय लगानी बढाउन मद्दत मिल्ने देखिन्छ । सङ्घीय बजेट व्यवस्थापनको दृष्टिकोणबाट हेर्दा अपर्याप्त बजेट विनियोजनको स्थितिमा समायोजन गर्नका लागि स्थायी तथा राहत पद एकिन गर्ने विषय महत्त्वपूर्ण हुन्छ ।

### ७.३.३ प्रस्तावित बजेट र स्रोतविचको तुलना

यस योजनाका लागि गरिएको बजेट आकलनअनुसार आवश्यक पर्ने स्रोतलाई कुल गार्हस्थ उत्पादनका आधारमा प्राप्त हुन सक्ने स्रोत र विकास सहायताबाट प्राप्त हुन सक्ने स्रोतको अनुमान गरी कुल स्रोत आकलन गरी तालिका ७.१० मा प्रस्तुत गरिएको छ । माथि तालिका ७.७ मा देखाइएको कुल गार्हस्थ उत्पादनबाट प्राप्त हुन सक्ने स्रोत र विकास सहायताबाट प्राप्त हुन सक्ने स्रोतको अनुमान हाल विद्यालय क्षेत्रमा प्राप्त भएको सहयोग तथा सम्भाव्य विकास साझेदारहरूसँगको प्रारम्भिक छलफललाई समेत आधार मानिएको छ ।

तालिका ७.१०: योजनाका लागि प्रस्तावित बजेट तथा स्रोतको वार्षिक तुलना

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | पाँच वर्षको जम्मा |
|---|---|---|---|---|---|---|
| बजेट अनुमान (रु अरबमा) | १६१.२४ | १७४.०३ | १९७.८८ | २०७.५२ | २१३.९१ | ९५४.४१ |
| गार्हस्थ उत्पादनबाट प्राप्त हुने स्रोतको अनुमान (रु अरबमा) | १३१.८४ | १४९.७८ | १६९.४८ | १८३.५६ | १९८.७३ | ८३३.३९ |
| विकास सहयताको अनुमान (रु अरबमा) | १९.५४ | १९.२४ | १९.८८ | १८.७४ | १५.०० | ९२.४ |
| नपुग स्रोत (रु अरबमा) | -९.८७ | -५.३४ | -८.५३ | -५.२२ | -०.०८ | -२८.६३ |

तालिका ७.१० मा उल्लिखित विवरणअनुसार योजना कार्यान्वयनको पहिलो पाँच वर्षका लागि अनुमानित कुल बजेट रु. ९५४.४१ अरबमध्ये रु. ८३३.३९ अरब कुल गार्हस्थ उत्पादनबाट र रु ९२.२ अरब वैदेशिक स्रोतबाट प्राप्त हुने अनुमान गरिएको छ । यस अनुमानअनुसार पहिलो पाँच वर्षका लागि जम्मा रु. २८.६३ अरब बजेट अपुग हुने देखिन्छ ।

विद्यालय क्षेत्रको यस योजनाका लागि नपुग हुने स्रोत प्रदेश तथा स्थानीय तहको स्रोतको परिचालन गर्नुका साथै गैरसरकारी क्षेत्रको योगदानमार्फत जुटाउन सकिने आकलन गरिएको छ । यस योजनाका लागि पाँच वर्षको अनुमानित लागत र स्रोतको प्रक्षेपणबिच रहेको करिब ३.२ प्रतिशतको नपुग स्रोतको लागि लक्षित कार्यक्रममा वैकल्पिक स्रोतको लगानी हुन सक्ने प्रबन्ध गरिने छ ।

## ७.४ स्थानीय तहमा शैक्षिक लगानीको व्यवस्थापन

नेपालको संविधानले विद्यालय तहको शिक्षाको जिम्मेवारी स्थानीय सरकारको अधिकार क्षेत्रका रूपमा स्थापित गरिसकेपछि यस तहको शिक्षाको व्यवस्थापन र आर्थिक लगानीको परिपाटीमा पनि महत्त्वपूर्ण र दूरगामी परिवर्तनहरू देखापरेका छन् । सङ्घीयता कार्यान्वयनसँगै केन्द्रीकृत व्यवस्थापन प्रणालीबाट स्थानीय व्यवस्थापन प्रणालीमा स्थानान्तरण भएको परिप्रेक्ष्यमा विद्यालयहरूमा स्रोतको वितरण तथा हस्तान्तरणका लागि नयाँ माध्यम, विधि र पद्धतिको विकास गरिएको छ ।

### ७.४.१ वित्तीय हस्तान्तरण पद्धति

नेपालको संविधानमा अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई वित्तीय सङ्घीयताको एउटा महत्त्वपूर्ण अङ्गका रूपमा अङ्गीकार गर्दै सङ्घ, प्रदेश र स्थानीय तहबिच स्रोतको समतामूलक बाँडफाँटका लागि विभिन्न व्यवस्थाहरू गरिएको छ । विद्यालय शिक्षा स्थानीय तहको अधिकारको क्षेत्र भए तापनि सेवाको यो क्षेत्र स्थानीय तहको राजस्व परिचालनको तुलनामा अधिक लागत लाग्ने क्षेत्र भएकाले र यो राज्यको संवैधानिक जिम्मेवारीसमेत रहेकाले सङ्घीय सरकारबाट स्थानीय सरकारलाई वित्तीय हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको छ । शिक्षाका कतिपय उपक्षेत्रहरू सङ्घ, प्रदेश र स्थानीय सरकारका साझा विषय भएकाले पनि सङ्घीय र प्रदेश सरकारले शिक्षामा लगानी गर्नुपर्ने अवस्था हुन्छ । संविधानद्वारा नै प्रदेश र स्थानीय सरकारहरूले आ-आफ्नो कार्य जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्न सकुन् भन्ने अभिप्रायले राजस्वको बाँडफाँट र वित्तीय हस्तान्तरणका विभिन्न माध्यमहरूको व्यवस्था गरिएको छ । समान तहका सरकारहरूका बिचमा भौगोलिक तथा जनसाङ्ख्यिक विविधता, आर्थिक तथा सामाजिक विषमता र भौतिक विकासको असमान अवस्था रहने भएकाले उनीहरूको खर्चको आवश्यकता र राजस्व परिचालन क्षमता बिचमा असमानता रहन्छ । राज्यका उपलब्ध स्रोतसाधनको समतामूलक वितरणद्वारा यस प्रकारका असमानताहरूको न्यूनीकरण गरिन्छ । संवैधानिक व्यवस्था तथा प्रचलित ऐन कानुनअनुसार नेपाल सरकारले मूलतः चार प्रकारका अनुदानका माध्यमद्वारा स्थानीय र प्रदेश सरकारहरूलाई वित्तीय हस्तान्तरण गर्छ ।

(१) **वित्तीय समानीकरण अनुदानः** वित्तीय समानीकरण अनुदान स्थानीय तथा प्रदेश सरकारहरूको खर्चको आवश्यकता र राजस्व परिचालन गर्न सक्ने क्षमताका आधारमा निर्धारण गरिन्छ । स्रोतको आवश्यकता र स्रोत जुटाउन सक्ने क्षमताको बिचमा रहेको अन्तर पूरा गर्नका लागि यो अनुदान प्रयोग गरिन्छ । नेपाल सरकारले प्रदेश तथा स्थानीय सरकारलाई वित्तीय समानीकरण अनुदान निर्धारण गर्दा मानव विकास सूचकाङ्क, सन्तुलित विकासको अवस्था, आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारको असमानताको अवस्था, पूर्वाधार विकासको अवस्था र आवश्यकता, नागरिकलाई पुर्याउनुपर्ने सेवा, राजस्व उठाउन सक्ने क्षमता र खर्चको आवश्यकतालाई आधार मान्दछ ।

(२) **ससर्त अनुदानः** कुनै खास प्रयोजनका लागि वा निर्धारित सर्त पूरा गर्ने गरी छुट्याइएको अनुदानलाई ससर्त अनुदान भनिन्छ । ससर्त अनुदानका लागि राष्ट्रिय नीति तथा कार्यक्रम, मापदण्ड तथा पूर्वाधारको अवस्था, मानव विकास सूचकाङ्क लगायतलाई आधार मानिन्छ । नेपाल सरकारले कार्यान्वयनमा ल्याउनुपर्ने राष्ट्रिय नीति तथा कार्यक्रम प्रदेश वा स्थानीय सरकारबाट सञ्चालन गर्नुपर्ने भएमा सोका लागि वित्तीय स्रोत ससर्त अनुदानमार्फत दिने प्रावधान छ । कर्मचारी, शिक्षकलगायतको तलब भत्ता, प्रदेश वा स्थानीय सरकारबाट कार्यान्वयन गरिने विभिन्न राष्ट्रियस्तरका कार्यक्रम, वैदेशिक सहायताअन्तर्गत सञ्चालनमा रहेका कार्यक्रमलाई दिइने अनुदान आदि यसअन्तर्गत पर्छन् । ससर्त अनुदानअन्तर्गत प्रदान गरिने अनुदानका लागि कार्यक्रम कार्यान्वयनका सर्तहरू स्पष्ट, मापनयोग्य र पूर्वनिर्धारित हुनुपर्छ ।

(३) **समपूरक अनुदानः** समपूरक अनुदान प्रदेश तथा स्थानीय तहलाई लागत तथा सम्भाव्यताका आधारमा भौतिक पूर्वाधारलगायतका विशेष परियोजनाका लागि प्रदान गरिन्छ । परियोजना कार्यान्वयनबाट समाजमा पर्ने प्रभाव, आवश्यक भौतिक, आर्थिक तथा मानवीय स्रोतको उपलब्धता र परियोजनाको महत्त्व जस्ता पक्षहरूलाई ध्यानमा राखी यस प्रकारको अनुदान प्रदान गरिन्छ ।

(४) **विशेष अनुदानः** माथि उल्लेख गरिएका बाहेक विशेष अनुदानको पनि प्रावधान गरिएको छ ।

सङ्घीयता लागु भइसकेपछि कुन प्रयोजनका लागि के कति खर्च गर्ने भन्ने स्वःविवेकीय अधिकार स्थानीय सरकारहरूले उल्लेख्य रूपमा प्रयोग गर्दै आएका छन् । महालेखा नियन्त्रकको कार्यालयको २०१८/१९ को तथ्याङ्कअनुसार स्थानीय सरकारको कुल खर्चमध्ये राजस्व बाँडफाँटलगायत वित्तीय समानीकरण अनुदानको योगदान सबैभन्दा बढी अर्थात् ५५ प्रतिशत रहेको छ भने स्थानीय सरकारहरूको आफ्नो आम्दानीबाट गर्ने खर्च ८ प्रतिशत रहेको छ । यसरी हेर्दा स्थानीय सरकारहरूसँग उनीहरूको खर्चको लगभग ६३% प्रतिशत निःसर्त प्रकारको रहेको छ । यस्तो खर्चका लागि स्थानीय सरकारहरूले स्थानीय तहमा खर्च गर्नका लागि स्वविवेकको प्रयोग गर्न सक्छन् ।

## ७.४.२ विद्यालय शिक्षामा लगानीको स्वरूप

उल्लिखित अनुदान प्रणालीको अवधारणामा आधारित रही सङ्घीय सरकारले शिक्षाको बजेट हस्तान्तरण गर्छ । उदाहरणका लागि ससर्त अनुदानका रूपमा स्थानीय सरकारहरूलाई शिक्षक तलब, बालविकास केन्द्रको खर्च, पाठ्यपुस्तक, सिकाइ सामग्री, विभिन्न छात्रवृत्ति, विद्यालय व्यवस्थापनको क्षमता अभिवृद्धि र अन्य शैक्षिक खर्चका लागि वार्षिक बजेट उपलब्ध गराइन्छ । समानीकरण अनुदान गरिबी, भौगोलिक अवस्था, जनसङ्ख्या, सेवा प्रवाहको लागत, स्थानीय सरकारहरूसँगको संयुक्त लगानी जस्ता पक्षको आधारमा प्रदान गरिन्छ भने समपूरक र विशेष अनुदान कुनै विशेष परियोजना, विद्यालय निर्माण आदिका लागि प्रदान गरिन्छ । विद्यालय शिक्षाको लगानीमा पनि नेपाल सरकारले उल्लिखित चार प्रकारका अनुदानका माध्यमद्वारा स्थानीय र प्रदेश सरकारहरूलाई वित्तीय हस्तान्तरण गर्छ । विद्यालय शिक्षामा लगानीका लागि स्थानीय सरकारहरू समक्ष चार प्रकारका स्रोतहरू उपलब्ध छन्: (१) स्थानीय कर, घर कर, जग्गा करलगायत विभिन्न कर तथा विभिन्न शुल्कबाट उठेको रकम (२) सङ्घीय समानीकरण अनुदान (३) सङ्घीय शिक्षा ससर्त अनुदान (४) कुनै विशेष उद्देश्यका लागि प्रदान गरिएका सङ्घीय विशेष अनुदान ।

महालेखा नियन्त्रकको कार्यालयको २०१८/१९ को तथ्याङ्कअनुसार अधिकांश स्थानीय सरकारहरूको कुल शैक्षिक खर्चका विभिन्न स्रोतहरूमध्ये ८९.४ प्रतिशत ससर्त अनुदान रहेको छ भने उक्त खर्चमा वित्तीय समानीकरण अनुदानको हिस्सा ८ प्रतिशत रहेको छ । स्थानीय सरकारले आफ्नो स्रोत मध्येबाट शिक्षामा गरेको खर्चको केवल २.४ प्रतिशत मात्र रहेको छ भने अन्य विशेष अनुदानको मात्रा नगन्य (करिब ०.२ प्रतिशत) रहेको छ । स्थानीय सरकारहरूसँग स्थानीय खर्चका निमित्त आफूले उठाएको राजस्व र वित्तीय समानीकरण अनुदानमा स्वविवेकीय अधिकार रहे तापनि स्थानीय तहमा भएको शैक्षिक खर्चको परिपाटीलाई हेर्दा अधिकांश स्थानीय तहहरू पूर्णतः ससर्त अनुदानमा निर्भर रहेका देखिन्छन् । सङ्घीय सरकारबाट शिक्षाका लागि प्राप्त ससर्त अनुदानको खर्च गर्ने प्रक्रियाको विश्लेषण गर्दा सो रकमको लगभग ७४ प्रतिशत शिक्षक तलबमा खर्च हुन्छ र अन्य रकम छात्रवृत्ति, विद्यालय भवन निर्माण वा अन्य प्रयोजनको निमित्त खर्च हुन्छ ।

स्थानीय तहलाई सङ्घीय सरकारबाट शिक्षाका लागि ससर्त अनुदानका रूपमा उपलब्ध हुने बजेटको परिमाण मूलतः शिक्षक सङ्ख्यामा भर पर्छ, जसको आधार भनेको प्रत्येक स्थानीय तहलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले दिएको शिक्षक दरबन्दी हो । तथापि, शिक्षक दरबन्दी कुनै स्थानीय तहमा बढी वा कुनैमा नपुग हुनाका साथै आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तहको निमित्त अपुग वा कुनै विषयको निमित्त बढी तर कुनै विषयको निमित्त शिक्षक नपुग हुने स्थिति छ । शिक्षक पदस्थापन मापदण्डमा आधारित, पारदर्शी, समतामूलक र शैक्षिक औचित्यमा आधारित गर्नु आवश्यक छ । समग्रमा ससर्त अनुदानको वितरण नै निश्चित औचित्यमा आधारित नभएको र प्रति विद्यार्थी खर्चमा पनि ठुलो असमानता देखिएकाले यसलाई निश्चित औचित्यमा आधारित बनाउन थप प्रयास आवश्यक छ । सङ्घीय सरकारले कुनै स्थानीय तहलाई ससर्त अनुदान निर्धारण गर्दा उक्त तहमा विद्यमान शिक्षक विद्यार्थी अनुपात मात्र होइन स्थानीय सरकारको वित्तीय क्षमता, आवश्यकता र जनघनत्व समेतलाई आधारको रूपमा लिने परिपाटीको विकास गर्नुपर्ने छ । शिक्षक वितरणको यस अवस्थामा सुधार ल्याउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षकहरूको पुनर्वितरण वा समायोजन गर्न सुरु गरेको कार्यलाई अझ बढी व्यवस्थित गरी कार्यान्वयन गर्नुपर्ने छ । तथापि स्थानीय तहमा प्रभावकारी रूपमा शिक्षा सेवा प्रवाह गर्न, आर्थिक स्रोतको वितरणमा समता कायम गर्न र स्थानीय तहहरूबिचको असमानता कम गर्न तथा विद्यार्थी सिकाइ उपलब्धि वृद्धि गर्न हालको अनुदान प्रणालीमा वस्तुगत समीक्षा गरी सुधार गर्नु जरुरी भएको छ । यसका लागि योजना अवधिमा मूलतः निम्नलिखित सम्भावनाहरूको खोजी गरिने छः

- स्थानीय तहहरूलाई शिक्षक दरबन्दी निर्धारण गर्दा विद्यार्थी शिक्षक अनुपातलाई मूल आधार मान्ने तर छरिएर रहेका बस्ती भएका स्थानहरूका लागि आवश्यकताअनुसार विशेष व्यवस्था गरिने छ । आधारभूत तहका प्रारम्भिक कक्षाहरूका लागि बहुकक्षा शिक्षणलाई प्रोत्साहन गरिने छ । छरिएका बस्ती/समुदाय भएका विकसित तथा विकासशील देशमा दुवै किसिमका विधिको प्रयोग लोकप्रिय छ । यदि शिक्षकहरू तालिम प्राप्त छन् र स्रोतको उपलब्धता भयो भने यो विधि अन्य विधि जस्तै प्रभावकारी छ भन्ने कुरा धेरै अध्ययनहरूले देखाएका छन् । विज्ञान, गणित, अङ्ग्रेजी जस्ता विषयका शिक्षक आपूर्तिमा विशेष ध्यान दिइने छ ।
- स्थानीय तहमा सङ्घीय बजेटमार्फत गरिने लगानीलाई आवश्यकता र औचित्यमा आधारित बनाइने छ । यसका लागि शैक्षिक सूचकहरूका आधारमा समता र गुणस्तर अभिवृद्धि गर्न मापदण्ड विकास गरिने छ । स्थानीय तहले गरेको शैक्षिक उपलब्धिका आधारमा कार्यसम्पादनमा आधारित अनुदानको प्रबन्धका लागि कार्यसम्पादन सूचक विकास गरी कार्यान्वयन गरिने छ ।

- स्थानीय तहहरूले वित्तीय समानीकरण अनुदानको सानो अंश मात्र शिक्षामा खर्च गरिरहेका छन् । शैक्षिक खर्चको मूल आधार ससर्त अनुदान भएकाले कतिपय अवस्थामा गुणस्तरीय शिक्षाका लागि लाग्ने खर्चका लागि स्थानीय तहमा स्रोतको अभाव हुन्छ । त्यसैले समानीकरण अनुदानबाट स्थानीय तहले प्राप्त गर्ने रकममध्येबाट शिक्षामा लगानी बढाउन उपयुक्त संयन्त्रहरूको खोजी गरिने छ । स्थानीय तहको क्षमता विकासका साथसाथै सङ्घबाट शिक्षाका लागि स्थानीय तहमा जाने समानीकरण अनुदानको अनुपात बढाउँदै लगी ससर्त अनुदानको अनुपात घटाउँदै लगिने छ । यसका लागि सङ्घीय सरकारबाट विद्यालय क्षेत्रअन्तर्गत प्रति विद्यार्थी लागतका आधारमा प्रदान गरिने ससर्त अनुदानलाई जोखिम विश्लेषण गरी क्रमशः वित्तीय समानीकरण अनुदानका रूपमा स्थानीय तहहरूमा उपलब्ध गराउने प्रबन्ध मिलाइने छ ।
- स्थानीय तहहरूले आफ्नै स्रोतबाट शिक्षामा गर्ने खर्चको अनुपात वृद्धि गर्ने र राजस्व सङ्कलनको बलियो स्रोत नभएका स्थानीय तहहरूलाई अन्य स्थानीय तहहरूले खर्च गर्ने प्रति विद्यार्थी लागतको तुलनायोग्य रकम खर्च गर्न सक्ने सम्भावना वा आधारहरूको खोजी गरिने छ ।
- विद्यमान अनुदान प्रणालीलाई पारदर्शी, नतिजामुखी र जवाफदेही बनाउन यसमा सुधारका लागि प्रयासहरू भइरहेका छन् । खास गरी स्थानीय सरकारहरूले राष्ट्रिय मापदण्डहरू पालना गरे नगरेको, तोकिएबमोजिम कार्य सम्पन्न भए नभएको वा प्रतिफल प्राप्त भए नभएको हेर्ने प्रणालीको विकास गरिने छ ।

### ७.४.३ कोष स्थानान्तरण प्रक्रिया

सङ्घीय सरकार र सबै प्रदेश सरकारहरू अन्तर्गतका सम्पूर्ण कार्यालयहरूले गर्ने सार्वजनिक खर्चको अभिलेखीकरण कम्प्युटराइज्ड सरकारी लेखापद्धतिद्वारा सञ्चालन हुने गर्छ । यसमा सङ्घीय अर्थ मन्त्रालय तथा प्रदेश आर्थिक मामिला मन्त्रालयबाट विनियोजित बजेट सङ्घीय मन्त्रालयगत बजेट सूचना प्रणाली र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीबाट सम्बन्धित कार्यालयले महालेखा नियन्त्रकको कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत अख्तियारी प्राप्त गर्छन् । सबै अख्तियारीहरू कम्प्युटराइज्ड सरकारी लेखापद्धतिमा प्रविष्ट गरिन्छ भने सम्बन्धित खर्च गर्ने एकाइले बजेट उपशीर्षक र खर्च शीर्षकअनुसार मात्र खर्च गर्न सक्ने गरी सम्पूर्ण खर्चका आदेश र भुक्तानीको विवरण कम्प्युटराइज्ड सरकारी लेखापद्धतिबाटै गर्ने व्यवस्था गरिएको छ । यसबाट बजेट प्रवाहका साथै खर्चको प्रतिवेदन प्रणाली सहज भएको छ ।

बजेट निकासा भने चौमासिक रूपमा हुने गर्छ । खर्च गर्ने एकाइले कार्यक्रम सञ्चालनका लागि आवश्यक थप मापदण्ड तथा मार्गदर्शन सम्बन्धित मन्त्रालयबाट प्राप्त गर्छन् । प्रत्येक खर्च गर्ने एकाइले जिल्ला कोष तथा लेखा नियन्त्रण कार्यालय तथा प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयबाट खर्चको भुक्तानी लिने गर्छन् । यिनले कोष तथा लेखा नियन्त्रण कार्यालयमा प्रतिवेदन पेस गर्छन् ।

सङ्घीय सरकारबाट शिक्षामा गरिने खर्च र प्रदेश तथा स्थानीय तहमा पठाइने विभिन्न अनुदानहरू पनि यही प्रक्रियाअनुरूप व्यवस्थित गरिएका छन् । सङ्घीय अनुदानमार्फत प्रदेश तथा स्थानीय सरकारबाट हुने खर्चको प्रतिवेदन अनुदानको स्वरूप अनुसार कोष तथा लेखा नियन्त्रण कार्यालयबाटै पेस हुने गर्छ तर प्रदेश तथा स्थानीय तहहरूले विद्यालय तथा अन्यलाई दिने अनुदानको खर्चको विवरण भने सम्बन्धित विद्यालयले नै राख्छन् । यसबाट बजेट खर्चलाई नतिजासँग जोडेर प्रतिवेदन तयार गर्ने कार्यमा केही कठिनाइ देखिने गरेकाले यसलाई सम्बोधन गर्नु आवश्यक देखिन्छ । सङ्घीय शिक्षा बजेट प्रवाह र कार्यान्वयनमा देखिएको अर्को चुनौती भनेको भुक्तानी सूचकमा आधारित बजेटमा सूचक समयमा पूरा नहुँदा वा समयमा प्रतिवेदन तयार नहुँदा उक्त बजेट उपशीर्षकका सम्पूर्ण बजेट रोक्का हुनु हो । यस प्रक्रियामा सुधार हुनु आवश्यक छ ।

# ८. योजनाको नतिजा खाका

यो परिच्छेदमा विद्यालय शिक्षा क्षेत्र योजनाको नतिजा खाका प्रस्तुत गरिएको छ । नतिजा खाका विद्यालय शिक्षा क्षेत्र योजनाको अनिवार्य अङ्गका रूपमा रहेको छ र यसले वार्षिक कार्ययोजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि मार्गदर्शन प्रदान गर्ने छ । नतिजा खाकाको विकास तीन चरणमा गरिएको छ- **पहिलो** चरणमा योजनाको दूरदृष्टि, ध्येय तथा योजनाका समग्र उद्देश्यका आधारमा योजनाको प्रभाव वा अपेक्षित उपलब्धि पहिचान गरिएको छ । उपलब्धि हासिल गर्नका लागि तथ्याङ्कका स्रोत र सत्यापनका विधिसहित योजनाको समग्र नतिजा तथा उपलब्धि सूचकहरू पहिचान गरिएको छ । यस तहमा समग्र मानव विकासका अवस्था तथा सामाजिक तथा आर्थिक क्षेत्रमा पार्ने प्रभावको मूल्याङ्कन गर्ने प्रयास हुने छ । नतिजा खाकाको **दोस्रो** तहमा योजनाले प्रस्ताव गरेका चार उद्देश्यहरू हासिल हुन सके नसकेको एकीन गर्न मुख्य कार्य सम्पादन सूचकहरूको पहिचान गरिएको छ । प्रत्येक कार्य सम्पादन सूचकका लागि पाँच वर्ष (२०७९-२०८३) को वार्षिक लक्ष्य निर्धारण गरिएको छ र अन्तिम वर्ष २०८८ पनि समेटिएको छ । यी मुख्य कार्य सम्पादन सूचकहरू तयार गर्दा योजनाका समग्र उद्देश्यहरू पहुँच र सहभागिता, गुणस्तर र सान्दर्भिकता, समता र समावेशिता, साक्षरता र जीवनपर्यन्त सिकाइ तथा शासकीय सुधार र क्षमता विकास समावेश हुने कुरामा ध्यान दिइएको छ । नतिजा खाकाको **तेस्रो** तहमा योजनाको कार्यक्रम (विद्यालय तहका उपक्षेत्र र शिक्षा क्षेत्रका अन्तरसम्बन्धित विषयक्षेत्र) को अनुगमनका लागि वार्षिक लक्ष्य निर्धारण गरिएको छ । यस नतिजा खाकामा आवधिक योजनाका प्रत्येक उपक्षेत्र र अन्तरसम्बन्धित विषयक्षेत्रको प्रतिफल प्रस्तुत गर्न कार्यक्रम नतिजा खाका प्रस्ताव गरिएको छ । योजनाको पहिलो पाँच वर्षका लागि वार्षिक परिमाणात्मक लक्ष्य स्थापित गरिएको छ तथा दोस्रो चरण (२०८३-२०८८) का लागि प्रत्येक कार्यक्रम तहको सूचकका लागि समष्टिगत लक्ष्य प्रक्षेपण गरिएको छ । यस नतिजा खाकाले योजनाका समग्र तथा उपक्षेत्रगत उपलब्धि मापन गर्ने मुख्य आधार प्रदान गर्छ । यसले वार्षिक योजना र कार्यक्रम निर्माण गर्न आधार प्रदान गर्नुका साथै कार्य सम्पादनको अनुगमन र मूल्याङ्कन गर्ने आधारसमेत प्रस्तुत गर्छ । कार्यक्रमको नियमित अनुगमनले योजनाको कार्यान्वयनमा पृष्ठपोषण प्राप्त भई अपेक्षित नतिजा प्राप्तिमा सहयोग पुग्ने छ । नतिजा खाकाले विद्यालय शिक्षा प्रणालीलाई नतिजाप्रति जवाफदेही बनाउन सहयोग गर्छ । अनुगमनका क्रममा प्रत्येक सूचकका लागि उपलब्धता र उपयुक्तताका आधारमा तथ्याङ्कलाई लैङ्गिकता, अपाङ्गता, प्रदेश, आर्थिक अवस्था, भाषा, भौगोलिक अवस्था आदिका आधारमा खण्डीकृत गरिने छ । यसले समाजका विभिन्न समूह वा उपसमूहका मानिसहरू कार्यक्रमबाट वास्तवमा लाभान्वित भए नभएको जानकारी दिने छ । समग्र नतिजा खाका तालिका ८.१ मा र अन्य नतिजा खाकालाई तीनओटा तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ८.१ योजनाको समग्र नतिजा खाका

| कार्यक्रमको लक्ष्य | सत्यापनयोग्य सूचक | सत्यापनका स्रोत | अनुमान |
|---|---|---|---|
| **दूरदृष्टि**<br>सक्षम, सिर्जनशील र संस्कारयुक्त नागरिक तयार गरी देशको सामाजिक-आर्थिक रूपान्तरणका माध्यमबाट **'समृद्ध नेपाल, सुखी नेपाली'** को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने | • मानव विकास सूचकाङ्क, प्रतिव्यक्ति क्रयशक्ति तथा आय<br>• औसत, मध्यम र उच्च तथा न्यूनतम जीवनस्तरको प्रवृत्ति<br>• आर्थिक उपक्षेत्रको उत्पादनको प्रवृत्ति<br>• बेरोजगारी दरको प्रवृत्ति | • एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली<br>• वार्षिक स्थिति प्रतिवेदन (विद्यालय शिक्षा क्षेत्र)<br>• विद्यार्थी सिकाइ उपलब्धि परीक्षणका प्रतिवेदनहरू<br>• विद्यालय कार्यसम्पादन परीक्षणका प्रतिवेदनहरू<br>• विभिन्न विषय क्षेत्रगत अध्ययन, अनुसन्धान तथा सर्भेका प्रतिवेदनहरू<br>• विद्यालय शिक्षा क्षेत्र योजनाको मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रतिवेदनहरू<br>• राष्ट्रिय जनगणना, नेपाल जीवनस्तर सर्वेक्षण, बहुसूचक क्षेत्र सर्वेक्षण नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणलगायतका सान्दर्भिक सर्वेक्षण तथा अध्ययन प्रतिवेदनहरू | • आफ्नो आर्थिक क्रियाकलाप (उत्पादन) मा सुधार गर्न प्रौढ तथा बालबालिकाले आफूले सिकेका कुराको सदुपयोग गर्छन् ।<br>• नेपाल भूगोल, संस्कृति, सामाजिक-आर्थिक अवस्था, आवश्यकता तथा अवसरका हिसाबले उच्च विविधता भएको देश हो ।<br>• संवैधानिक प्रावधानअनुसार विद्यालय शिक्षाको व्यवस्थापन गर्न स्थानीय तहमा संस्थागत क्षमताको स्तरमा उल्लेख्य विविधता छ ।<br>• कोभिड-१९ महामारीले शिक्षा तथा सिकाइमा भएको अवरोधले प्रभाव पारेको छ । विगतको योजना अवधिमा पछि परेको तथा अति सङ्कटासन्न समूह असमानुपातिक रूपले प्रभावित भएको छ । |
| **ध्येय**<br>क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरसँग तुलनायोग्य गुणस्तरसहितको सान्दर्भिक शिक्षा प्राप्त गर्ने नागरिकको हक सुनिश्चित गर्न सुव्यवस्थित, सक्षम, उत्तरदायी र प्रतिस्पर्धी सार्वजनिक विद्यालय शिक्षा पद्धतिको विकास गर्ने | • साक्षरता दर<br>• प्रति नागरिकको शिक्षाको औसत वर्ष<br>• विद्यालय शिक्षा क्षेत्र योजनाको राष्ट्रिय तथा प्रदेश स्तरका प्रमुख कार्यसम्पादन सूचकहरू<br>• वार्षिक कार्ययोजना तथा बजेटहरू | | |

| **उद्देश्य** |
|---|
| • विद्यालय शिक्षामा सबै बालबालिका विशेषतः सामाजिक तथा आर्थिक कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु<br>• प्रत्येक बालबालिकाको विद्यालय जाने तत्परता, प्रारम्भिक सिकाइ र गुणस्तरीय सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु<br>• सबै किशोरकिशोरीले जीवनोपयोगी सिपसहितको औपचारिक शिक्षा पूरा गर्ने, माथिल्लो तहमा अध्ययन गर्ने र जीवनपर्यन्त सिकाइको अवसर हासिल गर्ने कुराको सुनिश्चितता गर्न शिक्षामा वैकल्पिक धार र यसको औपचारिक शिक्षा वा सिपको प्रमाणीकरणसँगको सम्बन्ध सुदृढ गर्नु<br>• समग्र प्रणालीमा सुशासन प्रवर्द्धन, अन्तरसरकारी समन्वय तथा सहकार्यको सुदृढीकरण र विद्यालय शिक्षा सेवा प्रवाहमा संलग्न व्यक्ति तथा संस्थाहरूको क्षमता विकास गरी प्रभावकारी शैक्षिक सेवा प्रवाहको सुनिश्चितता गर्नु |

| क्र.स. | नतिजा सूचक | | एकाइ | आधार वर्ष | लक्ष्य | | | | | | सूचकको प्रकार | सत्यापनको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८८ | | |
| **प्रारम्भिक बाल शिक्षा तथा विकास** | | | | | | | | | | | | |
| **अपेक्षित उपलब्धिः**<br>१. पाँच वर्ष पुग्दा सबै बालबालिकाले गुणस्तरीय प्रारम्भिक बाल शिक्षा तथा विकास सेवा पूरा गरी कक्षा १ का लागि तत्पर भएको हुने<br>२. शिक्षा, स्वास्थ्य, पोषण र बाल सुरक्षासम्बन्धी एकीकृत सेवामा पहुँच वृद्धि गर्दै प्रारम्भिक बाल्यावस्थाका बालबालिकाको समग्र विकासका सूचकहरूमा सुधार भएको हुने | | | | | | | | | | | | |
| **१.१ पहुँच र सहभागिता** | | | | | | | | | | | | |
| १.१.१ | प्राबाशिवि/पूप्राशि केन्द्रहरूमा कम्तीमा तीन न्यूनतम आवश्यकता पूरा हुने | | % | ३९.७ | ४४.० | ४८.० | ५२.० | ५७.० | ६३.० | ९९.० | | एशैसूव्यप्र |
| १.१.२ | प्राबाशिविमा कुल भर्नादर | छात्रा | % | ८६.० | ८७.८ | ८९.७ | ९१.७ | ९३.७ | ९५.७ | १०६.५ | मुउसू | एशैसूव्यप्र |
| | | छात्र | | ९३.३ | ९४.६ | ९५.९ | ९७.३ | ९८.७ | १००.१ | १०७.३ | मुउसू | एशैसूव्यप्र |
| | | जम्मा | | ८९.६ | ९१.२ | ९२.८ | ९४.५ | ९६.२ | ९७.९ | १०६.९ | मुउसू | एशैसूव्यप्र |
| १.१.३ | प्राबाशिविमा ४ वर्ष उमेरका बालबालिकाको भर्ना दर | छात्रा | % | ६६.९ | ६९.६ | ७२.५ | ७५.५ | ७८.६ | ८१.८ | १००.० | मुउसू | एशैसूव्यप्र |
| | | छात्र | | ७१.१ | ७३.५ | ७६.१ | ७८.७ | ८१.५ | ८४.३ | १००.० | मुउसू | एशैसूव्यप्र |
| | | जम्मा | | ६९.० | ७१.६ | ७४.३ | ७७.१ | ८०.० | ८३.१ | १००.० | मुउसू | एशैसूव्यप्र |
| १.१.४ | कक्षा १ मा बालविकासको अनुभवसहित नयाँ भर्ना हुने बालबालिका | छात्रा | % | ७४.९ | ७७.० | ७९.२ | ८१.४ | ८४.० | ८६.१ | ९९.० | मुउसू | एशैसूव्यप्र |
| | | छात्र | | ७४.९ | ७७.० | ७९.३ | ८१.५ | ८३.९ | ८६.३ | ९९.३ | मुउसू | एशैसूव्यप्र |
| | | जम्मा | | ७४.९ | ७७.० | ७९.२ | ८१.५ | ८३.८ | ८६.२ | ९९.२ | मुउसू | एशैसूव्यप्र |
| **१.२ समता तथा समावेशिता** | | | | | | | | | | | | |
| १.२.१ | प्राबाशिवि भर्नामा लैङ्गिक समता सूचक (जिपिआई) | | अनुपात | ०.९२ | ०.९३ | ०.९४ | ०.९४ | ०.९५ | ०.९६ | १ | | एशैसूव्यप्र |
| १.२.२ | प्राबाशिविमा दलित बालबालिकाको भर्नादर | छात्रा | % | १९.३ | १९.३ | १९.४ | १९.४ | १९.५ | १९.६ | १९.९ | | एशैसूव्यप्र |
| | | छात्र | | १८.७ | १८.७ | १८.८ | १८.९ | १९.० | १९.१ | १९.५ | | |
| | | जम्मा | | १९.० | १९.० | १९.१ | १९.२ | १९.२ | १९.३ | १९.७ | | |

| क्र.स. | नतिजा सूचक | | एकाइ | आधार वर्ष | लक्ष्य | | | | | | सूचकको प्रकार | सत्यापनको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८८ | | |
| १.२.३ | प्राबाशिविमा अपाङ्गता भएका बालबालिकाको भर्नादर | छात्रा | % | ०.२ | ०.२ | ०.३ | ०.४ | ०.५ | ०.६ | १.९ | | एशैसूव्यप्र |
| | | छात्र | | १.० | १.० | १.१ | १.२ | १.३ | १.४ | १.९ | | |
| | | जम्मा | | ०.६ | ०.६ | ०.७ | ०.८ | ०.९ | १.० | १.९ | | |
| १.३ गुणस्तर तथा सान्दर्भिकता | | | | | | | | | | | | |
| १.३.१ | सामग्रीको सेट पाउने पूर्व प्राथमिक उमेरका बालबालिका | छात्रा | सङ्ख्या | ३१५,१२१ | ३२४,७२४ | ३३५,२९३ | ३४४,६७२ | ३५२,२७३ | ३७६,७३३ | ३०५,३१६ | | एशैसूव्यप्र |
| | | छात्र | | ३३०,००९ | ३३८,०७७ | ३४७,०३५ | ३५४,६४४ | ३५८,६२२ | ३७६,७२७ | ३२१,६१६ | | एशैसूव्यप्र |
| | | जम्मा | | ६४५,१३० | ६६२,८०१ | ६८२,३२८ | ६९९,३१६ | ७१०,८९५ | ७५३,४६० | ६२६,९३२ | | एशैसूव्यप्र |
| १.३.२ | १५ दिने आधारभूत तालिम लिएका प्राबाशिवि शिक्षक/सहजकर्ता | म | सङ्ख्या | ५,८४६ | ६,८६३ | ८,०५७ | ९,४६० | ११,१०६ | १३,०३९ | २९,०८३ | | एशैसूव्यप्र |
| | | पु | | २४४ | २९० | ३४५ | ४०९ | ४८६ | ५७८ | १,३६५ | | एशैसूव्यप्र |
| | | जम्मा | | ६,०९० | ७,१५३ | ८,४०२ | ९,८६९ | ११,५९२ | १३,६१७ | ३०,४४८ | | एशैसूव्यप्र |

## २. आधारभूत शिक्षा

**अपेक्षित उपलब्धि (विद्यालय शिक्षाका लागि)**

- पाँच देखि बाह्र वर्ष उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भई सबैले आधारभूत शिक्षाको चक्र पूरा गरेका हुने
- विद्यार्थीको समग्र शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भई आधारभूत तहका सबै विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुने
- लैङ्गिक, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातिगत, भाषिक पृष्ठभूमि, प्रादेशिक, क्षेत्रीय वा अन्य कुनै पनि आधारमा विद्यार्थीको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा हुने सबै प्रकारका विभेद न्यूनीकरण भएको हुने

**२.१ पहुँच तथा सहभागिता**

| क्र.स. | नतिजा सूचक | | एकाइ | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८८ | सूचकको प्रकार | सत्यापनको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.२.१ | कक्षा १ मा कक्षा दोहोर्याउने दर | छात्रा | % | १४.७ | १०.९ | ८.० | ५.९ | ४.४ | ३.२ | ०.७ | | एशैसूव्यप्र |
| | | छात्र | | १३.९ | ११.० | ८.७ | ६.८ | ५.४ | ४.३ | १.३ | | एशैसूव्यप्र |
| | | जम्मा | | १४.३ | १०.९ | ८.४ | ६.४ | ४.८ | ३.८ | १.० | | एशैसूव्यप्र |

| क्र.स. | नतिजा सूचक | | एकाइ | आधार वर्ष | लक्ष्य | | | | | | सूचकको प्रकार | सत्यापनको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८८ | | |
| १.२.२ | कक्षा १ मा कक्षा छाड्ने दर | छात्रा | % | ४.३ | ३.४ | २.८ | २.२ | १.८ | १.४ | ०.५ | | एशैसूव्यप्र |
| | | छात्र | | ४.४ | ३.७ | ३.० | २.६ | २.२ | १.८ | ०.७ | | एशैसूव्यप्र |
| | | जम्मा | | ४.३ | ३.६ | २.९ | २.४ | २.० | १.६ | ०.६ | | एशैसूव्यप्र |
| १.२.३ | कक्षा १ मा कुल भर्ना दर | छात्रा | % | १२४.९ | १२४.३ | १२३.७ | १२३.२ | १२२.६ | १२२.० | ११९.२ | | एशैसूव्यप्र |
| | | छात्र | | १२९.० | १२७.९ | १२६.८ | १२५.७ | १२४.६ | १२३.६ | ११८.४ | | एशैसूव्यप्र |
| | | जम्मा | | १२७.० | १२६.१ | १२५.३ | १२४.४ | १२३.६ | १२२.८ | ११८.८ | | एशैसूव्यप्र |
| १.२.४ | कक्षा १ मा खुद प्रवेश दर | छात्रा | % | ९५.९ | ९६.३ | ९६.७ | ९७.१ | ९७.५ | ९७.९ | १००.० | | एशैसूव्यप्र |
| | | छात्र | | ९६.७ | ९७.० | ९७.३ | ९७.७ | ९८.० | ९८.३ | १००.० | | एशैसूव्यप्र |
| | | जम्मा | | ९६.३ | ९६.७ | ९७.० | ९७.४ | ९७.८ | ९८.१ | १००.० | | एशैसूव्यप्र |
| १.२.५ | कक्षा १-५ मा कुल भर्ना दर | छात्रा | % | १२०.८ | १२०.६ | १२०.४ | १२०.२ | १२०.० | ११९.८ | ११८.८ | मुउसू | एशैसूव्यप्र |
| | | छात्र | | १२३.१ | १२३.१ | १२३.१ | १२३.० | १२३.० | १२३.० | १२२.८ | मुउसू | एशैसूव्यप्र |
| | | जम्मा | | १२२.० | १२१.९ | १२१.७ | १२१.६ | १२१.५ | १२१.४ | १२०.८ | मुउसू | एशैसूव्यप्र |
| १.२.६ | कक्षा १-५ मा खुद भर्ना दर | छात्रा | % | ९६.५ | ९६.८ | ९७.२ | ९७.५ | ९७.९ | ९८.२ | १००.० | मुउसू | एशैसूव्यप्र |
| | | छात्र | | ९७.२ | ९७.५ | ९७.८ | ९८.० | ९८.३ | ९८.६ | १००.० | मुउसू | एशैसूव्यप्र |
| | | जम्मा | | ९६.९ | ९७.२ | ९७.५ | ९७.८ | ९८.१ | ९८.४ | १००.० | मुउसू | एशैसूव्यप्र |
| १.२.७ | कक्षा ६-८ मा कुल भर्ना दर | छात्रा | % | ११०.४ | १०९.६ | १०८.९ | १०८.१ | १०७.४ | १०६.६ | १०३.९ | मुउसू | एशैसूव्यप्र |
| | | छात्र | | १११.० | ११०.५ | ११०.० | १०९.४ | १०८.९ | १०८.४ | १०५.८ | मुउसू | एशैसूव्यप्र |
| | | जम्मा | | ११०.७ | ११०.१ | १०९.४ | १०८.८ | १०८.१ | १०७.५ | १०४.४ | मुउसू | एशैसूव्यप्र |
| १.२.८ | कक्षा ६-८ मा खुद भर्ना दर | छात्रा | % | ९३.० | ९३.७ | ९४.४ | ९५.० | ९५.७ | ९६.४ | १००.० | मुउसू | एशैसूव्यप्र |
| | | छात्र | | ९३.६ | ९४.२ | ९४.८ | ९५.४ | ९६.१ | ९६.७ | १००.० | मुउसू | एशैसूव्यप्र |
| | | जम्मा | | ९३.३ | ९३.९ | ९४.६ | ९५.२ | ९५.९ | ९६.६ | १००.० | मुउसू | एशैसूव्यप्र |

| क्र.स. | नतिजा सूचक | | एकाइ | आधार वर्ष | लक्ष्य | | | | | | सूचकको प्रकार | सत्यापनको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८८ | | |
| १.२.९ | कक्षा १-८ मा कुल भर्ना दर | छात्रा | % | ११७.१ | ११५.९ | ११४.६ | ११३.४ | ११२.२ | १११.० | १०५.२ | मुउसू | एशैसूव्यप्र |
| | | छात्र | | ११८.८ | ११७.६ | ११६.३ | ११५.१ | ११३.८ | ११२.६ | १०६.७ | मुउसू | एशैसूव्यप्र |
| | | जम्मा | | ११८.० | ११६.७ | ११५.५ | ११४.२ | ११३.० | १११.८ | १०६.० | मुउसू | एशैसूव्यप्र |
| १.२.१० | कक्षा १-८ मा खुद भर्ना दर | छात्रा | % | ९४.४ | ९५.० | ९५.५ | ९६.१ | ९६.६ | ९७.२ | १००.० | मुउसू | एशैसूव्यप्र |
| | | छात्र | | ९५.७ | ९६.१ | ९६.६ | ९७.० | ९७.४ | ९७.८ | १००.० | मुउसू | एशैसूव्यप्र |
| | | जम्मा | | ९५.१ | ९५.६ | ९६.० | ९६.५ | ९७.० | ९७.५ | १००.० | मुउसू | एशैसूव्यप्र |
| १.२.११ | आधारभूत तह (कक्षा १-८) मा कक्षा दोहोर्याउने दर | छात्रा | % | ५.१ | ४.२ | ३.५ | २.९ | २.४ | २.० | ०.८ | मुउसू | एशैसूव्यप्र |
| | | छात्र | | ५.५ | ४.५ | ३.८ | ३.१ | २.६ | २.२ | ०.९ | मुउसू | एशैसूव्यप्र |
| | | जम्मा | | ५.३ | ४.४ | ३.६ | ३.० | २.५ | २.१ | ०.८ | मुउसू | एशैसूव्यप्र |
| १.२.१२ | आधारभूत तह (कक्षा १-८) मा कक्षा छाड्ने दर | छात्रा | % | २.९ | २.४ | १.९ | १.६ | १.३ | १.१ | ०.४ | मुउसू | एशैसूव्यप्र |
| | | छात्र | | ३.१ | २.६ | २.२ | १.९ | १.६ | १.३ | ०.६ | मुउसू | एशैसूव्यप्र |
| | | जम्मा | | ३.० | २.५ | २.१ | १.७ | १.४ | १.२ | ०.५ | मुउसू | एशैसूव्यप्र |
| १.२.१३ | कक्षा ८ सम्म टिकाउ दर | छात्रा | % | ८३.८ | ८५.२ | ८६.७ | ८८.२ | ८९.७ | ९१.२ | ९९.३ | मुउसू | एशैसूव्यप्र |
| | | छात्र | | ८३.२ | ८४.६ | ८६.१ | ८७.६ | ८९.१ | ९०.६ | ९८.७ | मुउसू | एशैसूव्यप्र |
| | | जम्मा | | ८३.५ | ८४.९ | ८६.४ | ८७.९ | ८९.४ | ९०.९ | ९९.० | मुउसू | एशैसूव्यप्र |
| १.२.१४ | आधारभूत तह पूरा गर्ने दर | छात्रा | % | ७६.६ | ७८.५ | ८०.७ | ८२.८ | ८५.० | ८७.२ | ९९.३ | | |
| | | छात्र | | ७५.९ | ७७.९ | ७९.९ | ८२.१ | ८४.३ | ८६.५ | ९८.६ | मुउसू | एशैसूव्यप्र |
| | | जम्मा | | ७६.२ | ७८.२ | ८०.३ | ८२.४ | ८४.६ | ८६.९ | ९८.९ | | |
| **२.२ समता तथा समावेशिता** | | | | | | | | | | | | |
| २.२.१ | आधारभूत शिक्षाको खुद भर्नामा लैङ्गिक समता सूचक | | अनुपात | ०.९९ | ०.९९ | ०.९९ | ०.९९ | ०.९९ | ०.९९ | १ | | एशैसूव्यप्र |

| क्र.स. | नतिजा सूचक | | एकाइ | आधार वर्ष | लक्ष्य | | | | | | सूचकको प्रकार | सत्यापनको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८८ | | |
| २.२.२ | **आधारभूत शिक्षामा महिला शिक्षक** | | % | ४७.२ | ४७.५ | ४७.८ | ४८.० | ४८.३ | ४८.६ | ५०.० | | एशैसूव्यप्र |
| २.२.३ | आधारभूत शिक्षामा भर्ना भएका कुल विद्यार्थीमध्ये दलित विद्यार्थीहरू | छात्रा | % | १८.६ | १८.६ | १८.७ | १८.९ | १९.० | १९.१ | १९.८ | | एशैसूव्यप्र |
| | | छात्र | | १८.१ | १८.१ | १८.२ | १८.३ | १८.५ | १८.६ | १९.२ | | |
| | | जम्मा | | १८.४ | १८.४ | १८.५ | १८.६ | १८.७ | १८.९ | १९.५ | | |
| २.२.४ | आधारभूत शिक्षामा भर्ना भएका कुल विद्यार्थीमध्ये अपाङ्गता भएका विद्यार्थीहरू | छात्रा | % | ०.५ | ०.५ | ०.६ | ०.७ | ०.८ | ०.९ | २.० | | एशैसूव्यप्र |
| | | छात्र | | ०.६ | ०.७ | ०.८ | ०.९ | १.० | १.१ | २.० | | |
| | | जम्मा | | ०.५ | ०.६ | ०.७ | ०.८ | ०.९ | १.० | २.० | | |
| २.२.५ | आधारभूत शिक्षामा छात्रवृत्ति पाउने विद्यार्थीहरू | छात्रा | % | १९.१ | १९.१ | १९.४ | १९.४ | १९.६ | १९.५ | २०.१ | | |
| | | छात्र | | १७.९ | १७.६ | १८.३ | १८.४ | १८.७ | १८.७ | १९.६ | | द्रुत सर्भे |
| | | जम्मा | | १८.५ | १८.६ | १८.९ | १८.९ | १९.१ | १९.१ | १९.८ | | |
| २.२.६ | दुर्गम तथा लक्षित समूहका विद्यार्थीका लागि आधारभूत तथा माध्यमिक तहमा आवासीय छात्रवृत्ति | छात्रा | सङ्ख्या | ९,०८० | ९,३६६ | ९,७८९ | १०,०१२ | १०,४२८ | १०,६०६ | १२,०१० | | एशैसूव्यप्र |
| | | छात्र | | ८,५८६ | ८,८५७ | ९,२५७ | ९,४६८ | ९,८६१ | १०,०२९ | ११,३५६ | | |
| | | जम्मा | | १७,६६६ | १८,२२३ | १९,०४६ | १९,४८० | २०,२८९ | २०,६३५ | २३,३६६ | | |
| २.२.७ | आधारभूत तहमा छात्रवृत्ति पाउने अति सुविधाविहीन २२ अल्पसङ्ख्यक आदिवासी तथा जनजातिका बालबालिका | | सङ्ख्या | ५०,९९२ | ५४,५४५ | ५८,३४५ | ६२,४१० | ६६,७५८ | ७१,४०९ | १००,००० | | एशैसूव्यप्र |
| २.२.८ | अपाङ्गता भएका बालबालिकाका लागि सुविधासहितका विशेष विद्यालयहरू | | सङ्ख्या | ३३ | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७ | | एशैसूव्यप्र द्रुत सर्भे |
| २.२.९ | अपाङ्गता-समावेशी साधारण विद्यालयहरू | | % | अप्रा | २.० | ५.० | ८.० | ११.० | १५.० | ३०.० | मुउसू | एशैसूव्यप्र / द्रुत सर्भे |
| २.२.१० | अपाङ्गताको पहिचान समयमै गर्ने विद्यालयहरू | | % | २५ | २८.०८ | ३१.५५ | ३५.४४ | ३९.८१ | ४४.७२ | ८० | | एशैसूव्यप्र / द्रुत सर्भे |

| क्र.स. | नतिजा सूचक | | एकाइ | आधार वर्ष | लक्ष्य | | | | | | सूचकको प्रकार | सत्यापनको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८८ | | |
| २.२.११ | अपाङ्गता-समावेशी शिक्षामा तालिम प्राप्त स्रोत शिक्षकहरू | | सङ्ख्या | १५२ | २२८ | ३०४ | ३८० | ४५६ | ५३२ | २,६०० | | एशैसूव्यप्र / द्रुत सर्भे |
| २.३ गुणस्तर तथा सान्दर्भिकता | | | | | | | | | | | | |
| २.३.१ | न्यूनतम सिकाइ सक्षमता हासिल गर्ने कक्षा ३ का विद्यार्थी | पढाइ | % | ४७.७ | | ५० | | | ५३ | ५८ | | नासा |
| | | गणितीय सिप | % | ६१.३ | | ६३ | | | ६६ | ७० | | |
| २.३.२ | न्यूनतम सिकाइ सक्षमता हासिल गर्ने कक्षा ५ का विद्यार्थी | पढाइ | % | - | - | - | - | ६६ | - | ७० | | नासा |
| | | गणितीय सिप | % | - | - | - | - | ५२ | - | ५८ | | |
| २.३.३ | न्यूनतम सिकाइ सक्षमता हासिल गर्ने कक्षा ८ का विद्यार्थी | नेपाली | % | ५८ | - | - | ६३ | - | - | ७० | | नासा |
| | | गणित | % | ४३ | - | - | ४७ | - | - | ५५ | | |
| २.३.४ | आधारभूत तहमा शैक्षिक सत्र सुरु भएको दुई हप्ताभित्र पूरा सेटमा पाठ्यपुस्तक पाउने विद्यार्थीहरू | | % | ६८.४ | ७१.१ | ७३.८ | ७६.७ | ७९.६ | ८२.७ | १०० | | एशैसूव्यप्र |
| २.३.५ | कक्षाअनुसार निःशुल्क दिवा खाजा पाउने विद्यार्थीहरू | | कक्षा | प्राबाशिविदेखि कक्षा ५ | प्राबाशिविदेखि कक्षा ६ | प्राबाशिविदेखि कक्षा ६ | प्राबाशिविदेखि कक्षा ७ | प्राबाशिविदेखि कक्षा ७ | प्राबाशिविदेखि कक्षा ८ | प्राबाशिविदेखि कक्षा ८ | | एशैसूव्यप्र |
| | | | छात्रा | १,५९८,६२१ | १,८५७,०८१ | २,११०,६९९ | २,४६०,९१५ | २,४९४,९६९ | २,५३६,२३६ | २,७३१,२७४ | | |
| | | | छात्र | १,५६६,८९२ | १,८२०,२२३ | २,०६८,८०८ | २,३७३,३२२ | २,४०१,७७४ | २,४३४,९८९ | २,६०२,०४७ | | |
| | | | जम्मा | ३,१६५,५१३ | ३,६७७,३०४ | ४,१७९,५०७ | ४,८१७,२४९ | ४,८८५,१६५ | ४,९६४,३५५ | ५,३३३,३२१ | | |

| क.स. | नतिजा सूचक | | एकाइ | आधार वर्ष | लक्ष्य | | | | | | सूचकको प्रकार | सत्यापनको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८८ | | |
| २.३.६ | एकीकृत पाठ्यक्रमका आधारमा कक्षा १-३ मा पढाइ तथा गणितीय सिप अभिवृद्धि गर्न स्थानीय तहहरूले गरेका क्रियाकलापहरू (शिक्षक निर्देशिका, शिक्षक तालिम, थप पढाइ तथा गणितीय सिपसँग सम्बन्धित सामग्रीहरू) | | सङ्ख्या | अप्रा | १०० | ३०० | ५०० | ६०० | ७५३ | | सोधभर्ना सूचक | एशैसूव्यप्र / द्रुत सर्भे |
| २.३.७ | आधारभूत सिकाइ अवस्था पुगेका आधारभूत विद्यालय | | % | ६८.४ | ७१.१ | ७३.८ | ७६.७ | ७९.६ | ८२.७ | १०० | मुउसू | एशैसूव्यप्र |
| २.३.८ | पेसागत तालिम लिएका आधारभूत तहका शिक्षक | म | % | ७८.४ | ८०.३ | ८२.३ | ८४.३ | ८६.४ | ८८.५ | १०० | | एशैसूव्यप्र |
| | | पु | | ७७.७ | ७९.७ | ८१.७ | ८३.८ | ८६.० | ८८.२ | १०० | | |
| | | जम्मा | | ७८.१ | ८०.० | ८२.० | ८४.१ | ८६.२ | ८८.३ | १०० | | |
| २.३.९ | कक्षा ६-८ मा गणित, विज्ञान र अङ्ग्रेजी विषय शिक्षक भएका आधारभूत विद्यालय | | % | २५.८ | ३०.० | ३५.० | ४०.० | ४५.० | ५०.० | १०० | मुउसू | एशैसूव्यप्र |
| २.३.१० | स्तरीकृत प्रश्नपत्र बनाई स्थानीय तहले आधारभूत तहको परीक्षा सञ्चालन गर्ने | | सङ्ख्या | अप्रा | ० | २५० | ५०० | ७५३ | ७५३ | ७५३ | | |

**३. माध्यमिक तह**

**अपेक्षित उपलब्धि**

- माध्यमिक तहमा भर्नादर वृद्धि हुने र भर्ना भएका विद्यार्थीमध्ये उक्त तहको शिक्षाको चक्र पूरा गर्ने दरमा उल्लेख्य रूपमा सुधार भएको हुने
- माध्यमिक तहमा प्राविधिक शिक्षाको आवश्यकता, औचित्य र सम्भाव्यताको अध्ययन गरी प्राविधिक सिप हासिल गर्न चाहने विशेष रूपमा लक्षित विद्यार्थीहरूका लागि गुणस्तरीय, सान्दर्भिक, श्रम बजारअनुकूल र आवश्यकतामा आधारित प्राविधिक शिक्षा प्रदान गर्न सक्ने गरी क्षमता सुदृढ भएको हुने
- सबै विद्यार्थीहरूले माध्यमिक तहका लागि निर्धारित न्यूनतम शैक्षिक उपलब्धि हासिल गरेका हुने र विद्यार्थीको शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भएको हुने
- लैङ्गिक, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातिगत, भाषिक पृष्ठभूमि, प्रादेशिक, क्षेत्रीय वा अन्य कुनै पनि आधारमा विद्यार्थीको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धि जस्ता सबै प्रकारका विभेद न्यूनीकरण भएको हुने
- 

| क्र.स. | नतिजा सूचक | | एकाइ | आधार वर्ष | लक्ष्य | | | | | | सूचकको प्रकार | सत्यापनको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८८ | | |
| ३.१ पहुँच तथा सहभागिता | | | | | | | | | | | | |
| ३.१.१ | कुल भर्ना दर (कक्षा ९-१०) | छात्रा | % | ९८.५ | ९९.७ | १००.७ | १०१.८ | १०२.९ | १०४.० | १०९.८ | मुउसू | एशैसूव्यप्र |
| | | छात्र | | ९७.२ | ९८.३ | ९९.३ | १००.४ | १०१.५ | १०२.६ | १०८.२ | मुउसू | एशैसूव्यप्र |
| | | जम्मा | | ९७.९ | ९८.९ | १००.० | १०१.१ | १०२.२ | १०३.३ | १०९.० | मुउसू | एशैसूव्यप्र |
| ३.१.२ | खुद भर्ना दर (कक्षा ९-१०) | छात्रा | % | ७६.५ | ७८.३ | ८०.२ | ८२.१ | ८४.१ | ८६.१ | ९६.९ | मुउसू | एशैसूव्यप्र |
| | | छात्र | | ७५.६ | ७७.४ | ७९.३ | ८१.२ | ८३.२ | ८५.२ | ९५.९ | मुउसू | एशैसूव्यप्र |
| | | जम्मा | | ७६.१ | ७७.९ | ७९.८ | ८१.७ | ८३.६ | ८५.६ | ९६.४ | मुउसू | एशैसूव्यप्र |
| ३.१.३ | कक्षा १० सम्म टिकाउ दर | छात्रा | % | ६६.५ | ६८.२ | ६९.९ | ७१.७ | ७३.५ | ७५.४ | ८५.४ | | एशैसूव्यप्र |
| | | छात्र | | ६५.८ | ६७.५ | ६९.२ | ७०.९ | ७२.७ | ७४.६ | ८४.६ | | एशैसूव्यप्र |
| | | जम्मा | | ६६.१ | ६७.८ | ६९.६ | ७१.३ | ७३.१ | ७५.० | ८५.० | | एशैसूव्यप्र |
| ३.१.४ | कुल भर्ना दर (कक्षा ९-१२) | छात्रा | % | ७७.२ | ७८.५ | ७९.८ | ८१.१ | ८२.५ | ८३.९ | ९१.१ | | एशैसूव्यप्र |
| | | छात्र | | ७४.९ | ७६.२ | ७७.५ | ७८.९ | ८०.२ | ८१.६ | ८८.९ | | एशैसूव्यप्र |
| | | जम्मा | | ७६.१ | ७७.४ | ७८.७ | ८०.० | ८१.४ | ८२.७ | ९०.० | | एशैसूव्यप्र |
| ३.१.५ | खुद भर्ना दर (कक्षा ९-१२) | छात्रा | % | ५४.३ | ५६.१ | ५८.० | ६०.० | ६२.० | ६४.१ | ७५.७ | | एशैसूव्यप्र |
| | | छात्र | | ५३.७ | ५५.५ | ५७.३ | ५९.२ | ६१.१ | ६३.१ | ७४.३ | | एशैसूव्यप्र |
| | | जम्मा | | ५४.० | ५५.८ | ५७.६ | ५९.६ | ६१.६ | ६३.६ | ७५.० | | एशैसूव्यप्र |
| ३.१.६ | कक्षा १२ सम्म टिकाउ दर | छात्रा | % | ३३.९ | ३५.६ | ३७.४ | ३९.३ | ४१.३ | ४३.४ | ५५.५ | | एशैसूव्यप्र |
| | | छात्र | | ३२.२ | ३४.० | ३५.८ | ३७.८ | ३९.९ | ४२.१ | ५४.९ | | एशैसूव्यप्र |
| | | जम्मा | | ३३.१ | ३४.८ | ३६.६ | ३८.६ | ४०.६ | ४२.७ | ५५.२ | | एशैसूव्यप्र |
| ३.१.७ | औसत विद्यार्थी हाजिरी (कक्षा १-१०) | | दिन | १८१ | १९० | १९३ | १९६ | २०० | २०० | २०० | | एशैसूव्यप्र |

| क्र.स. | नतिजा सूचक | | एकाइ | आधार वर्ष | लक्ष्य | | | | | | सूचकको प्रकार | सत्यापनको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८८ | | |
| **३.२ समता र समावेशीकरण** | | | | | | | | | | | | |
| ३.२.१ | माध्यमिक तहको खुद भर्नामा लैङ्गिक समता सूचक (GPI) (कक्षा ९-१२) | | अनुपात | १.०१ | १.०१ | १.०१ | १.०१ | १.०१ | १.०० | १.०० | | एशैसूव्यप्र |
| ३.२.२ | माध्यमिक तहमा महिला शिक्षक | | % | २०.४ | २१.४ | २२.५ | २३.७ | २४.९ | २६.१ | ३३.५ | | एशैसूव्यप्र |
| ३.२.३ | माध्यमिक तह (कक्षा ९-१२) मा भर्ना भएका कुल विद्यार्थीमध्ये दलित विद्यार्थी | छात्रा | % | ११.२ | ११.२ | ११.५ | ११.९ | १२.२ | १२.६ | १४.६ | | एशैसूव्यप्र |
| | | छात्र | | ११.४ | ११.४ | ११.७ | १२.० | १२.३ | १२.७ | १४.५ | | |
| | | जम्मा | | ११.३ | ११.३ | ११.६ | ११.९ | १२.३ | १२.६ | १४.६ | | |
| ३.२.४ | माध्यमिक शिक्षा (कक्षा ९-१२) मा भर्ना भएका कुल विद्यार्थीमध्ये अपाङ्गता भएका विद्यार्थी | छात्रा | % | ०.३ | ०.३ | ०.४ | ०.४ | ०.५ | ०.६ | १.५ | | एशैसूव्यप्र |
| | | छात्र | | ०.३ | ०.३ | ०.४ | ०.५ | ०.६ | ०.७ | १.७ | | |
| | | जम्मा | | ०.३ | ०.३ | ०.४ | ०.५ | ०.५ | ०.७ | १.६ | | |
| ३.२.५ | माध्यमिक शिक्षा (कक्षा ९-१२) मा छात्रवृत्ति पाउने विद्यार्थी | छात्रा | सङ्ख्या | ११.२ | १०.४ | १०.६ | १०.३ | १०.३ | १०.२ | १०.६ | | द्रुत सर्भे |
| | | छात्र | | १०.८ | १०.० | १०.२ | १०.० | १०.१ | १०.० | १०.६ | | |
| | | जम्मा | | ११.० | १०.२ | १०.४ | १०.२ | १०.२ | १०.१ | १०.६ | | |
| ३.२.६ | आधारभूत तथा माध्यमिक तहमा विपन्न लक्षित छात्रवृत्ति पाउने विद्यार्थी | छात्रा | सङ्ख्या | ४३,८४१ | ४९,५७५ | ५६,०५९ | ६३,३९२ | ७१,६८३ | ८१,०५९ | १४९,८७३ | | एशैसूव्यप्र / स्थानीय तहको प्रतिवेदन |
| | | छात्र | | ३९,७५४ | ४४,९५४ | ५०,८३३ | ५७,४८२ | ६५,००१ | ७३,५०३ | १३५,९०२ | | |
| | | जम्मा | | ८३,५९५ | ९४,५२९ | १०६,८९२ | १२०,८७४ | १३६,६८४ | १५४,५६२ | २८५,७७५ | | |
| **३.३. गुणस्तर तथा सान्दर्भिकता** | | | | | | | | | | | | |
| ३.३.१ | कक्षा १० मा न्यूनतम सिकाइ सक्षमता पूरा गर्ने विद्यार्थी | नेपाली | % | ६३ | ६३ | - | - | - | ६७ | ७२ | | नासा |
| | | अङ्ग्रेजी | % | ४९ | ४९ | - | - | - | ५३ | ५८ | | नासा |
| | | गणित | % | ५४ | ५७ | - | - | - | ६१ | ६६ | | नासा |
| | | विज्ञान | % | ३७ | ४० | - | - | - | ४४ | ४९ | | नासा |

| क्र.स. | नतिजा सूचक | | एकाइ | आधार वर्ष | लक्ष्य | | | | | | सूचकको प्रकार | सत्यापनको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८८ | | |
| ३.३.२ | माध्यमिक तहमा शैक्षिक सत्र सुरु भएको दुई हप्ताभित्र पूरा सेटमा पाठ्यपुस्तक पाउने विद्यार्थी (कक्षा ९-१०) | | % | ९४.९ | ९५.४ | ९५.९ | ९६.४ | ९६.९ | ९७.४ | १०० | | एशैसूव्यप्र |
| ३.३.३ | पेसागत प्रमाणीकरण तालिम लिएका माध्यमिक तहका शिक्षक | म | % | ७७.४ | ७९.४ | ८१.५ | ८३.६ | ८५.८ | ८८.० | १०० | | एशैसूव्यप्र |
| | | पु | | ८०.८ | ८२.५ | ८४.३ | ८६.१ | ८८.० | ८९.९ | १०० | | |
| | | जम्मा | | ७९.१ | ८१.० | ८२.९ | ८४.९ | ८६.९ | ८८.९ | १०० | | |
| ३.३.४ | कक्षा ९-१० मा मुख्य विषयहरूमा पर्याप्त सङ्ख्यामा विषय शिक्षक भएको माध्यमिक विद्यालय | तीन मुख्य विषयहरू | % | २१.० | २७.० | ३३.० | ४०.० | ४५.० | ५०.० | १०० | | एशैसूव्यप्र/ रापबो |
| | | पाँच मुख्य विषयहरू | % | ८.९ | ११.३ | १४.४ | १८.४ | २३.४ | २९.८ | १०० | | |
| ३.३.५ | माध्यमिक तहमा विज्ञान तथा प्राविधिक विषय/कार्यक्रम चलाइरहेका सामुदायिक विद्यालय (कक्षा ९-१२) | | सङ्ख्या | ८६३ | ९२२ | ९८५ | १,०५३ | १,१२५ | १,२०२ | १,६७५ | | एशैसूव्यप्र |
| ३.३.६ | माध्यमिक तहमा सामुदायिक विद्यालयमा प्राविधिक धारमा भर्ना भएका विद्यार्थी (कक्षा ९-१२) | छात्रा | सङ्ख्या | ६.९ | ६.७ | ६.८ | ६.८ | ६.९ | ७.१ | ८.५ | | एशैसूव्यप्र/ रापबो |
| | | छात्र | | ७.३ | ७.० | ७.१ | ७.१ | ७.३ | ७.४ | ८.९ | | एशैसूव्यप्र/ रापबो |
| | | जम्मा | | ७.१ | ६.८ | ७.० | ६.९ | ७.१ | ७.२ | ८.७ | | एशैसूव्यप्र/ रापबो |

| क्र.स. | नतिजा सूचक | | एकाइ | आधार वर्ष | लक्ष्य | | | | | | सूचकको प्रकार | सत्यापनको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८८ | | |
| ३.३.७i | सबै प्रकारका विद्यालयमा माध्यमिक तहमा विज्ञान धारमा अध्ययन गर्ने विद्यार्थी (कक्षा ११-१२) | छात्रा | % | १३.६ | १४.६ | १५.६ | १६.७ | १८.० | १९.३ | २७.३ | | एशैसूव्यप्र/ रापबो |
| | | छात्र | | २१.१ | २२.१ | २३.१ | २४.१ | २५.२ | २६.३ | ३२.७ | | एशैसूव्यप्र/ रापबो |
| | | जम्मा | | १७.२ | १८.३ | १९.३ | २०.४ | २१.६ | २२.८ | ३०.० | | एशैसूव्यप्र/ रापबो |
| ३.३.७ii | सामुदायिक विद्यालयमा विज्ञान धारमा अध्ययन गर्ने विद्यार्थी (कक्षा ११-१२) | छात्रा | % | ७.४ | ८.२ | ९.० | ९.९ | १०.९ | १२.० | १९.३ | | एशैसूव्यप्र/ रापबो |
| | | छात्र | | १३.० | १३.६ | १४.२ | १४.९ | १५.६ | १६.४ | २०.७ | | एशैसूव्यप्र/ रापबो |
| | | जम्मा | | १०.० | १०.९ | ११.६ | १२.४ | १३.३ | १४.२ | २०.० | | एशैसूव्यप्र/ रापबो |
| ३.३.८ | आधारभूत सिकाइ अवस्था पूरा भएका माध्यमिक विद्यालय | | % | ५९.७ | ६२.९ | ६६.२ | ६९.७ | ७३.४ | ७७.३ | १०० | मुउसू | एशैसूव्यप्र |
| **४. अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ** | | | | | | | | | | | | |
| **अपेक्षित उपलब्धि:** सबै युवा तथा प्रौढहरू कार्यमूलक हिसाबले साक्षरता हासिल गरेको हुनुका साथै अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि भएको हुने | | | | | | | | | | | | |
| ४.१ | सञ्चालित खुला विद्यालयहरू | | सङ्ख्या | १२१ | १२१ | १२१ | १२१ | १२१ | १२१ | १२१ | | एशैसूव्यप्र / द्रुत सर्भे |
| ४.२ | स्तरोन्नति भई सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरू | | सङ्ख्या | २,१५० | २,१५० | २,१५० | २,१५० | २,१५० | २,१५० | २,१५० | मुउसू | द्रुत सर्भे |
| ४.३ | ५ वर्ष माथिको साक्षरता दर | | % | ७८ | | | ८४ | | | १०० | मुउसू | जनगणना/ केतवि |

| क्र.स. | नतिजा सूचक | एकाइ | आधार वर्ष | लक्ष्य | | | | | | सूचकको प्रकार | सत्यापनको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८८ | | |
| ४.४ | १५ वर्षमाथिको साक्षरता दर | % | ५८ | | | ९५ | | | १०० | मुउसू | जनगणना/ केतवि |
| ४.५ | १५-२४ वर्षको साक्षरता दर | % | ९२ | | | ९९ | | | १००.०० | मुउसू | जनगणना/ केतवि |
| **५ शिक्षक पेसागत विकास तथा व्यवस्थापन**<br>**अपेक्षित उपलब्धिः**<br>सबै विद्यालयमा पर्याप्त सङ्ख्यामा योग्य, तालिम प्राप्त, सक्षम, उत्साहित तथा पेसाप्रति प्रतिबद्ध तथा कार्यसम्पादनप्रति जिम्मेवार शिक्षकको व्यवस्था भएको हुने | | | | | | | | | | | |
| ५.१ | सेवा प्रवेश तालिम लिएका आधारभूत तथा माध्यमिक तहमा शिक्षक सेवा आयोगमार्फत नव नियुक्त शिक्षक | सङ्ख्या | १७,००० | ६,२१० | ६,२१० | ६,२१० | ६,२१० | ६,२१० | ६,२१० | | |
| ५.२ | आधारभूत तथा माध्यमिक तहमा नव नियुक्त शिक्षकमध्ये एक महिने क्षमता विकास तालिम पूरा गरेका शिक्षक | सङ्ख्या | १०,००० | १३,२१० | ६,२१० | ६,२१० | ६,२१० | ६,२१० | ६,२१० | | एशैसूव्यप्र/ प्रशिताके प्रतिवेदन |
| ५.३ | सिकाइ सुधारका लागि आधारभूत तथा माध्यमिक तहमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित अनलाइन/अफलाइन एक महिने क्षमता विकास तालिम लिएका शिक्षक | सङ्ख्या | १३,००० | १६,६३८ | २१,२९४ | २७,२५३ | ३४,८८० | ४४,६४१ | १५३,२९५ | | एशैसूव्यप्र/ प्रशिताके प्रतिवेदन |
| ५.४ | मागमा आधारित छोटो अवधिको पुनर्ताजगी अनलाइन/अफलाइन तालिम पूरा गर्ने आधारभूत तहका शिक्षक | सङ्ख्या | १०,००० | २०,००० | ३५,००० | ४५,००० | ५५,००० | ६५,००० | १००,००० | | एशैसूव्यप्र/ प्रशिताके प्रतिवेदन |
| ५.५ | शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा कार्यान्वयन गर्ने स्थानीय तह | सङ्ख्या | ० | १०० | २०० | ३०० | ३७५ | ४५० | ७५३ | | द्रुत सर्भे |


| क्र.स. | नतिजा सूचक | एकाइ | आधार वर्ष | लक्ष्य | | | | | | सूचकको प्रकार | सत्यापनको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८८ | | |
| ६. उत्थानशीलता, पुनर्लाभ तथा विद्यालय सुरक्षा | | | | | | | | | | | |
| **अपेक्षित उपलब्धिः**<br>◆ विद्यालय महामारीलगायत आपत्कालीन तथा सङ्कटासन्न अवस्थामा पनि विद्यालयहरू बालबालिकाको शिक्षा पाउने अधिकार प्रत्याभूत भएको सुनिश्चित गर्न सक्षम भएको हुने<br>◆ प्रत्येक तहले विद्यालय शिक्षामा कोभिड-१९ को अल्पकालीन तथा दीर्घकालीन प्रभावको पहिचान गरी तिनको सम्बोधन गरेको हुने<br>◆ सबै विद्यालय बालमैत्री, अपाङ्गमैत्री, प्रकोप उत्थानशील तथा वातावरणमैत्री हुनुका साथै पर्याप्त भौतिक सुविधा भएको हुने | | | | | | | | | | | |
| ६.१ | सुरक्षित कक्षाकोठाको निर्माण | सङ्ख्या | १,००० | ३,४०० | ५,८०० | ८,००० | १०,२०० | १२,४०० | १४,६०० | | द्रुत सर्भे |
| ६.२ | बृहत् विद्यालय सुरक्षा न्यूनतम मापदण्डको अनुगमन तथा परिपालना गराउने स्थानीय तह | सङ्ख्या | २०० | ३०० | ४०० | ५०० | ६०० | ७५३ | ७५३ | | द्रुत सर्भे |
| ६.३ | गुणस्तरीय पानी, सरसफाइ तथा स्वच्छता सुविधा भएका विद्यालय | आधारभूत (%) | ७१.६ | ७५.७ | ७९.८ | ८४.९ | ८८.२ | ९१.९ | ९९.० | | एशैसूव्यप्र |
| | | उन्नत (%) | अप्रा | ५.० | ८.० | १२.० | १८.० | २५.० | ५०.० | | एशैसूव्यप्र |
| ६.४ | पुनर्लाभ तथा द्रुत सिकाइको योजना कार्यान्वयन गर्ने स्थानीय तह | सङ्ख्या | ० | ७५३ | ७५३ | ७५३ | | | | | स्थानीय तहका प्रतिवेदन |
| ६.५ | सूचना, सञ्चार तथा प्रविधि उपकरण तथा पूर्वाधार भएका विद्यालय | विद्यालय % | ४६.८ | ५०.४ | ५४.४ | ५८.७ | ६३.४ | ६८.४ | १०० | | एशैसूव्यप्र/ सर्भे प्रतिवेदन |
| ६.६ | विद्युतमा पहुँच भएका विद्यालय (वैकल्पिक स्रोतसमेत) | % | ५२.६ | ५६.१ | ५९.८ | ६३.८ | ६८.० | ७२.५ | १०० | मुउसू | एशैसूव्यप्र |
| ६.७ | ब्रोडब्यान्ड इन्टरनेट जडान भएका विद्यालय | % | २०.१ | ३०.० | ४०.० | ५०.० | ६०.० | ७०.० | ९०.० | मुउसू | एशैसूव्यप्र |

| क.स. | नतिजा सूचक | एकाइ | आधार वर्ष | लक्ष्य | | | | | | सूचकको प्रकार | सत्यापनको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८८ | | |
| ७. सुशासन, व्यवस्थापन तथा सक्षमता | | | | | | | | | | | |
| अपेक्षित उपलब्धि: | | | | | | | | | | | |
| ◆ सरकारका तीनै तहमा उपयुक्त साङ्गठनिक संरचना तथा शिक्षाको सेवा प्रवाह सहज बनाउनका लागि आवश्यक पर्ने पर्याप्त सङ्ख्यामा सक्षम जनशक्ति तथा विद्यार्थीको सिकाइप्रति प्रत्येक विद्यालयलाई उत्तरदायी बनाउने प्रणालीको व्यवस्था भएको हुने | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| ७.१ | योजनाका क्रियाकलाप तथा नतिजाको अनुगमन तथा प्रतिवेदनमा सहजीकरण गर्न स्थायी तथा कार्यान्वयन संयन्त्र भएका स्थानीय तह | सङ्ख्या | १०० | २०० | २०० | २५३ | ७५३ | ७५३ | ७५३ | | द्रुत सर्भे |
| ७.२ | विव्यस, शिक्षक अभिभावक सङ्घ तथा प्रधानाध्यापकको क्षमता विकास | विद्यालय सङ्ख्या | | ४२२ | ३,५०० | ३,५०० | ७,००० | ७,००० | २९,००० | | द्रुत सर्भे |
| ७.३ | शिक्षण सिकाइ क्रियाकलापका लागि नियमित रूपमा सिकाइ पोर्टल (सिकाइ चौतारी) प्रयोग गर्ने विद्यालय | सङ्ख्या | ८,००० | १२,००० | १६,००० | २०,००० | २४,००० | २९,००० | | | द्रुत सर्भे |
| ७.४ | वार्षिक बजेटका लागि आधारका रूपमा स्थानीय शिक्षा योजना तयार गर्ने स्थानीय तह | सङ्ख्या | ४०० | ७५३ | ७५३ | ७५३ | ७५३ | ७५३ | | | |
| ७.५ | शैक्षिक उपलब्धिमा हुने असमानता न्यूनीकरण गर्न थप स्रोत प्राप्त गर्ने स्थानीय तह | सङ्ख्या | ८० | १०० | १५० | २०० | २०० | २०० | ० | | |
| ७.६ | आधारभूत तहमा समता सूचकाङ्क | सूचकाङ्क | ०.७२ | ०.७४ | ०.७६ | ०.७८ | ०.८० | ०.८२ | ०.९२ | | एशैसूव्यप्र |
| ७.७ | विद्यालय व्यवस्थापन तालिम पूरा गर्ने प्रधानाध्यापक | % | २५.० | ४०.० | ६०.० | ८०.० | ९०.० | ९५.० | १०० | | एशैसूव्यप्र/ प्रशिताके प्रतिवेदन |

| क्र.स. | नतिजा सूचक | एकाइ | आधार वर्ष | लक्ष्य | | | | | | सूचकको प्रकार | सत्यापनको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८८ | | |
| ७.८ | प्रोत्साहन (कार्यसम्पादन) अनुदान प्राप्त गर्ने स्थानीय तह | सङ्ख्या | अप्रा | | ५० | १०० | १५० | २०० | ४०० | | |
| **८ अनुगमन तथा मूल्याङ्कन** | | | | | | | | | | | |
| **अपेक्षित उपलब्धि**<br>◆ नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापनामार्फत योजनाको कार्यान्वयनमा प्रभावकारिता तथा सक्षमता सुनिश्चित भएको हुने | | | | | | | | | | | |
| ८.२ | विद्यालय रिपोर्ट कार्ड प्रयोग गरी सामाजिक परीक्षण गर्ने सामुदायिक विद्यालय | % | ४२.० | ८०.० | ८५.० | ९०.० | ९५.० | ९९.० | ९९.० | | एशैसूव्यप्र |
| ८.३ | विद्यालय लेखा प्रणाली प्रयोग गर्ने विद्यालय | % | ७.० | १०.० | २०.० | ३५.० | ५०.० | ६५.० | ९५.० | | विद्यालय लेखा प्रणाली प्रतिफल प्रतिवेदन |
| **९. शिक्षामा लगानी** | | | | | | | | | | | |
| **अपेक्षित उपलब्धिः** सरकारका सबै तहले वित्तीय व्यवस्थापनमा सुधार गरेको हुने र अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सार्वजनिक शिक्षामा लगानीको प्रत्याभूति गर्ने गरी शिक्षामा लगानी वृद्धि गर्न सक्षम भएको हुने | | | | | | | | | | | |
| ९.१ | शिक्षा क्षेत्रमा कुल गार्हस्थ उत्पादनको लगानी | % | ४.३ | ४.४ | ४.५ | ४.७ | ४.८ | ४.९ | ५.६ | मुउसू | आर्थिक सर्भेक्षण |
| ९.२ | शिक्षा क्षेत्रमा राष्ट्रिय बजेट विनियोजन | % | १०.९ | ११.६ | १२.३ | १३.१ | १३.९ | १४.८ | २०.० | मुउसू | बजेट भाषण |

# अनुसूचीहरू

## अनुसूची १



# अनुसूची २ : सङ्घ, प्रदेश र स्थानीय तहको शिक्षासम्बन्धी प्रस्तावित कार्य विवरण

| सङ्घ | प्रदेश | स्थानीय तह |
|---|---|---|
| • शिक्षासम्बन्धी राष्ट्रिय नीति निर्माण, कानुनी व्यवस्था निर्धारण, मापदण्ड विकास र नियमन<br>• राष्ट्रिय पाठ्यक्रम प्रारूप, मूल विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, ऐच्छिक विषयको पाठ्यक्रमसम्बन्धी मापदण्ड, विद्यार्थी मूल्याङ्कन तथा परीक्षाको राष्ट्रिय मापदण्ड निर्धारण, राष्ट्रिय उपलब्धि परीक्षण, माध्यमिक तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन, प्रमाणीकरण र योग्यताको मान्यता तथा समकक्षता निर्धारण<br>• शिक्षक तथा कर्मचारीको सेवा, सर्त, सुविधा, योग्यता र सक्षमता तथा शिक्षक तालिम र क्षमता विकाससम्बन्धी नीति तथा मापदण्ड निर्धारण<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको राष्ट्रिय नीति, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सिप परीक्षण मापदण्ड निर्धारण, सञ्चालन र नियमन<br>• केन्द्रीय विश्वविद्यालय, केन्द्रीय स्तरका प्रज्ञा प्रतिष्ठानहरू, केन्द्रीय पुस्तकालय, मापदण्ड र नियमन तथा केन्द्रीय स्तरका विशिष्टीकृत, आवासीय र प्राविधिक विद्यालयको नीति, मापदण्ड, कानुन, योजना, नियमन, सञ्चालन तथा व्यवस्थापन<br>• शैक्षिक गुणस्तर मानक निर्धारण, मापन र नियमन तथा केन्द्रीय शैक्षिक तथ्याङ्क व्यवस्थापन<br>• शिक्षासम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय तथा शैक्षिक परामर्श सेवा, कुटनीतिक नियोगबाट सञ्चालित विद्यालय वा शिक्षण संस्था, नेपाली पाठ्यक्रमका आधारमा विदेशमा सञ्चालन हुने शिक्षण संस्थासम्बन्धी नीति, कानुन, मापदण्ड, स्वीकृति, समकक्षता निर्धारण र नियमन<br>• प्रदेश तथा स्थानीय तहको शैक्षिक कार्यक्रम प्रभावकारी कार्यान्वयनका लागि सहजीकरण, प्राविधिक सहयोग, नियमन तथा अनुगमन र मूल्याङ्कन<br>• राष्ट्रिय स्तरमा शिक्षासम्बन्धी अध्ययन अनुसन्धान, नवप्रवर्तनात्मक कार्य र समग्र शिक्षा प्रणाली विकासको नेतृत्व | • शिक्षाको राष्ट्रिय नीति तथा मापदण्डको अधीनमा रही शिक्षासम्बन्धी प्रदेश स्तरीय कानुन, योजना, कार्यक्रम, प्रशासन, व्यवस्थापन र नियमन तथा प्रादेशिक मानव संशाधन आवश्यकता प्रक्षेपण तथा मानव स्रोत विकास योजना निर्माण तथा कार्यान्वयन<br>• माध्यमिक शिक्षाको समन्वय, अनुगमन तथा नियमन र माध्यमिक शिक्षाको कक्षा दशको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण<br>• विद्यालय शिक्षक तथा कर्मचारीको सेवा, सर्त, सुविधाको सञ्चालन तथा अभिलेख व्यवस्थापन तथा विद्यालय तहका शिक्षकको पेसागत विकास तथा तालिमसम्बन्धी पाठ्यक्रम, पाठ्यसामग्री विकास, तालिम सञ्चालन र अनुगमन<br>• प्रदेश स्तरका विशेष विद्यालय अनुमति, स्वीकृति, सञ्चालन, व्यवस्थापन र नियमन तथा विशेष शिक्षासम्बन्धी योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा भाषा शिक्षण सम्बन्धमा योजना र कार्यक्रम व्यवस्थापन तथा संस्थाहरूको अनुमति वा स्वीकृति र नियमन<br>• प्रदेश विश्वविद्यालयसम्बन्धी कानुन, योजना, कार्यक्रम, सञ्चालन र नियमन तथा प्रदेश स्तरीय पुस्तकालय र सङ्ग्रहालयसम्बन्धी कानुन, सञ्चालन तथा नियमन<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी प्रदेशस्तरीय योजना तथा कार्यक्रम निर्माण, कार्यान्वयन र नियमन तथा प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र अनुमति, स्वीकृति, सञ्चालन, व्यवस्थापन र नियमन तथा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी पाठ्यक्रम, पाठ्यसामग्री निर्माण, कार्यान्वयन र नियमन<br>• विद्यालय तहको ऐच्छिक विषयको पाठ्यक्रम विकास, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास, उत्पादन र वितरण तथा विद्यालय तहका थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री छनोट तथा प्रयोगसम्बन्धी नीति, मापदण्ड, स्वीकृति र नियमन<br>• प्रदेशस्तरमा प्राज्ञिक तथा नवप्रवर्तनात्मक अनुसन्धान र शैक्षिक तथ्याङ्क व्यवस्थापन | • प्रारम्भिक बाल विकास, आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी कानुन, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा प्रारम्भिक बालविकास केन्द्र, आधारभूत र माध्यमिक विद्यालयका अनुमति, नक्साङ्कन, समायोजन, स्वीकृति, व्यवस्थापन र नियमन<br>• सार्वजनिक विद्यालयलाई अनुदान वितरण तथा बजेट व्यवस्थापन, आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण, विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन, विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण<br>• अनौपचारिक शिक्षा, निरन्तर सिकाइ, वैकल्पिक शिक्षा, खुला तथा दूर शिक्षा, मातृभाषामा शिक्षा, अभिभावक शिक्षा तथा जीवनपर्यन्त सिकाइ र सामुदायिक सिकाइ केन्द्र, स्थानीय पुस्तकालय र वाचनालयसम्बन्धी कानुन, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन<br>• राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरबन्दी पुनर्वितरण र मिलान, शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन तथा विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन<br>• सङ्घ तथा प्रदेशस्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवम् कार्यान्वयन सहजीकरण, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवम् कार्यान्वयन र स्थानीयस्तरमा विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन तथा आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण<br>• प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन<br>• अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति वितरण र व्यवस्थापन<br>• गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन |

स्रोतः नेपालको संविधान ; स्थानीय सरकार सञ्चालन ऐन, २०७४; सङ्घ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६; विज्ञ तथा सरोकारवालासँगको छलफल; अन्तर्राष्ट्रिय अभ्यासका आधारमा समायोजन गरिएको ।

## अनुसूची ३: भर्नाको प्रक्षेपण

| सामुदायिक तर्फको भर्ना | २०२०/२०२१ | २०२२ | २०२३ | २०२४ | २०२५ | २०२६ | २०२७ | २०२८ | २०२९ | २०३० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षागत भर्ना | | | | | | | | | | |
| प्राबाशिवि | ५९३,९१४ | ५४६,२९३ | ५६७,८०९ | ५८७,७०६ | ६०३,४७६ | ६१५,५७२ | ६२०,४३२ | ६२२,९६८ | ६२५,६४७ | ६२८,३३४ |
| कक्षा १ | ६४८,२०७ | ५८९,७२३ | ५५६,७९२ | ५३५,४९६ | ५२२,५७७ | ५०८,९७२ | ५०४,०६९ | ४९७,२४४ | ४९२,९०७ | ४८९,०४७ |
| कक्षा २ | ५२४,११२ | ५३१,०६२ | ५५०,१७८ | ५३६,२६० | ५२६,९१४ | ५२०,५४५ | ५१०,९६६ | ५०७,३९५ | ५०१,८९७ | ४९८,८९१ |
| कक्षा ३ | ४९६,५२२ | ४८२,७७४ | ५०१,०८३ | ५१९,४२८ | ५१०,३२४ | ५०६,४६० | ५०५,७०८ | ५०१,८३२ | ५०३,८०७ | ५०३,८३९ |
| कक्षा ४ | ४८४,२८३ | ४६५,०६ | ४६१,३२६ | ४७८,५५० | ४९९,२९० | ४९४,६९६ | ४९५,३८५ | ४९९,२१२ | ४९९,९८४ | ५०६,६२० |
| कक्षा ५ | ४७५,०४८ | ४४९,३११ | ४४६,५१५ | ४४२,३६० | ४६१,६१९ | ४८५,४३८ | ४८५,०४३ | ४८९,९०५ | ४९७,९७३ | ५०३,०७८ |
| कक्षा ६ | ४५१,७४२ | ४६१,३३९ | ४५१,९७८ | ४४६,६८१ | ४४२,२६५ | ४६१,९४९ | ४८६,४८३ | ४८६,८५९ | ४९२,५४० | ५०१,४७४ |
| कक्षा ७ | ५०,३७१ | ४३८,३३५ | ४४३,९६० | ४३५,१६३ | ४३२,१७७ | ४३०,६६३ | ४५२,९४० | ४८०,३६८ | ४८४,१६० | ४९३,३०२ |
| कक्षा ८ | ४७९,१९९ | ४३२,४०३ | ४२२,१९३ | ४२७,२१० | ४२०,७८३ | ४२०,६०२ | ४२२,०६९ | ४४७,०८८ | ४७७,५९२ | ४८४,८५१ |
| कक्षा ९ | ४४९,०४० | ४२५,०६२ | ४०८,८१७ | ४०३,२७५ | ४१२,२१२ | ४१०,८१९ | ४१५,१०८ | ४२१,२११ | ४५०,७१३ | ४८६,६३ |
| कक्षा १० | ३९०,१६८ | ३८८,९३१ | ४०९,२६९ | ३९५,५६४ | ३९१,८६० | ४०२,२२२ | ४०२,६८८ | ४०८,६५१ | ४१६,४७४ | ४४७,४६९ |
| कक्षा ११ | २५०,८१५ | २८०,५४९ | ३०३,३१२ | ३२०,०५३ | ३११,८४४ | ३०९,९३२ | ३१९,६३१ | ३२२,८१४ | ३३०,४४१ | ३४०,१३४ |
| कक्षा १२ | २३६,३०० | २२४,७६५ | २४७,०६५ | २६८,५९३ | २८६,६१६ | २८४,४७१ | २८७,०८४ | ३०१,३० | ३११,१९६ | ३२५,९४५ |
| तहगत भर्ना | | | | | | | | | | |
| आधारभूत १-५ | २,६२८,१७२ | २,५१८,५७७ | २,५१५,८९४ | २,५१२,०९४ | २,५२०,७२४ | २,५१६,१११ | २,५०१,१७० | २,४९५,५८९ | २,४९६,५६८ | २,५०१,४७४ |
| आधारभूत ६-८ | १,३८१,३१२ | १,३३२,०७७ | १,३१८,१३१ | १,३०९,०५४ | १,२९५,२२५ | १,३१३,२१३ | १,३६१,४९२ | १,४१४,३१५ | १,४५४,२९२ | १,४७९,६२ |
| आधारभूत तह जम्मा | ४,००९,४८४ | ३,८५०,६५४ | ३,८३४,०२५ | ३,८२१,१४९ | ३,८१५,९४९ | ३,८२९,३२४ | ३,८६२,६६२ | ३,९०९,९०४ | ३,९५०,८६० | ३,९८१,१०१ |
| माध्यमिक ९-१० | ८३९,२०८ | ८१३,९९४ | ८१८,०८६ | ७९८,८३९ | ८०४,०७२ | ८१३,०४१ | ८१७,७९७ | ८२९,८६२ | ८६७,१८७ | ९३४,३३१ |
| माध्यमिक ११-१२ | ४८७,११५ | ५०५,३१४ | ५५०,३७८ | ५८,६४६ | ५९८,४६१ | ५९४,४०२ | ६०६,७१६ | ६२४,१५४ | ६४१,६३६ | ६६६,०७९ |
| माध्यमिक तह जम्मा | १,३२६,३२३ | १,३१९,३०८ | १,३६८,४६४ | १,३८७,४८५ | १,४०२,५३३ | १,४०७,४४३ | १,४२४,५१३ | १,४५४,०१६ | १,५०८,८२३ | १,६००,४११ |
| कुल जम्मा १-१२ | ५,३३५,८०७ | ५,१६९,९६१ | ५,२०२,४८८ | ५,२०८,६३४ | ५,२१८,४८२ | ५,२३६,७६७ | ५,२८७,७४ | ५,३६३,९२० | ५,४५९,६८३ | ५,५८१,५११ |

कुल भर्ना (सामुदायिक र संस्थागत दुबै)

| कक्षागत भर्ना | २०२०/२०२१ | २०२२ | २०२३ | २०२४ | २०२५ | २०२६ | २०२७ | २०२८ | २०२९ | २०३० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा १ | ८२९,६७० | ८३०,०५४ | ७७२,१६० | ७३१,६९० | ७०३,५२३ | ६७५,११५ | ६५८,७६५ | ६४०,२७६ | ६२५,३४३ | ६११,३०८ |
| कक्षा २ | ७१२,४३५ | ७४,४८८ | ७६२,९८८ | ७३२,७३५ | ७०९,३६१ | ६९०,४६७ | ६६७,७७९ | ६५३,३४६ | ६३६,७४९ | ६२३,६१३ |
| कक्षा ३ | ६८१,०९३ | ६७९,५२१ | ६९४,९०३ | ७०९,७३६ | ६८७,०२६ | ६७१,७८३ | ६६०,९०७ | ६४६,१८३ | ६३९,१७२ | ६२९,७९९ |
| कक्षा ४ | ६५६,६१५ | ६५५,४९७ | ६३९,७६९ | ६५३,८८१ | ६७२,१७२ | ६५६,१८० | ६४७,४१६ | ६४२,८०९ | ६३४,३२२ | ६३३,२७४ |
| कक्षा ५ | ६४२,३२८ | ६३२,४२० | ६१९,२२९ | ६०४,४३२ | ६२१,४५७ | ६४३,८९९ | ६३३,९०० | ६३०,८२६ | ६३१,७७० | ६२८,८४७ |
| कक्षा ६ | ६०६,४०० | ६१८,०५४ | ६००,२९१ | ५८८,१३८ | ५७७,३०२ | ५९७,७९४ | ६२४,११४ | ६१९,२०८ | ६२१,०३२ | ६२६,८४३ |
| कक्षा ७ | ५९४,५७८ | ५८७,२३५ | ५८९,६४२ | ५७२,९७३ | ५६४,१३४ | ५५७,३०८ | ५८१,०८१ | ६१०,९५४ | ६१०,४६५ | ६१६,२७ |
| कक्षा ८ | ६१५,७९८ | ५७९,२८८ | ५६०,७३२ | ५६२,५०२ | ५४९,२६० | ५४४,२८८ | ५४१,४७६ | ५६८,६२६ | ६०२,१८४ | ६०६,०६४ |
| कक्षा ९ | ५६३,५७५ | ५८३,४९४ | ५५४,६६२ | ५४०,७७५ | ५४६,३२६ | ५३८,१४३ | ५३७,४३३ | ५३८,९८७ | ५७०,०२५ | ६०८,५७८ |
| कक्षा १० | ५०१,२४० | ५३३,८९५ | ५५५,२७५ | ५३०,४३५ | ५१९,३५२ | ५२६,८८१ | ५२१,३५३ | ५२२,९५ | ५२६,७२३ | ५५९,३३६ |
| कक्षा ११ | ३४२,४९० | ३८५,११७ | ४११,५१८ | ४२९,१७७ | ४१३,३०३ | ४०५,९८७ | ४१३,८२० | ४१३,०७७ | ४१७,९१५ | ४२५,१६७ |
| कक्षा १२ | ३३७,७३१ | ३०८,५४० | ३३५,२०५ | ३६०,१७२ | ३७९,८६७ | ३७२,६३५ | ३७१,६८२ | ३८५,५९८ | ३९३,५७५ | ४०७,४३२ |
| **तहगत भर्ना** | | | | | | | | | | |
| आधारभूत १-५ | ३,५२२,१४१ | ३,५४४,९७९ | ३,४८९,०४९ | ३४३२,४७४ | ३,३९३,५४० | ३,३३७,४४४ | ३,२६८,७६६ | ३,२१३,४४० | ३,१६७,३५६ | ३,१२६,८४३ |
| आधारभूत ६-८ | १,८१६,७७६ | १,७८४,५७८ | १,७५०,६६४ | १,७२३,६१३ | १,६९०,६९५ | १,६९९,३९१ | १,७४६,६७१ | १,७९८,७८९ | १,८३३,६८० | १,८४९,५३३ |
| आधारभूत जम्मा | **५,३३८,९१७** | **५,३२९,५५६** | **५,२३९,७१३** | **५,१५६,०८७** | **५,०८४,२३६** | **५,०३६,८३५** | **५,०१५,४३७** | **५,०१२,२२९** | **५,००१,०३६** | **४,९७६,३७६** |
| माध्यमिक ९-१० | १,०६४,८१५ | १,११७,३८९ | १,१०९,९३७ | १,०७१,२१० | १,०६५,६७८ | १,०६५,०२३ | १,०५८,७८५ | १,०६१,९०१ | १,०९६,७४८ | १,१६७,९१४ |
| माध्यमिक ११-१२ | ६८०,२२१ | ६९३,६५७ | ७४६,७२४ | ७८९,३४९ | ७९३,१७१ | ७७८,६२३ | ७८५,५०३ | ७९८,६७५ | ८११,४९० | ८३२,५९९ |
| माध्यमिक जम्मा | **१,७४५,०३६** | **१,८११,०४६** | **१,८५६,६६०** | **१,८६०,५५९** | **१,८५८,८४८** | **१,८४३,६४६** | **१,८४४,२८८** | **१,८६०,५७७** | **१,९०८,२३८** | **२,०००,५१३** |
| कुल १-१२ | ७,०८३,९५३ | ७,१४०,६०३ | ७,०९६,३७४ | ७,०१६,६४६ | ६,९४३,०८४ | ६,८८०,४८० | ६,८५९,७२५ | ६,८७२,८०५ | ६,९०९,२७४ | ६,९७६,८८९ |

| | २०२१ | २०२२ | २०२३ | २०२४ | २०२५ | २०२६ | २०२७ | २०२८ | २०२९ | २०३० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **सामुदायिक तर्फको भर्नाको हिस्सा** | | | | | | | | | | |
| प्राबाशिवि | ०.४९ | ०.४९ | ०.४९ | ०.४९ | ०.४९ | ०.५० | ०.५० | ०.५० | ०.५० | ०.५० |
| आधारभूत १-५ | ०.७० | ०.७१ | ०.७२ | ०.७३ | ०.७४ | ०.७५ | ०.७७ | ०.७८ | ०.७९ | ०.८० |
| आधारभूत ६-८ | ०.७४ | ०.७५ | ०.७५ | ०.७६ | ०.७७ | ०.७७ | ०.७८ | ०.७९ | ०.७९ | ०.८० |
| माध्यमिक ११-१२ | ०.७२ | ०.७३ | ०.७४ | ०.७५ | ०.७५ | ०.७६ | ०.७७ | ०.७८ | ०.७९ | ०.८० |

## अनुसूची ४: विद्यालय शिक्षा क्षेत्र योजनाका लागि स्रोतको अनुमान

| | २०२१/२२ | २०२२/२३ | २०२३/२४ | २०२४/२५ | २०२५/२६ |
|---|---|---|---|---|---|
| | ७८/७९ | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ |
| कुल गार्हस्थ उत्पादन (स्थिर मूल्य) वृद्धि दर % | | | | | |
| वास्तविक | ०.०४१० | ०.०६०३ | ०.०६०८ | ०.०६१० | ०.०६१० |
| उच्च | ०.०४१० | ०.०७०० | ०.०८०० | ०.०८५० | ०.०९०० |
| न्यून | ०.०४१० | ०.०३०० | ०.०४०० | ०.०३५० | ०.०४०० |
| मुद्रास्फिति | ०.०५१२ | ०.०५८ | ०.०५६ | ०.०६१ | ०.०५३ |
| कुल गार्हस्थ उत्पादन वृद्धि दर (वर्तमान मूल्य) | | | | | |
| वास्तविक | ०.०९२ | ०.११८ | ०.११७ | ०.१२२ | ०.११४ |
| उच्च | ०.०९२ | ०.१२८ | ०.१३६ | ०.१४६ | ०.१४३ |
| न्यून | ०.०९२ | ०.०८८ | ०.०९६ | ०.०९६ | ०.०९३ |
| कुल गार्हस्थ उत्पादन स्थिर मूल्यमा (रु अरब) | | | | | |
| वास्तविक | ४४४१ | ४७०९ | ४९९५ | ५३०० | ५६२३ |
| उच्च | ४४४१ | ४७५२ | ५१३२ | ५५६९ | ६०७० |
| न्यून | ४४४१ | ४५७४ | ४७५७ | ४९२४ | ५१२१ |
| कुल गार्हस्थ उत्पादन % मा शिक्षाको हिस्सा | | | | | |
| वास्तविक | ४.२ | ४.५ | ४.८ | ४.९ | ५.० |
| उच्च | ४.६ | ४.९ | ५.३ | ५.४ | ५.४ |
| न्यून | ३.८ | ४.१ | ४.४ | ४.५ | ४.५ |
| कुल गार्हस्थ उत्पादनमा शिक्षाको हिस्सा (रु अरब) | | | | | |
| वास्तविक | १८६.५ | २११.९ | २३९.८ | २५९.७ | २८१.२ |
| उच्च | २०४.३ | २३२.९ | २७२.० | ३००.७ | ३२७.८ |
| न्यून | १६८. | १८७.६ | २०९.३ | २२१.६ | २३०.४ |
| शिक्षा बजेटमा विद्यालय क्षेत्रको हिस्सा % | ७०.६ | ७०.६ | ७०.६ | ७०.६ | ७०.६ |
| शिक्षा बजेटमा विद्यालय क्षेत्रको हिस्सा (रु अरब) | | | | | |
| वास्तविक | १३१.७२ | १४९.६३ | १६९.३१ | १८३.३९ | १९८.५४ |
| उच्च | १४४.३ | १६४.४ | १९२.१ | २१२.३ | २३१.४ |
| न्यून | ११९.२ | १३२.४ | १४७.८ | १५६. | १६२.७ |
| कुल सरकारी खर्चमा कुल गार्हस्थ उत्पादनको % | | | | | |
| वास्तविक | २९.९२ | ३०.०४२ | ३०.००८ | २९.५६९ | २९.५०८ |
| उच्च | २९.९२ | ३०.०४२ | २९.७०८ | २९.५६९ | २९.५०८ |
| न्यून | २९.९२ | ३०.०४२ | २९.७०८ | २९.५६९ | २९.५०८ |

## अनुसूची ५: योजनाका मुख्य कार्यक्रम तथा अनुमानित वार्षिक लक्ष्य

| | विवरण | अनुमानित वार्षिक बजेट (रु '००० मा) | | | | |
|---|---|---|---|---|---|---|
| १ | **प्रारम्भिक बाल शिक्षा तथा विकास** | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ |
| १.१ | प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको न्यूनतम मापदण्ड विकास/परिमार्जन | ० | ० | ० | ० | ० |
| १.२ | प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रको नक्साङ्कन र पुनर्वितरण (आवश्यकताअनुसार नयाँ बाविकेको स्थापनासमेत) | ११२९५० | ० | ० | ० | ० |
| १.३ | दिवा खाजा कार्यक्रम (कर्णाली) | २३५,०७२.७७ | २४३,३१०.०८ | २४९,८३९.१८ | २५४,८४६.७६ | ३२७,३१० |
| १.४ | दिवा खाजा (अन्य क्षेत्र) | १,६५५,७२९.९३ | १,७१३,७४९.२८ | १,७५९,७३६.८६ | १,७९५,००७.६० | २,३०५,४०४ |
| १.५ | प्रारम्भिक बाल शिक्षा तथा विकासको पाठ्यक्रम विकास सिकाइ मापदण्डको पुनरावलोकन तथा परिमार्जन | ० | ० | ० | ० | ० |
| १.६ | अपाङ्गता भएका बालबालिकालाई सहयोग | ५७३४ | ५७३४ | ६१०२ | ६९५६ | ८,९३४ |
| १.७ | प्रारम्भिक बाल शिक्षा तथा विकास सहजकर्ता | ६,१५७,९९५ | ६,१५७,९९५ | ६,१५७,९९५ | ६,१५७,९९५ | ७,९०८,९७४ |
| १.८ | प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रका सहयोगी | ३,९०५,०७० | ३,९०५,०७० | ३,९०५,०७० | ३,९०५,०७० | ५,०१५,४४७ |
| १.९ | प्रारम्भिक बालविकास तथा शिक्षाका लागि सामग्री र बुक कर्नर | ५६७,८०९ | ५८७,७०६ | ६०३,४७६ | ६१५,५७२ | ७९०,६०५ |
| | **प्रारम्भिक बाल शिक्षा तथा विकास जम्मा (रू दश लाखमा)** | १२,६४० | १२,६१४ | १२,६८२ | १२,७३५ | १६,३५६ |
| २ | **आधारभूत शिक्षा** | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ |
| २.१ | कक्षा १- ५ का लागि स्वीकृत दरबन्दी तथा राहत शिक्षकको तलब भत्ता | ५१,४०१,१८९ | ५९,६९६,३२५ | ५९,६९६,३२५ | ५९,६९६,३२५ | ६०,६४१,१७३ |
| २.२ | कक्षा ६- ८ का लागि स्वीकृत दरबन्दी तथा राहत शिक्षकको तलब भत्ता | १४,८०८,८१४ | १६,११९,१६८ | १६,११९,१६८ | १६,११९,१६८ | १६,३७४,२९५ |
| २.३ | कक्षा १- ५ का लागि शिक्षक दरबन्दी थप | १,३१६,७०१ | २,२९४,३७० | २,२९४,३७० | २,२९४,३७० | २,३३०,६८४ |
| २.४ | कक्षा ६- ८ का लागि शिक्षक दरबन्दी थप | ५,५९५,१५४ | ९,१३५,३६० | १२,१८०,४८० | १५,२२६,२२४ | १५,४६७,२१८ |
| २.५ | कक्षा १- ८ का विद्यालयमा कर्मचारी व्यवस्था | ४,४४१,१२० | ४,४४१,१२० | ४,४४१,१२० | ४,४४१,१२० | ४,५११,४१२ |
| २.६ | कक्षा १ - ५ सञ्चालित विद्यालयको सञ्चालन तथा व्यवस्थापन (शिक्षण सिकाइ सामग्री, पाठ्यक्रम, शिक्षक निर्देशिका तथा बुक कर्नरसमेत) | २,४९७,८०० | २,४९७,८०० | २,४९७,८०० | २,४९७,८०० | २,५३७,३३४ |

| | विवरण | अनुमानित वार्षिक बजेट (रु '००० मा) | | | | |
|---|---|---|---|---|---|---|
| २.७ | कक्षा १ - ८ सञ्चालित विद्यालयको सञ्चालन तथा व्यवस्थापन (शिक्षण सिकाइ सामग्री, पाठ्यक्रम, शिक्षक निर्देशिका तथा बुक कर्नरसमेत) | १,००२,४०० | १,००२,४०० | १,००२,४०० | १,००२,४०० | १,०१८,२६६ |
| २.८ | प्रधानाध्यापक भत्ता | ५८४,९२८ | ५८४,९२८ | ५८४,९२८ | ५८४,९२८ | ५९४,१८६ |
| २.९ | कक्षा १ - ८ सञ्चालित विद्यालयका लागि विद्यालय सुधार योजना, समुदाय तथा विद्यालय व्यवस्थापन समितिका सदस्यको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, शैक्षिक सूचना व्यवस्थापन, प्रतिवेदन कार्ड, बुलेटिन इत्यादि | १,०८३,२०० | १,०८३,२०० | १,०८३,२०० | १,०८३,२०० | १,१००,३४४ |
| २.१० | कक्षा १ - ५ सञ्चालित परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरू आश्रम/गुरुकुल, गोम्पा, मदरसालाई अनुदान | ५५१,५०० | ५५१,५०० | ५५१,५०० | ५५१,५०० | ५६०,२२९ |
| २.११ | कक्षा १ - ८ सञ्चालित परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरू आश्रम/गुरुकुल, गोम्पा, मदरसालाई अनुदान) | १३०,००० | १३०,००० | १३०,००० | १३०,००० | १३२,०५८ |
| २.१२ | दुर्गम हिमाली जिल्लाका मोबाइल विद्यालयलाई अनुदान | ५,००० | ५,००० | ५,००० | ५,००० | ५,०७९ |
| २.१३ | बहुकक्षा बहुस्तर सञ्चालन भएका विद्यालयलाई सञ्चालन तथा व्यवस्थापन अनुदान | २६,९०० | २६,९०० | २६,९०० | २६,९०० | २७,३२६ |
| २.१४ | बहुभाषिक कार्यक्रमका सञ्चालन अनुदान | १७०० | १७०० | १७०० | १७०० | १७२७ |
| २.१५ | पाठ्यपुस्तक कक्षा १ - ५ | १,०९९,४४५ | १,०९७,७८५ | १,१०१,५५६ | १,०९९,५४० | १,११६,९४३ |
| २.१६ | पाठ्यपुस्तक कक्षा ६ - ८ | १,२८९,१३२ | १,२८०,२५५ | १,२६६,७३० | १,२८४,३२२ | १,३०४,६५० |
| २.१७ | दिवा खाजा कार्यक्रम (कर्णाली क्षेत्र) | १,१११,०१९ | १,१०९,३४१ | १,११३,१५२ | १,१११,११४ | १,१२८,७०० |
| २.१८ | दिवा खाजा (अन्य क्षेत्र) | ७,३३६,३४६ | ७,३२५,२६७ | ७,३५०,४३० | ७,३३६,९७९ | ७,४५३,१०६ |
| २.१९ | आधारभूत तथा माध्यमिक तहको छात्रवृत्ति पद्धतिको पुनरावलोकन | ०.०० | ०.०० | ०.०० | ०.०० | ० |
| २.२० | गैरआवासीय आवश्यकतामा आधारित छात्रवृत्ति | १,५३३,६१० | १,५२८,४५९ | १,५२६,३७९ | १,५३१,७२९ | १,१५५,९७३ |
| २.२१ | अपाङ्गता भएका विद्यार्थीका लागि थप गैरआवासीय सहायता | ७२,००० | ७५,००० | ७८,००० | ७८,००० | ७९,२३५ |
| २.२२ | आवासीय छात्रवृत्ति | ५५०,००० | ५५०,००० | ५५०,००० | ५५०,००० | ५५८,७०५ |
| २.२३ | कक्षा ६ - ८ का छात्राका लागि स्यानिटरी प्याड | ९४५,९१७ | ९३९,४०४ | ९२९,४७९ | ९४२,३८८ | ९५७,३०४ |
| २.२४ | सूचना तथा सञ्चार प्रविधिसम्बन्धी प्रयोगशाला स्थापना र सिकाइ सामग्री व्यवस्था | ३,०३३,१०० | ३,०३३,१०० | ३,०३३,१०० | ३,०३३,१०० | ३,०८१,१०७ |

| | विवरण | अनुमानित वार्षिक बजेट (रु '००० मा) | | | | |
|---|---|---|---|---|---|---|
| २.२५ | लक्षित स्थानीय तहमा विद्यालयबाहिरका बालबालिकालाई विद्यालयमा ल्याउने तथा टिकाउने र समता रणनीति कार्यान्वयन | ९०,३०० | ९०,३०० | ९०,३०० | ९०,३०० | ९१,७२९ |
| २.२६ | अन्य अनुदान प्राप्त नगरेका विद्यालयलाई एकमुस्ट अनुदान | ५००,००० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| २.२७ | कक्षा ८ को परीक्षा व्यवस्थापन | १०५,५४८.२ | १०६,८०२.५ | १०५,१९५.६ | १०५,१५०.४ | १०६,८१५ |
| | **आधारभूत शिक्षाको जम्मा (रू दश लाखमा)** | **१०१,११२.८२** | **११४,७०५.४९** | **११७,७५९.२१** | **१२०,८२३.२६** | **१२२,७३५.६०** |
| ३ | **माध्यमिक शिक्षा** | **७९/८०** | **८०/८१** | **८१/८२** | **८२/८३** | **८३/८४** |
| ३.१ | निःशुल्क माध्यमिक शिक्षाका लागि कार्यविधि निर्देशिका विकास | ०.०० | ०.०० | ०.०० | ०.०० | ० |
| ३.२ | विद्यालयको नक्साङ्कन, पुनर्वितरण र समायोजन (आधारभूत विद्यालयसमेत) | २२५,९०० | ०.०० | ०.०० | ०.०० | ० |
| ३.३ | स्वीकृत दरबन्दी तथा राहत शिक्षकको तलब भत्ता | १९,२५६,०७६ | १९,२५६,०७६ | १९,२५६,०७६ | १९,२५६,०७६ | १९,२८२,८३० |
| ३.४ | माध्यमिक तहका लागि शिक्षक दरबन्दी थप | ७,५१०,१०४ | ११,२६५,१५६ | १५,०२०,२०८ | १८,७७५,२६० | १८,८०१,३४६ |
| ३.५ | प्रधानाध्यापक भत्ता | १८८,४३३ | १८८,४३३ | १८८,४३३ | १८८,४३३ | १८८,६९५ |
| ३.६ | कक्षा १-१० र १-१२ का विद्यालयमा कर्मचारी व्यवस्था | १,४३०,६९५ | १,४३०,६९५ | १,४३०,६९५ | १,४३०,६९५ | १,४३२,६८३ |
| ३.७ | कक्षा १-१० र १-१२ का विद्यालयमा प्रशासनिक तथा लेखा कर्मचारी व्यवस्था | २,६६३,१८६ | २,६६३,१८६ | २,६६३,१८६ | २,६६३,१८६ | २,६६६,८८६ |
| ३.८ | माध्यमिक विद्यालयको सञ्चालन तथा व्यवस्थापन (शिक्षण सिकाइ सामग्री, पाठ्यक्रम, शिक्षक निर्देशिका तथा बुक कर्नर, इन्टरनेट सुविधा, खानेपानी, विद्युतसमेत, (१-१२) | ३,४८९,५०० | ३,४८९,५०० | ३,४८९,५०० | ३,४८९,५०० | ३,४९४,३४८ |
| ३.९ | विद्यालयका लागि विद्यालय सुधार योजना, समुदाय तथा विद्यालय व्यवस्थापन समितिका सदस्यको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, शैक्षिक सूचना व्यवस्थापन, प्रतिवेदन कार्ड, बुलेटिन इत्यादि । | ४८८,५३० | ४८८,५३० | ४८८,५३० | ४८८,५३० | ४८९,२०९ |
| ३.१० | कक्षा १-१० सञ्चालित परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयहरू आश्रम/गुरुकुल, गोम्पा, मदरसालाई अनुदान) | ५४,००० | ५४,००० | ५४,००० | ५४,००० | ५४,०७५ |
| ३.११ | पाठ्यपुस्तक कक्षा ९ - १० | ६४९,५६० | ६३४,२७९ | ६३८,४३३ | ६४५,५५५ | ६४६,४५२ |

| | विवरण | अनुमानित वार्षिक बजेट (रु '००० मा) | | | | |
|---|---|---|---|---|---|---|
| ३.१२ | पाठ्यपुस्तक कक्षा ११ - १२ | ५४४,८७४ | ५८२,७५९ | ५९२,४७६ | ५८८,४५८ | ५८९,२७६ |
| ३.१३ | विपन्न लक्षित छात्रवृत्ति कक्षा ९ - १० | ४९०,८५२ | ४७९,३०४ | ४८२,४४३ | ४८७,८२५ | ४८८,५०३ |
| ३.१४ | विपन्न लक्षित छात्रवृत्ति कक्षा ११ - १२ | ५५०,३७८ | ५८८,६४६ | ५९८,४६१ | ५९४,४०२ | ५९५,२२८ |
| ३.१५ | कक्षा ९ - १२ का छात्राका लागि स्यानिटरी प्याड | ९७९,१३६ | ९९२,७४६ | १,००३,५१३ | १,००७,०२५ | १,००८,४२४ |
| ३.१६ | पुस्तकालय स्थापना | ३५०,००० | ३३६,७०० | ३५०,००० | ४७६,७०० | ४७७,३६२ |
| ३.१७ | विज्ञान प्रयोगशाला स्थापना | ३५०,००० | ३३६,७०० | ३५०,००० | ४७६,७०० | ४७७,३६२ |
| ३.१८ | सूचना तथा सञ्चार प्रविधिसम्बन्धी प्रयोगशाला स्थापना र सिकाइ सामग्री | ३५०,००० | ३३६,७०० | ३५०,००० | ४७६,७०० | ४७७,३६२ |
| ३.१९ | नमुना विद्यालयको भौतिक संरचना विकास | २५०,००० | २५०,००० | २५०,००० | ५००,००० | ५००,६९५ |
| ३.२० | पुस्तकालय, सूचना तथा सञ्चार प्रविधि र विज्ञान प्रयोगशाला र अन्य शैक्षिक सामग्रीको प्रबन्धसहित नमुना विद्यालयका गुरुयोजना कार्यान्वयन | ८३,३५० | ८३,३५० | ०.०० | ०.०० | ० |
| ३.२१ | छात्रावास व्यवस्थापन (सबै छात्रावासका लागि) | २७,६०० | २७,६०० | २७,६०० | २७,६०० | २७,६३८ |
| ३.२२ | प्राविधिक धार कक्षा ९-१२ का शिक्षक/प्रशिक्षकको तलब भत्ता | १,४६३,६१६ | १,४६३,६१६ | १,४६३,६१६ | १,४६३,६१६ | १,४६५,६५० |
| ३.२३ | प्राविधिक धारका कक्षा ९-१२ का लागि प्रयोगशाला सहयोगी, उपकरण, प्रयोगात्मक सामग्री, ओजेटी सञ्चालनलगायत शिक्षण सिकाइ सामग्रीको व्यवस्था | ६२८,०३५ | ६२८,०३५ | ६२८,०३५ | ६२८,०३५ | ६२८,९०८ |
| ३.२४ | प्राविधिक धार कक्षा ९-१२ का लागि प्रयोगशाला सामग्री | १४५,२०० | १४५,२०० | १४५,२०० | १४५,२०० | १४५,४०२ |
| ३.२५ | एसईई परीक्षा सञ्चालन तथा व्यवस्थापन खर्च (प्रदेश तह) | ३१२,५०० | ३१२,५०० | ३१२,५०० | ३१२,५०० | ३१२,९३४ |
| ३.२६ | राष्ट्रिय परीक्षा बोर्डका लागि तलब तथा अन्य अनुदान | ३००,००० | ३००,००० | ३००,००० | ३००,००० | ३००,४१७ |
| ३.२७ | सूचना प्रविधि केन्द्र, डिजिटल प्रयोगशाला र इ-लाइब्रेरी तथा विषयवस्तु व्यवस्थापन पद्धितहरू र शैक्षिक पोर्टल विकास तथा स्थापना | १०,००० | १०,००० | १०,००० | १०,००० | १०,०१४ |
| | **माध्यमिकको जम्मा (रू दश लाखमा)** | ४२,७९२ | ४६,३४४ | ५०,०९३ | ५४,३४१ | ५४,४१७ |
| ४ | **समता तथा समावेशिता** | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ |
| ४.१ | विशेष आवश्यकता भएका बालबालिकाका लागि आवासीय विद्यालय निर्माण | १००,००० | १००,००० | २००,००० | २००,००० | ७८,६०६ |

| | विवरण | अनुमानित वार्षिक बजेट (रु '००० मा) | | | | |
|---|---|---|---|---|---|---|
| ४.२ | विशेष विद्यालय सञ्चालन | २४,६०० | २४,६०० | २४,६०० | २४,६०० | ९,६६९ |
| ४.३ | विशेष विद्यालयका लागि शिक्षण सिकाइ सामग्री | ८,२०० | ८,२०० | ८,२०० | ८,२०० | ३,२२३ |
| ४.४ | स्रोत कक्षा सञ्चालन र व्यवस्थापन अनुदान | ९३,३०० | ९३,३०० | ९३,३०० | ९३,३०० | ३६,६७० |
| ४.५ | दृष्टिविहीनहरूका लागि ब्रेल तथा श्रव्य सिकाइ सामग्री विकास | ६०० | ६०० | ६०० | ६०० | २३६ |
| ४.६ | बौद्धिक अपाङ्गहरूका लागि सिकाइ सामग्री विकास | ६०० | ६०० | ६०० | ६०० | २३६ |
| ४.७ | सुनाइ समस्या भएकाहरूका लागि सिकाइ सामग्री विकास | ६०० | ६०० | ६०० | ६०० | २३६ |
| ४.८ | अपाङ्गता भएका विद्यार्थीहरूलाई पढाउन थप स्रोत सामग्री विकास | १,८०० | १,८०० | १,८०० | १,८०० | ७०७ |
| | **समता तथा समावेशिताका लागि जम्मा (रू दश लाखमा)** | २३० | २३० | २३० | ३३० | १२९.७ |
| ५ | **अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ** | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ |
| ५.१ | अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका राष्ट्रिय प्रारूप मापदण्ड र निर्देशिका विकास | ० | ० | ० | ० | ० |
| ५.२ | तीन तहको सरकारबिच सहकार्य र सहलगानीको विधिको प्रारूप विकास | ० | ० | ० | ० | ० |
| ५.३ | साक्षर नेपाल कार्यक्रम | ३२,००० | ० | ० | ० | ० |
| ५.४ | सामुदायिक पुस्तकालय | ३५,००० | ३५,००० | ३५,००० | ३५,००० | ३५,०११ |
| ५.५ | विद्यमान सामुदायिक सिकाइ केन्द्र सुदृढीकरण | १,०५८,००० | १,०५८,००० | १,०५८,००० | १,०५८,००० | १,०५८,३२७ |
| ५.६ | सामुदायिक सिकाइ केन्द्रका परिचालकको व्यवस्था | ४१९,४४५ | ४१९,४४५ | ४१९,४४५ | ४१९,४४५ | ४१९,५७५ |
| ५.७ | राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन | १०,००० | ३०,००० | २०,००० | १०,००० | १०,००३ |
| ५.८ | तथ्याङ्क पद्धति तथा अनलाइन सिकाइ प्लेटफर्म विकास | ० | ० | ० | ० | ० |
| ५.९ | सामुदायिक सिकाइ केन्द्रका परिचालकको क्षमता विकास | १०,७५५ | १०,७५५ | ० | ० | ० |
| ५.१० | खुला विद्यालय कक्षा ६ - १२ का विद्यार्थीका लागि स्वाध्ययन सामग्री विकास | २,००० | २,००० | २,००० | २,००० | २,००१ |
| ५.११ | खुला विद्यालयः तह १ र २ (कक्षा ६ - ८) | ४,२३५ | ४,२३५ | ४,२३५ | ४,२३५ | ४,२३६ |

| | विवरण | अनुमानित वार्षिक बजेट (रु '००० मा) | | | | |
|---|---|---|---|---|---|---|
| ५.१२ | खुला विद्यालय तह १ र २ (कक्षा ९ - १०) | १४,०४५ | १४,०४५ | १४,०४५ | १४,०४५ | १४,०४९ |
| ५.१३ | खुला विद्यालय कक्षा ११ - १२ | ५०० | ५०० | ५०० | ० | ० |
| ५.१४ | अनौपचारिक प्रौढ विद्यालय कक्षा १ - ८ | ५८,३०० | ५८,३०० | ५८,३०० | ५८,३०० | ५८,३१८ |
| ५.१५ | अनौपचारिक प्रौढ विद्यालय कक्षा ९ - १० | १६,५१७ | १६,५१७ | १६,५१७ | १६,५१७ | १६,५२२ |
| | **अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको जम्मा (रू दश लाखमा)** | १६६०.८ | १६४८.८ | १६२८.० | १६१७.५ | १६१८ |
| ६ | **शिक्षक व्यवस्थापन तथा विकास** | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ |
| ६.१ | शिक्षक सेवा आयोगको सुदृढीकरण | ० | ० | ० | ० | ० |
| ६.२ | विद्यमान राष्ट्रिय शिक्षक सक्षमता प्रारुप, शिक्षकको कार्यसम्पादन मापदण्ड र शिक्षक पेसागत विकास प्रारुपको परिमार्जन तथा विकास | ० | ० | ० | ० | ० |
| ६.३ | शिक्षक शिक्षा विधिको परिमार्जन तथा शिक्षक तयारी पाठ्यक्रम अद्यावधिक | २,५०० | ० | ० | ० | ० |
| ६.४ | सेवा प्रवेश तालिमको पाठ्यक्रम परिमार्जन तथा सिकाइ सामग्रीको व्यवस्थापन | | ० | ० | ० | ० |
| ६.५ | नयाँ नियुक्ति पाएका शिक्षकहरूका लागि सेवा प्रवेश तालिम सञ्चालन | ९०,००० | ९०,००० | ९०,००० | ९०,००० | ९०,००० |
| ६.६ | १० दिने प्रशिक्षक प्रशिक्षण | ४,००० | ४,००० | ४,००० | ४,००० | ४,००० |
| ६.७ | प्रारम्भिक बालविकास तालिमका लागि प्रशिक्षक प्रशिक्षण | १,८०० | | | | ० |
| ६.८ | शिक्षा तालिम केन्द्रहरूको इन्टरनेट सुविधा, भौतिक सुविधा तथा आवास व्यवास्थापन सुधार | ७००० | ७००० | ७००० | ७००० | ७००० |
| ६.९ | विद्यालयमा आधारित सुपरिवेक्षणका लागि प्रधानाध्यापक, शिक्षक तथा मेन्टरको क्षमता विकास तालिम | ३००० | ३००० | ३००० | ३००० | ३००० |
| ६.१० | शिक्षक मेन्टरिङका लागि क्षमता विकास | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० |
| ६.११ | माध्यमिक तहका शिक्षकका लागि पेसागत विकास प्रमाणीकरण तालिम | ९०००० | ९०००० | ९०००० | ९०००० | ९०००० |
| ६.१२ | आधारभूत तह पेसागत विकास प्रमाणीकरण तालिम कक्षा ६ - ८ | १९५००० | १९५००० | १९५००० | १९५००० | १९५००० |
| ६.१३ | आधारभूत तह कक्षा १ - ५ का लागि एकीकृत पाठ्यक्रममा आधारित पेसागत विकास प्रमाणीकरण तालिम | १६२,००० | १६२,००० | १६२,००० | १६२,००० | १६२,००० |

| | विवरण | अनुमानित वार्षिक बजेट (रु '००० मा) | | | | |
|---|---|---|---|---|---|---|
| ६.१४ | प्रारम्भिक बालविकासमा नयाँ शिक्षकको लागि तालिम | १२०,००० | १२०,००० | १८०, ००० | १२०,००० | १२०,००० |
| ६.१५ | प्रारम्भिक बालविकासमा कार्यरत शिक्षकका लागि पुनर्ताजगी तालिम | ३०,००० | ३०,००० | ३०,००० | ३०,००० | ३०,००० |
| ६.१६ | आधारभूत तथा माध्यमिक तहका प्रधानाध्यापकलाई शैक्षणिक नेतृत्व विकास तालिम | ३०,००० | ३०,००० | ३०,००० | ३०,००० | ३०,००० |
| ६.१७ | व्यवहारकुशल सिप, प्रारम्भिक कक्षा पढाइ सिप, एकीकृत शिक्षण सिकाइ तथा अन्य क्षेत्रमा मागमा आधारित छोटो अवधिको (अनलाइन तथा आमनेसामने) तालिम | १३०,००० | १३०,००० | १३०,००० | १३०,००० | १३०,००० |
| ६.१८ | स्रोत कक्षा तथा विशेष विद्यालयका शिक्षकका लागि तालिम | २,५०५ | २,५०५ | ० | ० | ० |
| ६.१९ | हेरचाहकर्ताका लागि तालिम (स्रोत कक्षा तथा विशेष विद्यालय) | १,६३० | १,६३० | ० | ० | ० |
| | **शिक्षक व्यवस्थापन तथा विकासको जम्मा (रू दश लाखमा)** | ७४९.९४ | ९००.४४ | ८९५.१४ | ७७१.०० | ८९१.०० |
| ७ | **पाठ्यक्रम तथा मूल्याङ्कन** | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ |
| ७.१ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन (पाठ्यक्रम विकास, परीक्षण, कार्यान्वयन, नमुना पाठ्यपुस्तक विकास, शिक्षक निर्देशिका/स्रोत सामग्री विकास) | ४५,००० | ४५००० | ३०००० | १५००० | १५००० |
| ७.२ | पाठ्यक्रम मूल्याङ्कन (मूल्याङ्कन, सुधार, विद्यालयमा आधारित पाठ्यक्रम विकास तथा परीक्षण) | ० | ० | २००० | ५००० | ५००० |
| ७.३ | डिजिटल सामग्री (डिजिटल अन्तरक्रियात्मक सामग्री विकास, व्यवस्थापन तथा शिक्षक तथा विद्यार्थीको सहज पहुँच, अपाङ्ग भएकाले समेत प्रयोग गर्न सक्ने बनाउने र पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका सम्पूर्ण सामग्रीलाई डिजिटलाइज गरी केन्द्रको इ–पुस्तकालयमा व्यवस्थित गरी सार्वजनिक पहुँच हुने गरी राख्ने) | ५,००० | ५००० | ५००० | ५००० | ५००० |
| ७.४ | संस्थागत व्यवस्थापन तथा क्षमता विकास (विज्ञ परिचालन, पाठ्यक्रमसम्बन्धी क्रियाकलापका लागि प्रदेश तहमा संस्थागत व्यवस्थापन, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनमा प्राविधिक सहयोग गर्नका लागि स्थानीय तहमा संयन्त्र निर्माण, | ८००० | ८००० | ० | ० | ० |

| | विवरण | अनुमानित वार्षिक बजेट (रु '००० मा) | | | | |
|---|---|---|---|---|---|---|
| ७.५ | पाठ्यक्रम प्रबोधीकरण सबै शिक्षकका लागि ३ दिने | ३००००० | ३००००० | ० | ० | ० |
| ७.६ | विद्यार्थी मूल्याङ्कन मापदण्ड विकास (आन्तरिक तथा बाह्य, नमुना सामग्री विकास, कक्षाकोठामा आधारित निरन्तर मूल्याङ्कन प्रतिवेदन र पृष्ठपोषणसम्बन्धी मापदण्ड विकास तथा अभिमुखीकरण) | | | १५००० | १५००० | १५००० |
| ७.७ | प्राविधिक धारतर्फका पाठ्यक्रम तथा पाठ्यसामग्रीका लागि अध्ययन (मुद्दा तथा विकल्प पहिचान, पाठ्यक्रमको समायोजन, परिमार्जन तथा विकास, पाठ्यसामग्री/पाठ्यपुस्तकको परिमार्जन तथा विकास, मूल्याङ्कन प्रक्रियाहरूको विकास, पाठ्यक्रम तथा पाठ्यसामग्रीको अभिमुखीकरण) | ९००० | ६००० | ६००० | ६००० | ६००० |
| ७.८ | पाठ्यपुस्तक (बहुपाठ्यपुस्तक नीति कार्यान्वयन, गुणस्तरको सुनिश्चितता, पाठ्यपुस्तकको मूल्याङ्कन तथा छनोट, बहुवर्षीय पाठ्यपुस्तकको परीक्षण, विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीलाई उपयुक्त हुने गरी पाठ्यपुस्तक विकास) | १०००० | १०००० | १०००० | १०००० | १०००० |
| ७.९ | मार्ग निर्देशन तथा निर्देशिकाहरूको विकास, परिमार्जन तथा समायोजन | ५०० | ० | ० | ५०० | ५०० |
| | **पाठ्यक्रम तथा मूल्याङ्कनको जम्मा (रू दश लाखमा)** | **३७४.५** | **३७७.५** | **३७४.०** | **६८.०** | **५६.५** |
| ८ | **निर्माण तथा विपत् जोखिम न्यूनीकरण र आपत्कालीन तथा सङ्कटका अवस्थामा शिक्षा** | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ |
| ८.१ | पानी, सरसफाइ तथा स्वच्छता सुविधा र फर्निचरसहित चार कोठे ब्लक निर्माण (भूकम्प प्रभावित नभएका जिल्लामा) | ६५००००० | १३०००००० | १५६००००० | १४३००००० | १४३०००१६ |
| ८.२ | विद्यालय पूर्वाधार मर्मत सम्भार (भूकम्प प्रभावित जिल्लामा) | ३३४४२८० | ३३४४२८० | ३३४४२८० | ३३४४२८० | ३३४४२८४ |
| ८.३ | बृहत् विपत् जोखिम व्यवस्थापन तथा उत्थानशील योजना कार्यान्वयन | १४०००० | १४०००० | १४०००० | १४०००० | १४०००० |
| ८.४ | प्रारम्भिक बालविकासमा सुरक्षित पानी र हात धुने सुविधासहित छात्र र छात्राका लागि छुट्टै शौचालय | २००००० | ४००००० | ६००००० | ६००००० | ६०००० १ |
| ८.५ | महामारी, विशेष गरी कोभिड-१९ बाट भएको क्षतिबाट पुनर्लाभ तथा तयारी योजनाको कार्यान्वयन | ३८२००० | ० | ० | ० | ० |
| | **निर्माण तथा विपत् जोखिम न्यूनीकरण र आपत्कालीन तथा सङ्कटका अवस्थामा शिक्षाको जम्मा (रू दश लाखमा)** | १०५६६.२८ | १६८८४.२८ | १९६८४.२८ | १८३८४.२८ | १८३८४.३० |

| | विवरण | अनुमानित वार्षिक बजेट (रु '००० मा) | | | | |
|---|---|---|---|---|---|---|
| ९ | **अनुगमन तथा मूल्याङ्कन र क्षमता विकास** | ७९/८० | ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ |
| ९.१ | अनुगमन मार्गदर्शन, सूचकहरू तथा साधन विकास तथा अद्यावधिक | ० | ० | ० | ० | ० |
| ९.२ | विभिन्न किसिमका समीक्षाहरू (मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति, त्रैमासिक, वार्षिक समीक्षा, संयुक्त वार्षिक समीक्षा र प्रतिवेदनहरू तयारी) | ५०० | ५०० | ५०० | ५०० | ७५७ |
| ९.३ | स्थिति प्रतिवेदन तयारी | ५०० | ५०० | ५०० | ५०० | ७५७ |
| ९.४ | अनुगमनको पुस्तिका तथा प्रक्रियाको तयारी र प्रकाशन | ० | ० | ० | ० | ० |
| ९.५ | विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रियस्तरमा परीक्षण (कक्षा ५ र ८) तथा प्रतिवेदन तयारी, प्रकाशन र प्रबोधीकरणलगायत कक्षा ३ मा साक्षरता तथा गणितीय सिपको परीक्षण | २५,००० | ० | २५,००० | २५,००० | ३७,८५० |
| ९.६ | विद्यालयको कार्यसम्पादन परीक्षण प्रतिवेदन तयारी, प्रकाशन तथा प्रबोधीकरण | ८०,००० | ८०,००० | ८०,००० | ८०,००० | १२१,१२१ |
| ९.७ | प्रारम्भिक बालविकास केन्द्रको कार्यसम्पादन मूल्याङ्कन/परीक्षण | ८००० | ० | ० | ० | ० |
| ९.८ | विद्यालयको कार्यसम्पादन परीक्षणको नतिजा/सिफारिसका आधारमा गुणस्तर सुधार योजना विकास तथा परीक्षण | ० | ० | ० | ० | ० |
| ९.९ | विभिन्न क्षेत्रमा अध्ययन तथा अनुसन्धान | २४,००० | ४८,००० | ४८,००० | ४८,००० | ७२,६७३ |
| ९.१० | योजनाको मध्यावधिक र अन्तिम मूल्याङ्कन | | २०,००० | | ४०,००० | ६०,५६१ |
| ९.११ | अनुगमन तथा मूल्याङ्कनसम्बन्धी क्षमता विकास | | १००० | | १००० | १,५१४ |
| ९.१२ | क्षमता विकासः उच्च अध्ययन | ४,००० | ४,००० | ४,००० | ४,००० | ६,०५६ |
| | **अनुगमन तथा क्षमता विकासको जम्मा (रू दश लाखमा)** | ११४ | ८२ | १०६ | १०७ | १६२ |